# ख्रीष्टशास्त्र

# CHRISTOLOGY

डा. थोमस हवाङ्ग

**Dr. Thomas Hwang**

Ami

# ख्रीष्टशास्त्र

# CHRISTOLOGY

**Dr. Thomas Hwang**

Translated & Edited By: Shyam Shrestha

Price: NRs 120

**Published By:**

AMI Publication

GPO Box No: 3854, Kathmandu, Nepal

# प्राक्कथन

> चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ । म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ (यूहन्ना १०:१०) । जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन (१ यूहन्ना ५:१२) ।

यी बाइबल खण्डहरूबाट जीवनको श्रोत येशू ख्रीष्ट नै हुनुहुन्छ भन्ने कुरा प्रमाणित हुन्छ । यूहन्नाको सुसमाचारमा महत्वपूर्ण तथ्यहरू उल्लिखित छन्; जस्तैः येशू ख्रीष्ट जीवनको रोटी हुनुहुन्छ, मानिसको आत्मिकी प्यास मेटाउने अनन्त पानीको मूल हुनुहुन्छ, संसारको ज्योति हुनुहुन्छ, असल गोठालो हुनुहुन्छ, बाटो सत्य र जीवन हुनुहुन्छ अनि उहाँ हाम्रो साँचो मित्र हुनुहुन्छ आदि ।

यस पुस्तकमा डा. थोमस ह्वाङ्गले 'ख्रीष्टशास्त्र'को बारेमा अति महत्वपूर्ण शिक्षाहरू दिनुभएको छ, जुन उहाँले Ami College & Seminary मा सिकाउनु भएको शिक्षाबाट तयार पारिएको हो । यस पुस्तकको माग बढदै गएकोले गर्दा यसलाई परिमार्जन गरी चौथोपटक प्रकाशन गरेका छौँ । धेरै जनाको प्रार्थना, परिश्रम र लगानीद्वारा यो पुस्तक तयार भएको छ । हामीले हालसम्म करिव दुइ लाख पुस्तकहरू विनामूल्य वितरण गरिसक्यौँ । प्रभुको स्तुति होस् ! त्यस क्रममा येशू ख्रीष्टको खातिर हामीले विभिन्न प्रकारका आरोप र आलोचनाहरूलाई खप्ने मौका पनि पायौँ । यो पुस्तकको बारेमा केही प्रतिक्रिया छन् भने त्यसलाई हामी स्वीकार गर्दछौँ । आशा छ, यस पुस्तकको अध्ययनपछि हिजोको दिनसम्म तपाईंले येशू ख्रीष्टको विषयमा जे-जति बुझ्नुभएको थियो, त्यो भोलिको दिनमा अवश्य कम महसुस हुनेछ । तपाईंले पाउनुभएको यो पुस्तक आफूले अध्ययन गरी अरूलाई पनि अध्ययन गर्न दिएर आशिषको भागिदार मात्र होइन आशिषको माध्यम बन्नुहोस् भन्ने हाम्रो विनम्र अनुरोध छ । अन्तमा, विभिन्न विषयहरूमा ईश्वरशास्त्रीय शिक्षा समेटिएको पुस्तक तथा CD-DVD चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् ।

**ए.एम.आइ. नेपाल मिनिस्ट्रिज**

# मन्तव्य

डा. थोमस ह्वाङ्गले नेपालका पास्टर-अगुवाजनहरूलाई सेमिनारमा सिकाउनुभएको शिक्षा र कोरियामा Ami College & Seminary का विद्यार्थीहरूलाई ईश्वरशास्त्रीय कक्षामा सिकाउनुभएको पाठहरूलाई समेटेर यो पुस्तक तयार पारिएको हो ।

डा. थोमस ह्वाङ्ग बाइबलीय ईश्वरशास्त्रका गहन कुराहरूलाई सरल तरिकाले सिकाउने शिक्षक हुनुभएकोले यस पुस्तकद्वारा सरलरूपमा महत्वपूर्ण बाइबलीय शिक्षाहरू सिक्न सकिनेछ । खीष्टशास्त्रको शिक्षालाई नेपालको कुना-कुनामा रहनुभएका पास्टर-अगुवा तथा विश्वासीहरूका बीचमा पुऱ्याउनुपर्ने माग धेरैतिरबाट आएको कारण यो पुस्तक तयार भई यहाँको हातसम्म आउन सकेको हो ।

अहिले नेपालको मण्डली र विश्वासीहरूको वृद्धि सँगै धेरै अबाइबलीय झूटा शिक्षाहरूको प्रहार मण्डलीले बेहोर्नु परिरहेको छ । त्यसको मुख्य कारण विश्वासी र अगुवाजनहरूमा बाइबलीय ज्ञान अपर्याप्त भएर हो भन्ने कुरामा हामी सबै सहमत हुनुपर्छ । त्यसैले विश्वासी, पास्टर, अगुवा र बाइबलका विद्यार्थीहरूले समेत यो पुस्तक पढ्नुपर्ने म ठान्दछु । यो पुस्तकले हामीलाई सही बाइबलीय ज्ञानले सुसज्जित गराई आखिरी समयमा आफ्नो विश्वास बलियोसँग बचाउन र अरूलाई पनि सही मार्गमा डोऱ्याउँदै झूटा शिक्षाहरूको प्रतिकार गर्न सक्षम बनाउनेछ भन्ने कुरामा म निश्चित छु । परमप्रभु परमेश्वरले यो पुस्तक पढाइद्वारा तपाईंको जीवन, सेवकाइ, परिवार र काम-व्यवसायमा प्रशस्त आशिष् दिनुभएको होस् ।

पास्टर जोएल काफ्ले
Director,
Ami Nepal Ministries

नेपालमा द्रुतगतिले बढिरहेको मण्डलीहरू र यसलाई नेतृत्व गर्ने पास्टर तथा अगुवाहरूको निम्ति अति आवश्यक तथा महत्वपूर्ण विषयको पुस्तक **खीष्टशास्त्र** नेपाली भाषामा अनुवाद गरी नेपाली विश्वासीहरूको आत्मिक स्तर र मापदण्डलाई उच्च पार्ने उद्देश्य लिई सेवा प्रदान गर्ने ए.एम.आइ. नेपाल मिनिस्ट्रिज्को निम्ति परमेश्वरलाई धन्यवाद !

नेपाली परिप्रेक्ष्यमा हेर्ने हो भने सबै पास्टर तथा अगुवाहरूले बाइबल कलेज वा सेमिनारीमा गएर ईश्वरशास्त्रको यस्तो गहन विषयलाई सिक्ने अवसर कमै मात्र पाउन सक्छन् । डा. थोमस ह्वाङ्गले लेख्नुभएको यो पुस्तकद्वारा आजको मण्डलीले येशू खीष्टबारे सिक्नुपर्ने आधारभूत उपयुक्त शिक्षा सरल भाषामा सिक्न सक्दछ । त्यसैले यस पुस्तकलाई पढी सक्दो शिक्षा हासिल गर्नुभई आशिषित हुनुहोस् र आफ्नो सेवाकाइमा नयाँ अनुभव गर्नुहोस् भनी म अनुरोध गर्दछु । परमेश्वरले तपाईंको सेवाकाइमा प्रशस्त आशिष दिऊन् ।

पास्टर धन बहादुर थापा (आमेन)

ईभाञ्जेलिकल मित्र मण्डली

काठमाण्डौ, नेपाल ।

सर्वप्रथम म परमेश्वरलाई धन्यवाद दिँदछु कि उहाँका प्रिय जनहरू र अभिषिक्त दासहरूका आँशुसहितको प्रार्थना र सुसमाचारको निम्ति अथाहा परिश्रमको कारण अहिले नेपाली मण्डली यहाँसम्म आइपुगेको छ ।

यसै क्रममा नेपाली मण्डलीको आत्मिक वृद्धि र विकासको लागि विगत एक दशकदेखि परमेश्वरका दास दक्षिण कोरिया निवासी डा. थोमस ह्वाङ्गज्यूले पुऱ्याउनुभएको योगदानको उच्च कदरका साथ उहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु र धन्यवाद पनि भन्दछु ।

मण्डलीको आवश्यत्तालाई मध्यनजर राखी उहाँले लेख्नुभएको 'ख्रीष्टशास्त्र' नामक यो पुस्तकले भविष्यमा निर्माण हुने पास्टर अगुवाहरूका साथै वर्तमानमा सेवारत सेवक-सेविकाहरूलाई मण्डलीमा ईश्वरशास्त्रीय शिक्षा सिकाउन ठूलो सहायता र आशिष् मिल्नेछ भनी मैले पूर्ण विश्वास राखेको छु । म प्रार्थनासहित अनुरोध गर्दछु कि कृपया यो पुस्तकलाई यथासक्दो उपयोग गरी परमेश्वरको राज्य विस्तार गर्ने काममा अगाडि बढ्नुहोस् ।

पास्टर फिलिप गजमेर

ओन्नरी मण्डली, काठमाडौँ ।

# विषय सूची


| क्र.सं. | शिर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| (१) | ख्रीष्टशास्त्रको परिचय | १३ |
| (२) | इसाई ईश्वरशास्त्रका चार महत्वपूर्ण पक्षहरू | १५ |
| (३) | त्रिएक परमेश्वरको सिद्धान्त | १९ |
| (४) | पहिलो शताब्दीमा मण्डलीको विकास | २५ |
| (५) | पहिलो शताब्दीको मण्डलीहरूका आत्मिक अवस्थाहरू | ३३ |
| (६) | पहिलो, दोस्रो, तेस्रो र चौथो शताब्दीका झूटा शिक्षाहरू | ४१ |
| (७) | चार विश्वव्यापि परिषद्हरू | ४७ |
| | नाइसियाको परिषद् | ४८ |
| | कन्स्टाण्टिनोपलको परिषद् | ४९ |
| | एफिसीको परिषद् | ४९ |
| | काल्सेदोनको परिषद् | ५० |
| (८) | ऐतिहासिक येशू | ५३ |
| | अइसाईहरूले लेखेका कागजातहरू | ५४ |
| | यहूदीहरूले लेखेका कागजातहरू | ५६ |
| | इसाईहरूले लेखेका कागजातहरू | ५८ |
| (९) | येशूको ईश्वरत्व | ६३ |
| (१०) | पुरानो करारमा येशू | ७१ |
| (११) | पुरानो करारमा येशूका नाउँहरू | ७९ |
| (१२) | नयाँ करारमा येशूका नाउँहरू | ८५ |

| | | |
|---|---|---|
| (१३) | येशू : सृष्टिकर्ता | ९९ |
| | सृष्टिको उद्देश्य | १०३ |
| (१४) | येशू : मल्कीसेदेक अनि दशांश ग्रहणकर्ता | १०९ |
| | दशांशको विषयमा बाइबलीय शिक्षा | ११३ |
| | दशांश दिने ऐतिहासिक अभ्यासहरू | ११७ |
| (१५) | येशू : रोटी र माछा | १२१ |
| (१६) | येशू : दुःख भोग्ने दास | १२५ |
| (१७) | येशूको आगमनबारे पुरानो करारको भविष्यवाणीहरू | १३३ |
| | आदमदेखि नोआसम्मको वंशावली | १३४ |
| | येशूको विषयमा गरिएका भविष्यवाणीहरू | १३६ |
| | भविष्यवाणीहरूका तालिका | १३९ |
| (१८) | येशूको मानवता | १४३ |
| | येशूको बौद्धिक गुणहरू | १४७ |
| | येशूको मानवताबाट सिक्नुपर्ने पाठहरू | १५६ |
| (१९) | येशू : हाम्रो उद्धारकर्ता | १५९ |
| | आदमको पतन | १६० |
| | उद्धारको महान् योजना | १६१ |
| (२०) | येशूको पुनरूत्थान | १७७ |
| | येशूको पुनरूत्थानबारे झूटा शिक्षाहरू | १७८ |
| | येशूको पुनरूत्थानको प्रमाणहरू | १८० |
| (२१) | येशू : दोस्रो पटक आउनुहुने राजा | १८७ |
| | को उठाई लगिनेछ ? | १९२ |
| | न्याय गर्ने परमेश्वर | २०३ |
| (२२) | नयाँ स्वर्ग र नयाँ येरूशलेम | २३३ |

# ख्रीष्टशास्त्रको परिचय

## INTRODUCTION OF CHRISTOLOGY

इसाई ईश्वरशास्त्रअन्तर्गत थुप्रै विषयहरू पर्दछन्, र तीमध्ये येशू ख्रीष्टको विषयमा गरिने अध्ययनलाई ख्रीष्टशास्त्र भनिन्छ। इसाईहरूको आत्मिक वृद्धि र विकासको निम्ति यो धेरै नै महत्वपूर्ण विषय हो। येशू ख्रीष्ट को हुनुहुन्छ, उहाँले के-के गर्नुभयो, उहाँको शक्ति र अधिकार के-कस्तो छ, उहाँ किन क्रूसमा बलिदान हुनुभयो र उहाँले के-कस्ता आज्ञा अनि प्रतिज्ञाहरू दिनुभयो भन्ने विषयहरूमा हामी यस पुस्तकमा चर्चा गर्नेछौँ। ख्रीष्टशास्त्रलाई अङ्ग्रेजीमा Christology भनिन्छ र यो शब्द दुइवटा फरक शब्दहरू मिलेर बनेको छ।

Christology = Christ (ख्रीष्ट) + ology (अध्ययन)

छोटकरीमा भन्ने हो भने ख्रीष्टशास्त्र (Christology) भनेको येशू ख्रीष्टसम्बन्धी अध्ययन हो। त्यसैगरी ईश्वरशास्त्र (Theology) भनेको ईश्वरसम्बन्धी अध्ययन हो, जीवशास्त्र (Biology) भनेको जीवनसम्बन्धी अध्ययन हो र भूगर्भशास्त्र (Geology) भनेको भूमिसम्बन्धी अध्ययन हो।

यो पुस्तक पूर्ण रूपमा प्रभु येशू ख्रीष्टमा केन्द्रित छ। ख्रीष्टको सिद्धान्तलाई ईश्वरशास्त्रीय परिप्रेक्ष्यमा अध्ययन गर्दा विशेष गरी निम्न विषयहरूमा चर्चा गरिनेछ, जस्तैः

१. येशूको ईश्वरत्व ( Deity of Jesus)

२. येशूको मानवता (Humanity of Jesus)

३. येशूको व्यक्तित्व (Personality of Jesus)

४. येशूको नाउँहरू (Names of Jesus)



५. येशूको ऐतिहासिक सत्यता (Historical Truth of Jesus)

६. येशूको उद्धारको कामहरू (Salvic Works of Jesus)

७. येशूको मृत्यु (Death of Jesus)

८. येशूको पुनरुत्थान (Resurrection of Jesus)


९. येशूको बारेमा भविष्यवाणीहरू (Prophecies about Jesus)

१०. येशूको दोस्रो आगमन (Second Coming of Jesus)

येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर स्वीकार गर्ने विश्वासीहरूलगायत विशेष गरी उहाँको महान् आज्ञालाई शिरोपर गरी परमेश्वरको राज्य विस्तारको निम्ति मण्डली स्थापना र सुसमाचार प्रचारसम्बन्धी सेवकाइ गर्ने व्यक्तिहरूको लागि यो पुस्तक अति नै लाभदायक छ। यहाँ राखिएका चित्र, तालिका र मानचित्रहरूले इतिहास अनि बाइबलीय घटनाहरू बुझ्न सहायता गर्दछ, जसले गर्दा ख्रीष्टको सिद्धान्त अझ स्पष्ट हुन जान्छ। आजभोलि बाइबल बोकेर त्यसको शिक्षा र सत्यतालाई बङ्चाउँदै घर-घरमा गई सोझा-सीधा विश्वासीहरूलाई भड्काउने र विभिन्न प्रलोभन अनि डर-त्रास देखाएर गलत प्रकारको शिक्षा दिँदैहिड्ने भेडाको भेषमा आउने ब्वाँसाहरूको प्रतिकार गर्न यस पुस्तकमा भएका शिक्षाले तपाईंलाई अवश्य सहायता पुऱ्याउनेछ। त्यसैले यस पुस्तकलाई प्रार्थनासाथ गहिरो रूपमा अध्ययन गर्नुहोस्, र धर्मशास्त्र बाइबलको प्रत्येक पृष्ठमा येशू ख्रीष्टको अस्तित्वलाई खोजी गर्नुहोस् अनि त्यसको बारेमा मनन् गर्नुहोस्। परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् दिनुभएर उहाँको औजारको रूपमा प्रयोग गर्नुभएको होस् भन्ने हाम्रो प्रार्थना छ।

# इसाई ईश्वरशास्त्रका चार महत्वपूर्ण पक्षहरू

## FOUR SIGNIFICANT ASPECTS OF CHRISTIAN THEOLOGY




इसाई ईश्वरशास्त्रमा मुख्य चार वटा सिद्धान्तहरू छन् । यी सिद्धान्तहरूलाई भवनको चार भागहरूसँग तुलना गर्न सकिन्छ । भवन निर्माणको निम्ति यी चार कुराहरू अति नै आवश्यक छन् ।

(१) जग (Foundation)

(२) कुने-ढुङ्गो (Cornerstone)

(३) खम्बा (Pillar)

(४) भित्ता र छाना (Wall & Roof)



(१) **जग :–** इसाई ईश्वरशास्त्रमा त्रिएक परमेश्वरको सिद्धान्तलाई भवनको जगको रूपमा लिन सकिन्छ । जब कुनै भवन निर्माण गरिन्छ, तब सबैभन्दा पहिले जग निर्माणमा प्रशस्त समय, लगानी र परिश्रम लगाउनु पर्दछ । जग कमजोर छ भने बलियो र अग्लो भवन निर्माण गर्न सकिँदैन । यदि हामी बलियो र अग्लो भवन बनाउन चाहन्छौँ भने त्यसको जग गहिरो, फराकिलो र मजबुत हुन आवश्यक छ । त्यसैगरी यदि हामी परमेश्वरमा बलियो विश्वास र ईश्वरशास्त्रसम्बन्धी ज्ञान हासिल गर्न चाहन्छौँ भने त्रिएक परमेश्वरको सिद्धान्तको ज्ञान पनि बलियो हुन आवश्यक छ ।

(२) **कुने-ढुङ्गो :–** भवनको जग बसालिसकेपछि कुने ढुङ्गो राखिन्छ । ख्रीष्टको सिद्धान्तचाहिँ इसाई विश्वासको कुने-ढुङ्गो हो । भवन निर्माण गर्ने क्रममा कुने-ढुङ्गोमाथि खम्बाहरू बसालिन्छन् । जग नराखीकन कुने ढुङ्गोको स्थापना गरिँदैन । येशू ख्रीष्ट हाम्रो आत्मिक घरको कुने-ढुङ्गो हुनुहुन्छ । सन्त पत्रुस यसो भन्दछन्, "यो त्यही ढुङ्गो हो, जो तपाईं निर्माताहरूले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर-ढुङ्गो हुन आएको छ" (प्रेरित ४:११) । इसाई विश्वासमा येशू ख्रीष्टको सिद्धान्तले ठूलो भूमिका खेल्दछ । जसरी जगविना कुने-ढुङ्गो रहन सक्तैन, त्यसरी नै त्रिएकको सिद्धान्तविना येशू ख्रीष्टको सिद्धान्त रहन सक्तैन । यो पुस्तकमा यही कुरालाई समेटेर विस्तृत व्याख्या गरिएको छ ।

(३) **खम्बाहरू :–** भवन बनाउँदा जग र कुने-ढुङ्गो निर्माण गरी सकेपछि त्यसमाथि खम्बाहरू निर्माण गरिन्छन् । खम्बाहरूले भवनको छाना र भित्ताहरूलाई थाम्दछ । इसाई ईश्वरशास्त्रमा खम्बाहरूका रूपमा निम्नलिखित सिद्धान्तहरू पर्दछन् ।

(क) मानिसको सिद्धान्त (Anthropology)

(ख) पापको सिद्धान्त (Hamartiology)

(ग) उद्धारको सिद्धान्त (Soteriology)

(घ) मण्डलीको सिद्धान्त (Ecclesiology)

(ङ) मिसनको सिद्धान्त (Missiology)

(च) अन्तिम समयको सिद्धान्त (Eschatology)

भवनको जग र कुने-ढुङ्गोमाथि खम्बाहरू बसालिने भएकोले इसाई विश्वासको अगाडिका दुई सिद्धान्तहरू अथवा त्रिएक र ख्रीष्टको सिद्धान्तमाथि यी सिद्धान्तहरू अडिएका हुन्छन् ।

(४) **भित्ताहरू र छाना :-** भवनमा भित्ताहरू र छानाको पनि ठूलो महत्व हुन्छ । यी कुराहरूले भवनलाई घाम, पानी, हुरी-बतास, हिउँ, झरी, असिना र शीतजस्ता कुराहरूबाट बचाउँछ । इसाई मण्डलीमा यस प्रकारको भूमिका निभाउने सिद्धान्तहरू यस प्रकारका छन् ।

(क) आराधनाको सिद्धान्त (Doctrine of Worship)

(ख) मण्डली वृद्धिको सिद्धान्त (Doctrine of Church Growth)

(ग) परामर्शको सिद्धान्त (Doctrine of Counselling)

(घ) अगुवापनको सिद्धान्त (Doctrine of Leadership)

(ङ) इसाई शिक्षाको सिद्धान्त (Doctrine of Christian Education)

(च) बालसङ्गतिको सिद्धान्त (Doctrine of  Church School)

(छ) जवान सङ्गतिको सिद्धान्त (Doctrine of Youth Fellowship)

(ज) इसाई सङ्गीतको सिद्धान्त (Doctrine of Christian Music)

यी सिद्धान्तहरू भवनको भित्ताहरू र छानाजस्तै हुन् । भित्ताहरू र छाना अति महत्वपूर्ण छन्, किनभने यिनीहरूले भवनलाई विभिन्न कुराहरूबाट सुरक्षा दिन्छन् । यी कुराहरूबाट इसाईहरूले सान्त्वना, उत्साह र आनन्द पाउँछन् । आजभोलिका केही मण्डलीहरूमा यी सिद्धान्तहरू कमजोर हुँदै गएको देखिन्छ । प्रायजसो मण्डलीहरूको जग, कुने-ढुङ्गो र खम्बाहरू कमजोर छन् तर छाना र भित्ताहरू भने बलिया छन् । विश्वासीहरू आफ्नो र परिवारको निम्ति आशिष् र उत्साहको कुराहरू पाउन मण्डलीमा आउँछन् तर त्रिएक



परमेश्वर र ख्रीष्टको सिद्धान्तसम्बन्धी शिक्षा तिनीहरूले यथोचित रूपमा पाएका हुँदैनन् । त्यसकारण जब तिनीहरूको जीवनमा सङ्कष्ट र समस्याको हुरी-बतास आउँछ, तब तिनीहरूको आत्मिकी घर भत्किन थाल्छ । धेरैजसो मण्डलीहरूमा बलियो आत्मिकी जग नभएको कारणले गर्दा नै त्यहाँका विश्वासीहरू उदारवादी सिद्धान्त र झूटा शिक्षातिर लागेका छन् । संसारमा ८०% विश्वासीहरू आधारभूत ईश्वरशास्त्रीय साँचो ज्ञानको कमीले अर्थात् आत्मिकी घरको जग कमजोर भएको कारणले गर्दा तिनीहरू विभिन्न किसिमका उदारवादी शिक्षातिर फस्दै गएका छन् । बाहिरी रूपमा हेर्दा तिनीहरू निकै राम्रा देखिन्छन् तर नियालेर हेर्ने हो भने तिनीहरू आत्मिक जग र कुने ढुङ्गोको क्षेत्रमा दयनीय अवस्थामा छन् । अर्कोतर्फ हेर्ने हो भने केही कट्टरवादी मण्डलीहरूचाहिँ जग र कुने-ढुङ्गोको क्षेत्रमा धेरै बलिया देखिन्छन् तर खम्बा, भित्ताहरू र छानाको क्षेत्रमा भने कमजोर हुँदैगएका छन् । बाइबलमा आधारित मण्डलीहरू यी चारै भागहरूमा सन्तुलित रूपमा रहनु र वृद्धि हुनु आवश्यक छ । यस पुस्तकमा हामी त्रिएक परमेश्वरको सिद्धान्तको बारेमा छोटकरीमा चर्चा गर्नेछौं तर ख्रीष्टको सिद्धान्तलाई भने विस्तृत रूपमा व्याख्या गर्नेछौं । यो पुस्तकले हाम्रो आत्मिक घर अवश्य बलियो बनाउनेछ । यसै सन्दर्भमा प्रभु येशूले यस्तो उपदेश दिनुभयो :

> यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो । अनि पानी पर्‍यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन किनकि त्यो चट्टानमाथि बसालिएको थियो । जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो । पानी पर्‍यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनास भयो (मत्ती ७:२४-२७) ।

# त्रिएक परमेश्वरको सिद्धान्त
## THE DOCTRINE OF TRINITY GOD

त्रिएकको सिद्धान्त हाम्रो निम्ति धेरै महत्वपूर्ण छ, किनभने यो इसाई ईश्वरशास्त्रको जग हो । यो सिद्धान्त इसाईहरूको विश्वासको आधार हो तर यसलाई बुझ्न धेरै गाह्रो छ । यसको निम्ति हामीलाई परमेश्वरको विशेष प्रेरणा, सहायता र अनुग्रहको आवश्यकता पर्दछ । यो सिद्धान्त बुझ्न कठिन भएको र बाइबल विद्वान्हरूले फरक प्रकारले यसको व्याख्या गरेकोले गर्दा विभिन्न किसिमका झूटा शिक्षाहरू निस्किआएका छन् र त्यसैको परिणाम स्वरूप धेरै मण्डली तथा सम्प्रदायहरू विभाजन भएका छन् । परमेश्वरप्रति समर्पित देखिने विश्वासीहरूमा पनि यो सिद्धान्तको बुझाइ धेरै कमजोर छ । त्रिएक परमेश्वरको सिद्धान्तको बुझाइ कमजोर भएकोले गर्दा नै बाइबलीय शिक्षा र सिद्धान्तहरू उनीहरूले स्पष्टसँग बुझ्न र अर्थ खोल्न सकिरहेका छैनन् । त्यसै कारणले यस पाठमा त्रिएक परमेश्वरको सिद्धान्तलाई सरल अनि स्पष्टसँग बुझाउने जमर्को गरिएको छ । त्रिएक परमेश्वरको सिद्धान्तले एक परमेश्वरको तीनवटा व्यक्तित्वहरूको बारेमा बताउँछ । अरू कुनै धर्ममा यस्तो विचारधारा र सिद्धान्त पाइँदैन । परमेश्वरको तीन व्यक्तित्वहरू निम्नअनुसार छन् ।

(१) पिता परमेश्वर (Father God)

(२) पुत्र परमेश्वर (Son God)

(३) पवित्र आत्मा परमेश्वर (Holy Spirit God)

यी तीन व्यक्तिहरूमा सबै ईश्वरीय गुणहरू समान परिमाणमा छन् । उहाँहरूको पद, अधिकार, चरित्र, व्यक्तित्व र शक्ति समान छ तर उहाँहरूको कामचाहिँ फरक छ । पिता परमेश्वरको काम योजना बनाउनु हो, पुत्र परमेश्वरको काम उक्त योजना कार्यान्वयन गर्नु हो र पवित्र आत्माको



कामचाहिँ शक्ति दिनु हो । यी तीन व्यक्तिहरू सधैँ एक अर्कासँग मिलेर काम गर्नुहुन्छ । उहाँहरू एकले अर्कालाई आदर गर्नुहुन्छ । जब कुनै निर्णय गर्नुपर्ने हुन्छ, तब त्रिएकको समितिद्वारा त्यो निर्णय गरिन्छ । उक्त समितिमा पिता परमेश्वरको भूमिका अध्यक्षको हुन्छ । यसको अर्थ उहाँ अरू दुई व्यक्तिहरूभन्दा ठूलो हुनुहुन्छ भन्नेचाहिँ होइन । पिता परमेश्वरले सधैँ समितिको निर्णयको प्रतिनिधित्व गर्नुहुन्छ । सृष्टि काममा तिनवटै व्यक्तिहरूको सहभागिता थियो ।

आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो (उत्पत्ति १:१) ।

यहाँ परमेश्वरको निम्ति हिब्रू भाषाको 'एलोहिम' (Elohim) भन्ने बहुवचन शब्द प्रयोग गरिएको छ । 'एलोहिम' दुई वटा शब्दहरू मिलेर बनेको छ ।

Elohim = Eloh (God) + im (Plural)

'एलोह' (Eloh) भनेको 'परमेश्वर' (God) हो र 'इम' (im) भनेको 'हरू' (s) हो । त्यसकारण उत्पत्ति १:१ लाई शाब्दिक रूपमा भन्ने हो भने 'परमेश्वरहरूले आकाश र पृथ्वी सृष्टि गर्नुभयो' भन्ने हुन्छ । यहाँ परमेश्वरको नाउँलाई हिब्रू भाषामा बहुवचनमा लेखिएको भए तापनि बाइबलमा कहीँ पनि परमेश्वरलाई बहुवचनमा प्रस्तुत गरिएको छैन । यसलाई अर्को शब्दमा भन्नुपर्दा 'एलोहिम' त्रिएक परमेश्वरको निम्ति सधैँ एकवचन प्रयोग गरिन्छ । त्यसकारण एकवचन भए तापनि अवस्थाअनुसार कहिलेकाहिँ हामीले बहुवचन बुझ्नुपर्छ अर्थात् बाइबलमा परमेश्वर भनी एकवचनमा लेखिए तापनि त्यहाँ तीन व्यक्तिहरू उपस्थित भएको कुरा बुझ्नुपर्छ ।

... मानिसलाई हाम्रै प्रतिरूपमा बनाऔँ (उत्पत्ति १:२६) ।

यस वाक्यमा 'हाम्रै' भन्ने बहुवचन सर्वनाम प्रयोग गरिएको छ, जसले त्रिएक परमेश्वरका तीन व्यक्तित्वहरूको उपस्थितिलाई बुझाउँछ । त्यहाँ 'मानिसलाई मेरो प्रतिरूपमा बनाउँछु' भनेर लेखिएको छैन । त्यसको अर्थ के हो भने परमेश्वरले आकाश, पृथ्वी, आदम, हव्वालगायत अन्य जीव-जन्तुलाई सृष्टि

गर्नुहुँदा तीन व्यक्तिहरूको सहभागिता थियो। तर वास्तवमा उहाँहरू तिनैजना एक परमेश्वर हुनुहुन्छ। यो कुरा बुझ्न धेरै गाह्रो छ। त्रिएकको सिद्धान्त बुझाउन बाइबल विद्वान्हरूले चाखलाग्दा उदाहरणहरू दिएका छन्; जस्तैः पानी, बरफ र बाफको सिद्धान्त। यी तिनैवटा तत्त्वहरूको एउटै वैज्ञानिक सूत्र $H_2O$ हुन्छ तर यिनीहरूका आकार, प्रकार, स्वरूप, काम र अवस्था भने फरक-फरक हुन्छ। यो उदाहरण त्रिएक परमेरश्रको सिद्धान्तलाई स्पष्टरूपमा बुझाउन प्रयाप्त छैन। हामीले बुझ्नुपर्ने कुरा के हो भने मानवीय सीमित तथा सांसारिक ज्ञानको आधारमा यो रहस्यपूर्ण ईश्वरीय सिद्धान्त हामी बुझ्न सक्दैनौं।

त्रिएक परमेश्वरको समितिको निर्णयअनुसार सुरुको सृष्टिको काममा परमेश्वरको तीन वटै व्यक्तिहरू सहभागी हुनुहुन्थ्यो। सृष्टिको काममा पिता परमेश्वरले अध्यक्ष र योजनाकारको भूमिका निभाउनु भएको थियो र पुत्र परमेश्वरले आफ्नै हातद्वारा सारा सृष्टिलाई बनाउनुभयो। पुत्र परमेश्वर, येशू त्रिएकको समितिको निर्णयलाई कार्यान्वयन गर्ने व्यक्ति हुनुहुन्थ्यो तर उहाँले आफ्नै शक्तिले मात्र त्यो काम गर्न सक्नुहुन्नथ्यो। त्यसको निम्ति उहाँलाई पवित्र आत्मा परमेश्वरको सहायताको आवश्यक पर्‍यो।

सृष्टि गरिएका प्राणीले पिता परमेश्वरलाई देख्न सक्दैन अर्थात् उहाँ सधैँ सृष्टिको आँखाबाट लुकिएको हुनुहुन्छ। यस विषयमा धर्मशास्त्र बाइबलको यी खण्डहरूले पुष्टि गर्दछ।

> परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ (यूहन्ना १:१८)।
>
> उहाँमा नै अमरत्व छ, र उहाँ त्यस ज्योतिमा वास गर्नुहुन्छ जसको नजिक कोही जान सक्दैन। उहाँलाई कुनै मानिसले कहिल्यै देखेको छैन न देख्न सक्छ। उहाँलाई नै आदर र पराक्रम सदासर्वदा होस् (१ तिमोथी ६:१६)।

सृष्टिले देख्नसक्ने र सङ्गति गर्नसक्ने परमेश्वरचाहिँ पुत्र परमेश्वर, येशू हुनुहुन्छ। संसारको पहिलो मानिस आदमले पाप गरेर पतन भए अनि त्यो पाप उसको सबै सन्तानहरूमा सर्‍यो। त्रिएक परमेश्वरले उहाँको अनुग्रहद्वारा आदमको सबै सन्तानहरूलाई पापबाट बचाउने (अर्थात् उद्धार गर्ने) निर्णय



गर्नुभयो। पिता परमेश्वरले त्रिएक समितिको अध्यक्षको हैसियतमा पुत्र परमेश्वर, येशूलाई उक्त कामको निम्ति पृथ्वीमा पठाउने निर्णय गर्नुभयो किनभने उक्त समितिले गरेको सबै निर्णयको कार्यान्वयन पुत्र परमेश्वले नै गर्नु आवश्यक थियो। पुत्र परमेश्वर त्यस्तो व्यक्ति हुनुहुन्छ, जसले सृष्टिसँग सम्बन्ध राख्नुहुन्छ। हामीले पिता परमेश्वरलाई देख्न सक्दैनौं तर पुत्र परमेश्वरलाई देख्न सक्छौं। "हामीलाई पिता परमेश्वर देखाइदिनुहोस्" भनी फिलिपले येशू प्रभुलाई भने। येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको हुनाले पितालाई पनि देखेका छौ" (यूहन्ना १४:८-९)। यसको अर्थ सृष्टिले पिता परमेश्वरलाई देख्न सक्दैन तर येशू ख्रीष्टलाई मात्र देख्न सक्छ भन्ने हो। यूहन्ना १०:३० मा येशू ख्रीष्टले 'पिता र म एकै हौं' भनी भन्नुभयो। यहाँ 'एकै' भन्ने कुरा बुझाउन ग्रीक भाषाको 'हेन' (Hen) भन्ने शब्द प्रयोग गरिएको छ। यो 'हेन' भन्ने शब्द स्त्रीलिङ्ग अथवा पुलिङ्ग होइन तर नपुंसक लिङ्ग हो। यस शब्दले विशेष गरी मानिसको चरित्र अनि गुणलगायत सबै कुरामा एक हो भन्ने अर्थ दिन्छ।

> अब नता यहूदी छ, न ग्रीक, न कमारा छ, न फुक्का, नता पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ (गलाती ३:२८)।

सन्त पावलले यहाँ 'एउटै हौ' भन्ने कुरा बुझाउन ग्रीक शब्द 'हेइस' (heis) प्रयोग गर्नुभएको छ, जुन शब्द पुलिङ्ग हो। प्रभुमा 'हामी सबै एकै हौं' भन्ने कुरा बुझाउन यो शब्द प्रयोग गरिएको छ। प्रायः गरेर बढी प्रयोग गरिने शब्द पनि 'हेइस' (heis) नै हो; जस्तैः कोरियन र नेपालीहरू प्रभुमा एकै हुन् भन्नु पर्‍यो भने यो शब्द प्रयोग गरिन्छ तर येशू ख्रीष्टले 'पिता र म एक हौं' भन्ने कुरा बुझाउन 'हेन' (Hen) भन्ने शब्द प्रयोग गर्नुभयो।

धर्मशास्त्र बाइबलले येशू ख्रीष्टलाई पिता परमेश्वरको पुत्रको रूपमा चित्रण गर्दछ। मानवीय दृष्टिकोणबाट हेर्दा पिता पुत्रभन्दा ठूलो देखिन्छ तर हामीले ईश्वरीय दृष्टिकोणबाट यसलाई हेर्ने कोसिस गर्नुपर्छ। ग्रीक भाषामा पुत्र पिताजस्तै हो भन्ने विचार देखाउन 'हुइयोस' (Huios) भन्ने शब्द प्रयोग गरिन्छ, र त्यहाँ अङ्ग्रेजी अक्षरको ठूलो 'एच' (H) प्रयोग गरिन्छ तर मानवीय पुत्रलाई बुझाउनचाहिँ 'हुइयोस' (huios) लेखिन्छ, र त्यहाँ सानो 'एच' (h)

प्रयोग गरिन्छ । बाइबलमा जहाँ-जहाँ येशूलाई पुत्र भनेर लेखिएको छ, त्यहाँ 'हुइयोस' (Huios) लेखिएको छ, जसको अर्थ पुत्र परमेश्वर र पिता परमेश्वर बराबर भन्ने हो । यसको अर्थ पिता परमेश्वरको जस्तै चरित्र, गुण, पद, शक्ति र अधिकारको परिमाण पुत्रसँग पनि छ भन्ने हो । तर संसारिक दृष्टिकोणमा यस्तो सिद्धान्त लागू हुँदैन । यूहन्ना ३:१६ मा 'एउटै मात्र पुत्र' (begotten son) भनेको अर्थलाई हामीले राम्रोसँग बुझ्ने कोसिस गर्नुपर्छ । मानवीय समाजमा यस्तो सम्बन्ध कहीँ पनि हुँदैन । येशू मात्र यस्तो पुत्र हुनुहुन्छ जसको पद, अधिकार, गुण, शक्ति र चरित्र पिताको जस्तै छ । त्यसकारणले गर्दा येशू ख्रीष्टले 'पिता र म एकै हौँ' भनेर भन्नुभयो ।

त्रिएक परमेश्वरको समितिको निर्णयअनुसार पुत्र परमेश्वर, येशूलाई यस संसारमा पठाइयो, किनभने उहाँले मात्र मानिसहरूसँग व्यवहार गर्नुहुन्छ । उहाँ मानिसको रूप लिएर आउनुभयो र आफूलाई परमेश्वरको सबै स्वभावबाट रित्याउनुभयो ।

> परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन (फिलिप्पी २:७) ।

हामीसँग सङ्गति गर्नको निम्ति उहाँले परमेश्वरको सबै स्वभावहरूलाई त्यागेर साधारण मानव बन्नुभयो र उहाँसँग दुष्टको शक्तिलाई हराउने समर्थ्य थिएन र जबजब उहाँलाई शक्तिको आवश्यकता पर्‍यो तबतब उहाँले पिता परमेश्वरसँग पवित्र आत्मा र स्वर्गीय सेनाहरू पठाउनको निम्ति प्रार्थना गर्नुभयो ।

येशूलाई सेवकाइ सुरु गर्नुभन्दा पहिले पवित्र आत्माको शक्ति आवश्यकता पर्‍यो । जब उहाँले यूहन्नाद्वारा बप्तिस्मा लिनुभयो, तब पवित्र आत्मा ढुकुरको रूपमा उहाँमा आउनुभयो र शक्ति दिनुभयो । बप्तिस्मा दिने यूहन्नालाई उहाँ को हुनुहुन्थ्यो भन्ने थाहा थिएन तर पिता परमेश्वरले 'यिनी मेरा प्रिय पुत्र हुन्' भन्नुभयो । त्यहाँ पुत्र भनेर प्रयोग गरिएको शब्द 'हुइयोस' (Huios) हो । त्यो समयमा येशू पिता परमेश्वरजस्तै हुनुहुन्थ्यो भनेर बुझ्नुपर्छ । येशू ख्रीष्टले अरूलाई 'म परमेश्वरको पुत्र हुँ' भनेर नभन्नू भन्नुभयो तर पछि येशू ख्रीष्टले



'म परमेश्वरको पुत्र हुँ' भनेको कारण नै यहूदीहरूले उहाँलाई ईश्वरनिन्दा गर्‍यो भन्ने दोष लगाई क्रूसमा झुण्डचाई मारे ।

त्रिएक परमेश्वर एक अर्काप्रति धेरै नम्र हुनुहुन्छ । उहाँहरूले सधैँ एक अर्कालाई आदर गर्नुहुन्छ र एकले अर्काको गवाही दिनुहुन्छ । येशू ख्रीष्टले कहिले पनि 'म पिता परमेश्वरजस्तै हुँ र म तिमीहरूलाई बचाउन आएको हुँ' भनेर भन्नु भएन तर 'पिता परमेश्वरले मलाई पठाउनु भएको हो' भनेर भन्नुभयो (यूहन्ना ३:१६) । सधैँ उहाँले पिता परमेश्वरलाई आदर गर्नुभयो । उहाँले चेलाहरूलाई पिता परमेश्वरसँग प्रार्थना गर्नु भनेर सिकाउनुभयो र उहाँ आफैले पनि पिता परमेश्वरसँग प्रार्थना गर्नुभयो । येशू ख्रीष्टले 'म परमेश्वरको पुत्र हुँ' भनेर दाबी गर्नुभएन तर पिता परमेश्वरले नै येशू ख्रीष्टलाई 'मेरो पुत्र हो' भनी साक्षी दिनुभयो । येशू ख्रीष्टको रूप परिवर्तन हुँदा पिता परमेश्वरले 'यिनी मेरो प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन' भनी भन्नुभयो (मत्ती १७:५) । येशू ख्रीष्ट पिता परमेश्वरको पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी पत्रुसले स्वीकार गरे । तिनले त्यस्तो कुरा घोषणा गर्दा येशू ख्रीष्टले भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ । किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरो पिताले प्रकट गर्नुभएको हो" ( मत्ती १६:१६-१७) ।

येशू ख्रीष्टले यसरी प्रतिज्ञा गर्नुभएको छ : "पवित्र आत्मा आउनु हुनेछ र उहाँले नै मेरो बारेमा गवाही दिन तिमीहरूलाई शक्ति दिनुहुनेछ । त्यसले हामीले विभिन्न ठाउँका मानिसहरूलाई येशू ख्रीष्ट को हुनुहुन्छ भनेर साक्षी दिनुपर्छ । त्यसको साथै उहाँले भन्नुभयो : "जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ" (मत्ती २८:१९) । यो आज्ञा पालन गर्नको निम्ति पिता, पुत्र र पवित्र आत्मा अर्थात् त्रिएक परमेश्वर र ख्रीष्टको सिद्धान्त राम्रोसँग बुझ्नु अति नै आवश्यक छ ।

# पहिलो शताब्दीमा मण्डलीको विकास

## THE CHURCH DEVELOPMENT DURING THE FIRST CENTURY


येशूको जन्म इ.पू. ४ मा बेथलेहेममा भयो र त्यसको ९ वर्षपछि इ.सं. ५ मा पावलको जन्म टार्ससमा भयो । इ.सं. २६ मा येशूले सार्वजनिक सेवकाइ प्रारम्भ गर्नुभयो । इ.सं. ३० मा केही विशेष घटनाहरू घटे; जस्तैः येशूको क्रूसमा बलिदानपूर्ण मृत्यु, उहाँको पुनरुत्थान र स्वर्गारोहण आदि । त्यही सालमा पहिलो मण्डली स्थापना भयो, जसको नाउँ 'यरूशलेम मण्डली' हो । त्यो मण्डली छोटो अवधिमा तीव्र गतिमा वृद्धि भयो र बाइबल विद्वान्हरूका अडकलअनुसार त्यहाँ करिव बीस हजार सदस्यहरू थिए । तर त्यो मण्डलीले प्रभु येशूको महान् आज्ञाप्रति त्यति ध्यान दिएन, जसको फलस्वरूप प्रेरित १:८ पूरा हुन सकेन । प्रभुको आज्ञाअनुसार तिनीहरू यरूशलेमबाट निस्केर यहूदिया, समारिया हुँदै संसारको विभिन्न ठाउँहरूमा सुसमाचार पुऱ्याएर मण्डली स्थापना गर्नुपर्थ्यो । त्यसो हुन नसकेकोले गर्दा यरूशलेम मण्डली स्थापना भएको तीन वर्षपछि इ.सं. ३३ मा परमेश्वरले त्यहाँ ठूलो सतावट आउन दिनुभयो, जसको कारणले त्यहाँका स्थानीय यहूदी विश्वासीहरू तितरबितर भए अनि भागेर विदेशमा प्रवासी जीवन बिताउन वाध्य भए । महान् आज्ञाप्रति सम्वेदनशील नभएको कारणले गर्दा नै त्यो मण्डलीमा सतावट आएको हो भनी ईश्वरशास्त्रीहरू बताउने गर्नुहुन्छ । त्यो सिद्धान्त दुई हजार वर्षअघिको यरूशलेम मण्डलीमा मात्र होइन आजका मण्डलीहरूमा पनि लागू हुनसक्छ । यदि कुनै मण्डलीले प्रभु येशूको महान् आज्ञालाई उपेक्षा गरी सुसमाचार र मिसनको कामलाई ध्यान दिँदैनन् भने केही समयपछि अवश्य त्यहाँ समस्या आउनेछ र त्यो मण्डलीको अस्तित्व नै खतरामा पर्नेछ । आफू इसाई हुँ भनेर परिचय दिनेहरूले यस कुरालाई गम्भीररूपमा मनन गर्नुपर्छ ।



| | | |
|---|---|---|
| इ.पू. ४ | येशूको जन्म | |
| इ.सं. ५ | पावलको जन्म | |
| २६ | येशूको सर्वजनिक सेवकाइ आरम्भ | |
| ३० | येशूको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण<br>यरूशलेम मण्डलीको स्थापना | |
| ३३ | यरूशलेम मण्डलीमा सतावट | |
| ३५ | पावलको जीवन परिवर्तन | |
| ४५ | पावल एन्टिओखिया मण्डलीमा गएका | |
| ४६<br>४८ | पावलको पहिलो सुसमाचार प्रचार यात्रा | |
| ५०<br>५२ | पावलको दोस्रो यात्रा | पहिलो थेसलोनिकी,<br>दोस्रो थेसलोनिकी |
| ५३<br>५७ | पावलको तेस्रो यात्रा | पहिलो कोरिन्थी,<br>दोस्रो कोरिन्थी,<br>रोमी |
| ६०<br>६२ | पहिलो नजरबन्दी | एफिसी, कलस्सी,<br>फिलिप्पी, फिलेमोन |
| ६३<br>६७ | पावलको चौथो यात्रा | पहिलो तिमोथी,<br>तीतस |
| ६८ | पावल सहिद भए | दोस्रो तिमोथी |
| ७० | यरूशलेम मन्दिरको विनास<br>रोमद्वारा इस्राएल राष्ट्र अधिन | |

इतिहासलाई हेर्ने हो भने सुसमाचार प्रचार नगर्ने मण्डलीहरू बिस्तारै सेलाउँदै गएका र त्यहाँका सदस्य अनि आर्थिक श्रोत-साधन पनि घट्दै गएर अन्त्यमा भवन मात्र बाँकी रहेका प्रशस्त उदाहरणहरू पाइन्छन् । युरोपका थुप्रै मण्डली

भवनहरू अहिले धमाधम बिक्री हुँदैछन् । परमेश्वरको सेवा-आराधना हुने मण्डली भवनहरू अहिले पसल, सिनेमा हल र नाँचघरमा परिवर्त हुँदैछन् । इसाईहरूले पवित्र कामको निम्ति प्रयोग गर्ने ती स्थानहरू अहिले अन्य धर्मालम्बीहरूको हातमा पुगेको छ । यसप्रति हामीले अफसोस मात्र गरेर पुग्दैन बरु यस गम्भीर तथ्यलाई हृदयङ्गम गरी ठूलो चुनौतिको रूपमा स्वीकार गर्नुपर्छ । आत्मिकी रूपमा सेलाउँदै गयौं भने भोलिका दिनमा त्यस्ता घटनाहरू हाम्रै माझमा नघट्लान् भनी भन्न सक्दैनौं ।




यरूशलेममा स्थापित भएको पहिलो मण्डलीमा सतावट आएपछि त्यहाँका केही सदस्यहरू सिरियाको उत्तरी भागको एन्टिओखिया भन्ने ठाउँमा गएर मण्डली स्थापना गरे । उक्त मण्डली स्थापना गर्नेहरूमध्ये येशूको क्रूस बोक्ने साइरेनीका सिमोन (अर्थात् शिमियोन) प्रमुख व्यक्ति हुन् भनी इतिहासकारहरू बताउँछन् । केही समयपछि बारनाबास त्यस मण्डलीमा गई सेवकाइ गरे । तिनले इ.सं. ४५ मा पावललाई एन्टिओखिया मण्डलीमा सेवकाइ गर्ने मौका दिए (प्रेरित ११:१९-२६) । त्यस मण्डलीमा भएका अगुवाहरूका नाम प्रेरित १३:१ मा लेखिएको छ (बारनाबास, काला भनिने शिमियोन, लुकियस, मनेन र शाऊल) । त्यहाँ पावलको (शाऊलको) नाउँ अन्तिममा राखिएको छ किनभने त्यतिबेला तिनी अरूभन्दा नयाँ र निम्नस्तरका अगुवा थिए । पावलले इ.सं. ३५ मा प्रभु येशूलाई विश्वास गरेका थिए भने एन्टिओखिया मण्डलीका अरू अगुवाहरू योभन्दा पहिलेदेखि नै सेवकाइ गर्दैथिए । इसाईहरूलाई सताउनको



निम्ति यरूशलेमबाट दमस्कसतिर जाँदै गर्दा प्रभुको ज्योतिको कारण पावलको जीवन परिवर्तन भयो । त्यसपछि दश वर्षसम्म तिनले प्रार्थना र वचन अध्ययनमा एक्लो जीवन बिताए । लामो समयसम्म तिनले सेवकाइको निम्ति उचित अवसर पाएनन् ।


बारनाबासको सहायताद्वारा इ.सं. ४५ मा पावल एन्टिओखिया मण्डलीमा पुगेर सेवकाइ गर्नथाले । एक वर्षपछि इ.सं. ४६ मा पावलले बारनाबासको सहायतामा पहिलो सुसमाचार प्रचार यात्रा सुरु गरे र त्यो यात्रा इ.सं. ४८ मा पूरा भयो । इ.सं. ५० देखि ५२ सम्म पावलले दोस्रो प्रचार यात्रा गरे । उक्त यात्राको क्रममा तिनले थुप्रै मण्डलीहरू स्थापना गरे । प्रकाश २ र ३ अध्यायमा उल्लिखित एसिया प्रान्तका मण्डलीहरू (एफिसी, स्मुर्ना, पर्गामम, थिआटीरा, सार्डिस, फिलाडेल्फिया र लाउडिकिया मण्डली) त्यही यात्राको अवधिमा स्थापना भएका हुन् । त्यही इलाकामा पर्ने कलस्से भन्ने सहरमा र माकेडोनिया प्रान्तको फिलिप्पी भन्ने ठाउँमा पनि पावलले मण्डली स्थापना गरे । त्यसैगरी थेसलोनिके, बेरिया, एथेन्स र कोरिन्थ सहरका मण्डलीहरू पनि त्यही दोस्रो प्रचार यात्रामा स्थापित भएका हुन् ।

इ.सं. ५३ देखि ५७ सम्म पावलले तेस्रो यात्रा गरी पहिले स्थापना गरेका मण्डलीहरू भ्रमण गरी त्यहाँका विश्वासीहरूलाई थप शिक्षा र उत्साह दिए । सुसमाचार प्रचार गरेको कारणले पावल इ.सं. ६० देखि ६२ सम्म रोमको भ्यालखानमा परे । त्यहाँ आफू दुःख-कष्टमा भए तापनि आत्मिक शिक्षा र उत्साह दिनको निम्ति तिनले एफिसी, फिलिप्पी र कलस्सीको मण्डलीहरूलाई अनि कलस्सी सहरमा बस्ने चेला, फिलेमोनलाई पत्र लेखे ।

भ्यालखानबाट निस्केपछि इ.सं. ६३ देखि ६७ सम्म पावलले चौथो प्रचार यात्रा गरेका हुनसक्छन् भन्ने बाइबल विद्वान्हरूको अडकल छ । त्यस यात्राको क्रममा तिनले १ तिमोथी र तीतसको पत्र लेखेका हुनुपर्छ । त्यस यात्रामा तिनले भ्रमण गरेका केही स्थानहरूको बारेमा बाइबलले आंशिकरूपमा पुष्टि गर्दछ; जस्तैः स्पेन (रोमी १५:२४-२९), क्रेट (तीतस (१:५), मिलेटस (२ तिमोथी ४:२०), कलस्सी (२ तिमोथी ४:२२), एफिसी (तीतस १:३), फिलिप्पी (फिलिप्पी २:२३-२४; १ तिमोथी १:३) आदि । त्यसपछि पावल कोरिन्थ सहरको नजिकै पर्ने निकोपोलिस भन्ने ठाउँमा गए र त्यहीँ पक्राउ परे (तीतस ३:१२) । तिनलाई फेरि रोमको भ्यालखानमा राखियो । त्यहींबाट पावलले आफ्नो प्रिय

चेला तिमोथीलाई दोस्रो पत्र लेखे, जुन तिनका पत्रहरूमध्ये अन्तिम हो भन्ने बाइबल विद्वान्हरूको ठहर छ । आफ्नो मृत्यु नजिक छ भन्ने दर्शन पाएका हुनाले पावलले आफ्नो जीवनको अन्तिम घडीमा तिमोथीलाई यसो भन्छन् ।

> म त बलिको रूपमा अर्पण हुन लागेको छु, र मेरो बिदाइको बेला आएको छ । मैले उत्तम लडाइँ लडेको छु । मैले दौड सिद्ध्याएको छु । मैले विश्वासलाई बचाइराखेको छु । अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीस प्रभुले त्यस दिन मलाई दिनुहुनेछ ... (२ तिमोथी ४:६-८) ।




निस्केर
रसंहार
पक्कै
ाहरूले
निम्ति
गतिमा
भनी

इस्राएल
हो भने
) सम्म
अर्थात् ४० वर्षको अवधिमा सुसमाचार अभियान यरूशलेमबाट स्पेनसम्म पुग्यो । इ.सं. ३० मा यरूशलेमबाट साधारण अनि थोरै व्यक्तिहरूले सुरु गरेको उक्त अभियान पहिलो शताब्दीको अन्त्यसम्म आइपुग्दा मध्यपूर्व, उत्तरी अफ्रिका र दक्षिणी युरोपसम्म पुग्यो । त्यति मात्र होइन थोमा नाउँ भएको येशूको चेलाले भारतको दक्षिणी भागमा आएर सुसमाचार प्रचार गरी मण्डली स्थापना गरे भन्ने कुरा इतिहासले बताउँछ ।

तत्कालीन समयमा विश्वको मानचित्रअर्न्गत मध्यपूर्व, उत्तरी अफ्रिका र दक्षिणी युरोपलाई समेट्ने पाँच वटा मण्डलीहरू थिए, र ती मण्डलीहरूले संसारभरिको इसाई जगतलाई प्रभाव पारेको थियो । ती मुख्य मण्डलीहरूको नाम यस प्रकारको छ ।



(१) अलेक्जेण्ड्रिया मण्डली (Alexandrian Church)

(२) यरूशलेम मण्डली (Jerusalem Church)

(३) एन्टिओखिया मण्डली (Antioch Church)

(४) कन्स्टाण्टिनोपल मण्डली (Constantinople Church)

(५) रोम मण्डली (Roman Church)

अलेक्जेण्ड्रिया मण्डली उत्तरी अफ्रिकामा पर्दछ र त्यो मण्डली सन्त मर्कूसलेस्थापना गरेका हुन् । यस मण्डलीमा मिश्रीहरूको बाहुल्यता भएको कारणले गर्दा यसलाई 'मिश्रको कप्टिक अर्थोडक्स मण्डली (Egyptian Coptic Orthodox Church) भनिन्छ, र यसको अस्तित्व अझै पनि छ ।

यरूशलेम मण्डली येशू ख्रीष्टका चेलाहरूले स्थापना गरेका हुन् । त्यस मण्डलीलाई सुरुमा पत्रुसले अगुवाइ गरेका थिए र पछि येशूका भाइ याकूब त्यहाँको मुख्य अगुवा भए । त्यस मण्डलीका विश्वासीहरू यहूदी जातिका मानिसहरू थिए । तिनीहरू परमेश्वरद्वारा चुनिएका जाति भए तापनि इ.सं.

७० को सतावटपछि बिस्तारै यरूशलेम मण्डली सेलाउँदै गयो । त्यो मण्डलीले ठूला बाइबल विद्वान्हरू उत्पादन गर्न सकेन ।

एन्टिओखिया मण्डली सिरियामा पर्दछ । येशूलाई क्रूस बोक्न सघाउने साइरेनीका सिमोनले त्यो मण्डली स्थापना गरेका हुन् (प्रेरित १३:१) । त्यो मण्डलीलाई प्रभु 'येशूको महान् आज्ञा पालन गर्ने मण्डली' भनेर चिनिन्छ । पावललाई एन्टिओखिया मण्डलीले नै मिसेनरीको रूपमा संसारको विभिन्न भागहरूमा पठायो, जसको कारणले गर्दा त्यो मण्डली टर्की र ग्रीसलगायत अन्य स्थानहरूमा भएका धेरै मण्डलीहरूको आमा मण्डली हुन पुग्यो । इसाई इतिहासमा नमुना मण्डलीको दर्जामा राखी एन्टिओखिया मण्डलीलाई ठूलो महत्व र आदरको दृष्टिले हेरिन्छ । त्यस मण्डलीमा सिरियाली र प्रवासी यहूदीहरूको बाहुल्यता थियो ।

कन्स्टाण्टिनोपल मण्डली ग्रीस र टर्कीको उत्तरी सीमानातिर पर्दछ । अहिले त्यो ठाउँ स्तानबुल (Stanbul) भन्ने सहरमा पर्दछ । त्यो मण्डली पावल र तिनका सहकर्मीहरूले स्थापना गरेका हुनुपर्छ । त्यहाँ ग्रीक विश्वासीहरूको बाहुल्यता थियो । तत्कालीन समयमा ग्रीक भाषा र सँस्कृतिले विश्वमा ठूलो प्रभाव पारेको थियो । नयाँ करार बाइबलको प्रायः खण्डहरू ग्रीक भाषा लेखिएको थियो र पुरानो करार बाइबललाई इ.पू. २५० मा ग्रीक भाषामा अनुवाद गरिसकिएको थियो । प्लेटो, एरिस्टोटल र ग्यालिलियोजस्ता विश्वप्रसिद्ध व्यक्तिहरू ग्रीक दार्शनिकहरू नै हुन् ।

रोमको मण्डली पावलका चेलाहरूले स्थापना गरेको हुनुपर्छ भन्ने इसाई इतिहासकारहरूको भनाइ छ । पावल रोममा पुग्नुभन्दा अघि नै त्यहाँ मण्डली स्थापना भइसकेको थियो । त्यहाँको मण्डलीमा इटालियनहरूको बाहुल्यता थियो र केही यहूदीहरू पनि त्यहाँ थिए । पावलका मित्रहरूले त्यहाँ सेवकाइ गरे, र तिनीहरूका नाउँ रोमी १६ अध्यायमा उल्लेख गरिएको छ ।

इ.सं. ३१३ मा रोमी सम्राट कन्स्टाण्टिनले आफ्नो साम्राज्यभरिका सबै नागरिकहरूले इसाई धर्म अपनाउनुपर्ने आधिकारिक घोषणा गरेका हुनाले त्यो मण्डली तीव्र गतिमा वृद्धि हुनथाल्यो । त्योभन्दा अघि बेबिलोनी धर्मले ती क्षेत्रहरूमा प्रभाव पारेको थियो । राजनैतिक शक्तिको कारणले गर्दा रोमको




मण्डलीले अरू स्थानमा भएका मण्डलीहरूमाथि आफ्नो प्रभाव पार्नथाल्यो, जसको परिणामस्वरूप कन्स्टाण्टिनोपल र रोम मण्डलीहरूका बीचमा प्रायः तनाव भइरहन्थ्यो ।

विश्वको मानचित्रमा अलेक्जेण्ड्रिया, यरूशलेम र एन्टिओखिया पूर्वी भागमा पर्ने भएकोले यी ठाउँहरूमा भएका मण्डलीहरूलाई पूर्वी मण्डली (Eastern Church) भनिन्छ भने विश्वको पश्चिमी क्षेत्रमा पर्ने कन्स्टाण्टिनोपल र रोमको मण्डलीलाई पश्चिमेली मण्डली (Western Church ) भनिन्छ । पहिलो शताब्दीदेखि ती क्षेत्रका मण्डलीहरूले बाइबल विद्वान् र ईश्वरशास्त्रीहरू जन्माउन थाले । मण्डली इतिहासमा उल्लेखनीय योगदान पुऱ्याउने केही व्यक्तिहरूको नाउँ यसप्रकारका छन् : इग्नेसियस (Ignatius 35-107 - Antioch), पोलिकार्प (Polycarp 69-155 AD - Smyrna), जस्टिन मार्टर (Justime Martyr, 100-165 AD - Samaria), इरेनियस (Irenaeus, 130-202AD - Smyrna), टर्टुलियन (Tertullian, 160-220AD - Carthage, North Africa), ओरिगेन (Origen, 185-254 AD - Alexendria), अथनासियस (Athnasius, 296-373 AD - Alexendria), जेरोम (Jerome 342-420 AD - Italy ) र आरियुस (Arius, 256-336 AD - Libya to Constantinople), अगस्टिन (Augustine, 354-431 AD - Italy ) आदि ।

# पहिलो शताब्दीको मण्डलीहरूका आत्मिक अवस्थाहरू

## THE SPIRITUAL CONDITIONS OF THE FIRST CENTURY CHURCHES



**भूमिगत मण्डलीको ढाँचा**

इ.सं. ७० पछि यरूशलेमबाहिरका विभिन्न स्थानहरूमा स्थापित मण्डलीहरू सङ्ख्यात्मक रूपमा वृद्धि हुन थाले तर ती मण्डलीहरूमा विभिन्न प्रकारका समस्याहरू विद्यमान थिए; जस्तैः ईश्वरशास्त्रीय समस्या, अगुवापनको समस्या र झूटाशिक्षाको समस्या आदि । त्यसको साथै तत्कालीन रोमी साम्राज्यको सतावटले गर्दा विश्वासीहरूले धेरै दुःख-कष्ट भोग्नुपऱ्यो । सतावटले गर्दा त्यतिबेलाका इसाईहरूले आधिकारिक अनि खुल्ला रूपमा आफू इसाई हुँ भनी



परिचय दिन सक्दैनथे । आफ्नो विश्वासलाई जोगाइराख्नको निम्ति तिनीहरू समाजदेखि लुकेर जिउनुपर्थ्यो । पहिलो शताब्दीको अन्तिम समयदेखि लिएर दोस्रो शताब्दीका इसाईहरू ज्यान जोगाउनको निम्ति जमिनमुनि भएका चिहान, गुफा तथा ओढारहरूमा बस्न थाले । टर्कीको विभिन्न भागहरूमा अहिले पनि त्यस्ता ठाउँहरू पाइन्छन् । मरेको मानिसको लास राख्न प्रयोग हुने चिहानहरूमा लुकेर तिनीहरूले सेवा-सङ्गति गर्ने गर्थे । त्यस्तो मण्डलीलाई 'भूमिगत मण्डली' (Catacomb Church) भनिन्छ । जमिनमुनि भएका त्यस्ता ठाउँ इसाईहरूको गाउँबस्तीजस्तै थियो । सतावटको कारणले गर्दा तिनहरू अन्धकार अनि फोहोर गुफाभित्र भएका साना-साना कोठाहरूमा लुकेर परमेश्वरको आराधाना गर्थे । तिनीहरूको तुलनामा अहिले हामी धेरै नै आशिषित छौँ ।

येशू ख्रीष्टमाथि गरेको विश्वास र उहाँको सुसमाचारको खातिर इ.सं. ९५ तिर सन्त यूहन्ना एफिसीभन्दा ७० किलोमिटर दक्षिणमा पर्ने पत्मोस टापुमा निर्वासनमा परी सजायँ भोगिरहेका थिए । त्यतिबेला तिनले प्रतिकूल परिस्थितिको सामना गरिरहेका भए तापनि प्रभु येशूले यूहन्नालाई भूत, वर्तमान र भविष्यको बारेमा विशेष दर्शन दिनुभयो । त्यतिबेला तिनले तेस्रो स्वर्ग अर्थात् परमेश्वरको सिंहासन अनि अन्तिम दिनहरूमा के-कस्ता कुराहरू हुनेछन् भन्ने बारेमा पनि तिनले महत्वपूर्ण दर्शन पाए । प्रकाशको पुस्तकमा ती सबै कुराहरू उल्लेख गरिएका छन् ।

> "यसकारण तिमीले जे देखेका छौ, र जे छ र यसपछि जे हुन आउनेछ, लेख ( प्रकाश १:१९ ) ।"

यस पदलाई तीन वटा भागहरूमा टुक्र्याउन सकिन्छ ।

पहिलो भाग - तिमीले जे देखेका छौ, त्यो लेख ।

दोस्रो भाग - तिमीले जे देखिरहेका छौ, त्यो लेख ।


तेस्रो भाग - पछि हुने कुराहरू लेख ।

**पहिलो भाग :-** 'तिमीले जे देखेको छौ, त्यो लेख ।' यो वाक्य पूर्ण वर्तमान कालमा लेखिएको छ । यसको मतलव त्यतिबेला यूहन्नाले जे कुरा देखिसकेका

थिए, ती कुराहरू लेख्नको निम्ति प्रभु येशूले तिनलाई अह्राउनुभयो । प्रकाश १ अध्यायमा भएका कुराहरूलाई यस भागमा राख्न सकिन्छ ।

**दोस्रो भाग :–** 'तिमीले जे देखिरहेका छौ, त्यो लेख ।' यो वाक्य अपूर्ण वर्तमान कालमा लेखिएको छ । यसको अर्थ तत्कालीन समयमा यूहन्नाले जे कुराहरू देख्दै अनि अनुभव गर्दैथिए, ती कुराहरू प्रभुले तिनलाई लेख्न लगाउनुभयो । प्रकाश २ र ३ अध्यायहरूमा उल्लिखित कुराहरू यस भागमा पर्दछन् । त्यतिबेला एसिया प्रान्तमा भएका सात वटा मण्डलीहरूका आत्मिकी अवस्थाहरूका बारेमा त्यहाँ क्रमैसँग चर्चा गरिएको छ ।

**तेस्रो भाग :–** 'पछि हुने कुराहरू लेख ।' यहाँ प्रभु येशूले यूहन्नालाई भविष्यमा हुने घटनाहरूको बारेमा बताउनुभयो । प्रकाश ४ देखि २२ अध्यायहरूमा ती कुराहरू उल्लिखित छन् । दोस्रो शताब्दीदेखि वर्तमान समय र अब आउने डरलाग्दा दिनहरूका बारेमा त्यहाँ चर्चा गरिएको छ ।




प्रकाश २ र ३ अध्यायहरूमा उल्लिखित सात वटा मण्डलीहरूका बारेमा ईश्वरशास्त्रीहरूले दुइ फरक अवधारणाहरू व्यक्त गरेका छन् ।

**पहिलो अवधारणा :–** एसिया प्रान्तमा पहिलो शताब्दीको अन्ततिर स्थापित भएका सात वटा मण्डलीहरू (एफिसी, स्मुर्ना, पर्गामम, थिआटीरा, सार्डिस,



फिलाडेल्फिया र लाउडिकिया) का आत्मिक अवस्थाहरूले इसाई इतिहासको विभिन्न कालखण्डहरूमा भएका मण्डलीहरूको आत्मिक अवस्थाहरूलाई प्रतिनिधित्व गर्दछन् । उदाहरणको लागि एफिसीको मण्डलीले पहिलो र दोस्रो शताब्दीका मण्डलीहरूको आत्मिक अवस्थाप्रति सङ्केत गर्दछ । प्रभु येशूले एफिसीको मण्डलीलाई भन्नुभयो, "तिम्रो काम, तिम्रो परिश्रम र सहनशीलता मलाई थाहा छ ... मेरो नाउँको खातिर तिमीहरूले सतावट भोगेका छौ ... तिमीहरू थकित भएका छैनौं ।" पहिलो र दोस्रो शताब्दीका मण्डलीहरूलाई हेर्ने हो भने तिनीहरू त्यस्तै अवस्थामा थिए ।

स्मुर्ना मण्डलीले चाहिँ दोस्रो, तेस्रो र चौथो शताब्दीका मण्डलीहरूलाई प्रतिनिधित्व गर्दछ । प्रभु येशूले स्मुर्ना मण्डलीलाई भन्नुभयो, "म तिम्रो कष्टहरू र दरिद्रतालाई जान्दछु ... तिमीले भोग्ने लागेका कष्टहरूसँग नडराओ ... तिमीहरूलाई दशै दिन कष्ट हुनेछ ... तिमी मृत्युसम्मै विश्वासी होओ र म तिमीलाई जीवनको मुकुट दिनेछु ।" त्यतिबेलाका मण्डलीहरूले दुःख-कष्ट र सतावट भोगिरहेका थिए; त्यसैले प्रभु येशूले यस्ता शब्दहरूद्वारा सतावट भोग्ने मण्डलीहरूलाई उहाँले उत्साह दिनुभयो ।

पर्गामम, थिआटीरा, सार्डिस र फिलाडेल्फिया मण्डलीहरूले क्रमैसँग त्यसपछिका मण्डलीहरूको आत्मिक अवस्थाहरूलाई प्रतिनिधित्व गर्दछ भने लाउडिकियाको मण्डलीले चाहिँ अन्तिम समयका मण्डलीहरूका आत्मिक अवस्थालाई प्रदर्शन गर्दछ । उहाँले त्यो मण्डलीलाई यसो भन्नुभयो, "मलाई तिम्रा कामहरू थाहा छ । तिमी चिसो पनि छैनौ, तातो पनि छैनौ ... म तिमीलाई मेरो मुखबाट उकेलिदिनेछु ... तिमी दुःखी, दयनीय, दरिद्र, अन्धा र नाङ्गा छौँ ।" यस्ता कडा शब्दहरूद्वारा वर्तमान समयका उदारवादी र झूटाशिक्षातिर बहकिएका मण्डलीहरूलाई प्रभु येशूले हप्काउँदै हुनुहुन्छ ।

**दोस्रो अवधारणा :–** मण्डली इतिहासको सबै कालखण्डमा यी सातै प्रकारका मण्डलीहरूमा भएका गुण र चरित्रहरूको अस्तित्व हुन्छ । सबै युगका मण्डलीहरूमा एफिसी, स्मुर्ना, पर्गामम, थिआटीरा, सार्डिस, फिलाडेल्फिया र लाउडिकिया मण्डलीहरूमा भएकोजस्तो फरक-फरक आत्मिक अवस्थाहरू पाइन्छन् । यसलाई छोटकरीमा भन्ने हो भने विश्वमा अहिले अस्तित्वमा रकेका मण्डलीहरूमा त्यतिबेलाको जस्तै फरक-फरक आत्मिक अवस्थाहरू देख्न सकिन्छ । उदाहरणको लागि नेपालमा भएका मण्डलीहरूलाई केलाउने

हो भने ती सात वटा मण्डलीहरूको आत्मिक अवस्थाहरूजस्तै गरी फरक-फरक अवस्थाहरू पाउनसक्छौँ । यसलाई अझ साँघुरो बनाएर कुनै एक सम्प्रदायभित्र हेर्ने हो भने त्यहाँ पनि फरक-फरक प्रकारका आत्मिक अवस्थाहरू पाइन्छन् । ती सात मण्डलीहरूले सात फरक आत्मिक अवस्थाहरू भएका मण्डलीहरूलाई सङ्केत गर्दछ । सात भनेको परमेश्वरको विश्वव्यापी सिद्ध सङ्ख्या हो । त्यसकारण जुनसुकै समयमा जुनसुकै स्थानमा विद्यमान मण्डलीहरूमा ती सात मण्डलीहरूका जस्तै आत्मिक अवस्थाहरू हुन्छन् । सबै युगमा असल र खराब मण्डलीहरूको अस्तित्व हुँदैआएको छ । यी दुई अवधारणाहरूमध्ये डा. थोमस ह्वाङ्गले चाहिँ यही दोस्रो अवधारणामा विश्वास गर्नुहुन्छ । अब पहिलो शताब्दीका सात वटा मण्डलीहरूको आत्मिक अवस्थाहरूलाई तालिकाको सहायताद्वारा केलाएर हेरौँ । यस तालिकामा छ वटा कुराहरू छन् ।

(१) मण्डलीको नाउँ

(२) त्यो मण्डलीलाई येशूले आफ्नो विषयमा दिनुभएको परिचय

(३) मण्डलीको राम्रो पक्षप्रति उहाँले गर्नुभएको प्रशंसा

(४) नराम्रो पक्षप्रति प्रभुले हप्काउनुभएको कुरा

(५) सुधारको निम्ति उहाँले दिनुभएका चेताउनीका वचनहरू

(६) मण्डलीका निम्ति दिइएका प्रतिज्ञाहरू

यहाँ दिइएको तालिकाद्वारा सात वटा मण्डलीहरूलाई केलाउने हो भने तिनीहरूलाई दुइ समूहमा विभाजन गर्न सकिन्छ । पहिलो समूहमा स्मुर्ना र फिलाडेल्फिया मण्डली पर्दछ । यी दुइ मण्डलीहरूलाई प्रभु येशूले प्रशंसा गर्नुभयो तर हप्काउनु भएन किनभने दुःख-कष्ट, अभाव र सतावटमा तिनीहरू स्थिर रहेर प्रभुको आज्ञाअनुसार काम गरिरहेका थिए । यिनीहरूलाई असल मण्डलीको दर्जामा राख्न सकिन्छ । दोस्रो समूहमा पर्ने मण्डलीहरू: एफिसी, पर्गामम, थिआटीरा, सार्डिस र लाउडिकिया हुन् । यिनीहरूलाई उहाँले हप्काउनुभयो किनभने तिनीहरू मूर्तिपूजा गर्थे र त्यहाँ झूटा शिक्षाको प्रभाव परेको थियो र प्रभुको काममा तिनीहरू सेलाएका थिए । सुरुका यी पाँच वटा



| मण्डली | येशूको नाउँ / परिचय | प्रशंसा गरेको कुरा | हप्काएको कुरा | चेताउनी | प्रतिज्ञा |
|---|---|---|---|---|---|
| **एफिसी** | सात तारा हातमा लिने र सात वटा सुनको सामदानका बीचमा हिँडने (२:१) | परिश्रमी, सहनशील र प्रेरित हुँ भन्ने खराब मानिसहरूलाई सहन नसक्ने (२:२); कष्ट र सतावटमा धिरजी हुने तर थकित नहुने (२:३); निकोलाइटसहरूका काम घृणा गर्ने (२:६) | तिम्रो पहिलो प्रेम त्यागेका छौ (२:४) | कहाँबाट खसेका छौ भनी याद गर, पश्चाताप गर र पहिले गरेझैं काम गर नत्रता तिम्रो सामदान त्यसको स्थानबाट हटाइनेछ (२:५) | विजयी भएर परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रूखबाट खान पाउने अधिकार प्राप्त गर (२:७) |
| **स्मुर्ना** | आदि र अन्त्य, जो मरेको थियो र फेरि जीवित भयो (२:८) | दुःख-कष्ट र दरिद्रतामा भए तापनि धनी (२:९) | ... | भोग्नै लागेको कष्टहरूसँग नडराओ, केहीलाई जाँचको निम्ति शैतानले कैदमा हाल्न आँटेको छ र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ (२:१०) | मृत्यसम्म विश्वासी भएर जीवनको मुकुट प्राप्त गर (२:१०), जित्नेलाई दोस्रो मृत्युद्वारा केही हानि हुनेछैन (२:११) |
| **पर्गामम** | धारिलो दुइधारे तरवार साथमा हुने (२:१२) | तिमीहरू मेरो नाउँमा स्थिर बस्छौ, मारिएका मेरो विश्वासयोग्य साक्षी एन्टिपासको समयमा पनि ममाथिको आफ्नो विश्वास तिमीहरूले त्यागेनौ (२:१३) | तिमीहरूमध्ये केहीले मूर्तिपूजा र व्यभिचार सम्बन्धी बालामको शिक्षा मान्छन् (२:१४), केहीले निकोलाइटसहरूका शिक्षा पालन गर्छन् (२:१५) | पश्चाताप गर, तत्रता म चाँडै आउनेछु र मेरो मुखको तरवारले तिनीहरूसँग लडाइँ गर्नेछु (२:१६) | जित्नेलाई गुप्त-मन्नको केही भाग र नयाँ नाउँ लेखिएको सेतो पत्थर दिनेछु (२:१७) |
| **थिआटीरा** | परमेश्वरका पुत्र, जसको आँखा आगोको ज्वाला जस्तो र पाउ टल्काइराखेको काँसाजस्ता छन् (२:१८) | काम, प्रेम, विश्वास, सेवा, धैर्यता र सहनशीलता थाहा छ, पछिल्ला काम अघिल्लाभन्दा बढी छन् (२:१९) | ईजबेल नाउँको स्त्रीलाई सहन्छौ, जसले पाप गर्न मानिसहरूलाई बहकाउँछे (२:२०) | पश्चाताप गरेनौ भने महासङ्कष्टमा फालिदिनेछु (२:२२), त्यसको छोरा छोरीलाई मार्नेछु (२:२३) | जित्नेलाई जातिहरूमाथि अधिकार दिनेछु (२:२६), त्यसलाई बिहानको तारा दिनेछु (२:२८) |

| मण्डली | येशूको नाउँ / परिचय | प्रशंसा गरेको कुरा | हप्काएको कुरा | चेताउनी | प्रतिज्ञा |
|---|---|---|---|---|---|
| **सार्डिस** | परमेश्वरका सात आत्मा र सात तारा हुने (३:१) | ... | तिमीहरू मरेका छौ (३:१) तिम्रा काम परमेश्वरका दृष्टिमा सिद्ध भएको भेट्टाएको छैन (३:२) | पश्चाताप गर, जागा रहेनौ भने म आएको कुरा थाहा पाउँदैनौ (३:३) | जित्नेलाई सेतो वस्त्र पहिराइन्छ र त्यसको नाउँ जीवनको पुस्तक बाट मेटिनेछैन (३:५) |
| **फिलाडेल्फिया** | पवित्र, सत्य, दाऊदको साँचो हुने, जसले खोलेको कसैले थुन्नेछैन अनि जसले थुनेको कसैले खोल्नेछैन (३:७) | थोरै शक्ति भए पनि मेरो वचन पालन गरेको छौ र मेरो नाउँ इन्कार गरेका छैनौ (३:८), मेरो धैर्यताको वचन पालन गरेका छौ (३:१०) | ... | म चाँडै आइरहेछु, तिमीसँग जे छ त्यसलाई पक्रिराख र तिम्रो मकुट कसैले लिनेछैन (३:११) | जित्नेलाई परमेश्वरका मन्दिरको एउटा स्तम्भ बनाउनेछ र त्यसबाट ऊ कहिल्यै बाहिर निस्कनेछैन ... आफ्नै नयाँ नाउँ पनि म त्यसका लेख्नेछु (३:१२) |
| **लाउडिकिया** | आमिन, विश्वासयोग्य, साँचो साक्षी र परमेश्वरका सृष्टिको शासक (३:१४) | ... | तिमी मनतातो भएकोले मुखबाट उकेली दिनेछु (३:१५), दुःखी, दयनीय, दरिद्र, अन्धा र नाङ्गा छौ (३:१७) | धनी हुनलाई ... सबै मबाट किन्न सल्लाह दिन्छु (३:१८), उत्साहित, जोशिलो होऊ र पश्चाताप गर (३:१९) | जित्नेलाई मेरो सिंहासनमा बस्न दिनेछु (३:२१) |



मण्डलीहरूलाई खराब मण्डलीको दर्जामा राख्न सकिन्छ । तिनीहरूलाई उहाँले पश्चाताप गरेर सही अवस्थामा फर्कने कडा आज्ञा दिनुभयो ।

निष्कर्षमा भन्ने हो भने पहिलो शताब्दीमा मात्र होइन, आजको अत्याधुनिक एक्काइसौँ शताब्दीमा पनि यी दुई समूहजस्ता मण्डलीहरू विद्यमान छन् । तीमध्ये स्मुर्ना र फिलाडेल्फिया मण्डलीजस्तो हुन प्रार्थनासहित हामी प्रभु येशूको महान् आज्ञा पालन गर्दै अघि बढनुपर्छ । अहिले झूटा शिक्षाको प्रभाव संसारभरि परेको छ । त्यसलाई पहिचान गरेर प्रतिकार गर्न सक्नुपर्छ । ख्रीष्टशास्त्रको ज्ञानले हामीलाई त्यसो गर्न सक्षम तुल्याउनेछ । त्यसैले प्रभुले दिनुहुने मुकुट कसैले खोस्न नपाओस् अनि जीवनको पुस्तकबाट हाम्रो नाउँ नमेटियोस् भन्ने हेतुले सधैँ विश्वासमा स्थिर रही परमेश्वरको राज्य विस्तार गर्ने र आफ्नो बगाललाई रेखदेख गर्ने काममा हामी निरन्तर अघि बढौँ । यो भ्रष्ट संसारमा आइपर्ने दुःख-कष्ट, सतावट र घटीकमीलाई होइन तर येशू ख्रीष्टमाथि आफ्नो नजर केन्द्रित गरी ती समस्याहरूमाथि कुल्चेर अघि बढौँ । प्रभुले अवश्य हामीलाई यसमा सहायता दिएर आशिष्को भागिदार बनाउनु हुनेछ ।

# पहिलो, दोस्रो, तेस्रो र चौथो शताब्दीका झूटा शिक्षाहरू

## THE FIRST, SECOND, THIRD AND FOURTH CENTURY HERESY TEACHINGS

खीष्ट विरोधी आइरहेछ भन्ने तिमीहरूले सुनेका छौ ।
अब धेरै खीष्ट विरोधी आएका छन् ।
१ यूहन्ना २:१८

पहिलो शताब्दीमा स्थापना भएका मण्डलीहरूमा शैतानको आक्रमणद्वारा झूटा शिक्षा प्रवेश गरेको तथ्य नयाँ करारका लेखकहरूले बताएका छन् । झूटा शिक्षाले त्रिएक परमेश्वरको सिद्धान्तलाई बङ्गचाउन कोसिस गर्छ र विशेष गरी त्यसले पुत्र परमेश्वर, येशू खीष्टको पूर्ण ईश्वरत्व र मानवतामाथि त्यसले आक्रमण गर्छ । प्रकाशको पुस्तक इ.सं. ९५ तिर लेखिएको थियो । त्यस पुस्तकमा येशू खीष्टले यूहन्नालाई एसिया प्रान्तमा भएका सात वटा मण्डलीहरूलाई विशेष सन्देश भएको पत्र लेख्न लगाउनुभयो । ती सातवटा मण्डलीहरूमध्ये पाँच वटा मण्डलीहरूलाई उहाँले हप्काउनुभयो किनभने त्यहाँ झूटा शिक्षाको नराम्रो प्रभाव परेको थियो जसलाई निम्न लिखित बाइबलका खण्डहरूले अझ प्रष्ट पार्दछ ।

> तर तिमीहरूमा यो कुरा त छ, कि तिमीहरूले मैलेजस्तै निकोलाइटसहरूका काम घृणा गर्छौ (प्रकाश २:६) । यसरी नै तिमीकहाँ निकोलाइटसहरूका शिक्षा पालन गर्नेहरू पनि कति जना छन् (प्रकाश २:१५) ।

> तर तिमीहरूका विरुद्धमा मसँग केही कुराहरू छन्, किनभने तिमीहरूसँग यस्ता कोही-कोही छन्, जसले बालामको शिक्षा



> मान्छन् । इस्राएलीहरूका अगाडि ठोकरको कारण बनून् भनी मूर्तिहरूलाई चढाएको भोजन खान र व्यभिचार गर्न बालामले बालाकलाई सिकाए (प्रकाश २:१४) ।

> तर तिम्रो विरुद्धमा मैले यो भन्नु छः तिमी ईजेबेल भन्ने स्त्रीलाई सहन गर्छौ । त्यसले आफैलाई अगमवादिनी भन्छे, र मेरा सेवकहरूलाई व्यभिचार गर्न र मूर्तिहरूलाई चढाइएको भोजन खान सिकाउँछे, र यसरी तिनीहरूलाई बहकाउँछे (प्रकाश २:२०) ।

> झूटो को हो ? झूटो त्यो हो, जसले येशू नै खीष्ट हुनुहुन्छ भन्ने कुरालाई इन्कार गर्छ ... (१ यूहन्ना २:२२) ।

### पहिलो शताब्दीका झूटा शिक्षाहरू
### The First Century Heresy Teachings

पहिलो शताब्दीमा झूटा शिक्षकहरू आउनेछन् र तिनीहरूले मण्डलीलाई आक्रमण गर्नेछन् भनी सन्त पावलले मण्डलीका अगुवाहरूलाई पहिले नै सचेत पारिसकेका थिए ।

> तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस् । पवित्र आत्माले तपाईंहरूलाई बगालको जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाहा तपाईंहरू गर्नुहोस् । किनभने मलाई थाहा छ, म गएपछि डरलाग्दा ब्वाँसाहरू तिमीहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन् (प्रेरित २०:२८-२९) ।

त्यतिबेला देखापरेका केही झूटाशिक्षाहरू यस्ता थिए ।

**एबियोनिजम् (Ebionism)** :- यो सिद्धान्तले येशू खीष्टको ईश्वरत्वलाई पूर्ण रूपले इन्कार गर्छ । पावलले येशू सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनी प्रचार गरे तर गलातीको मण्डलीका धेरै यहूदी विश्वासीहरूले त्यसलाई विरोध गरे

साथै येशू ख्रीष्टको कन्याबाट भएको जन्मलाई इन्कार गरे। तिनीहरूको विचारमा येशू एक असाधारण चरित्र भएको मानिस थिए तर ईश्वर भने होइन। ती मानिसहरूलाई एबियोनाइट्स (Ebionites) भनिन्छ।

**डोकेटिजम् (Docetism)** :- डोकेटिजम् भन्ने शब्द 'डोकियो' (Dokeo) भन्ने ग्रीक शब्दबाट आएको हो। यसको अर्थ 'यस्तो दखिन्छ' (It seems to be) भन्ने हुन्छ। डोकेटिजम्को शिक्षा एबियोनिजम्को विपरीत छ। येशू ख्रीष्ट मानिसजस्तो देखिए तापनि उहाँ मानिस हुनुहुन्न तर पूर्ण ईश्वर हुनुहुन्छ भनी यो सिद्धान्तले बताउँछ। यसले उहाँको पूर्ण मानवतालाई इन्कार गर्दछ। यो सिद्धान्त अपनाउनेहरूलाई डोकेटिस्ट (Docetists) भनिन्छ।

यदि कसैले येशूको मानवता र ईश्वरत्वलाई पूर्ण रूपमा स्वीकार गर्दैन भने त्यो झूटा शिक्षा हो भनी हामीले बुझ्नुपर्छ।

## दोस्रो र तेस्रो शताब्दीका झूटा शिक्षाहरू
## The Second and Third Century Heresy Teachings

**नस्टिसिजम् (Gnosticism)** :- यो सिद्धान्तले येशू ख्रीष्टको मानवतालई पूर्ण रूपले इन्कार गर्छ। यो सिद्धान्तले येशू ख्रीष्ट यस संसारमा मानवको रूपमा आउनुभएको होइन तर आत्मिकरूपमा मात्र आउनुभएको थियो भन्दछ। मार्सियन (Marcion) भन्ने मानिसले यो सिद्धान्त प्रतिपादन गरे र यो झण्डै डोकेटिजम्जस्तै छ।

**मोन्टानिजम् (Montanism)** :- यो सिद्धान्त दोस्रो शताब्दीको अन्त्यतिर मोन्टानियस (Montanius) भन्ने व्यक्तिले प्रतिपादन गरे। यसले पेन्तिकोसको दिनमा पवित्र आत्मा माथिल्लो तल्लामा आउनुभएको सत्य तथ्यलाई इन्कार गर्छ। यसको अनुयायीहरूको विचारअनुसार येशू ख्रीष्टको दोस्रो आगमन त्यही बेलामा हुनेछ र प्रतिज्ञा गरिएको आत्माचाहिँ उक्त समयको लागि नै थियो। तिनीहरूले योयलको पुस्तकको भविष्यवाणीहरू त्यसै समयमा पूरा हुनेछ भनी मण्डलीमा सिकाउन थाले। त्यतिबेलाका ईसाईहरूले ठूलो सतावट भोगिरहेका हुनाले अन्तको दिन नजिक छ भनी तिनीहरूले ठाने।



तत्कालीन समयमा बलियो ईश्वरशास्त्रीय सिद्धान्त नभएकोले गर्दा विभिन्न प्रकारका झूटा शिक्षाहरूले मण्डलीलाई भ्रममा पार्ने कोसिस गऱ्यो। मण्डलीका अगुवाहरूले त्रिएक परमेश्वरको सिद्धान्तलाई राम्रोसँग व्याख्या गर्न सकेनन् किनभने तिनीहरू नै त्यस विषयमा अलमल्ल थिए। अर्को कुरा के थियो भने त्यतिबेलाका मण्डलीहरूमा एकता थिएन। विशेष गरी पूर्वेली र पश्चिमेली मण्डलीहरूमा भिन्नता थियो। एकले अर्कोलाई खण्डन र विरोध गर्ने गर्थे तर झूटा शिक्षाहरूले आक्रमण गरेर सताउन थालेपछि तिनीहरू एकतामा आउन थाले। तिनीहरू एक ठाउँमा भेला भएर प्रार्थना, छलफल र वचन अध्ययन गरी सही प्रकारको ईश्वरशास्त्रीय सिद्धान्त निर्माण गर्न थाले। विभिन्न स्थानहरूबाट आएका बाइबल विद्वान्हरू मिलेर विश्वासीहरूलाई स्थिर र बलियो बनाउन विश्वासको सार निर्माण गरे। त्यस काममा क्लेमेन्ट, ओरिगेन, युरानियस, टर्टुलियन र जस्टिन मार्टरले ठूलो योगदान पुऱ्याए।

मण्डलीको प्रशासन र अन्य कुराहरू पनि विस्तारै व्यवस्थित हुनथाले। अगुवाहरूको तह र स्तर मिलाउन Episcopal System बनाइयो, जसअनुसार मण्डलीमा प्रमुख अगुवा अथवा बिशपलाई सबै कुराको रेखदेख र नियन्त्रण गर्ने अधिकार सुम्पियो। यस प्रकार मण्डलीहरू व्यवस्थित हुन थाले र झूटा शिक्षाको पहिचान गरी त्यसको प्रतिकार पनि गर्न थाले।

## चौथो शताब्दीका झूटा शिक्षाहरू
## The Fourth Century Heresy Teachings

चौथो शताब्दीमा मण्डली इतिहासमा धेरै ठूला परिवर्तनहरू भए। त्यसबेला जन्मिएका झूटा शिक्षाहरूको सिद्धान्त पनि त्रिएक परमेश्वर र ख्रीष्टको सिद्धान्तसँग सम्बन्धित थियो र ती निम्नअनुसारका छन्।


**आरियानिजम् (Arianism)** :- आरियानिजम् भन्ने झूटाशिक्षाको प्रतिपादक आरियस (Arius, 270-330 AD) हुन्। तिनी अलेक्जेड्रिया मण्डलीको छोरी मण्डली बाउकालिस मण्डली (Baucalis Church) का अगुवा थिए। आरियसलाई विद्वान्को रूपमा सबैले आदर गर्थे। उनको भनाइअनुसार पिता पनि परमेश्वर र पुत्र पनि परमेश्वर हो भने अवश्य परमेश्वर दुई जना

हुनुपर्छ। येशू ख्रीष्ट परमेश्वर हुनुहुन्न तर सृष्टिमा सबैभन्दा पहिलो अनि माथिल्लो व्यक्ति हुनुहुन्छ। उहाँ सृष्टिभन्दा अघि अर्थात् अनन्तको समयदेखि अस्तित्वमा हुनुहुन्थेन। यो सिद्धान्तले येशू ख्रीष्टको ईश्वरत्वलाई इन्कार गर्दछ।

**पेलागियानिजम् (Pelagianism)** :- यो भ्रूटा शिक्षा प्रतिपादन गर्ने व्यक्ति पेलागियस (Pelagius) हुन्। उनको जन्म र मृत्युको मिति स्पष्ट छैन। तिनको विचारअनुसार मानिस आमाको कोखबाट जन्मदा पापरहित हुन्छ, त्यसैले भरखरै जन्मेको शिशुमा कुनै पाप हुँदैन। त्यसकारण मानिसको सुरुको चरित्र पवित्र र असल हुन्छ भनेर उनले मण्डलीहरूमा शिक्षा दिन थाले। यो सिद्धान्त रोमी ३:२३ को विरुद्धमा छ।

**अपोल्लियानालिजम् (Apollianalism)** :- यो भ्रूटा शिक्षाको प्रतिपादक अपोल्लिनारियस (Apollinarius) हुन्। तिनको सिद्धान्तअनुसार येशू ख्रीष्ट मानव हुनुहुन्थ्यो अर्थात् उहाँको शरीर मानवीय थियो तर मन, मष्तिस्क र विचारचाहिँ ईश्वरीय थियो। उनको त्यस भनाइले येशू ख्रीष्ट पूर्ण रूपमा मानव र ईश्वर हुनुहुन्छ भन्ने सिद्धान्तलाई अस्वीकार गर्छ।

# चार विश्वव्यापी परिषद्हरू
## FOUR ECUMINICAL COUNCILS




पहिलो शताब्दीदेखि चौथो शताब्दीसम्म निस्किएका झूटा शिक्षाहरूले तत्कालीन मण्डलीहरूलाई नराम्रोसँग प्रभाव पार्‍यो। रोमको बलियो मण्डलीलाई पनि त्यसले समस्यामा पारेको थियो। उक्त समस्यालाई समाधान गर्न रोमी साम्राज्यको सम्राटको पहलमा विभिन्न ठाउँका बाइबल विद्वान्हरूलाई भेला गराई धर्मशास्त्रबाट पक्का सिद्धान्त पत्ता लगाउन अन्तर्राष्ट्रिय स्तरको इसाई परिषद्हरू आयोजना गरियो। केही परिषद्हरूका बारेमा यहाँ चर्चा गरिएको छ।



### नाइसियाको परिषद्
### The Council of Nicaea

नाइसिया एउटा सानो सहरको नाउँ हो जुन कन्स्टाण्टिनोपलभन्दा ७० कि.मी. दक्षिणमा पर्दछ। त्यहाँ परिषद् कसरी आयोजना हुनपुग्यो भन्ने विषयमा यस्तो भनाइ छ- मिश्रको अलेक्जेण्ड्रिया मण्डलीको अगुवा अथनासियसले आरियसले झूटा शिक्षा ल्यायो भनेर उनको विरुद्धमा रोमको सम्राट कन्स्टान्टिनसामु उजुरी गरे। त्यस समयमा आरियसको झूटाशिक्षा रोमी साम्राज्यभरि फैलिसकेको थियो। त्यो समस्या समाधान गर्न रोमी सम्राटले अगुवाहरूको परिषद् बोलाउने निर्णय गरे तर त्यो परिषद् रोममा आयोजना गरिएन किनभने रोमको सम्राट ग्रीकका मानिसहरूप्रति धेरै संवेदनशील थिए। इ.सं. ३२५ मा सानो सहर नाइसियामा उक्त परिषद् आयोजना गरियो। त्यस परिषद्मा विभिन्न ठाउँहरूबाट आएका ३५० जना बिशपहरूले भाग लिएका थिए। मण्डली इतिहासमा त्यति धेरै अगुवाहरू भेला भएको त्यो पहिलो परिषद् थियो। उक्त परिषद्को भेलामा अलेक्जेण्ड्रियाबाट आएका अथनासियसले अध्यक्षको भूमिका निभाए। उनले आरियसले ल्याएको झूटा शिक्षाको बारेमा विरोध गरे। त्यहाँ जम्मा भएका बिशपहरूले आरियसको सिद्धान्तलाई औपचारिक रूपमा नै झूटा शिक्षा भनेर सावित गरी घोषणा गरे। त्यसपछि आरियसको झूटा शिक्षाबाट मण्डलीहरूलाई बचाउन एक विशेष प्रकारको विश्वासको सार बनाउनु पर्छ भनी उनीहरू छलफल गर्न लागे। तिनीहरूको सहमतिमा महत्वपूर्ण लेख तयार गरियो जसलाई नाइसियाको विश्वासको सार (Niceaen Creed) भनिन्छ। उक्त विश्वासको सारमा उल्लेख गरिएको पहिलो महत्वपूर्ण कुराचाहिँ येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ भन्ने थियो भने दोस्रो महत्वपूर्ण कुराचाहिँ येशू ख्रीष्ट र पिता परमेश्वर बराबर हुनुहुन्छ भन्ने थियो।

## कन्स्टाण्टिनोपलको परिषद्
## The Council of Constantinople

नाइसियाको परिषद्को निर्णयलाई धेरै मण्डलीहरूका बिशपहरूले स्वीकार गरेनन् र आरियसका पक्षका धेरै अगुवाहरूले उक्त परिषद्को निर्णयमा मञ्जुरी जनाउन सही गरेनन्। त्यस निर्णयमा सही नगर्ने व्यक्तिहरूमा रोमी साम्राज्यका राजाहरू र अधिकारीहरू पनि थिए। नाइसियाको परिषद्को ६० वर्षसम्म पनि आरियस पक्षका मानिसहरू र अथनासियस पक्षका मानिसहरूबीच वाद-विवाद र झै-झगडाहरू भई नै रह्यो। आरियसको मृत्यु इ.सं. ३३० मा भयो भने अथनासियसको मृत्यु इ.सं. ३७३ मा भयो। ती दुबैजनाको मृत्युपश्चात् पनि विवाद रइरहेकोले त्यस समस्या समाधान गर्नको निम्ति मण्डलीहरू मिलेर अर्को परिषद् आयोजना गर्ने निर्णय गरियो। उक्त परिषद् कन्स्टान्टिनोपल सहरमा इ.सं. ३८१ मा आयोजना गरियो। त्यो परिषद्मा पनि फेरि आरियसको सिद्धान्तलाई झूटा भनेर औपचारिक रूपमा नै घोषणा गरियो। उक्त समयमा अपोल्लिनारियसको सिद्धान्तलाई पनि इन्कार गरियो। त्यहाँ भेला भएका सबै बिशपहरू मिलेर त्रिएक परमेश्वरको सिद्धान्त प्रतिपादन गरे र पवित्र आत्माको ईश्वरत्वलाई स्वीकार गरे।

## एफिसीको परिषद्
## The Council of Ephesus

कन्स्टान्टिनोपलको परिषद् सम्पन्न भएपछि रोमको मण्डलीले अरू मण्डलीहरूमाथि अधिपत्य जमाउँदै जानथाल्यो। तर रोमको मण्डलीले अझै पनि 'पालागियानिजम्'लाई औपचारिक रूपमा झूटा शिक्षा भनी घोषणा गर्न सकेको थिएन। एफिसीको परिषद् बोलाउनुको कारण त्यस समस्याको समाधानको लागि थिएन तर त्यहाँ रोमको मण्डलीले प्रचलनमा ल्याएको मरियमको नयाँ सिद्धान्तमा औपचारिक रूपमा मान्यता प्राप्त गर्नु थियो। त्यस समयमा रोमको मण्डलीले मरियमलाई आराधना गर्ने सिद्धान्तलाई मान्दै आएको थियो र अरू मण्डलीहरूले पनि उक्त सिद्धान्तलाई मान्यता देओस् भन्ने तिनीरूको चाहना थियो। त्यो सिद्धान्त अरू मण्डलीहरूले स्वीकार



गर्दैनन् भन्ने कुरा तिनीहरूलाई थाहा थियो। त्यसकारण इ.सं. ४३१ मा रोमको मण्डलीले 'पेलागियानिजम्'को सिद्धान्तको छलफलको निहु पारी एफिसी सहरमा अर्को परिषद् आयोजन गऱ्यो। त्यहाँ उपस्थित भएका अरू मण्डलीका बिशपहरूलाई अगस्टिनले प्रतिपादन गरेको मरियमलाई आराधना गर्ने सिद्धान्तको विषयमा छलफल हुन्छ भन्ने थाहा थिएन। त्यस परिषद्मा रोमको मण्डलीले निम्न लिखित विषयहरूमाथि छलफल भएको थियो।

**पहिलो :-**मानिस जन्मदा नै पापी हुन्छ भन्ने सिद्धान्त (The doctrine of total depravity of human)। यस सिद्धान्तद्वारा 'पेलेगियानिजम'को सिद्धान्तलाई औपचारिक रूपमा इन्कार गरियो।

**दोस्रो :-** मरियम अनन्त कन्या थिइन् भन्ने सिद्धान्त (The doctrine of eternal virginity of Mary)। यसको अर्थ मरियम कन्या हुँदा नै येशू ख्रीष्ट जन्मनुभयो र त्यसपछि तिनले कुनै बालक जन्माइनन् र कन्या नै रहिन् भन्ने हो। तर मत्ती १३:५५-५६ ले मरियमले चारजना छोराहरू र छोरीहरू पनि जन्माइन् भनेर भन्दछ। यसको मतलब मरियम पूर्ण रूपमा कन्या थिइनन् तर रोमको मण्डलीले मरियम अनन्त कन्या हुन् भन्ने कुरामा अडान लिए, जुन सिद्धान्तलाई अरू चार मण्डलीहरूबाट आएका बिशपहरूले स्वीकार गरेनन्।

**तेस्रो :-** मरियम पवित्र आमा हुन् भन्ने सिद्धान्त (The doctrine of holy mother Mary)। मरियम ईश्वरकै एक रूप हुन् भनी रोमका इसाईहरूले मरियमलाई माथि उचालेर आराधना गर्न थाले। तिनीहरूले मरियमलाई बेबिलोनीहरूको सेमिरामिस देवीसँग दाज्न थाले। त्यहाँ जम्मा भएका बिशपहरूले मानिस जन्मदै पापी र भ्रष्ट हुन्छ भन्ने सिद्धान्तलाई स्वीकार गरे तर मरियमको सिद्धान्तहरूलाई चाहिँ स्वीकार गरेनन्।

## काल्सेदोनको परिषद्
## The Council of Chalcedon

एफिसीको परिषद्पछि रोमको मण्डलीले अरू मण्डलीहरूलाई मरियमको सिद्धान्त स्वीकार गर्न बलजफती गर्नथाल्यो। त्यसले अरू मण्डलीहरूलाई

बीस वर्षसम्म उक्त कुराको लागि लगातार दवाव दिइरहयो। त्यसको परिणाम स्वरूप इ.सं ४५१ मा विभिन्न ठाउँका ६०० जना बिशपहरू काल्सेदोन भन्ने सहरमा भेला भएर निम्नलिखित पाँच वटा सिद्धान्तहरूको बारेमा छलफल गरे।

१. येशू ख्रीष्ट पूर्ण मानव हुनुहुन्छ भन्ने सिद्धान्त

२. येशू ख्रीष्ट पूर्ण ईश्वर हुनुहुन्छ भन्ने सिद्धान्त

३. मरियम अनन्त कन्या हुन् भन्ने सिद्धान्त

४. मरियम पवित्र आमा हुन् भन्ने सिद्धान्त

५. त्रिएक परमेश्वरको सिद्धान्त

काल्सेदोनको परिषद्पछि संसारका प्रायः सबै मण्डलीहरू, जस्तैः रोमन क्याथोलिक मण्डली, ग्रीक अर्थोडक्स मण्डली, मिश्रको कप्टिक मण्डली, एन्टिओखिया अर्थोडक्स मण्डली, रसियन अर्थोडक्स मण्डली र एङ्लिकन मण्डलीले यी सिद्धान्तहरूलाई स्वीकार गरी इसाई विश्वासलाई अभ्यास गरिरहेका छन् तर तिनीहरूबाट अलग भएको प्रोटेस्टेन्ट मण्डलीहरूले मरियमलाई ईश्वरको रूपमा माथि उचाल्ने सिद्धान्तहरूलाई मान्दैनन्।

# ऐतिहासिक येशू
## HISTORICAL JESUS

एक्काइसौँ शताब्दीका धेरै ईश्वरशास्त्रीहरूले येशू ख्रीष्ट ऐतिहासिक व्यक्ति हुनुहुन्छ भन्ने कुरामा विश्वास गर्दैनन् । कतिपयले येशू भन्ने व्यक्ति मानव इतिहासमा कहिल्यै आउनुभएको थिएन भन्ने विचार प्रकट गरे । येशू ख्रीष्ट आत्मामा मात्रै आउनुभएको थियो तर वास्तविक भौतिक शरीरमा भने आउनुभएको थिएन भन्नेहरू पनि धेरै छन् । येशू ख्रीष्टको आत्मा भन्नाले उहाँले दिनुभएको शिक्षा, अनि उहाँको जीवनशैली र चरित्रलाई बुझाउँदछ । येशू ख्रीष्टको जीवनी मानिसले बनाएका दन्त्य कथाहरू मात्र हुन् भनेर तिनीहरूले भने । तिनीहरूले उहाँलाई एक रहस्यात्मक व्यक्तिको संज्ञा दिए । दुर्भाग्यवस आज संसारका धेरै विश्वासीहरूले यस्तै विचारधारालाई पछ्याउछन् ।

उदारवादी इसाईहरूले अरू धर्ममा पनि येशू ख्रीष्टजस्तै उद्धारकर्ताको आत्मा छ भन्ने गर्दछन् । इसाई धर्म र अरू धर्महरू एकै हुन् अनि जुनसुकै धर्म माने पनि आखिरमा सबैले उद्धार पाउँछन् भन्ने कुरामा तिनीहरू विश्वास गर्दछन् । तिनीहरू यसो भन्दछन् : “इसाईहरूले हिन्दूलगायत अन्य धर्मावलम्बीहरूलाई परिवर्तन गर्नु आवश्यक छैन । अरू धर्मका मानिसलाई सुसमाचार प्रचार गर्नु भनेको तिनीहरूको अपमान गर्नु हो । त्यस्ता क्रियाकलापहरूद्वारा हामीले तिनीहरूलाई आदर गरेका हुँदैनौँ । इसाईहरूजस्तै अन्य धर्मावलम्बीहरू पनि यस संसारलाई छोडेपछि स्वर्ग जाने भएकाले तिनीहरूलाई सुसमाचार प्रचार गर्नु आवश्यक छैन ।” यस प्रकारको विचारधारालाई ‘बहुधर्मवाद’ (Religious Pluralism) भनिन्छ ।



येशू ख्रीष्टले अन्तिम समयको बारेमा यसो भन्नुभयो :

> तब तिमीहरूलाई कसैले ‘हेर ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्’ भन्यो भने विश्वास नगर । किनकि झूटा ख्रीष्टहरू र झूटा अगमवक्ताहरू खडा हुनेछन् र हुनसके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन् (मत्ती २४:२३,२४) ।

हामी अन्तिम दिनहरूमा बाँचिरहेका विश्वासीहरू हौँ । हामीहरूले बहुधर्मवादको यस्ता विचारहरू गलत हुन् भनेर दाबी अनि घोषणा गर्न सक्नुपर्छ । वास्तवमा येशू ख्रीष्ट ऐतिहासिक व्यक्ति हुनुहुन्छ । यसलाई प्रमाणित गर्ने तीन वटा बलिया प्रमाणहरू उपलब्ध छन् ।

(१) अइसाई व्यक्तिहरूले लेखेका कागजातहरू

(२) यहूदीहरूले लेखेका कागजातहरू

(३) इसाईहरूले लेखेका कागजातहरू

अब हामी येशू साँच्चै एतिहासिक व्यक्ति हुनुहुन्छ भनेर प्रमाणित गर्ने यी तीन वटा श्रोतहरूलाई एक-एक गरी हेर्नेछौँ ।

### अइसाईहरूले लेखेका कागजातहरू
### The Documents Written by Non-Christians

कर्निलिएस टाकिटस (Cornelius Tacitus, 55-120 AD) भन्ने व्यक्ति प्रख्यात रोमी (अइसाई) इतिहासकार हुन् । उनले रोमका छ जना सम्राटहरूको सेवा गर्ने अवसर पाएका थिए । कर्निलिएस टाकिटस इतिहासकार हुनुको साथै राजनैतिक अगुवा पनि थिए, जसले टर्कीको बडाहाकिम भएर शासन गरेका थिए । उनले दुईवटा प्रख्यात पुस्तकहरू लेखेका छन् ।

**अनाल्स (Annals) :** यस पुस्तकमा उनले रोमी सम्राट नेरोको समयमा घटेका घटनाहरूलाई समावेस गरेका छन्, जसमा हामी इ.सं. १४-६८ सम्मका घटना विवरणहरू उल्लेख गरिएका छन् ।

**इतिहास (History) :** यो पुस्तक उनले सम्राट नेरोको मृत्युपछि लेखेका हुन्, जसमा इ.सं. ६८-९६ सम्मका घटना विवरणहरू उल्लेख गरिएका छन् ।

पावल इ.सं. ६०-६२ सम्म रोमको भ्यालखानमा थिए । केही समयको लागि उनी त्यहाँबाट छुटेपछि रोम सहरमा इसाई धर्म व्यापकरूपमा फैलिन थाल्यो, र त्यसको फलस्वरूप इसाईहरूले येशू ख्रीष्टलाई आफ्नो राजाको रूपमा मान्न थाले । त्यो कुरा तत्कालीन रोमी सम्राट नेरोलाई पटक्कै मन परेन । उक्त कुराले उनलाई ज्यादै क्रोधित तुल्यायो । त्यसपछि सम्राट नेरोले इसाईहरूलाई ठूलो सतावट दिन थाले । उनले इसाईहरूलाई रङ्गशालाभित्र लगेर सिंहहरूको आहारा बनाए । तिनी मानसिक रोगी थिए । तिनले रोम सहरलाई आगो लगाई दिए । सहर जल्दैगर्दा तिनी गिटारजस्तो तारबाजा बजाएर रमाइरहेका थिए । त्यस घटनापछि रोमी नागरिकहरू तिनीसँग ज्यादै रिसाए तर सम्राट नेरोले त्यस घटनाको सबै दोष इसाईहरूलाई लगाइदिए । त्यो आगलागीको आरोपमा सम्राट नेरोले रोममा भएका धेरै इसाईहरूलाई मारे,जो सन्त पावलका चेलाहरू थिए । त्यसबेला पावलचाहिँ चौथो सुसमाचार यात्रामा गएको हुनाले बाँच्न सफल भए । रोम सहरको आगलागीको घटना इ.सं. ६४ मा भएको थियो ।

इतिहासकार टाकिटसले आफ्नो पहिलो पुस्तक अनाल्समा सम्राट नेरोको विषयमा उल्लेख गरेका छन् । अनाल्सको १५ अध्याय, ४४ पृष्ठमा रोम सहरको आगलागी, इसाई समुदायमाथिको अत्याचार र सम्राट नेरोको गतिविधिको बारेमा लेखिएको छ । त्यहाँ लेखिएका कुराहरूको सार यस्तो छ : रोम सहरमा लागेको आगलागीको बारे सम्राट नेरोले इसाईहरूलाई दोष दिए । वास्तवमा इसाईहरूले त्यो आगलागी गराएका थिएनन् । इसाईहरू येशू ख्रीष्टलाई पछ्याउने व्यक्तिहरू हुन् । येशू ख्रीष्टलाई पन्तियस पिलातसले क्रूसमा चढाएर मारेका थिए, किनभने उनले एउटा खराब धर्म बनाएर उनका चेलाहरूद्वारा त्यसलाई रोमी साम्राज्यभरि फैलाएका छन् ।

यी खण्डहरू लेख्ने व्यक्ति इसाई थिएनन् । एक सच्चा इतिहासकार भएकोले वास्तविक घटनाहरूको बारेमा उनलाई राम्रो जानकारी थियो र त्यसलाई हुबहु आफ्नो पुस्तकमा लेखे । येशू साँच्चै नै यस संसारमा थिए भन्ने कुराको राम्रो प्रमाण इतिहासकार, कर्निलिएस टाकिटस दिएका छन् ।



दोस्रो शताब्दीको अन्त्यतिर रोममा अर्को प्रख्यात इतिहासकार थिए, जसको नाउँ सामोसाटाको लुसियन (Lucian of Samosata) हो । उनले पेरेग्रीनको मृत्यु (Death of Peregrine) भन्ने पुस्तक लेखे । उक्त पुस्तकको पृष्ठ ११-१३ मा यस्तो कुरा लेखिएको छ : त्यो समयमा इसाईहरूले येशू ख्रीष्ट भन्ने बुद्धिमान् मानिसको आराधना गर्थे । रोमी सरकारले उनलाई क्रूसमा झुण्ड्याएर मार्‍यो । उनको मृत्युपछि उनलाई पछ्याउनेहरूले एक आपसलाई दाजु-भाइ भनेर आफ्ना सबै सम्पत्तिहरू साझा बनाए ।

यो एक अइसाई व्यक्तिले लेखेको महत्वपूर्ण प्रमाण हो, जसले येशू ऐतिहासिक व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरालाई प्रमाणित गर्दछ । रोमका अरू अइसाई इतिहासकारहरूले पनि येशू ख्रीष्टको जीवनीलाई आफ्ना पुस्तकहरूमा उल्लेख गरेका छन् ।

## यहूदीहरूले लेखेका कागजातहरू
## The Documents Written by Jews

यहूदीहरूले पनि येशू ख्रीष्ट यो संसारमा हुनुहुन्थ्यो भन्ने कुराको प्रमाण दिएका छन् । वास्तवमा यहूदीहरूलाई येशू ख्रीष्ट र इसाईहरू मन पर्दैनथ्यो तैपनि तिनीहरूको मुख्य ऐतिहासिक कागजातहरूमा उहाँको जीवनीको बारेमा उल्लेख गरिएको छ । यहूदी धर्ममा तीनवटा प्रमुख धर्मशास्त्रहरू छन् ।

(१) **तोरा (Torah) :** यो यहूदीहरूको मुख्य धर्मशास्त्र हो । यसमा मोशाले लेखेका पाँच पुस्तकहरू छन् । यहाँ उल्लेख गरिएका व्यवस्थासम्बन्धी कुराहरू यहूदीहरूले आजको दिनसम्म अभ्यास गर्दैछन् ।

(२) **ताल्मुद (Talmud) :** यो पुस्तक तोराको पुस्तकभन्दा फरक छ । तोरा बाइबलको केही भाग हो तर ताल्मुद होइन । ताल्मुदमा तोरामा भएको कुराहरूलाई कसरी व्यवहारमा ल्याउने भनेर लेखिएका छन् । तोरामा ६३० वटा व्यवस्थाका नियमहरू उल्लेख गरिएका छन् भने ताल्मुदमा ती व्यवस्थाहरूलाई व्याख्या गरी २०,००० भन्दा बढी व्यवस्थाहरू बनाइएका छन् । ताल्मुदमा यहूदीहरूको इतिहास, संस्कृति, परम्परा र रीतिरिवाजहरू

समावेश गरिएका छन् । यहूदीहरूको निम्ति ताल्मुद र तोरा बराबर महत्वका पुस्तकहरू हुन् ।

(३) **मिद्रास (Midrash) :** साधारण यहूदीहरूले ताल्मुद बुझ्न सक्दैनन् । त्यसैले त्यो पुस्तक बुझ्न सजिलो पार्ने टिप्पणी बनाइदिनुहोस् भनेर यहूदीहरूले अगुवाहरूलाई अनुरोध गरे । मिद्रास भनेको ताल्मुदको टिप्पणी हो, जसले यहूदी धर्मशास्त्र बुझ्न सहायता पुऱ्याउँदछ ।

येशू ख्रीष्टको बारेमा तल्मुदको धेरै खण्डहरूमा उल्लेख गरिएको छ । ताल्मुद पुस्तकको सान-हेड्रिन (Sanhedrin) भन्ने अध्यायको पृष्ठ ४३ मा यसरी लेखिएको छ : रोमी र यहूदी मानिसहरूले नासरतको येशूलाई निस्तार चाडको दिनमा मारेका थिए । यो पुस्तकको लेखक इसाई होइन र पनि त्यो घटना साँचो भएकोले गर्दा ताल्मुदमा लेखिएको छ ।

ताल्मुदको यबामोथ (Yebamoth) भन्ने अध्यायको ४९ पृष्ठमा यस्तो लेखिएको छ : येशू ख्रीष्ट मरियम भन्ने कन्याबाट जन्मेका थिए । मरियम एउटी कपाल काट्ने र सृङ्गारको काम गर्ने महिला थिइन् । विवाह नगरीकन बच्चा जन्माएकी हुनाले तिनलाई नराम्रो व्यवहार गरियो । तिनी राजा दाऊद वंशको महिला थिइन् ।

यी यहूदी धर्मशास्त्र ताल्मुदमा लेखिएका कुराहरू हुन् जसले येशू ख्रीष्ट नासरतको कन्या मरियमबाट जन्मेको र उहाँलाई निस्तार चाडको समयमा मारिएको सत्य तथ्यलाई प्रमाणित गर्दछ । यी तथ्यहरूलाई यहूदीहरूले समेत स्वीकार गरेका छन् ।

फ्लेभिएस जोसेफस (Falvius Josephus, 37-100 AD) पहिलो शताब्दीको प्रसिद्ध यहूदी इतिहासकार व्यक्ति हुन् । उनी फरिसी समुदायको व्यक्ति थिए । त्यति मात्र होइन उनी इतिहासकार, राजनैतिक अगुवा र सैनिक अधिकारी पनि थिए । उनलाई रोमी सरकारले यहूदीहरूको इतिहास लेख्न खटाएको थियो । उनले यहूदीहरूको पुरातत्व (Jewish Antiquities) भन्ने प्रख्यात पुस्तक लेखे । त्यो पुस्तक यहूदी पौराणिक संस्कृतिको बारेमा लेखिएको थियो । उक्त पुस्तकको १८ औं भागको २३ पृष्ठमा येशू ख्रीष्टको बारेमा यस्तो लेखिएको छ : येशूले धेरै आश्चर्यकर्महरू गरेका थिए । उनी धेरै बुद्धिमान् र



असल शिक्षक थिए । यहूदी र अयहूदी धेरै मानिसहरूले उनलाई पछ्याए । उनलाई ख्रीष्ट भनिन्थ्यो तर पन्तियस पिलातसले उनलाई क्रूसमा झुण्ड्याएर मारे । तीन दिनपछि उनको पुनरुत्थान भयो । पुनरुत्थानपछि चेलाहरूले लगातार उनलाई पछ्याइरहे । उनलाई पछ्याउनेहरूलाई उनकै नाउँअनुसार ख्रीष्टियन भनेर भनियो । आजको समयमा पनि धेरै मानिसहरूले उनीमाथि विश्वास गरी उनको शिक्षा र सिद्धान्तलाई पछ्याइरहेका छन् । फ्लेभिएस जोसेफसले इतिहासको त्यो पुस्तक इ.सं.९३-९४ तिर लेखिएको थियो ।

## इसाईहरूले लेखेका कागजातहरू
## The Documents Written by Christians

सुरुका इसाईहरूले येशू ख्रीष्टलाई विश्वास गरेका कारण धेरै ठूलो सतावट पाए । तिनीहरूले त्यो सतावट सहे किनभने येशू ख्रीष्ट ऐतिहासिक व्यक्ति हुनुहुन्थ्यो अनि उहाँ मर्नुभयो र पुनरुत्थान हुनुभयो । यदि येशू ख्रीष्ट ऐतिहासिक व्यक्ति नहुनुभएको भए तिनीहरूले उहाँलाई पछ्याउने थिएनन् र उहाँको खातिर सतावट भोगेर मर्न तयार हुने थिएनन् ।

कसरी सुरुका इसाईहरूले आफ्नो विश्वासलाई बचाइराख्न सके होलान् ? तिनीहरूसँग हामीसँग भएकोजस्तो बाइबल थिएन । आज हामीसँग भएको नयाँ करारको बाइबल इ.सं. ३९७ मा औपचारिक रूपमा निकालिएको थियो । आधारभूत विश्वासको सारको भरमा आफ्नो विश्वासलाई स्थिर राखेका थिए । तिनीहरूको विश्वासको सार यसप्रकारको थियो- 'येशू ख्रीष्ट कन्या मरियमबाट बेथलेहेममा जन्मिनुभयो र नासरतमा हुर्कनुभयो । उहाँ महान् शिक्षक र मसीह हुनुहुन्छ । उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँले धेरै आश्चर्यकर्महरू गर्नुभयो र धेरै रोगीबिरामीहरूलाई निको पार्नुभयो । उहाँ हाम्रो मुक्तिको निम्ति क्रूसमा बलिदान भई मर्नुभयो । उहाँकै कारणले गर्दा नै हामीहरू परमेश्वरका सन्तान हुन पायौँ । उहाँमाथि विश्वास गरेकोले हामी मरेपछि स्वर्गमा जानेछौँ । हामी यो संसारको हाइनौँ किनभने हाम्रो नागरिकता स्वर्गमा छ । सुरुका विश्वासीहरूले यो विश्वासको सारलाई स्वीकार गरे । त्यही विश्वासको सारलाई पछ्याएको कारण सम्राट नेरोबाट सतावट पाए

तापनि धैर्य धारण गर्न सके । त्यो विश्वासको सार पावल, पत्रुस र यूहन्नाले लेखेका पत्रहरूका आधारित थियो । उहाँहरूले आधार बनाएका केही महत्वपूर्ण बाइबल खण्डहरू यहाँ दिइएका छन् ।

> यो सुसमाचार परमेश्वरका पुत्रको विषयमा हो, जसको जन्म शरीरअनुसार दाऊदको वंशबाट भएको थियो । येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो ( रोमी १:३-४) ।

> उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो (रोमी ४:२५) ।

> यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ । किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ (रोमी १०:९-१०) ।

> किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ (१ कोरिन्थी ११:२६) ।

> परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन ... येशू ख्रीष्टलाई प्रभु हो भनी स्वीकार गर्नुपर्छ (फिलिप्पी २:६-११) ।

> उहाँ स्वयम् शरीरमा प्रकट हुनुभयो, पवित्र आत्माद्वारा धर्मी ठहरिनुभयो, स्वर्गदूतहरूबाट देखिनुभयो, जाति-जातिहरूका माझमा प्रचारिनुभयो, संसारमा विश्वास गरिनुभयो, महिमामा माथि उचालिनुभयो (१ तिमोथी ३:१६) ।

> सबै थोकलाई जीवन दिनुहुने परमेश्वर र पन्तियस पिलातसको अगाडि असल गवाही दिनुहुने ख्रीष्ट येशूको सामने म तिमीलाई आदेश दिँदछु, कि प्रभु येशू ख्रीष्ट देखा नपरुञ्जेल यस आज्ञालाई



> कलङ्क र अपवादबाट अलग राख ... उचित समयमा ख्रीष्टको आगमनलाई प्रकट गर्नुहुनेछ (१ तिमोथी ६:१३-१५) ।

> मरेकाहरूबाट जीवित हुनुभएको दाऊदको वंशको येशू ख्रीष्टलाई सम्झना गर, मैले प्रचार गरेको सुसमाचार यही हो (२ तिमोथी २:८) ।

> हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो । उहाँ शरीरमा मारिनुभयो– धर्मी जन अधर्मीहरूका निम्ति– तर आत्माद्वारा जीवित पारिनुभयो (१ पत्रुस ३:१८) ।

> हरेक आत्मा जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको हो भनी स्वीकार गर्छ, सो परमेश्वरबाट हो (१ यूहन्ना ४:२) ।

यी सबै खण्डहरू सुरुका विश्वासीहरूका उक्त विश्वासको सारमा उद्धरण गरिएको थियो अर्थात् धर्मशास्त्रका यी अति महत्वपूर्ण खण्डहरूका आधारमा नै त्यो विश्वासको सार निर्माण भएको थियो । माथि उल्लेखित खण्डहरूले त्यसबेला सतावट भोगिरहेका विश्वासीहरूलाई धैर्य धारण गर्न सहायता गरेको थियो ।

येशू ख्रीष्ट ऐतिहासिक व्यक्ति हुनुहुन्छ भन्ने अर्को इसाई इतिहासकार इग्नाटिअस (Ignatius, 67-110 AD) हुन् । उनी एन्टिओखिया मण्डलीका विशप थिए । उनलाई रोमी सरकारले एन्टिओखियाबाट पक्रेर रोममा लगी मारे । रोमको यात्रामा जाँदैगर्दा उनले सतावटमा परेका मण्डलीहरूलाई सात वटा चिट्ठीहरू लेखे, जसमा विश्वासको सारलाई उद्धरण गरेका थिए । ती सबै पत्रहरू सतावटमा परेका विश्वासीहरूका निम्ति अमूल्य साबित भयो । त्यहाँ उनले येशू ख्रीष्ट ऐतिहासिक व्यक्ति हुनुहुन्छ भन्ने कुरालाई जोड दिएका थिए ।

दोस्रो शताब्दीमा बारनाबास (Barnabas, 101-165 AD) भन्ने इतिहासकार थिए, जसले धेरै पुस्तकहरू लेखे । उनले लेखेका पुस्तकहरू पनि सुरुका विश्वासीहरूका विश्वासको सारमा आधारित थियो । त्यही समयमा जस्टिन मार्टर (Justime Martyr, 100-165 AD) भन्ने एक दार्शनिक थिए । उनी

इसाई विश्वासलाई बचाउनको निम्ति वकालत गर्ने व्यक्ति हुन् । जस्टिन मार्टर इसाई दार्शनिक भएकोले इसाई धर्मको पक्षमा वकालत गर्ने गर्दथे । यदि कसैले इसाई धर्ममाथि दोष लगायो भने उनी त्यो दोष मेटाउने काम गर्थे । उनी रोमको विश्वविद्यालयमा दर्शनशास्त्र पढाउने प्राध्यापक थिए ।

३२ वर्षको उमेरमा उनको जीवन परिवर्तन भयो । विश्वासी भइसकेपछि उनले प्रचारक र शिक्षक भएर रोमी साम्राज्यभरि दर्शनशास्त्र सिकाउन थाले । त्यस क्रममा उनले इसाई ईश्वरशास्त्रको मुख्य-मुख्य कुराहरू र येशू ख्रीष्टको ऐतिहासिक सत्यतालाई समेत सिकाउने गर्थे । उनले इसाई विश्वासलाई बचाउन महत्वपूर्ण पुस्तकहरू लेखे । उनले अइसाई बुद्धिजीवीहरूसँग इसाई विश्वासको पक्षमा तर्कबितर्क गर्ने गर्थे । रोमी सरकारले उनलाई येशू ख्रीष्टको सुसमाचार प्रचार नगर भनेर आदेश दियो तर त्यो कुरा उनले मानेनन् । त्यसैले रोमी सरकारले उनको घाँटी काटेर मारिदियो । सुरुमा उनको नाम जस्टिन मात्र थियो र येशूको खातिर उनी सहिद भएपछि उनलाई 'जस्टिन मार्टर' (Justine Martyr) भनेर सम्बोधन गरिन थालियो । इसाई इतिहासकारहरूमा 'सहिद' (Martyr) संज्ञा जस्टिनले बाहेक कसैले पनि पाएका छैनन् ।

इसाई इतिहासकारहरूमध्ये क्लेमेन्ट (Clement, 155-215 AD) प्रख्यात व्यक्ति हुन् जसले येशू ख्रीष्टको विषयमा महत्वपूर्ण कुराहरू लेखेका छन् । उनी रोमको मण्डलीको बिशप थिए । उनले सुरुका विश्वासीहरूका विश्वासको सारलाई अनुसरण गरेर सतावटमा परेका विश्वासीहरूलाई उत्साह दिने गर्दथे जसले गर्दा सतावट र दुःख-कष्ट भोगिरहेका इसाईहरूले आफ्नो विश्वासलाई बचाउन सके ।

माथि उल्लेखित सबै तथ्यहरूबाट येशू ख्रीष्ट ऐतिहासिक व्यक्ति हुनुहुन्छ भन्ने कुरा प्रमाणित हुन्छ । यहूदी, इसाई र अइसाई इतिहासकारहरूले येशू ख्रीष्ट नै यो संसारको सबैभन्दा प्रभावशाली व्यक्ति हुनुहुन्छ भनेर स्वीकार गरेका छन् । युरोपेलीहरूको इतिहास हेर्दा उनीहरूको संस्कृति, साहित्य, सङ्गीत, अर्थतन्त्र, राजनीति, शैक्षिक प्रणाली र सामाजिक क्षेत्रहरूमा येशू ख्रीष्टले प्रभाव पार्नुभएको छ । यस संसारका करिव सात अरब मानिसहरूमध्ये दुई अरबभन्दा बढी मानिसहरूले येशूमा विश्वास गर्छन् । यो संसारका धनी,



शक्तिशाली, शिक्षित र विकसित देशका मानिसहरूले येशू ख्रीष्टलाई पछ्याएका छन् । त्यसैगरी प्रायः संसारको धनी, बुद्धिमान्, प्रख्यात मानिसहरू इसाईहरू नै छन् ।

सबैभन्दा धेरै भाषाहरूमा अनुवाद गरिएको र सबैभन्दा बढी प्रकाशन हुने पुस्तक 'बाइबल' हो । येशू ख्रीष्ट एक ऐतिहासिक व्यक्ति नहुनु भएको भए यी कुराहरू सम्भव थिएन । उहाँ ऐतिहासिक व्यक्ति नहुनु भएको भए कोही पनि उहाँको खातिर मर्ने थिएन । पहिलो शताब्दीदेखि हिसाब गर्ने हो भने लाखौं मानिसहरू येशू ख्रीष्टको निम्ति सहिद भएका छन् । इसाई वार्षिक प्रतिवेदन तथ्याङ्कमा यी जानकारीहरू उल्लेख गरिएका छन् ।

किन यति धेरै मानिसहरू येशू ख्रीष्टको खातिर मर्छन् त ? किनभने उनीहरूले यो विश्वास गरेका छन् कि येशू ख्रीष्ट साँच्चिकै ऐतिहासिक व्यक्ति हुनुहुन्छ । उहाँ २००० वर्षअघि यस संसारमा आउनुभयो, मारिनुभयो, गाडिनुभयो, तेस्रो दिनमा पुनरुत्थान हुनुभयो र स्वर्गमा चढी जानुभयो र उहाँ फेरि आउनुहुनेछ भन्ने कुरामा साँचो इसाईहरूले विश्वास गर्छन् तर उदारवादी इसाईहरूले यी कुराहरूमा विश्वास गर्दैनन् र येशू ख्रीष्ट ऐतिहासिक रूपमा हुनुहुन्थ्यो भन्ने कुरालाई इन्कार गर्छन् किनभने उनीहरू आत्मिक रूपले अन्धा भएका छन् ।

प्रिय हो, जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरू परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर । किनभने धेरै झूटा अगमवक्ताहरू यस संसारमा निस्किआएका छन् । यसैबाट तिमीहरू परमेश्वरका आत्मालाई चिन्छौः हरेक आत्मा, जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको हो भनी स्वीकार गर्छ, सो परमेश्वरबाट हो । येशूलाई स्वीकार नगर्ने हरेक आत्मा परमेश्वरबाट होइन, तर त्यो ख्रीष्ट विरोधीको आत्मा हो, जसको विषयमा 'त्यो आउँछ' भन्ने तिमीहरूले सुनेका छौ । अब त्यो यस संसारमा आइसकेको छ । मेरो साना बालकहरू, तिमीहरूचाहिँ परमेश्वरका हौ, र तिनीहरूमाथि विजयी भएका छौ । किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ (१ यूहन्ना ४:१-४) ।

# येशूको ईश्वरत्व

## THE DEITY OF JESUS

धेरै मण्डली तथा सम्प्रदायहरूले येशू ख्रीष्टको ईश्वरत्वलाई इन्कार गर्छन् । तिनीहरूलाई झूटा सम्प्रदाय भनिन्छ अनि तिनीहरूको शिक्षालाई झूटा शिक्षा भनिन्छ । आजभोलि थुप्रै किसिमका झूटाशिक्षाहरू निस्किआएका छन्, केहीको नाउँ यस प्रकारका छन् ।

(१) यहोबाको साक्षी (Jehovah Witness)

(२) यूनिटेरियन (Unitarians)

(३) मर्मोन (Mormons)

(४) मुन्निज (Moonies)

(५) साइन्टोलोजिस्ट (Scientologist - Christian Science)

(६) फालुङ्गाङ (Falungang)

(७) ईस्ट थण्डर (East Thunder)

(८) चर्च अफ क्राइष्ट (Church of Christ)

यी सबै झूटाशिक्षाहरूलाई झट्टै हेर्दा साँचो मण्डली सम्प्रदायहरूजस्तै देखिन्छन् । तिनीहरूले इसाई भाषा र हाउभाउ प्रयोग गर्छन् अनि आफूलाई मण्डलीको इसाई हुँ भनी भन्छन् । धर्मशास्त्र बाइबल पनि बोक्छन् तर तिनीहरूले येशू ख्रीष्टको ईश्वरत्वलाई इन्कार गर्छन् । यी झूटा सम्प्रदायहरू उन्नाइसौँ र बीसौँ शताब्दीमा उत्पन्न भएका हुन् । अन्तिम दिनहरू नजिक आउँदैगर्दा झूटा शिक्षाको समूहहरू शक्तिशाली हुँदै गइरहेका छन् । केही ठूला उदारवादी इसाई सम्प्रदायहरूले समेत येशू ख्रीष्टको ईश्वरत्वलाई इन्कार गर्ने शिक्षाहरू दिइरहेका छन् । यो एकदमै दुःखलाग्दो कुरा हो । येशू ख्रीष्टको



ईश्वरत्वमाथि भएको आक्रमणबाट आफू बच्नु र अरूलाई बचाउनु हामी सबैको प्रमुख कर्तव्य हो । अन्तिम समयको एउटा चिन्हचाहिँ येशू ख्रीष्टको खातिर धेरै विश्वासीहरू मर्न तयार हुनु हो । उहाँको ईश्वरत्वलाई धेरै महत्व दिएको कारणले गर्दा धेरै इसाईहरू सहिद हुनुपरेको छ । येशू ख्रीष्टको ईश्वरत्व स्वीकार गरेको कारणले गर्दा पावल, पत्रुस, थोमालगायत धेरै चेलाहरू सहिद भए ।

पावलले येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ भनी यसरी लेखेका छन् :

> पूर्वजहरू यिनीहरूका नै हुन्, र ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस् (रोमी ९:५) ।

> परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन (फिलिप्पी २:६) ।

पत्रुसले यस विषयमा यसो भन्छन् :

> तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेरश्वरको पुत्र (मत्ती १६:१६) ।

थोमाले यसो भन्छन् :

> मेरा प्रभु, र मेरा परमेश्वर (यूहन्ना २०:२८) ।

यूहन्नाले यसरी लेखेका छन् :

> उहाँ नै साँचो परमेश्वर र अनन्त जीवन हुनुहुन्छ (१ यूहन्ना ५:२०) ।

स्वयम् येशूले आफू परमेश्वर हुँ भनी दशपटक दाबी गर्नुभएको छ ।

> ... फेरि प्रधान पूजाहारीले उहाँलाई सोधे, “के तँ परमधन्यको पुत्र होस् ?” येशूले भन्नुभयो, “म हुँ, अनि तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्‌को दाहिने बाहुलीतर्फ बसिरहेको र आकाशका बादलहरूका साथमा आइरहेको देख्नुहुनेछ (मर्कूस १४:६१-६२) ।

यो येशू ख्रीष्टले प्रधान पूजाहारीलाई दिनुभएको जवाफ हो । येशू ख्रीष्ट कहिल्यै झूटा बोल्नुहुन्न । त्यसको अर्थ उहाँले बोल्नुभएका सबै कुराहरू साँचो हुन् । यहूदी संस्कृतिमा पुत्र (Huios) भनेको पिताजस्तै अर्थ लाग्छ । येशू ख्रीष्टले 'म पिता परमेश्वरको बराबर छु' भन्नुभएकोले यहूदीहरू उहाँसँग रिसाए । यो खण्ड मत्ती २६:६३-६४ मा पनि उल्लेख गरिएको छ ।

> तब येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु ।" यसकारण यहूदीहरूले येशूलाई मार्न अझ बढी प्रयत्न गर्न लागे, किनकि उहाँले शबाथ-दिन भङ्ग गर्ने काम मात्र होइन, तर आफैलाई परमेश्वरको बराबरी तुल्याएर उहाँले परमेश्वरलाई आफ्नै पिता भन्नुभएको थियो (यूहन्ना ५:१७-१८) ।

> ताकि सबैले पुत्रको आदर गरून्, जसरी तिनीहरूले पिताको आदर गर्दछन् । पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन । साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुने माथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ (यूहन्ना ५:२३-२४) ।

> तिनीहरूले उहाँलाई भने, "तिम्रा पिता कहाँ छन् ?" येशूले जवाफ दिनुभयो, "तिमीहरू नता मलाई चिन्छौ न मेरो पितालाई । तिमीहरूले मलाई चिनेका भए मेरा पितालाई पनि चन्नेथियौ (यूहन्ना ८:१९) ।

> पिता र म एक हौं (यूहन्ना १०:३०) ।

> तिमीहरूको हृदय व्याकुल नहोस् । तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर (यूहन्ना १४:१) ।

> फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस् । त्यति भए हामीलाई पुग्छ ।" येशूले तिनलाई भन्नुभयो, "फिलिप यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई



> चिन्दैनौ ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौ, हामीलाई पिता देखाइदिनुहोस् ? (यूहन्ना १४:८-९) ।

> यस मानिसले किन यसरी बोल्दछ ? यो त ईश्वर-निन्दा हो । केवल एक, अर्थात् परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ ? (मर्कूस २:७) ।

> तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान ... (मर्कूस २:१०) ।

> येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६) ।

> किनभने जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ (यूहन्ना ५:२६) ।

यी खण्डहरूले येशू ख्रीष्ट ईश्वर हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्छ । यदि उहाँ साधारण मानिस हुनुभएको भए त्यस प्रकारले भन्न सक्नुहुने थिएन । बाइबलका यी खण्डहरूले पुत्र परमेश्वर र पिता परमेश्वर एकै हुनुहुन्छ भन्ने कुरालाई पुष्टि गर्दछन् ।

येशूको ईश्वरत्वको बारेमा पिता परमेश्वरले घोषणा गर्नुभयो । येशू ख्रीष्ट बप्तिस्मा लिएर पानीबाट बाहिर निस्कँदैगर्दा पिता परमेश्वरले 'तिमी मेरा प्रिय पुत्र हौ' भनेर गवाही दिनुभयो (लूका ३:२२) । त्यसैगरी येशू ख्रीष्टको रूप परिवर्तन हुँदा पनि पिता परमेश्वरले पत्रुस, याकूब र यूहन्नालाई 'यिनी मेरा प्रिय पुत्र हुन्' भनी गवाही दिनुभयो (मत्ती १७:५) ।

आफूलाई परमेश्वरको पुत्र भनी उहाँको बराबरी तुल्याउनुभएकोले गर्दा यहूदीहरूले येशू ख्रीष्टलाई मार्न खोजे । त्यस कुरालाई यहूदीहरूले ईश्वर-निन्दाको रूपमा लिए । कसैले ईश्वर-निन्दा गरेमा ढुङ्गाले हानेर मार्नुपर्ने उनीहरूको मान्यता थियो ।

मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरू र धर्म-गुरुहरूका सँगसँगै उहाँको गिल्ला गर्दै भने, "यसले अरूलाई त बचायो, आफूलाईचाहिँ बचाउन सक्दैन। यो इस्राएलको राजा हो। अहिले क्रूसबाट तल ओर्लेर आओस्, र हामी यसलाई विश्वास गर्नेछौँ। यसले परमेश्वरमा भरोसा राख्छ। परमेश्वरले यसलाई चाहनुहुन्छ भने उहाँले यसलाई अहिले छुटकारा दिऊन्, किनकि यसले 'म परमेश्वरको पुत्र हुँ' भनी भन्थ्यो" (मत्ती २७:४१-४३)।

येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "मैले तिमीहरूलाई भनिसकेको छु, तर तिमीहरू विश्वास गर्दैनौ। मेरा पिताको नाउँमा जे काम म गर्दछु, तिनैले मेरो गवाही दिन्छन्। तर तिमीहरू विश्वास गर्दैनौ, किनभने तिमीहरू मेरा भेडामध्येका होइनौ। मेरा भेडाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्। तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन। मेरा पिताले ती मलाई दिनुभएको छ, उहाँ सबैभन्दा महान् हुनुहुन्छ। पिताको हातबाट कसैले तिनीहरूलाई खोसी लानेछैनन्। पिता र म एक हौँ।" यहूदीहरूले उहाँलाई हानौँ भनी फेरि ढुङ्गा उठाए। येशूले तिनीहरूलाई भन्नुभयो, "मैले तिमीहरूलाई मेरा पिताबाट धेरै असल काम देखाएँ, तीमध्ये कुन कामको निम्ति तिमीहरू मलाई ढुङ्गाले हान्न चाहन्छौ ?" यहूदीहरूले उहाँलाई जवाफ दिए, "असल कामको लागि हामी तिमीलाई ढुङ्गाले हान्दैनौँ, तर ईश्वर-निन्दा गरेको कारणले, किनकि तिमी मानिस भएर पनि आफैलाई परमेश्वर तुल्याउँछौ" (यूहन्ना १०:२५-३३)।

परमप्रभुका नाउँको निन्दा गर्नेलाई सारा समुदायले ढुङ्गा हानेर मार्नुपर्छ। स्वदेशी अथवा परदेशी जोसुकै होस्, त्यसले परमप्रभुका नाउँको निन्दा गऱ्यो भने त्यसलाई मार्नैपर्छ (लेवी २४:१६)।



बाइबलको शिक्षाअनुसार मानिसले परमेश्वरको मात्रै सेवा र आराधना गर्नुपर्छ। परमेश्वरलाई दिने आराधना अरू कसैलाई दिनुहुँदैन। निम्नलिखित खण्डहरूले यसलाई पुष्टि गर्छ।

> अनि तिनलाई दण्डवत् गर्न म तिनको पाउमा घोप्टो परेँ। तर तिनले मलाई भने, "तिमीले मलाई यसो गर्नुहुँदैन। म येशूको गवाही कायम राख्ने तिम्रा भाइहरूको र तिम्रो सङ्गी-दास मात्र हुँ। परमेश्वरलाई दण्डवत् गर ! किनकि येशूको गवाही अगमवाणीको आत्मा हो" (प्रकाश १९:१०)।

> येशूले भन्नुभयो, "शैतान तँ दूर होइजा ! किनभने लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू" (मत्ती ४:१०)।

दश आज्ञामा परमेश्वरको मात्रै आराधना गर्नु भनेर लेखिएको छ। सृष्टिले सृष्टिकर्ताको आराधना गर्नुपर्छ तर सृष्टि गरिएको वस्तुको आराधना गर्नु हुँदैन।

> मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू। आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ (प्रस्थान २०:३-४)।

येशू ख्रीष्टले मानिसहरूको आराधना स्वीकार गर्नुभयो। यसबारे केही घटनाहरू यसप्रकारका छन्।

> एक जना कुष्ठरोगी उहाँकहाँ आयो, र उहाँको अगि घुँडा टेकी यसो भन्यो, "हे प्रभु तपाईंको इच्छा भए मलाई निको पार्न सक्नुहुन्छ" (मत्ती ८:२)।

त्यो कुष्ठरोगीले घुँडा टेकेर आराधना गर्दा येशूले 'मेरो आराधना नगर' भन्नुभएन। उहाँ परमेश्वर हुनुभएकोले त्यो आराधनालाई स्वीकार गर्नुभयो।

यूहन्ना ९:३८ मा एउटा अन्धो व्यक्ति निको भएपछि फर्केर आई उहाँलाई दण्डवत् गरेको कुरा उल्लेख गरिएको छ। त्यहाँ पनि येशू ख्रीष्टले 'मेरो आराधना नगर' भन्नुभएन। पत्रुस र उनका साथीहरूले पनि उहाँलाई दण्डवत् गरे (मत्ती १४:३३)। त्यसलाई पनि उहाँले ग्रहण गर्नुभयो।

> स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो। त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ (फिलिप्पी २:८-११)।

यहाँ सबै प्राणीहरूले (मानिस, स्वर्गदूत, जनावर, चरा-चुरुङ्गी, किरा-फटचाग्रा र माछाहरूले) येशू ख्रीष्टको नाउँमा घुँडा टेक्नुपर्छ भनिएको छ। उहाँ परमेश्वर हुनुभएकोले गर्दा सबैले उहाँको आराधना गर्नुपर्छ।

भविष्यमा हामीहरू उठाइ लगिँदा थुमाको विवाह भोजमा समावेश हुनेछौँ र त्यस समयमा हामीले येशू ख्रीष्टलाई आराधना गर्नेछौँ। यस विषयमा यूहन्नाले यस्तो दर्शन देखे :

> यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखेँ (प्रकाश ७:९)।
>
> तिनीहरू उच्च सोरले कराए : "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ" (प्रकाश ७:१०)।
>
> यसैकारण, तिनीहरू परमेश्वरका सिंहासनको सामुन्ने छन् र दिनरात उहाँको मन्दिरमा उहाँको सेवा गर्दछन् (प्रकाश ७:१५)।

यूहन्नाले त्यो दर्शनमा हामीले परमेश्वरको आराधना गरेको दृश्य देखिसकेका छन्। थुमाको विवाहभोजमा भाग लिनेहरू अन्तर्राष्ट्रिय व्यक्तिहरू हुनेछन्



किनभने त्यहाँ हरेक जाति, हरेक कुल र हरेक भाषा बोल्ने मानिसहरू भनेर लेखिएको छ। त्यो दृश्य यूहन्नाले दुई हजार वर्ष पहिले नै देखेका हुन्। त्यस दर्शनमा यूहन्नाले नेपालीहरूलाई पनि देखेको हुनुपर्छ। त्यसबेला मानिसहरूले पिता परमेश्वर र पुत्र परमेश्वर दुबैलाई आराधना गर्नेछन्।

सृष्टिले येशू ख्रीष्टको आराधना किन गर्नुपर्छ ? किनभने सबै थोकको सृष्टिकर्ता उहाँ नै हुनुहुन्छ।

> सबै थोक उहाँद्वारा बनिए, र
> बनिएको कुनै थोक पनि उहाँविना बनिएन" (यूहन्ना १:३)।

त्रिएक परमेश्वरको तीन व्यक्तित्वहरूमा पिता परमेश्वर योजनाकार हुनुहुन्छ, पवित्र आत्मा परमेश्वरले शक्ति दिनुहुन्छ अनि पुत्र परमेश्वरले सबै कामहरू आफ्नै हातद्वारा गर्नुहुन्छ। सृष्टि उहाँले नै गर्नुभएकोले उहाँको आराधना गर्नु पर्छ।

उदारवादी इसाईहरूले येशू ख्रीष्टको ईश्वरत्वलाई स्वीकार गर्दैनन् किनभने तिनीहरू आत्मिक अन्धाहरू हुन्। येशू सर्वशक्तिमान् परमेश्वर हुनुहुन्छ अनि जीवन र मृत्यु उहाँको हातमा छ। उहाँले हामीलाई 'तिमीहरू मेरा मित्र हौ' भन्नुहुन्छ, (यूहन्ना १५:१५)।

उहाँले हामीलाई सेवकाइको निम्ति कुनै ठाउँमा जाऊ भन्नुहुन्छ भने सबै काम छोडेर जानुपर्छ। रोगी बिरामी अनि समस्यामा परेकाहरूलाई हामीले सहायता गर्नुपर्छ। अस्पतालको सघनकक्षमा छटपट गरिरहेका बिरामीहरूले मर्नैलाग्दा यसो भन्छन्, "प्रभु येशू, मलाई सहायता गर्नुहोस्।" एक दिन हामी पनि त्यस्तै अवस्थामा पुग्नसक्छौँ। त्यस्तो अवस्थामा दाजुभाइ, साथी, नातेदार र परिवारको सदस्यहरूले कुनै सहायता गर्न सक्दैनन्। हामीले उनीहरूबाट सहायताको अपेक्षा गर्न सक्दैनौँ तर येशू ख्रीष्टसँग सहायता माग्नसकछौँ, किनभने उहाँ सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ अनि मानिसको जीवन उहाँको हातमा छ। येशू ख्रीष्टले अनुमति नदिनुभएसम्म आकाशबाट एउटा चरा पनि भुइँमा खस्दैन (मत्ती १०:२९)। उहाँ महान् परमेश्वर हुनुहुन्छ। त्यस्तो शक्तिशाली परमेश्वरले हामीलाई 'म तिम्रो मित्र हुँ' भन्नुहुन्छ। हाम्रो लागि योभन्दा खुसी र आशिष्को कुरा अरू के हुनसक्छ ?

# पुरानो करारमा येशू
## JESUS IN THE OLD TESTAMENT

कतिपय मानिसहरूले पुरानो करारमा येशू ख्रीष्ट हुनुहुन्थेन भन्ठान्छन् किनभने त्यहाँ उहाँको नाउँ लेखिएको छैन। पुरानो करारमा परमेश्वरको धेरै नामहरू लेखिएका छन्, जस्तैः परमेश्वर, यहोवा, सर्वशक्तिमान्, आल्फा-ओमेगा, यहोवा यिरे, यहोवा शालोम, यहोवा रफा आदि। परमेश्वरको अरू नाउँहरू पनि पुरानो करारमा छन् तर 'येशू' भन्ने नाउँ पाइँदैन। कतिपय विश्वासीहरूले येशू ख्रीष्ट नयाँ करारको समयमा आउनुभएको हो भनेर भन्ठान्छन् अनि पुरानो करारमा र नयाँ करारमा परमेश्वरको नाउँ फरक भएकाले गर्दा तिनीहरू अलमल्ल पर्दछन्। यस्तो हुनुको कारण पुरानो करार र नयाँ करारको सम्बन्ध थाहा नपाएर हो। त्यस्ता मानिसहरूले पुरानो करार र नयाँ करार एउटै पुस्तक हो भनेर भन्न सक्दैनन्। पुरानो करारमा येशू ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा बुझ्न सकिएन भने त्रिएक परमेश्वरको सिद्धान्त बुझ्न सकिँदैन, जसले गर्दा ख्रीष्टको सिद्धान्त स्पष्ट हुँदैन। येशू ख्रीष्टको बारेमा स्पष्ट गरी बुझाउनु यो पुस्तकको उद्देश्य हो।

'म अल्फा र ओमेगा हुँ' भनी येशूले भन्नुभयो (प्रकाश १:८)।

'येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ' (हिब्रू १३:८)।

पुरानो करारको समयमा उहाँको अस्तित्व थियो तर त्यसबेला उहाँको नाउँ फरक थियो। नयाँ करारमा येशू मानिस भई करिव ३३ वर्षको निम्ति यो संसारमा आउनुभयो। पुरानो करारको समयमा उहाँ छोटो समयको निम्ति संसारमा आउनुहुन्थ्यो र फेरि स्वर्गमा जानुहुन्थ्यो। त्यसबेला उहाँ फरक-फरक स्वरूपमा आउनुभयो। कहिले उहाँ स्वर्गदूतको रूपमा, कहिले मानिसको रूपमा र कहिलेचाहिँ चट्टानको रूपमा आउनुहुन्थ्यो।



> सबैले एउटै आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो (१ कोरिन्थी १०:४)।

इस्राएलीहरूको चालीस वर्षको मरुभूमि यात्रामा येशू ख्रीष्ट चट्टानको रूपमा देखा पर्नुभएर तिनीहरूलाई पानी दिनुभयो। क्रूसमा बलिदान हुनुभन्दा एक दिनअघिको अन्तिम रात्रीभोजको समयमा येशू ख्रीष्टले चेलाहरूलाई विशेष पाठ सिकाउनुभयो। त्यसपछि उहाँले स्वर्गतिर हेरेर पिता परमेश्वरसँग यसरी प्रार्थना गर्नुभयो।

> अब हे पिता, संसारको सृष्टि हुनअघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस् (यूहन्ना १७:५)।

यसको अर्थ सृष्टिभन्दा अघि उहाँहरू दुबैको संयुक्त महिमा थियो। नासरतको ३३ वर्षको मानिसले पिता परमेश्वरसँग बराबरीको महिमा थियो भन्नु अचम्म र अपत्यारिलो कुरा हो तर उहाँ परमेश्वर हुनुभएकोले गर्दा त्यसो भन्नुभयो। येशू ख्रीष्ट सृष्टिभन्दा अघिबाट नै अस्तित्वमा हुनुहुन्थ्यो भन्ने कुरा यूहन्नाले आफ्नो सुसमाचारको पुस्तकमा चर्चा गरेका छन्।

> आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै पनि थोक उहाँविना बनिएन (यूहन्ना १:१-३)।

> अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो (यूहन्ना १:१४)।

येशू ख्रीष्ट करिव ३१ वर्षको हुनुहुँदा यहूदी अगुवाहरूको बीचमा महत्वपूर्ण कुरा भन्नुभयो। त्यो कुरा सुनेर तिनीहरू छक्क परे र उहाँसँग ज्यादै रिसाए।

उहाँले तिनीहरू भन्नुभयो : “तिमीहरूका पुर्खा अब्राहाम मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए, र तिनले देखे अनि रमाए”। यसकारण यहूदीहरूले उहाँलाई भने, “तिमी अझै पचास वर्ष पुगेका छैनौ, त के तिमीले अब्राहामलाई देखेका छौ ?” येशूले तिनीहरूलाई भन्नुभयो, “साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु” (यूहन्ना ८:५६-५८)।

येशू ख्रीष्टले त्यसो भनेको कारण यहूदी अगुवाहरू उहाँसँग ज्यादै रिसाए किनभने तिनीहरूको निम्ति अब्राहाम राष्ट्रिय पिता मानेर धेरै आदर गर्थे। उक्त समय येशू ख्रीष्टले अब्राहामलाई आदर नगरेको उनीहरूले विचार गरे। अब्राहाम येशू ख्रीष्टभन्दा २००० वर्षअगाडि नै मरिसकेकोले तिनीहरूले उहाँको कुरा बुझ्न सकेनन्। त्यो समयमा ५० वर्ष पुगेका मानिसलाई परिपक्व मानिन्थ्यो र आदर गरिन्थ्यो अनि उसको भनाइलाई महत्व दिइन्थ्यो तर येशू त्यतिबेला जवान हुनुहुन्थ्यो। त्यस्तो कुरा सुनेपछि तिनीहरू रिसाएर येशू ख्रीष्टलाई ढुङ्गाले हानेर मार्न खोजे। यस खण्डअनुसार येशू ख्रीष्ट पुरानो करारको समयमा पनि हुनुहुन्थ्यो भनेर बुझ्नसक्छौँ। उहाँलाई उमेरको कुनै बन्धन छैन, किनभने उहाँ अनन्तको परमेश्वर हुनुहुन्छ। अब पुरानो करारको समयमा येशू ख्रीष्टले केही व्यक्तिहरूसँग भेट गर्नुभएको घटनाहरूबारे चर्चा गरौँ।

अब्राहाम ऊर देशबाट निस्केर बेथेलमा आइपुगपछि लोतबाट छुट्टिए। लोत सदोम र गमोरामा भएको ठाउँतिर गयो र अब्राहाम हेब्रोन सहरमा आए। त्यसै समयमा फारसको खाडी (अहिले इराक र ईरान) का देशहरूले मृत सागरको छेउछाउमा आक्रमण गरे। तिनीहरूले सदोम र गमोरालगाएत अरू सहरहरूलाई पनि आक्रमण गरी मृत सागर वरिपरिका मानिसहरूलाई बन्दी बनाएर तिनीरूका सम्पत्तिसमेत कब्जा गरी सिरियाको दमस्कसमा लगे। ती बन्दीहरूमध्ये लोत पनि थिए। त्यो कुरा हेब्रोनमा भएको अब्राहामले सुन्यो र आफ्नो भतीज लोतलाई बचाउन अब्राहामले दमस्कसमा आक्रमण गर्ने निर्णय गरे। आफ्नो साथमा ३१८ जना सेनाहरू लिएर तिनी दमस्कसतिर गए। अब्राहामले फारस देशलाई हराएर लोतलाई त्यहाँबाट छुटकारा गरेर ल्याए। ती बन्दीहरूको साथै तिनीहरूको सबै सम्पत्तिहरू पनि अब्राहामले फिर्ता



ल्याए। बाटोमा फर्कँदै गर्दा शालेम भन्ने ठाउँ (यरूशलेम) मा केही समय रोकिए। त्यो ठाउँमा शालेमको राजा मल्कीसेदेकले उनीसँग भेट गरी उनलाई स्वागत गरे। मल्कीसेदेकले आफूसँग ल्याएको रोटी र दाखमद्य अब्राहामलाई दिएर अब्राहामको शिरमाथि हात राखेर आशिष् दिए। अब्राहामले आफ्नो सबै सम्पत्तिको दशांस मल्कीसेदेकलाई दिए। दशांस चढाएको बाइबलमा यो पहिलो घटना हो।

अनि शालेमका राजा मल्कीसेदेक रोटी र दाखमद्य लिएर अब्रामकहाँ आए। उनी सर्वोच्च परमेश्वरका पूजाहारी थिए। उनले अब्रामलाई यसो भनेर आशीर्वाद दिए, ‘स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सर्वोच्च परमेश्वरबाट अब्रामलाई अशिष् मिलोस्। सर्वोच्च परमेश्वर धन्यका होऊन्, जसले तिम्रा शत्रुहरूलाई तिम्रा हातमा सुम्पिदिनुभयो’। अनि अब्रामले उनलाई सबै कुराको दशांश दिए (उत्पत्ति १४:१८-२०)।

मल्कीसेदेक (Melchizedek) = मल्की (Melchi) + सेदेक (Zedek)

हिब्रू भाषामा ‘मल्की’ भनेको राजा हो अनि ‘सेदेक’ भनेका धार्मिकता हो। त्यसैले मल्कीसेदेकको अर्थ धार्मिकताको राजा हुन्छ। धार्मिकताको राजा स्वयम् येशू ख्रीष्ट हुनुहुन्छ। त्यस घटनामा उल्लेख भएको रोटी र दाखमद्यले पनि उहाँकै प्रतिनिधित्व गर्दछ। हिब्रूको पुस्तकको लेखकले मल्कीसेदेक भन्ने व्यक्ति येशू ख्रीष्ट नै हुनुहुन्छ भनेका छन् (हिब्रू ७:१-१०)। त्यसबेला येशू ख्रीष्ट शालेमको राजा भएर अब्राहामसँग भेट गर्न पृथ्वीमा आउनुभयो।

पुरानो करारको समयमा येशू ख्रीष्ट अब्राहामको दोस्रो पत्नी हागारकहाँ पनि देखा पर्नुभयो (उत्पत्ति १६:७-१४)। त्यसबेला उहाँ स्वर्गदूतको रूपमा आउनुभएको थियो। त्यस घटनामा उहाँको नाउँ ‘परमप्रभुको दूत’ थियो। हामीले बुझ्नुपर्ने कुरा के हो भने स्वर्गदूतले त्यस प्रकारको अधिकारसँग बोल्न सक्दैन। त्यहाँ येशू ख्रीष्टले हागारबाट धेरै सन्तानहरू निस्किआउनेछन् भनी प्रतिज्ञा गर्नुभयो। बाइबलमा ‘परमप्रभुको दूत’ भन्ने शब्द आउँदा त्यसको सन्दर्भअनुसार येशू ख्रीष्टलाई हो अथवा स्वर्गदूतलाई सङ्केत गरिएको हो भनी छुट्ट्याउन सकिछ। अर्को कुरा के हो भने पुरानो करारमा जब हामीले

'परमेश्वर मसँग बोल्नुभयो' भन्ने वाक्यांश भेट्टाउँछौँ, त्यहाँ येशू ख्रीष्ट हुनुहुन्छ भनेर बुझ्नुपर्छ ।

उत्पत्ति १८ अध्यायमा एउटा महत्वपूर्ण घटना उल्लेख गरिएको छ । अब्राहाम हेब्रोनमा हुँदा तीनजना मानिसहरू उनलाई भेट्न आए । उनीहरू सदोम र गमोरालाई नास गर्ने उद्देश्य लिएर आएका थिए किनभने ती सहरहरू ज्यादै भ्रष्ट भएका थिए । आफ्नो भतिज लोत त्यहीँ भएकोले अब्राहामलाई त्यो सहर नास गर्ने कुरा मन परेन । उनले ती तीन जनालाई राम्रोसँग स्वागत सत्कार गरे । खाना खाँदैगर्दा तीन जनामध्ये एकजनाले भन्नुभयो, "तिम्री पत्नी साराले छोरा जन्माउनेछिन् ।" त्यसो भन्नुहुने येशू ख्रीष्ट हुनुहुन्थ्यो । त्यो कुरा साराले बाहिरबाट सुनिन् र हाँसिन् । येशू ख्रीष्ट असम्भव काम पनि गर्नसक्ने परमेश्वर हुनुहुन्छ भनेर तिनले बुझ्न सकिनन् । उहाँले दुईजना दूतहरूलाई सदोम र गमोरा नास गर्न पठाउनुभयो र आफूचाहिँ अब्राहामसँग बातचित गर्न लाग्नुभयो । अब्राहामले उहाँलाई त्यो सहर नास नगर्नुहोस् भनेर अनुरोध गरे । उनले यसो भने, "यदि त्यस सहरमा ५० जना धार्मिक मानिसहरू भए, के तपाईंले त्यो सहरलाई बचाउनुहुन्छ ?" उहाँले भन्नुभयो, "त्यहाँ १० जना पनि धार्मिक मानिस छैनन् ।"

येशू ख्रीष्ट मोशासामु पनि देखा पर्नुभयो । मोशाले सुरुको ४० वर्ष दरबारमा बिताए । येशू ख्रीष्टले उसलाई राजदरवार छोड भन्नुभयो । मोशाले परमेश्वरको त्यो प्रतिज्ञामा विश्वास गरे ।

> मिश्रदेशको धन-दौलतभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान ठाने किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए (हिब्रू ११:२६) ।

चट्टानको रूपमा पनि उहाँ मोशाकहाँ देखा पर्नुभयो (१ कोरिन्थी १०:४) । ४० वर्षको मरुभूमिको यात्रामा इस्राएलीहरूलाई पानी उपलब्ध गराउन येशू ख्रीष्ट चट्टानको रूपमा देखा पर्नुभयो ।

यीबाहेक अरू घटनाहरू पनि बाइबलमा छन् जसले येशू ख्रीष्ट पुरानो करारको समयमा हुनुहुन्थ्यो भन्ने कुरालाई पुष्टि गर्छ । अगमवक्ताहरूको समय (एलियादेखि मलाकीसम्म) मा करिब ४३० वर्षको अवधिमा येशू



ख्रीष्टले आफूलाई फरक-फरक स्वरूपमा तिनीहरूसामु प्रकट हुनुभयो । इस्राएलीरूले परमेश्वरको आज्ञा विपरित मूर्तिपूजा गरेका हुनाले अगमवक्तहरूद्वारा उहाँले तिनीरूलाई चेताउनी दिनुभयो । उत्तरी र दक्षिणी इस्राएलमा २०-२० गरी जम्मा ४० जना राजाहरूले शासन गरे । दक्षिणी राज्य यहूदामा ८ जना राजाहरूले मूर्तिपूजा गरेनन् भने उत्तरी राज्य इस्राएलमा १ जना राजाले मात्र मूर्तिपूजा गरेनन् । बाँकी सबै राजाहरूले परमेश्वरको आज्ञा नमानेर मूर्तिपूजा गरे । येशू ख्रीष्टले इस्राएलीहरूलाई मूर्तिपूजाको विरुद्धमा चेताउनी दिन अगमवक्ताहरूलाई पठाउनुभयो । तर बाइबल सरसरती पढ्दा येशू ख्रीष्ट त्यहाँ देखिनुहुन्न किनभने अरू नाउँहरूद्वारा उहाँ प्रकट हुनुभयो, जस्तैः परमप्रभु, सर्वशक्तिमान् परमेश्वर, यहोवा, परमप्रभुको दूत, सेनाहरूको परमप्रभु आदि ।

येशू ख्रीष्टको अस्तित्व पहिलेदेखि नै थियो भन्ने तथ्यलाई नयाँ करारका निम्नलिखित खण्डहरूले पुष्टि गर्दछन् ।

> ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने ! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरेँ, तर तैंले मानिनस् (मत्ती २३:३७) ।
>
> तब मोशा र सबै अगमवक्तहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो (लूका २४:२७) ।
>
> तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनु पर्छ (लूका २४:४४) ।
>
> … किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो (यूहन्ना १:१५) ।
>
> तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ । मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन् तापनि तिमीहरू मकहाँ आउन इन्कार गर्छौ (यूहन्ना ५:३९) ।

> ... तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ किनकि उनले मेरो विषयमा लेखेका थिए (यूहन्ना ५:४६)।

यी खण्डहरूलाई अध्ययन गर्दा येशू ख्रीष्ट नयाँ करारमा मात्र सीमित हुनुहुन्न भन्ने कुरा पक्का हुन्छ। उहाँको अस्तित्व अनन्त छ अनि सबै कुरा उहाँको नियन्त्रणमा छ। स्वर्ग र पृथ्वीमा समस्त अधिकार उहाँसँग छ (मत्ती २८:१८)।

# पुरानो करारमा येशूका नाउँहरू

## JESUS' NAMES IN THE OLD TESTAMENT

पुरानो करारमा येशू ख्रीष्टको धेरै नाउँहरू छन् जसमा उहाँको परिचय, ओहोदा, काम, चरित्र र गुणहरू लुकेका छन्। त्यति मात्र होइन त्यसभित्र उहाँको जीवनशैली, व्यक्तित्व र दृष्टिकोण पनि लुकेको हुन्छ। खासगरी भन्ने हो भने हामीले उहाँको नाउँ लिन सुहाउँदैन तर परमेश्वरले हामीलाई अनुग्रह गरी विभिन्न नाउँद्वारा उहाँ प्रकट हुनुभयो जसको कारणले गर्दा हामी उहाँसँग कुराकानी गर्नसक्छौं।

उत्पत्ति १:१ मा उहाँको पहिलो नाउँ उल्लेख गरिएको छ। नेपाली बाइबलमा परमेश्वर लेखिए तापनि हिब्रू बाइबलमा त्यहाँ उहाँलाई 'एलोहिम' (Elohim) भन्ने नाउँद्वारा सम्बोधन गरिएको छ। एलोहिमको अर्थ सृष्टिकर्ता हो। उत्पत्ति २:४ मा उहाँको दोस्रो नाउँ 'यहोवा परमेश्वर' (Jehovah Elohim) भनी उल्लेख गरिएको छ। यहोवा परमेश्वरको अर्थ करार बाँध्नुहुने परमेश्वर भन्ने हुन्छ। यो कानुनी शब्द हो। करार बाँध्नु भनेको प्रतिज्ञा गर्नुभन्दा फरक छ। उत्पत्ति ३:१५ मा त्रिएक परमेश्वरले पुत्र परमेश्वरलाई पतन भएको मानिसजातिको उद्धारको निम्ति यस संसारमा पठाउने करार बाध्नुभयो। बाइबलमा यहोवा र परमप्रभु भन्ने नाउँ आउँदा त्यसलाई करार बाँध्ने पुत्र परमेश्वर अर्थात् येशू ख्रीष्टलाई सम्बोधन गरिएको हो भनेर बुझ्नुपर्छ।

मत्ती १:२१ मा उल्लेख भएको येशूको अर्थ त्यो व्यक्ति हो जसले आफ्नो मानिसहरूलाई बचाउनुहुनेछ। परमेश्वरको नाउँ धेरै पवित्र र उच्च भएको कारणले गर्दा यहूदीहरूले त्यो नाउँ उच्चारण गर्दैनन्। उनीहरूको बाइबलमा यहोवाको ठाउँमा यह्वे (YAWEH) भन्ने शब्द राखिएको छ। यहूदीहरूले यह्वे भनेर भन्दैनन्, किनभने यो अति पवित्र नाउँ हो। त्यो नाउँ कसैले



उच्चारण नगरोस् भनेर त्यहाँबाट A र E अक्षरहरू निकालेर केवल Y, W र H अर्थात् YWH राखेका छन्। त्यसकारण त्यो शब्द तिनीहरूले उच्चारण गर्न सक्दैनन्। धर्मशास्त्र पढ्ने क्रममा जहाँ-जहाँ YWH आउँछ तिनीहरू चुप लागेर घोप्टो परेर परमेश्वरलाई दण्डवत् गर्छन्। आजको दिनसम्म पनि तिनीहरूले यसरी नै धर्मशास्त्र पढ्छन्।

बाइबल विद्वान्हरूले यहोवा नाउँलाई परिवर्तन गरी अदोनाइ (Adonai) भन्ने हिब्रू नाउँ राखे। नयाँ करारमा एदोनाइलाई (प्रभुलाई) ग्रीक भाषामा कुरियस (Kurious) भनेर लेखिएको छ। त्यसैले नयाँ करारको जुन-जुन ठाउँमा प्रभु भन्ने नाउँ आउँछ, वास्तवमा त्यो शब्द पुरानो करारको 'यहोवा एदोनाइ' अर्थात् 'परमप्रभु' हो भन्ने बुझ्नुपर्छ। अर्को शब्दमा भन्ने हो भने नयाँ करारको 'प्रभु' भन्ने शब्द पुरानो करारको 'यहोवा' हो। योहवा नै येशू ख्रीष्ट हुनुहुन्छ भनी हामीले बुझ्नुपर्छ।

यहोवा नाउँको बारेमा विचार गर्दा, यसमा येशू ख्रीष्टको रगतको गन्ध भेट्टाउँछौं। उहाँले रगत बगाएर करार बाँध्नुभयो र मानव जातिको उद्धार गर्नुभयो। करार बाँध्ने सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ। त्यही सृष्टिकर्ता परमेश्वर हाम्रो निम्ति पृथ्वीमा आउनुभएर मर्नुभयो। परमेश्वरको नाउँको साँचो अर्थ बुझ्यौं भने उहाँको भयले हामी थरथर काम्छौं। वास्तवमा हामी माटो मात्र हौं। सृष्टिकर्ता परमेश्वरले हामीलाई माटोबाट बनाउनुभयो र प्रेम गरेर हाम्रो निम्ति मर्नुभयो। के यो कुरा सम्भव छ त ?

सृष्टिकर्ता परमेश्वरले हाम्रो निम्ति धेरै ठूलो मूल्य चुकाउनुभयो। हामीलाई त्यो मूल्य ठूलो नलाग्न सक्छ अनि उद्धारलाई हलुका प्रकारले विचार गर्ने गर्छौं। परमेश्वरको उद्धारलाई हामी एउटा रोटीको टुक्राजस्तो सम्झन्छौं। यदि कसैले हामीलाई रोटीको टुक्रा दियो भने, 'धन्यावाद' भनेर त्यो खान्छौं। यस्तो विचारले हामी परमेश्वरले दिनुभएको उद्धारको मूल्य बुझ्न सक्दैनौं।

वास्तवमा विश्वासीहरू धेरै मूल्यवान् र महत्वपूर्ण छन् किनभने हाम्रो सृष्टिकर्ताले हाम्रो निम्ति ठूलो मूल्य चुकाउनुभएको छ। सृष्टिकर्ताले सृष्टिको निम्ति आफ्नो प्राण दिएको संसारमा अरू कुनै धर्म छैन। कुनै देवी-देवताले मानिसलाई प्रेम गरेर प्राण अर्पण गरेको छैन।

पुरानो करारको समयमा येशू ख्रीष्ट विभिन्न व्यक्तिहरूकहाँ फरक-फरक नाउँमा प्रकट हुनुभयो ।

अब्राहामको सामु उहाँ निम्नलिखित नाउँहरूमा प्रकट हुनुभयो ।

**मल्कीसेदेक**

अनि शालेमका राजा मल्कीसेदेक रोटी र दाखमद्य लिएर अब्राहामकहाँ आए । उनी सर्वोच्च परमेश्वरका पूजाहारी थिए (उत्पत्ति १४:१८) ।

**परमप्रभुको दूत**

परमप्रभुका दूतले त्यसलाई उजाड-स्थानमा शूरतिर जाने बाटोकै पानीको मूलनेर भेट्टाए (उत्पत्ति १६:७) ।

**यहोवा यिरे**

यसकारण अब्राहामले त्यस ठाउँको नाउँ 'परमप्रभुले जुटाउनुहुन्छ' (अर्थात् यहोवा यिरे) राखे । परमप्रभुको डाँडामा जुटाइनेछ भनी आजपर्यन्त भनिन्छ (उत्पत्ति २२:१४) ।

मोशाको सामु उहाँ निम्नलिखित नाउँहरूमा प्रकट हुनुभयो ।

**परमप्रभुका दूत**

त्यहाँ एउटा जलिरहको पोथ्राको ज्वालामा परमप्रभुका दूत तिनीकहाँ प्रकट भए, र तिनले पोथ्रालाई हेरे । त्यो पोथ्रा जलिरहेको थियो- तापनि भस्म हुँदैनथ्यो (प्रस्थान ३:२) ।

**यहोवा (परमप्रभु)**

जब हेर्नलाई तिनी त्यतातिर लागेका परमप्रभु (यहोवा) ले देख्नुभयो ... (प्रस्थान ३:४) ।

**परमेश्वर**

तब परमेश्वरले पोथ्राको बीचबाट "मोशा, ए मोशा" भनेर तिनलाई बोलाउनुभयो । अनि तिनले भने, "म यहीँ छु" (प्रस्थान ३:४) ।



**म हुँ जो म हुँ**

तब परमेश्वरले मोशालाई भन्नुभयो, "म हुँ जो म हुँ" । फेरि उहाँले भन्नुभयो, "इस्राएलीहरूलाई तैंले यसो भन्नू, 'म हुँ' भन्नेले तिमीहरूकहाँ मलाई पठाउनुभएको हो (प्रस्थान ३:१४) ।

**पिता-पुर्खाको परमेश्वर**

उहाँले अझै भन्नुभयो, "म तेरा पिता-पूर्खाका परमेश्वर हुँ । अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ ।" तब मोशाले आफ्नो मुख ढाके, किनकि तिनी परमेश्वरलाई हेर्न डराए (प्रस्थान ३:६) ।

पुरानो करारमा येशू ख्रीष्टको अरू नाउँहरू पनि छन्, जसमध्ये केहीको बारेमा यहाँ चर्चा गरिएको छ ।

**यहोवा शालोम**

गिदोनले परमप्रभुको निम्ति त्यहाँ एउटा वेदी बनाए, र त्यसको नाउँ 'परमप्रभु शान्ति हुनुहुन्छ' (यहोवा शालोम) राखे ... (न्यायकर्ता ६:२४) ।

**परमप्रधान, सर्वशक्तिमान्**

जो परमप्रधानको शरणमा वास गर्दछ । त्यो मानिस सर्वशक्तिमान्को छत्रछायामुनि रहन्छ (भजनसङ्ग्रह ९१:१) ।

**शरणस्थान र किल्ला**

परमप्रभुको बारेमा म भन्नेछु, "उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरो परमेश्वर, जसमाथि म भरोसा राख्तछु" ( भजनसङ्ग्रह ९१:२) ।

**ढाल र पर्खाल**

उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ, र उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ । उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ (भजनसङ्ग्रह ९१:४) ।

**उद्धारको चट्टान**

आओ, परमप्रभुको निम्ति हामी आनन्दले गाऔँ, हम्रो उद्धारको चट्टानकहाँ चर्को सोरले कराऔँ ( भजनसङ्ग्रह ९५:१) ।

**कुनाको शिर-ढुङ्गो**

जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो ( भजनसङ्ग्रह ११८:२२) ।

**शारोनको गुलाफ, बँसीमा उम्रने लिली फूल**

म त शारोनको गुलाफ र बँसीमा उम्रने लिली फूल हुँ (श्रेष्ठगीत २:१) ।

**सनातनको चट्टान**

सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हनुहुन्छ (यशैया २६:४) ।

**धार्मिकतामा राज्य गर्ने राजा**

हेर, एउटा राजाले धार्मिकतामा राज्य गर्नुहुनेछ, र शासकहरूले न्यायसित शासन गर्नेछन् (यशैया ३२:१) ।

**पहिलो र पछिल्लो, काम पूरा गर्ने**

प्रारम्भदेखि पुस्ताहरूलाई बोलाएर यो काम पूरा गर्ने को हो ? के म नै होइन र ? म, परमप्रभु, तिनीहरूका पहिलो र पछिल्लोसित रहने म उही नै हुँ (यशैया ४१:४) ।

**इस्राएलका महाराजा**

इस्राएलका महाराजा र उद्धारक र सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, “पहिलो र पछिल्लो म नै हुँ । मबाहेक अरू परमेश्वर छैन” (यशैया ४४:६) ।

**इम्मानुएल**

यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ । हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ (यशैया ७:१४) ।

पिता परमेश्वर यस संसारमा आउनुभएन किनभने हामी उहाँलाई देख्न सक्दैनौँ । तर येशू ख्रीष्ट हरेक दिन हाम्रो साथमा हुनुहुन्छ । उहाँ हाम्रो मित्र हुनुहुन्छ त्यसैले हामी उहाँलाई ‘परमप्रभु’ भनेर सम्बोधन गर्छौं तर पवित्र आत्मा र पिता परमेश्वरलाई हामी ‘परमप्रभु’ भन्दैनौँ र बाइबलमा पिता परमेश्वर र पवित्र आत्मा परमेश्वरलाई ‘परमप्रभु’ भनी उल्लेख गरिएको



छैन । त्रिएक परमेश्वरमध्ये हामीसँग सम्बन्ध राख्ने येशू ख्रीष्ट हुनुहुन्छ । त्यसैले हामी उहाँलाई परमप्रभु भनेर भन्दछौँ । उहाँले भन्नुभएको छ, “म तिमीहरूको मित्र हुँ” (यूहन्ना १५:१५) ।

पवित्र आत्मा परमेश्वर कहाँ हुनुहुन्छ ?

उहाँ सधैँ येशू ख्रीष्टको साथमा हुनुहुन्छ अनि स्वर्गीय सेनाहरूको दलले पनि उहाँलाई सधैँ पछ्याइरहेका हुन्छन् । त्यसैले उहाँएक्लो हुनुहुन्न । पवित्र आत्मा परमेश्वरको छुट्टै व्यक्तित्व छ । जब हामी येशू ख्रीष्टसँग कुरा गर्दछौँ, तब पवित्र आत्मा परमेश्वरले पनि हामीसँग कुरा गर्नुहुन्छ । जब हामीले येशू ख्रीष्टसँग प्रार्थना गर्छौं तब उहाँले जवाफ दिनुहुन्छ र साथै पवित्र आत्माले पनि हामीलाई जवाफ दिनुहुन्छ । पावलले येशू ख्रीष्टसँग कुरा गरिरहँदा पवित्र आत्माले उनलाई माकेडोनिया जानू भन्नुभयो (प्रेरित १६:७) ।

येशू ख्रीष्टले भन्नुभयो, “म तिमीहरूको साथमा सधैँ हुनेछु” (हिब्रू १३:५) । त्यसैले हामीले बुझ्नुपर्ने कुराचाहिँ के हो भने हामी जहाँ, जुन परिस्थितिमा भए तापनि उहाँ हाम्रो साथमा नै हुनुहुनेछ । प्रार्थना गर्दा याद गर्नु पर्ने अर्को कुरा के हो भने उहाँले भन्नुभएको छ, “म तिम्रो मित्र हुँ” (यूहन्ना १५:१५) । हर समय उहाँ हाम्रो साथमा हुनुहुन्छ र उहाँको अस्तित्व नयाँ करारमा मात्र होइन पुरानो करारमा पनि छ । विभिन्न नाउँहरूद्वारा उहाँले आफूलाई प्रस्तुत गर्नुभयो ।

# नयाँ करारमा येशूका नाउँहरू

## JESUS' NAMES IN THE NEW TESTAMENT

नयाँ करार बाइबलमा प्रभु येशूको धेरै नाउँहरू उल्लेख गरिएका छन् । ती नाउँहरूमा उहाँको काम, शक्ति, व्यक्तित्व, चरित्र र गुण लुकिएका छन् । ती नाउँहरू यसप्रकारका छन् ।

**येशू ख्रीष्ट**

अब्राहामको पुत्र, दाऊदका पुत्र, येशू ख्रीष्टको वंशावली (मत्ती १:१) ।

**इम्मानुएल**

हेर एउटा कन्याले गर्भधारण गर्नेछे, र त्यसले एउटा पुत्र जन्माउनेछे, र उहाँको नाउँ इम्मानुएल राखिनेछ (मत्ती १:२३) ।

**प्रिय पुत्र**

तब स्वर्गबाट यो वाणी आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु" (मत्ती ३:१७) ।

**ठूलो ज्योति**

अन्धकारमा बस्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन् । मृत्युका छायाको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ (मत्ती ४:१६) ।

**परमेश्वरका पुत्र**

तिनीहरूले यसो भन्दै चिच्च्याए, "हे परमेश्वरका पुत्र, तपाईंको हामीहरूसँग के सरोकार ?" (मत्ती ८:२९) ।



**मानिसको पुत्र**

किनकि मानिसको पुत्र शबाथको प्रभु हो (मत्ती १२:८) ।

**शबाथको प्रभु**

किनकि मानिसको पुत्र शबाथको प्रभु हो (मत्ती १२:८) ।

**सान्त्वनाको आशा**

यरूशलेममा शिमियोन नाउँ भएका एउटा मानिस थिए । उनी इस्राएलका सान्त्वनाको आशा गर्ने धर्मी र भक्तजन थिए, र पवित्र आत्मा उनीमाथि हुनुहुन्थ्यो (लूका २:२५) ।

**अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति**

अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति र तपाईंको जाति इस्राएललाई महिमाको निम्ति ज्योति (लूका २:३२) ।

**इस्राएलको महिमाको निम्ति ज्योति**

अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति र तपाईंको जाति इस्राएललाई महिमाको निम्ति ज्योति (लूका २:३२) ।

**मानिसको पुत्र**

तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भन्ने तिमीहरू जान (लूका ५:२४) ।

**पाप क्षमा गर्ने**

तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भन्ने तिमीहरू जान (लूका ५:२४) ।

**यहूदीहरूका राजा**

पिलातसले उहाँलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ ?" येशूले जवाफ दिनुभयो, "तपाईं नै त्यसो भन्नुहुन्छ" (लूका २३:३) ।

**वचन**

आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो (यूहन्ना १:१) ।

**सृष्टिकर्ता**

सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन (यूहन्ना १:३)।

**साँचो ज्योति**

हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो (यूहन्ना १:९)।

**एक मात्र पुत्र**

परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ (यूहन्ना १:१८)। किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् (यूहन्ना ३:१६)।

**परमेश्वरका थुमा**

भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, “हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा” (यूहन्ना १:२९)।

**मसीह**

तिनले पहिले आफ्ना भाइ सिमोनलाई भट्टाए, र उनलाई भने, “हामीले मसीहलाई (जसको अर्थ हो, ख्रीष्ट) भेट्टाएका छौं” (यूहन्ना १:४१)।

**इस्राएलको राजा**

नथानेलले उहाँलाई भने, “रब्बी, तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ, तपाईं इस्राएलका राजा हनुहुन्छ” (यूहन्ना १:४९)।

**यरूशलेमको मन्दिर**

तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो (यरूशलेमको मन्दिर), त्यो उहाँको शरीर थियो (यूहन्ना २:२१)।



**स्वर्गबाट ओर्लिआउने सबैभन्दा उच्च**

माथिबाट आउनुहुनेचाहिँ सबैभन्दा उच्च हुनुहुन्छ। पृथ्वीबाट हुने पृथ्वीकै हो, र पृथ्वीकै कुरा बोल्छ। स्वर्गबाट आउनुहुने सबैभन्दा उच्च हुनुहुन्छ (यूहन्ना ३:३१)।

**परमेश्वरद्वारा पठाइएको**

किनभने जसलाई परमेश्वरले पठाउनुभयो, त्यसले परमेश्वरका वाणी बोल्दछ, किनकि परमेश्वरले विनानाप पवित्र आत्मा दिनुहुन्छ (यूहन्ना ३:३४)।

**सबैथोक नियन्त्रण गर्ने**

पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबै थोक उहाँकै हातमा दिनुभएको छ (यूहन्ना ३:३५)।

**ख्रीष्ट**

त्यस स्त्रीले उहाँलाई भनी, “म जान्दछु, कि मसीह आउनुहुन्छ (जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ” (यूहन्ना ४:२५)।

**संसारका मुक्तिदाता**

त्यस स्त्रीलाई तिनीहरूले भने, “अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौं, तर हामी आफैले सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं” (यूहन्ना ४:४२)।

**न्यायकर्ता**

अनि उसलाई न्यायको फैसला दिने अधिकार दिनुभएको छ, किनभने ऊ मानिसको पुत्र हो (यूहन्ना ५:२७)।

**परमेश्वरद्वारा छाप लगाइएको**

नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रहने भोजनको निम्ति परिश्रम गर, जो मानिसको पुत्रले तिमीहरूलाई दिनेछ। किनभने परमेश्वर पिताले उसमाथि आफ्नो छाप लगाउनुभएको छ (यूहन्ना ६:२७)।

**साँचो रोटी**

येशूले तिनीहरूलाई भन्नुभयो, “साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूलाई स्वर्गबाट रोटी दिने मोशा होइनन्, तर स्वर्गबाट तिमीहरूलाई साँचो रोटी दिनुहुने मेरा पिता हुनुहुन्छ” (यूहन्ना ६:३२) ।

**परमेश्वरको रोटी**

किनभने परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ (यूहन्ना ६:३३) ।

**जीवनको रोटी**

येशूले तिनीहरूलाई भन्नुभयो, “जीवनको रोटी म हुँ । मकहाँ आउने भोकाउने छैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउने छैन (यूहन्ना ६:३५) ।

**स्वर्गबाट ओर्लिआउने रोटी**

स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन (यूहन्ना ६:५०) ।

**स्वर्गबाट ओर्लिआउने जिउँदो रोटी**

स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ । कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ । र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो (यूहन्ना ६:५१) ।

**देह / रगत**

येशूले तिनीहरूलाई भन्नुभयो, “साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन” (यूहन्ना ६:५३) ।

**साँचो खानेकुरा / साँचो पिउनेकुरा**

किनभने मेरो देह साँच्चै खानेकुरा हो, र मेरो रगत साँच्चै पिउने कुरो हो (यूहन्ना ६:५५) ।



**भेडाहरूको ढोका**

यसकारण येशूले फेरि तिनीहरूलाई भन्नुभयो, “साँच्चै, म तिमीहरूलाई भन्दछु, भेडाहरूको ढोका मै हुँ (यूहन्ना १०:७) ।

**असल गोठालो**

म असल गोठालो हुँ । असल गोठालाले आफ्ना भेडाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ (यूहन्ना १०:११) ।

**साँचो दाखको बोट**

साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ (यूहन्ना १५:१) ।

**मित्र**

म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गऱ्यौ भने, तिमीहरू मेरा मित्र हौ (यूहन्ना १५:१४) ।

**करारको सन्तान**

तपाईंहरू तिनै अगमवक्ताहरूका र त्यही करारका सन्तान हुनुहुन्छ, जुन करार परमेश्वरले तपाईंहरूका पुर्खा अब्राहामसँग यसो भनेर बाँध्नुभयो, ‘तिम्रा सन्तानमा पृथ्वीका सबै परिवारले आशिष् पाउनेछन्’ (प्रेरित ३:२५) ।

**प्रायश्चितको बलिदान**

परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्छ (रोमी ३:२५) ।

**परमेश्वरको शक्ति र बुद्धि**

तर ती बोलावट भएकाहरूका निम्ति, चाहे यहूदीहरू होऊन् वा ग्रीकहरू होऊन्, ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ (१ कोरिन्थी १:२४) ।

**जग**

किनकि जुन जग बसालिसकिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन (१ कोरिन्थी ३:११) ।

**निस्तारको थुमा**

नयाँ ढिका बन्नलाई पुरानो खमीरलाई निकाल, किनकि तिमीहरू वास्तवमा अखमिरी नै हौ। हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ (१ कोरिन्थी ५:७)।

**चट्टान**

सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो (१ कोरिन्थी १०:४)।

**परमेश्वरको स्वरूप**

परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन (फिलिप्पी २:६)।

**अदृश्य परमेश्वरको प्रतिरूप**

उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् (कलस्सी १:१५-१६)।

**सारा सृष्टिका ज्येष्ठ**

उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ (कलस्सी १:१५)।

**सृष्टिकर्ता**

किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारा र उहाँकै निम्ति सृजिएका हुन् (कलस्सी १:१६)।



**शरीर / मण्डलीको शिर**

उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन् (कलस्सी १:१८)।

**मरेकाहरूबाट जीवित हुनेहरूमा ज्येष्ठ**

उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन् (कलस्सी १:१८)।

**सबै कुरा**

यहाँ ग्रीक र यहूदी, खतनाका र बेखतनाका, अशिक्षित, असभ्य, कमारा र फुक्काको भेद रहनेछैन, तर ख्रीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ (कलस्सी ३:११)।

**मध्यस्थकर्ता**

किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हनुहुन्छ- मानिस, ख्रीष्ट येशू (१ तिमोथी २:५)।

**सबै कुराका उत्तराधिकारी**

तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबैकुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो (हिब्रू १:२)।

**प्रथम जन्मेका**

आफ्नो प्रथम जन्मेकालाई संसारमा ल्याउनुहुँदा उहाँ फेरि भन्नुहुन्छ, “परमेश्वरका सारा स्वर्गदूतहरूले उहाँलाई नै पुजून्” (हिब्रू १:६)।

**प्रधान पूजाहारी**

यसकारण स्वर्गीय बोलावटमा सहभागी भएका पवित्र भाइ हो, हामीले दृढ स्वीकार गरेका प्रेरित तथा प्रधान पूजाहारी येशूलाई विचार गर (हिब्रू ३:१)।

**महान् प्रधान पूजाहारी**
आकाश छिचोलेर जानुभएका परमेश्‍वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकर गरेको यो विश्‍वास थामिराखौँ (हिब्रू ४:१४)।

**मल्कीसेदेक**
यिनै मल्कीसेदेक शालेमका राजा र सर्वोच्च परमेश्‍वरका पूजाहारी थिए। राजाहरूलाई परास्त गरेर फर्कदा यिनले अब्राहामलाई भेटे, र तिनलाई आशीर्वाद दिए (हिब्रू ७:१)।

**मल्कीसेदेकको दर्जाबमोजिम सधैँभरिको पूजाहारी**
किनकि उहाँको गवाही यो छ, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैँभरिको निम्ति पूजाहारी हौ" (हिब्रू ७:१७)।

**उत्तम करारको जमानत**
यसैले येशूलाई उत्तम करारको जमानत बनाउँदछ (हिब्रू ७:२२)।

**उत्तम बलि**
यदि स्वर्गीय कुराहरूका नमूनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने स्वर्गकै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम बलिको आवश्यकता पऱ्यो (हिब्रू ९:२३)।

**विश्‍वास सुरु गर्नुहुने र पूरा गर्नुहुने**
हाम्रा विश्‍वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौँ, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केही जस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्‍वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ (हिब्रू १२:२)।

**नयाँ करारको मध्यस्थ**
नयाँ करारका मध्यस्थ येशूको सम्मुख तथा छर्किएको त्यस रगतको सामु आएका छौँ, जसले हाबिलको रगतभन्दा अझ उत्तम वचन बोल्दछ (हिब्रू १२:२४)।

**सदासर्वदा एकसमान**
येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एक समान हुनुहुन्छ (हिब्रू १३:८)।



**निष्खोट र निष्कलङ्क थुमा**
तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्टचाइएका छौ (१ पत्रुस १:१९)।

**बहुमूल्य कुने-ढुङ्गो**
किनभने धर्मशास्त्रमा भनिएको छ, "हेर, सियोनमा एउटा छानिएको र बहुमूल्य कुने-ढुङ्गो म बसाल्छु, र जसले उहाँमाथि विश्‍वास गर्छ त्यो शर्ममा पर्नेछैन (१ पत्रुस २:६)।

**ठेस लगाउने ढुङ्गो**
एउटा ढुङ्गो, जसले मानिसहरूलाई ठेस खान लगाउँछ, एउटा चट्टान, जसले तिनीहरूलाई लोट्न लगाउँछ। किनकि तिनीहरू वचन उल्लङ्घन गर्छन् र लोट्छन्। तिनीहरूका निम्ति यस्तै हुन तोकिएको थियो (१ पत्रुस २:८)।

**मूल गोठालो**
जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ (१ पत्रुस ५:४)।

**अल्फा / ओमेगा / सर्वशक्तिमान्**
"अल्फा र ओमेगा म नै हुँ," सर्वशक्तिमान् परमप्रभु परमेश्‍वर भन्नुहुन्छ, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, जो आउनुहुनेछ (प्रकाश १:८)।

**मृत्यु र पातालको साँचाहरू बोक्ने**
जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवत छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन् (प्रकाश १:१८)।

**आदि र अन्त्य, पुनरुत्थान हुने**
अनि स्मुर्नाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आदि र अन्त्यले भन्दछ, जो मरेको थियो, र फेरि जीवित भयो (प्रकाश २:८)।

**धारिलो दुइधारे तरवार साथमा हुने**
अनि पर्गाममका मण्डलीका दूतलाई यो लेखः यी कुरा धारिलो दुइधारे तरवार साथमा हुनेले भन्दछ, "मलाई थाहा छ, तिमी कहाँ बस्छौ, त्यहीँ जहाँ शैतानको सिंहासन छ ..." (प्रकाश २:१२-१३)।

**आँखा आगोको ज्वालाजस्तो भएको**

अनि थिआटीराको मण्डलीका दूतलाई यो लेखः यी कुरा परमेश्वरको पुत्रले भन्दछ, जसका आँखा आगोका ज्वालाजस्ता, जसका पाउ टल्काइराखेको काँसाजस्ता छन् (प्रकाश २:१८)।

**पाउ टल्काइराखेको काँसाजस्ता भएको**

अनि थिआटीराको मण्डलीका दूतलाई यो लेखः यी कुरा परमेश्वरको पुत्रले भन्दछ, जसका आँखा आगोका ज्वालाजस्ता, जसका पाउ टल्काइराखेको काँसाजस्ता छन् (प्रकाश २:१८)।

**परमेश्वरका सात आत्मा र सात तारा हुने**

अनि सार्डिसका मण्डलीका दूतलाई यो लेखः यी कुरा परमेश्वरका सात आत्मा र सात तारा हुनेले भन्दछ। तिम्रा काम मलाई थाहा छ। तिमी जीवित छौ भन्ने नाउँ त छ, तर तिमीहरू मरेका छौ (प्रकाश ३:१)।

**पवित्र र सत्य / जससँग दाऊदको साँचो छ**

अनि फिलाडेल्फियाका मण्डलीका दूतलाई यो लेखः यी कुरा त्यसले भन्दछ, जो पवित्र छ, जो सत्य छ, जससँग दाऊदको साँचो छ, जसले खोल्छ, कसैले थुन्नेछैन, र जसले थुन्छ, कसैले खोल्नेछैन (प्रकाश ३:७)।

**विश्वासयोग्य / साँचो साक्षी**

अनि लाउडिकियाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आमिन, विश्वासयोग्य र साँचो साक्षी र परमेश्वरका सृष्टिको शासकले भन्दछ (प्रकाश ३:१४)।

**परमेश्वरका सृष्टिको शासक**

अनि लाउडिकियाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आमिन, विश्वासयोग्य र साँचो साक्षी र परमेश्वरका सृष्टिको शासकले भन्दछ (प्रकाश ३:१४)।

**यहूदाको कुलको सिंह / दाऊदको मूल**

तब धर्म-गुरुहरूमध्ये एउटाले मलाई भने, "नरोऊ। हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुठ्ठो र यी सातओटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ (प्रकाश ५:५)।



**सातओटा सीङ र सातओटा आँखा हुने**

... उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका माझमा हुनुहुन्थ्यो। उहाँका सातओटा सीङ र सातओटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन् (प्रकाश ५:६)।

**थुमा**

जब थुमाले ती सातमध्ये एउटा मोहोर तोड्नुभएको मैले देखें, तब चार जीवित प्राणीहरूमध्ये एक जनाले मेघ गर्जनजस्तो आवाजले यसो भनेको मैले सुनें, "आऊ !" (प्रकाश ६:१)।

**विवाह भोजको दुलाहा**

हामी रमाऔं र अत्यन्त खुसी होऔं, र उहाँलाई महिमा दिऔं ! किनकि थुमाका विवाहको दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन् (प्रकाश १९:७)।

**राजाहरूका राजा र प्रभुहरूका प्रभु**

उहाँका पोशाक र तिघ्रामा "राजाहरूका राजा र प्रभुहरूका प्रभु" अङ्कित छ (प्रकाश १९:१६)।

**दाऊदको मूल र सन्तान**

म येशूले आफ्ना दूतलाई तिमीकहाँ मण्डलीहरूका निम्ति यो गवाही दिन पठाएकोछु। दाऊदका मूल र सन्तान, अनि बिहानको चहकिलो तारा म नै हुँ (प्रकाश २२:१६)।

**बिहानको चहकिलो तारा**

म येशूले आफ्ना दूतलाई तिमीकहाँ मण्डलीहरूका निम्ति यो गवाही दिन पठाएको छु। दाऊदका मूल र सन्तान, अनि बिहानको चहकिलो तारा म नै हुँ (प्रकाश २२:१६)।

येशू ख्रीष्टका नाउँहरू किन यति धेरै भएका होलान् ?"

माथि उल्लेखित नाउँहरू येशू ख्रीष्टलाई विभिन्न अवस्थामा दिइएका नाउँहरू हुन्। यीमध्ये कतिपय नाउँहरू पवित्र परमेश्वरलाई सुहाउने नाउँजस्ता लाग्दैनन्, जस्तैः चट्टान, देह, रोटी, थुमा, दाखको बोट, गोठालो, कुने-ढुङ्गो, जग

आदि। यी नाउँहरू सुन्दा परमेश्वरको नाउँजस्ता लाग्दैनन्। परमेश्वर शक्तिशाली हुनुभए तापनि उहाँ दयालु हुनुहुन्छ र उहाँ हाम्रो मित्र हुनुहुन्छ। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ । यी नाउँहरूचाहिँ परमेश्वरले आफ्ना जनहरूसँग उहाँको प्रेम बाँड्ने एउटा तरिका हो। उहाँले आफूलाई उच्च स्तरमा मात्र राख्ने हो भने हामी सृष्टिले उहाँलाई बुझ्न अनि चिन्न सक्दैनौँ। हामी कमिलासँग कुराकानी गर्ने हो भने कमिलाको भाषा नै प्रयोग गर्नुपर्छ र कमिलाजस्तै बन्नुपर्छ किनभने हाम्रो भाषा र भावना कमिलाहरूले बुझ्न सक्दैनन्। कमिलालाई हाम्रो भाषामा बोल भन्न पनि सक्दैनौँ। हामीले सहायता गर्नखोज्यौँ भने पनि तिनीहरूले थाहा पाउँदैनन् । त्यसैले कमिलाको कुरा बुझ्ने हो भने हामी उनीहरूको स्तरमा झरेर आफूलाई होच्याउनु पर्छ। त्यसै गरी येशू ख्रीष्टले चट्टान, गोठालो, थुमाजस्ता तुच्छ नाउँहरू स्वीकार गरेर आफैलाई होच्याउनुभयो। उहाँको यसप्रकारको चरित्रलाई हामीले पनि स्वीकार गर्नुपर्छ र आफैलाई नम्र बनाएर होच्याउनुपर्छ।

# येशू : सृष्टिकर्ता

## JESUS : THE CREATOR

उत्पत्ति १:१ लाई गहिरिएर अध्ययन गर्ने हो भने येशू ख्रीष्ट नै सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनेर थाहा पाउन सकिन्छ। त्रिएक परमेश्वरका तीन व्यक्तित्वहरूमा पिता परमेश्वर योजनाकार हुनुहुन्छ, पवित्र आत्मा परमेश्वरले शक्ति दिनुहुन्छ र सृष्टिको कामचाहिँ पुत्र परमेश्वर, येशू ख्रीष्टले गर्नुहुन्छ। त्यसैले यूहन्ना १:३ मा 'सबै थोक उहाँद्वारा बनिए र बनिएको कुनै थोक पनि उहाँविना बनिएन' भनेर घोषणा गरिएको हो। आफू सृष्टिकर्ता भएको अनि आफ्नै हातले सृष्टिको काम गर्नुभएको कुरा येशू ख्रीष्टले विभिन्न व्यक्तिहरूलाई लेख्न लगाउनुभयो । यस विषयमा यशैया अगमवक्ताले यसरी लेखेका छन् ।

> इस्राएलका परमपवित्र र यसका सृष्टिकर्ता परमप्रभु भन्नुहुन्छ : आउने कुराहरूका विषयमा, के तिमीहरू मेरा छोराछोरीहरूका बारेमा प्रश्न सोध्छौ, अथवा मेरा हातका कामका बारेमा तिमीहरू मलाई हुकुम दिन्छौ ? पृथ्वी मैले नै बनाएको हुँ, त्यसमा मानिसहरूलाई मैले सृष्टि गरेको हुँ। मेरै हातले आकाशलाई फिँजाएको हो, र त्यसका सारा तारामण्डललाई मैले नै ठीक गरी मिलाएको छु (यशैया ४५:११-१२) ।

उहाँले स्वर्ग र पृथ्वी बनाउनु भएपछि मानिसलाई बनाउनुभयो । आकाशमा लाखौँ ग्रह-ताराहरू छन्, जसलाई नदी किनारका बालुवाको कणहरूसँग तुलना गर्न सकिन्छ। सारा ब्रम्हाण्ड येशू ख्रीष्टले आफ्नो हातद्वारा बनाउनु भएको हो। त्यसकारण नै बाइबलले उहाँलाई महान् र सर्वोच्च परमेश्वर भनेर सम्बोधन गर्छ। त्यति मात्र होइन यस पृथ्वीको सबै प्राकृतिक सुन्दरता पनि येशू ख्रीष्टले नै सृष्टि गर्नुभएको हो। त्यसैले जबजब हामीले पहाड,



नदी, झरना र हिमालहरूलाई हेर्छौं, तब सृष्टिकर्ता परमेश्वरलाई सम्झेर धन्यवाद दिनुपर्छ। कतिपय देशहरूमा हिमाल र पहाड छैन, खाली समतल मरुभूमि मात्र छ। त्यहाँका मानिसहरूले परमेश्वरलाई यी कुराहरूका निम्ति धन्यवाद चढाउने मौका पाउँदैनन्। जबजब हामी ताल र समुद्रको नजिक गएर माछाहरू हेर्छौं भने त्यस समय पनि परमेश्वरलाई धन्यवाद दिनुपर्छ। येशू ख्रीष्टले बनाउनुभएको विभिन्न रङ्गका फूलहरू अनि अरू हरिया बोट-वनस्पतिहरूप्रति हामीले गर्व गर्न सक्छौँ किनभने यी प्राकृतिक सुन्दरताहरू हेरेर हामी येशू ख्रीष्टको हातका कामहरू महसुस गर्न सक्छौँ। हाम्रो आँखाको सामुन्ने उहाँका हातका कामहरू प्रत्यक्ष छन्।

सृष्टिकर्ता येशू ख्रीष्टको बारेमा मोशाले यसरी लेखेका छन् : किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौँ दिनमा चाहिँ विश्राम गर्नुभयो (प्रस्थान २०:११) ।

उहाँले 'सबै थोक बनाउनु भयो' भन्नुको अर्थ आकाश, स्वर्ग र पृथ्वीका सबै थोक बनाउनु भएको हो, जस्तैः ताराहरू, ग्रहहरू, चन्द्रमाहरू, नक्षत्रहरू, अनि पृथ्वीका सबै जीव-जन्तु र वनस्पतिहरू आदि ।

| | |
|---|---|
| **तेस्रो स्वर्ग** | **स्वर्ग**<br>(परमेश्वरको सिंहासन) |
| **दोस्रो स्वर्ग** | **अन्तरिक्ष**<br>(तारा, ग्रह र नक्षत्रहरू) |
| **पहिलो स्वर्ग** | **वायुमण्डल**<br>(पृथ्वीको सतहबाट १०० किलोमिटर) |

ईश्वरशास्त्रीहरूले तीन वटा स्वर्गहरू भएको कुरा बताउँदछन्। पहिलो स्वर्ग भनेको पृथ्वीको सतह र यसलाई ढाक्ने १०० किलोमिटरसम्मको वायुमण्डल हो। दोस्रो स्वर्ग भनेको पृथ्वीको सतहबाट १०० किलोमिटरभन्दा माथिको अन्तरिक्षको क्षेत्र हो। त्यहाँ ताराहरू, ग्रह-नक्षत्रहरू र चन्द्रमाहरू विद्यमान

छन्। तेस्रो स्वर्ग भनेको त्योभन्दा पनि माथिको क्षेत्र जहाँ परमेश्वरको सिंहासन विराजमान छ। त्यहाँ परमेश्वरको महिमा गर्ने थुप्रै स्वर्गदूतहरू छन्।

पावलले तेस्रो स्वर्गसम्म पुगेका थिएँ भनेर गवाही दिएका छन् :

> ख्रीष्टमा म एक जना मानिसलाई चिन्दछु, जो चौध वर्षअघि तेस्रो स्वर्गसम्म उचाली लगियो। ऊ शरीरमै लगियो कि शरीरविनै, सो म जान्दिनँ, परमेश्वर जान्नुहुन्छ (२ कोरिन्थी १२:२)।

येशू ख्रीष्टले अय्यूबलाई पनि सृष्टिकर्ताको विषयमा लेख्न लगाउनुभयो। उनले परमेश्वरलाई यसो भन्दछन् :

> तपाईंकै हातले मेरो आकार बनाए अनि मलाई सृष्टि गरे, के अब फर्केर तपाईं मलाई नाश गर्नुहुन्छ ? यो कुरा सम्झनुहोस् कि तपाईंले नै मलाई माटोलाई झैँ आकार दिनुभयो, के अब मलाई धूलैमा परिणत गर्नुहुन्छ ? (अय्यूब १०:८-९)।

सृष्टिकर्ताको विषयमा राजा दाऊद यसो भन्दछन् :

> जब म तपाईंको हातले बनाएको आकशलाई, र तपाईंले स्थापित गर्नुभएका जून र ताराहरूमाथि विचार गर्छु, मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ ? मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ, तपाईंले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ (भजनसङ्ग्रह ८:३-५)।

यूहन्नाले प्रकाशको पुस्तकमा यस्तो कुरा लेखेका छन् :

> तब समुद्र र जमीनमा उभिएका जुन स्वर्गदूतलाई मैले देखेको थिएँ, तिनले आफ्नो हात स्वर्गतिर उचाले। अनि सदासर्वदा जीवित रहनुहुने, तथा स्वर्ग र त्यसमा भएका कुराहरू, पृथ्वी र त्यसमा भएका कुराहरू, समुद्र र त्यसमा भएका कुराहरूलाई सृष्टि गर्नुहुनेको नाउँमा तिनले शपथ खाएर अब ढीलो हुनेछैन भने (प्रकाश १०:५-६)।



येशू ख्रीष्ट सबै थोकको सृष्टिकर्ता हुनुभएको कुरा पावलले पनि उल्लेख गर्नुभएको छन्।

> सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो (एफिसी ३:९)।

> किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारा र उहाँकै निम्ति सृजिएका हुन् (कलस्सी १:१६)

माथिका बाइबल खण्डहरूद्वारा येशू ख्रीष्टले पुरानो करार र नयाँ करारका सेवकहरूलाई आफू सृष्टिकर्ता भएको सत्यता प्रकट गर्नुभयो। हामीले बुझ्नुपर्ने कुरा के हो भने उहाँ सारा ब्रम्हाण्डको सृष्टिकर्ता साथसाथै त्यसको शासक र नियन्त्रणकर्ता पनि हुनुहुन्छ। उहाँको प्रभुत्वको बारेमा राजा दाऊदले स्पष्ट बताउनु भएको छ : परमप्रभुले आफ्नो सिंहासन स्वर्गमा स्थिर गर्नुभएको छ, र उहाँको प्रभुत्वले सबैमाथि शासन गर्दछ (भ.सं. १०३:१९)।

सम्पूर्ण बाइबललाई गहन अध्ययन गर्ने हो भने येशू अति महान् परमेश्वर हुनुहुन्छ भनेर थाहा गर्नसक्छौं तर दुःखलाग्दो कुरा के हो भने धेरै जनाको विचारमा येशू ख्रीष्ट एउटा नयाँ करारको समयमा मात्र सीमित हुनुहुन्छ। उहाँले आफ्नो विशाल आकारको बारेमा यशैया अगमवक्तालाई यसरी बताउनु भएको छ :

> परमप्रभु यसो भन्नुहुन्छ, 'स्वर्ग मेरो सिंहासन हो, र पृथ्वीचाहिँ मेरो पाउदान हो। मेरो निम्ति तिमीहरूले बनाउने भवन कहाँ छ ? मेरो विश्राम गर्ने ठाउँ कुन हुनेछ ? (यशैया ६६:१)।

सिंहासन भनेको बस्ने मेच र पाउदान भनेको खुट्टा राख्ने ठाउँजस्तो हो। उहाँको खुट्टा राख्न पृथ्वीजत्रो ठाउँ चाहिन्छ भने उहाँको आकार कत्रो होला ? अनि हाम्रो आकार उहाँको आकारको तुलनामा कत्रो देखिएला ? वास्तवमा भन्ने हो भने हामी उहाँको अगाडि जुत्तामा भएको धुलोको कणजस्तै हौं। धुलोको कण फुक्दा पनि उडेर जान्छ। त्यसैले हाम्रो स्थान र अस्तित्व उहाँको

सामु अति नै सुक्ष्म, तुच्छ अनि नगण्य छ। पावलले येशू ख्रीष्टको पाउको आकार थाहा पाएको हुनाले यसो भन्दछन्।

> किनभने परमेश्वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ। तर यो स्पष्ट छ, कि सबै कुरा उहाँको अधीनमा राखिएको छ भन्नाले परमेश्वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा राखिदिनुभएको हो (१ कोरिन्थी १५:२७)।

> परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो (एफिसी १:२२)।

तसर्थ माथि उल्लेखित सबै खण्डहरूलाई अध्ययन गर्ने हो भने हामी निश्चित रूपमा भन्न सक्छौं, कि येशू ख्रीष्ट सृष्टिकर्ता परमपेश्वर हुनुहुन्छ।

## सृष्टिको उद्देश्य

## Purpose of the Creation

सबै थोक परमेश्वरले विशेष उद्देश्य राखेर सृष्टि गर्नुभएको छ। उद्देश्यविना कुनै कुरा सृष्टि गरिएको छैन। येशू ख्रीष्टले र उहाँको महिमाको निम्ति सबै थोक सृष्टि गर्नुभएको हो भनी सन्त पावल बताउँदछन्।

> किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारा र उहाँकै निम्ति सृजिएका हुन् (कलस्सी १:१६)।

यसको अर्थ सबै थोक येशू ख्रीष्टले सृष्टि गर्नु भएको हो र ती सबै उहाँकै निम्ति बनाइएका हुन्। यहाँ बुभ्नुपर्ने कुरा के छ भने ब्रम्हाण्डको सारा सृष्टि पिता परमेश्वर र पवित्र आत्मा परमेश्वरको महिमाको लागि पनि हो तर हामीसँग सबैभन्दा नजिकको सम्बन्ध येशू ख्रीष्टमा भएकोले उहाँलाई प्राथमिकता दिन्छौं।



किन उहाँको लागि सारा सृष्टि गरिएको हो ? के उहाँले हामीसँग रुपैया-पैसा, धन-सम्पत्ति र अरू थोकको अपेक्षा गर्नुहुन्छ त ? अवश्य होइन।

> पूर्वजहरू यिनीहरूका नै हुन्, र ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस् (रोमी ९:५)।

त्यसैले सृष्टिको मुख्य उद्देश्यचाहिँ येशूको स्तुति र महिमा गर्नु हो। बाइबलको अरू ठाउँमा पनि यस विषयमा उल्लेख गरिएको छ ।

> हे परमप्रभु, हाम्रा प्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति महिमित छ! तपाईंका महिमाको स्तुतिगान उच्च स्वर्गमा हुँदछ (भजनसङ्ग्रह ८:१)।

> हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचें र बनाएँ (यशैया ४३:७)।

> त्यस जातिलाई, जसलाई मेरो प्रशंसाको घोषणा गरून् भनेर मेरो निम्ति मैले बनाएँ (यशैया ४३:२१)।

सृष्टिको मुख्य उद्देश्यचाहिँ सृष्टिकर्ता परमेश्वरको प्रशंसा, महिमा र स्तुति-आराधना गर्नु हो। तर यी कुराहरूलाई इन्कार गरी हामी मूर्तिपूजातिर लाग्यौं भने उहाँ रिसाउनुहुन्छ। परमेश्वरले इस्राएलीहरूलाई दिनुभएको दश आज्ञा मूर्तिपूजाको विरुद्धमा छ। दश वटा आज्ञाहरूमध्ये पहिलो चार वटा आज्ञाहरूले मूर्तिपूजालाई निषेध गरेको छ। येशू ख्रीष्टले ती आज्ञाहरू पालन गर्नु नै सबैभन्दा ठूलो कुरा हो भनी भन्नुभयो।

> तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समभ्रुले प्रेम गर्नू (मत्ती २२:३७)।

परमेश्वरको सन्तानले मूर्तिलाई आदर-प्रेम गर्ने, त्यसको आराधना गर्ने र त्यसमा भरपर्ने गऱ्यो भने, उहाँले घृणा गर्नुहुन्छ। येशू ख्रीष्टले दश आज्ञा दिनुहुँदा, 'म डाही परमेश्वर हुँ' भनेर भन्नुभयो (प्रस्थान २०:५)। विश्वासीहरूले मूर्तिपूजातिर लागे भने उहाँ साह्रै रिसाउनु हुन्छ। आजभोलिको

कतिपय विश्वासीहरू अरू धर्मका देवी-देवताको आराधना गर्दैनन् तर रुपैयाँ-पैसा, परिवार, शक्ति, मान-इज्जत र पदलाई परमेश्वरभन्दा बढी प्राथमिकता दिने गर्दछन्। कोही पास्टरहरू येशू ख्रीष्टको भन्दा बढी आफ्नै आदर र महिमा खोज्छन्।

'ख्रीष्टशास्त्र' अध्ययनको उद्देश्य येशू ख्रीष्टलाई नै महिमा दिन सिक्नु हो। हाम्रो सेवकाइको उद्देश्य पनि उहाँलाई नै महिमा दिनु हो। हाम्रो जीवनको उद्देश्य पनि उहाँलाई नै महिमा दिनु हो। यदि हामीले येशू ख्रीष्ट को हुनुहुन्छ र उहाँलाई कसरी महिमा दिने भनेर सिक्यौँ भने हाम्रो सेवकाइद्वारा उहाँ प्रसन्न हुनुहुन्छ। हामीले प्रचार गरेपछि उहाँको सट्टामा आफैले महिमा लियौँ भने उहाँ हामीसँग खुसी हुनुहुन्न। त्यसैले हामीले सधैँ उहाँको महिमा कसरी गर्ने भनेर विचार गर्नुपर्छ। पास्टरहरूको जीवनमा आउने परीक्षाचाहिँ परमेश्वरको महिमा चोरी गर्नु हो। यो खतरा सधैँ उनीहरूको जीवनमा हुने गर्छ। वास्तवमा पास्टरहरू अभिषेक गर्नुको उद्देश्य भनेको येशू ख्रीष्टलाई महिमा दिनको लागि हो। यदि हामीले त्यसो गर्दैनौँ भने, त्यो मूर्तिपूजा गरेजस्तै हुन्छ। त्यस्ता व्यक्तिहरूदेखि परमेश्वर डाही बन्नुहुन्छ। यो कुरा पास्टरको जीवनमा मात्र लागू हुने होइन तर प्रत्येक विश्वासीको जीवनमा पनि लागू हुन्छ। यदि अगुवाहरूले विश्वासी र मित्रहरूबाट महिमा लिए भने त्यो मूर्तिपूजाजस्तै हो किनभने त्यसो गर्दा उनीहरूले परमेश्वरको महिमा चोरिरहेका हुन्छन्।

> आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाहा गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु, तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौँ पुस्तामाथि म कृपा गर्नेछु (प्रस्थान २०:४-६)।

मूर्तिपूजाबाट बच्यौँ भने हामीले मात्र होइन हाम्रा सन्तानहरूले पनि आशिष् पाउनेछन्। त्यसैले हाम्रो छोरा, नाति-पनातिहरूले आशिष् पाउने हो भने



हामीले येशू ख्रीष्टको आराधना गर्नुपर्छ। हामीले संसारिक थोकहरूलाई प्रेम गरी मानिसहरूबाट आउने प्रशंसा र महिमा मन परायौँ भने परमेश्वरले हाम्रो सन्तानलाई आशिष् दिनुहुन्न। त्यसकारण हरेक समय हामीले प्रार्थनामा यसो भन्नुपर्छ : "हे प्रभु, यदि मैले तपाईंको महिमा चोरेको छु भने मलाई माफ गर्नुहोस्। मेरो पाप क्षमा गर्नुहोस्। कृपया मेरो सन्तानहरूलाई आशिष् दिनुहोस्।"

अगुवाहरू यस्ता 'आत्मिकी परीक्षामा' पर्ने खतरामा हुन्छन्। यदि अगुवाहरू संसारिक कुराहरूमा अल्झेर मूर्तिपूजातिर लागे भने एक दिन येशू ख्रीष्टले यसो भन्नुहुनेछ, "तिमीले आफ्नो महिमा पहिले नै पाइसकेका छौ। तिमीले मेरो महिमा चोरेका छौ। मैले तिमीलाई सृष्टि गरेको र सेवकाइमा नियुक्त गरेकोचाहिँ मेरो महिमाको निम्ति हो। तर तिमीले त्यो महिमा चोरेका छौ। तिमी चोर हौ।" त्यसैले तपाईं बुद्धिमान सेवक हुन चाहनुहुन्छ भने सधैँ उहाँलाई महिमा दिने गर्नुहोस्। नम्र भएर सधैँ यो कुरालाई स्मरण गरेर आफ्नो जीवनशैली बदल्नुहोस्।

किन हामीले परमेश्वरको महिमा गर्ने ? किनभने, उहाँलाई महिमा दिन नै हामी सृष्टि गरिएका हौँ र उहाँलाई महिमा दियौँ भने हाम्रो सन्तानहरूले आशिष् पाउनेछन्। परमेश्वरले सबैथोक उहाँको महिमाको निम्ति सृष्टि गर्नु भएको हो। राजा दाऊदको आत्मिक आँखा खोलिएपछि जीव-जन्तु र वनस्पतिले परमेश्वरलाई महिमा दिइरहेको देखे।

> उजाड-स्थानका खर्कहरू लहलह छन्, र पहाडहरू हर्षले सुसज्जित छन्। खर्कहरू भेडाबाख्राले भरिएका छन्, बेँसीहरू अन्नले ढाकिएका छन्, तिनीहरू आनन्दले कराइ उठ्छन् र भजन गाउँछन् (भजनसङ्ग्रह ६५:१२-१३)।

राजा दाऊदले तिनको आत्मिक आँखाद्वारा पहाडहरू नाचिरहेको देखे अनि भेडा बाख्राहरू र अन्नबालीहरू पनि नाच्दै परमेश्वरको प्रशंसा गर्दैथिए।

> स्वर्ग आनन्दित होस्, र पृथ्वी रमाओस्, समुद्र र त्यसमा भएका सबै थोकले हर्षनाद गरून्। खेत र त्यसमा भएका सबै कुरा उल्लसित होऊन्। तब जङ्गलमा भएका वृक्षहरू आनन्दले गाउनेछन्, तिनीहरू

> परमप्रभुको सम्मुख गाउँनेछन्, किनकि उहाँ आउनुहुन्छ, उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ। उहाँले संसारको न्याय धार्मिकतामा, र मानिसहरूको न्याय आफ्नो सत्यतामा गर्नुहुनेछ (भजनसङ्ग्रह ९६:११-१३)।

उनले स्वर्ग, पृथ्वी र समुद्रको माछाहरूले पनि परमेश्वरको महिमा गर्नुपर्ने कुरा चर्चा गरेका छन्।

> हे सूर्य र चन्द्र, उहाँको प्रशंसा गर। हे चम्किला तारा हो, उहाँको प्रशंसा गर। हे सर्वोच्च आकाश र आकाशमाथिका पानी हो, तिमीहरूले उहाँको प्रशंसा गर। तिनीहरूले परमप्रभुका नाउँको प्रशंसा गरून्, किनकि उहाँले आज्ञा गर्नुभयो, र तिनको सृजना भयो। उहाँले तिनलाई सदासर्वदाको निम्ति स्थापित गर्नुभयो, अनि कहिले नटल्ने विधि उहाँले दिनुभयो। पृथ्वीबाट परमप्रभुको प्रशंसा गर, हे विशाल जलजन्तु हो, र सबै गहिरा सागर हो, बिजुली र असिना, हिउँ र बादल, उहाँको वचन मान्ने आँधीबेहरी हो, पहाडहरू र सबै डाँडाहरू हो, फल फलाउने रूखहरू र सबै देवदारुहरू हो, जङ्गली जनावर र सबै गाईबस्तुहरू हो, ससाना जन्तु र उड्ने पक्षीहरू हो, पृथ्वीका राजाहरू र सारा जातिहरू, राजकुमारहरू र सारा शासकहरू, युवकहरू र कन्याहरू, वृद्ध र बालकहरू, परमप्रभुको प्रशंसा गर (भजनसङ्ग्रह १४८:३-१२)।

त्यसकारण, जब तपाईंको आत्मिक आँखा खोलिन्छ, तब जीव-जन्तुले मात्र होइन प्रकृतिले पनि परमेश्वरको महिमा गरेको देख्न सक्नुहुनेछ। जब तपाईंको आत्मिक कान खोलिन्छ, तब जनावर र वनस्पतिजस्ता प्राकृतिक वस्तुहरूले परमेश्वरका महिमा गरेको आवाजहरू सुन्न सक्नुहुनेछ। हाम्रा आँखाको सामुन्ने भएका चिजहरूले परमेश्वरको प्रशंसा गरेको कुराहरू हामीले अनुभव गर्न सक्नुपर्छ। जब हामी स्वर्गमा पुग्नेछौं, तब त्यहाँ भएका सबै प्राणीहरूले दिन-रात नरोकीकन उहाँको प्रशंसा गरिरहेका हामीले प्रत्यक्ष देख्न पाउँनेछौं। भविष्यमा हुने त्यस्ता कुराहरू यूहन्नाले पहिले नै देखिसकेका छन्।



> ती चारैओटा प्राणीका छ-छओटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए। दिनरात तिनीहरू नथामीकन यसो भन्दै गाइरहन्छन्– पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ" (प्रकाश ४:८-११)।


यूहन्नाले विश्वासीहरू उठाइ लगिने र थुमाको विवाहभोजमा समावेश हुने दृश्यलाई प्रकाशको पुस्तकमा उल्लेख गरेका छन्।

> यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। तिनीहरू उच्च सोरले कराए: 'सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।' अनि सिंहासन, धर्म-गुरुहरू र चार जीवित प्राणीहरूका वरिपरि सबै स्वर्गदूतहरू उभिए, र तिनीहरूले सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे। 'आमिन ! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमिन ! धर्म-गुरुहरूमध्ये एउटाले मलाई सोधे, 'यी सेता पोशाक लाउनेहरू को हुन्, र काहाँबाट आएका हुन् ?' अनि मैले तिनलाई भने, 'हजूर, तपाईं नै जान्नुहुन्छ।' तिनले मलाई भने, 'यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्' (प्रकाश ७:९-१४)।

आउनुहोस् हामी पनि राजा दाऊद र सन्त यूहन्नाले झैँ परमेश्वरको सृष्टिको उद्देश्य बुझेर उहाँको महिमा गरौँ ताकि हाम्रा सन्तानले पनि उहाँबाट आशिष् पाउन सकून् !

# येशू : मल्कीसेदेक र दशांश ग्रहणकर्ता

## JESUS : MELCHIZEDEK AND THE TITHE RECEIVER




इ.पू. २००० तिर अब्राहामसामु येशू मानिस र स्वर्गदूतको रूपमा देखा पर्नुभयो। त्यसबेला अब्राहाम ऊर भन्ने ठाउँमा बस्ने गर्थे, जुन ठाउँलाई अहिले ईराक भनिन्छ। जब अब्राहाम ७० वर्षका भए, तब येशू उनीसँग बोल्नुभयो। उहाँले भन्नुभयो, "तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु त्यहाँ जा" (उत्पत्ति १२:१)। येशूले उनलाई तीन वटा शर्तहरू दिनुभयो।

(१) बसेको ठाउँ छोड्नु (२) बाबुलाई छोड्नु (३) नातेदारहरूलाई छोड्नु



यी तीन वटा शर्तहरूमध्ये अब्राहामले एउटा शर्त मात्र पालन गरे। पहिलो शर्तअनुसार उनले आफू बसेको ठाउँ छोडेर गए तर बाँकी दुई शर्तहरू पालना गरेनन्। अब्राहामले आफ्नो आमा-बुबा र भतिज लोतलाई सँगै लिएर निस्के। उसको अनाज्ञाकारिताको कारणले गर्दा परमेश्वर उनीसँग खुसी हुनुभएन। परिणामस्वरूप परमेश्वरले अब्राहामलाई कनानदेशतिर लानुभएन तर हारानतिर डोऱ्याउनुभयो। त्यो ठाउँ टर्कीको दक्षिणी भागमा पर्छ। अब्राहाम हारानमा १५ वर्षसम्म बसे र त्यहीँ उनको पिता, तेरहको मृत्यु भयो। उनको पिताको मृत्युपछि मात्र परमेश्वरले उनलाई कनान देशमा प्रवेश गराउनुभयो किनभने परमेश्वरले दिनुभएको शर्तमा त्यो कुरा उल्लेख भएको थियो तर अब्राहामले बुझ्न सकेनन्। अब्राहाम ७५ वर्ष भएपछि हारानबाट कनानतिर गए। कनान जाने क्रममा अब्राहाम शेकेम भन्ने सहरमा आइपुगे, जुन सामरियाको राजधानी थियो र त्यो ठाउँ इस्राएलको बीच भागमा पर्छ। अब्राहाम शेकेमबाट बेथेलमा गए। बेथेल यरूशलेमबाट १० किलोमिटर उत्तरतिर पर्छ। जब उनी बेथेलमा आइपुगे, तब उनले पहिलो पटक यहोवा परमेश्वरको आराधना गरे (उत्पत्ति १२:८)।

अब्राहाम बेथेलमा हुँदा अनिकाल पऱ्यो र मिश्रदेशतिर जान बाध्य भए। मिश्रको राजाले अब्राहामकी पत्नी सारालाई मन पराए। त्यो राजाले सारालाई आफ्नी पत्नी बनाउने इच्छा गरे। त्यस कुरामा यहोवा परमेश्वर, येशू रिसाउनुभयो र उहाँ त्यस राजालाई सजायँ दिनुभयो। त्यस कारणले गर्दा राजा फारो अब्राहामसँग डराए र तिनलाई आफ्नै ठाउँमा फर्किजान अनुरोध गरे। फारो राजाले उनलाई प्रशस्त धनसम्पत्ति दिएको कारणले गर्दा उनी धेरै धनी भए। सबै सम्पत्तिहरू लिएर अब्राहाम फेरि बेथेलमा नै फर्के। बेथेलमा आइपुगेपछि अब्राहाम र लोत एक-आपसमा छुट्टिए। लोत आफ्नो परिवारको साथमा सदोम-गमोरातिर गए, जुन ठाउँ मृत सागरको तलतिर पर्थ्यो। त्यस समयमा लोतसँग पनि प्रशस्त धन सम्पत्ति भएको कारणले गर्दा उनी आफ्नो जिविका सजिलै चलाउन सक्थे। अब्राहामचाहिँ बेथेलबाट हेब्रोनमा गए। हेब्रोन धेरै प्रख्यात सहर थियो, र अब्राहाम त्यहाँ लामो समयसम्म बसे। उनकी पत्नी सारा हेब्रोनमा नै मरिन्। अब्राहामले पत्नीको लासलाई दफन गर्न एक टुक्रा जमिन किने (उत्पत्ति २३:१-२०)।

हेब्रोन सहर पवित्र ठाउँ हो। त्यसै ठाउँमा इसहाक र रेबिकालगायत याकूबको तीन जना पत्नीहरूलाई दफन गरिएको थियो। याकूबको पत्नी राहेल मात्र बेथलेहेममा दफन गरियो तर लेहा, बिल्हा र जिप्पालाई हेब्रोनमा नै दफन गरियो। यी विशेष व्यक्तिहरूलाई दफन गरिएको कारणले गर्दा नै हेब्रोनलाई पवित्र स्थान मानिन्छ। अरबका मानिसहरूले पनि यस ठाउँलाई पवित्र मान्दछन् किनभने अब्राहामको छोरा इस्माएल पनि त्यहीँ गाडिएको थियो। अरबीहरूको पुर्खाहरूलाई पनि त्यहाँ दफन गरिएकोले उनीहरूले हेब्रोनलाई पवित्र मान्दछन्।

अब्राहाम हेब्रोनमा बसोबास गरिरहँदा मध्यपूर्वमा दुई क्षेत्रहरूका देशहरूका गठवन्धनको विषयमा सुने। ती दुई क्षेत्रहरूमध्ये पहिलो पर्सियाको खाडी भएको ठाउँतिर थियो, जुन ठाउँ ईराक र ईरान देश भएको क्षेत्रमा पर्छ। त्यस समयमा उक्त क्षेत्रमा चारवटा देशहरू अवस्थित थिए- शिनार, एल्लासार, अर्योक र एलाम (उत्पत्ति १४:१)। ती देशहरू यति शक्तिशाली थिए, कि वरिपरिका कुनै पनि देशले तिनीहरूलाई हराउन सक्दैनथे। दोस्रो क्षेत्रचाहिँ मृत सागर वरिपरिका पाँच देशहरू थिए- सदोम, गमोरा, अदमा, सबोयीम, बेला (सोअर) (उत्पत्ति १४:२)।

त्यसबेला मृत सागर वरिपरिका देशहरू सुरक्षित रहन पर्सिया क्षेत्रका देशहरूलाई कर तिर्नुपर्थ्यो तर ती देशहरूले कर बुझाउन बन्द गरेको कारणले गर्दा पर्सिएनहरू ज्यादै रिसाए र मृत सागर वरिपरिका देशहरूलाई नास पार्ने उद्देश्यले आक्रमण गरे। तिनीहरूले त्यस क्षेत्रका सबै मानिसहरूलाई आफ्नो कब्जामा पारी दमस्कसमा लगेर दास बनाए। त्यस समय दमस्कस पनि पर्सियनहरूको अधीनमा थियो। फलस्वरूप लोत र उनको परिवार पनि दास भएर दमस्कसमा पुगे। हेब्रोनमा बसोवास गरिरहेका अब्राहामले त्यो घटनाको विषयमा सुने। आफ्नो भतिज लोतलाई पर्सियनहरूले कब्जा गरी लगेको कुरा थाहा पाएर अब्राहाम रिसाए। ३१८ जना सैनिकहरू साथमा लिएर उनी लडाइँ गर्न दमस्कसतिर गए। अब्राहामले तिनीहरूलाई पराजित गरी लोतलाई त्यहाँबाट फर्काएर ल्याए। त्यसबेला तिनले धेरै धन सम्पत्ति पनि हात पारे। जसै अब्राहाम फर्केर आउँदैथिए, परमेश्वरको योजनाअनुसार केही समय शालेम भन्ने ठाउँमा रोकिए, जसलाई



पछि यरूशलेम भनिन्छ। त्यहाँ शालेमका राजा मल्कीसेदेकले अब्राहामलाई दाखमद्य र रोटी ल्याएरसत्कार गरे। साथै उनले अब्राहामलाई विशेष आशिष् पनि दिए। त्यहाँ एउटा अर्को घटना घट्यो, त्यो के हो भने, अब्राहामले शालेमको राजा मल्कीसेदेकलाई आफूले ल्याएको सबै धनसम्पत्तिको दशांश दिए (उत्पत्ति १४:२०)। बाइबलमा दशांशको विषय उल्लेख भएको पहिलो घटना यही हो। ईश्वरशास्त्रीहरूले यो घटनालाई यसरी भन्दछन् : "स्वयम् येशू त्यसबेला राजा मल्कीसेदेकको रूपमा अब्राहामलाई भेट्न आउनुभयो र दशांश ग्रहण गर्ने व्यक्ति पनि येशू नै हुनुहुन्थ्यो"। यसलाई हिब्रूको पुस्तकले प्रमाणित गर्छ (हिब्रू ७:१-२८)। स्वयम् येशूले पनि घोषणा गर्नुभएको छ, कि उहाँले अब्राहामसँग भेट गर्नुभयो (यूहन्ना ८:५६-५८)।

हिब्रू भाषामा मल्कीसेदेकको अर्थ धार्मिकताको राजा हो। त्यसैगरी शालेमले हिब्रू भाषाको शालोम शब्दलाई बुझाउँछ, जसको अर्थ शान्ति हुन्छ। शालेमलाई मोरियाहको पर्वत पनि भनिन्छ, जहाँ अब्राहामले आफ्नो छोरा इसहाकको होमबली गर्न आँटेका थिए। त्यही ठाउँमा नै येशू बलिदान हुनुभयो। त्यो स्थानबाट शान्तिको सन्देश संसारभरि फैलिन थाल्यो। त्यसैकारण त्यो ठाउँ शान्ति दिने ठाउँ बन्यो। आजभन्दा करिब चार हजार वर्षपहिले त्यस ठाउँमा अब्राहामले बलि चढाएको थियो भने त्यसको दुई हजार वर्षपछि येशू त्यही ठाउँमा बलिदान हुनुभयो। येशूको क्रूसको बलिदानले इसहाकको होमबलिलाई प्रतिनिधित्व गर्छ।

विगतमा हामी परमेश्वरको विरुद्धमा हिँड्ने मानिसहरू थियौँ। शान्तिको सन्देश र शान्तिदाता येशूलाई भेट्टाएपछि हाम्रो जीवन परिवर्तन भयो। वास्तवमा भन्ने हो भने येशूले बगाउनुभएको रगतको कारणले गर्दा नै हामीहरू परमेश्वरको नजरमा धर्मी ठहरिएका हौँ। धार्मिकताका राजाको कारणले गर्दा नै हामी धर्मी बन्न पाएका छौँ। धार्मिकताका राजा मल्कीसेदेकले रोटी र दाखमद्य लिएर अब्राहामसँग भेट गर्नुभयो। त्यसबेला अब्राहामले रोटी खानुपर्ने थियो र दाखमद्य पिउनु पर्नेथियो। अन्तिम रात्रीभोजमा येशूले त्यही कुरालाई चेलाहरूको माझमा दोहोऱ्याउनुभयो। उहाँले भन्नुभयो, "तिमीहरूले रोटी खानुपर्छ र कचौराबाट पिउनुपर्छ (१ कोरिन्थी ११:२४-२५)। हाम्रो निम्ति येशू बलिदान हुनुभएको हो भन्ने

सम्झनामा हामी यसो गर्ने गर्छौं। पुरानो करार र नयाँ करारका घटनाहरूलाई तुलनात्मक रूपमा अध्ययन गर्ने हो भने हामी यस्ता धेरै कुराहरू बुझ्नसक्छौं।

## दशांशको विषयमा बाइबलीय शिक्षा
## Biblical Teachings on Tithe

अब्राहामले शालेममा राजा मल्कीसेदेकलाई आफूसँग भएको सबै थोकको दशांश दिए (उत्पत्ति १४:२०)। बाइबलमा पहिलोपटक दशांशको वर्णन यही घटना हो। केही ईश्वरशास्त्रीहरू हाबिलले ल्याएको भेटी दशांशको सुरुवात थियो भनी भन्छन् (उत्पत्ति ४:४)। यी दुइमध्ये जुनै घटनालाई पहिलो माने तापनि दशांश दिने कुराचाहिँ हामी सबैमाथि परमेश्वरको आज्ञा अनि अपेक्षा हो। हामीसँग जे-जति छन्, ती सबैबाट दशांश दिने कुरालाई परमेश्वरले जोड दिनुहुन्छ। बाइबलीय दृष्टिकोणअनुसार हामीले यसरी विचार गर्नुपर्छ : 'मसँग भएका सम्पत्ति मेरो होइन, परमेश्वरको हो। मेरो जीवन पनि परमेश्वरको हातमा छ। अहिले नै मेरो जीवन परमेश्वरले लिनुभयो भने मैले तत्काल यो संसारलाई छोड्नुपर्छ र मसँग भएको सम्पत्तिले मलाई बचाउन सक्दैन। मेरो घर, जग्गा-जमिन, गाडी, बैंकमा भएको रकम पनि मेरो आफ्नै होइन, परमेश्वरले दिनुभएको हो।' हामी परमेश्वरमा भरोसा गर्ने साँचो विश्वासीहरू हौँ भने यसरी विचार गर्नुपर्छ। यस्तो विचारधारा इसाई जीवनशैलीको आधार हो। वास्तवमा भन्ने हो भने बाइबलीय सिद्धान्त यही हो। येशूले हामीलाई यसो भन्नुहुन्छ, "तिमीहरूसँग भएको सबै सम्पत्ति मेरै हो तर त्यसमध्ये ९०% तिमीहरूले प्रयोग गर तर बाँकी रहेको १०% चाहिँ मलाई देऊ। त्यो ९०% सम्पत्ति पनि वास्तवमा मेरै हो तर म तिमीलाई दिन्छु। त्यसको राम्रोसँग सुरक्षा र सदुयोग गर तिमी असल भण्डारे हुनुपर्छ।"

घर-परिवारको बारेमा येशूले यस्तो भन्नुहुन्छ, "तिमीलाई मैले सन्तान दिएको छु। ती मेरो सन्तान हन्, तर मैले तिमीलाई इनामस्वरूप दिएको छु। तिमीले तिनीहरूलाई असल प्रकारले खुवाउने, पियाउने, हुर्काउने र सिकाउने गर्नुपर्छ (भनजसङ्ग्रह १२७:३)। त्यति मात्र होइन तिमीहरूको खेती-पाती र



पशु-पंक्षीबाट पहिलो फल मेरो हो। म तिमीलाई धेरै पशु-पंक्षीहरू दिन्छु तर पहिले जन्मेकोचाहिँ तिमीले मेरो निम्ति छुट्ट्याउनू। त्यसैगरी खेत-बारीको उब्जनीको पहिलो भाग मकहाँ ल्याउनू। जजसले काम अथवा व्यापार गर्छ, तिनीहरूले आफ्नो कमाइको १०% रकम मेरो भण्डारमा ल्याउनू।"

हामीले यस प्रकारले विचार गर्नुपर्छ : "मसँग जे जति थोकहरू छन्, ती सबै मेरो होइनन्, त्यसमा परमेश्वरको भाग पनि मिसिएको छ।"

परमेश्वरले मोशाद्वारा इस्राएलीहरूलाई यस्तो कुरा बताउनु भयो : रूखहरूका फल वा जमीनका बीउको होस्, भूमिका उब्जनीको दशांश परमप्रभुकै हो, र ती परमप्रभुको निम्ति पवित्र हुन्। कसैले आफ्नो दशांश मोल तिरेर छुटाउँछ भने, त्यसमा पाँचौँ भाग थपेर त्यसले दिओस्। गन्ती गर्ने लौरोको मुनि छिरेर जाने पशुमा, गाईबस्तु वा भेड़ाबाख्रा जे होस्, दशांशचाहिँ परमप्रभुको निम्ति पवित्र हुनेछ। असल वा कमसल पशु त्यसले नछुटाओस् र नसाटोस्। साट्ने नै हो भने, साटेको दुवै पशु पवित्र हुनेछन्, र मोल तिरेर तिनीहरूको छुटकारा हुन सक्नेछैन (लेवी २७:३०-३३)। यस्तो आज्ञा व्यवस्था १४:२२-२९ मा पनि उल्लेख गरिएको छ।

परमेश्वरको लागि छुट्ट्याइएको १०% सम्पत्ति सुसमाचारको विशेष काममा खर्च गरिन्छ। गन्ती १८:२०-३२ मा परमेश्वरले मोशालाई भन्नुभयो, कि त्यो १०% सम्पत्ति लेवीहरूले प्रयोग गर्नेछन् (यसले पास्टररूलाई बुझाउँछ)। पास्टरहरू सांसारिक कामधन्दामा लाग्दैनन् र उनीहरूको अरू कुनै नियमित आयश्रोत हुँदैन। उनीहरूको सम्पूर्ण समय परमेश्वरको सेवकाइमा नै बित्छ। त्यसकारण विश्वासीहरूले मण्डलीमा ल्याएका दशांश पास्टरको परिवार र परमेश्वरको राज्य विस्तार गर्ने कामको निम्ति प्रयोग गरिनुपर्छ। पास्टरलाई आर्थिक रूपमा सहायता गर्नु प्रत्येक विश्वासीको कर्तव्य हो। यदि विश्वासीहरूले दशांश दिएनन् भने पास्टर समस्यामा र परीक्षामा पर्छन्। आजभोलिका धेरै विश्वासीहरूले परमेश्वरको यो आज्ञालाई ठीक ढङ्गले पालन गर्दैनन्। त्यसकारण पास्टरहरूले विदेशका मानिसहरूसँग सहायताको निम्ति हात फैलाउनु परेको छ।

"तिमीहरूका पिता-पुर्खाको समयदेखि नै तिमीहरू मेरा उर्दीहरूदेखि तर्केर गएका छौ, र ती तिमीहरूले पालन गरेका छैनौ। मतिर फर्क, र म तिमीहरूतिर फर्कनेछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "तर तिमीहरू त सोध्छौ, 'हामी कसरी फर्कौं ?' "के कुनै मानिसले परमेश्वरलाई लुट्छ र ? तापनि तिमीहरू मलाई लुट्दछौ। तर तिमीहरू सोध्छौ, 'कसरी हामीले तपाईंलाई लुटचौं र ?' "दशमांशको भेटीमा। सराप परेर तिमीहरू श्रापित भयौ, किनकि तिमीहरूले मलाई लुटिरहेछौ- तिमीहरू सम्पूर्ण जातिले। सम्पूर्ण दशमांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्। यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउछु वा बर्साउँदिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "म तिमीहरूका अन्न-बाली स्वाहा पार्ने रोग निको पारिदिनेछु, र तिमीहरूका बारीमा भएका दाखका बोटका फलहरू झर्नेछैनन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "तब सारा जाति-जातिहरूले तिमीहरूलाई धन्य भन्नेछन्, किनकि तिमीहरूको देश एक अति खुसी देश हुनेछ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ (मलाकी ३:७-१२)।

दशांश नदिएका हुनाले येशूले मलाकी अगमवक्ताद्वारा इस्राएलीहरूलाई यस्तो चेतावनी दिनुभयो। परमेश्वरको दृष्टिकोणबाट विचार गर्ने हो भने यसको अर्थ यस्तो हुन्छः "तिमीहरूले मेरो सम्पत्ति लुटेका छौ। त्यसकारण तिमीहरू चोर-डाँकु हौ। तिमीहरूले मेरो सम्पत्ति चोरेका कारण तिमीहरूको सन्तानहरू श्रापित हुनेछन्।" इस्राएलीहरू परमेश्वरद्वारा चुनिएका जाति थिए तर तिनीहरूले परमेश्वरको भण्डारबाट चोरी गरे। फलस्वरूप तिनीहरूलाई उहाँले श्राप दिनुभयो। इस्राएलको इतिहासलाई नियाल्ने हो भने तिनीहरूले विभिन्न प्रकारका दुःख-कष्ट, अभाव, सतावट र समस्याहरू सामना गर्नुपर्‍यो। परमेश्वरले इस्राएलीहरूको जीवनमा धेरै प्रकारका दुःख र कष्टहरू आउन दिनुभयो अनि विदेशीहरूले पनि उनीहरूलाई धेरै सताए। तिनीहरूले आफ्नो देश करिव २,००० वर्षसम्म गुमाउनु पर्‍यो।



नेपालको परिप्रेक्ष्यलाई विचार गर्ने हो भने हाम्रो पिता-पुर्खाले परमेश्वरको आज्ञापालन नगरेको कारणले गर्दा नै आज हामीहरू गरिबीलगायत विभिन्न प्रकारका समस्याहरूमा छौं। आज पनि धेरै नेपालीहरू अट्टेरी भएर परमेश्वरको आज्ञालाई मानिरहेका छैनन् जसको कारण उहाँ क्रोधित हुनुभएको छ। यसको नतिजा भविष्यमा हाम्रो सन्तानहरूले पाउनेछन् र तिनीहरू श्रापित हुनेछन्। त्यो श्रापलाई रोक्ने हो भने आज नै हामीले परमेश्वरले दिनुभएको आज्ञालाई शिरोपर गरी नियमित रूपमा दशांश दिनुपर्छ। संसारका गरिब राष्ट्रहरूमा भएको विश्वासीहरूले परमेश्वरको यो महत्वपूर्ण आज्ञा मानिरहेका छैनन्। त्यसैकारण आशिष् रोकिएको छ अनि ती देशहरू झन्-झन् गरिब हुँदैछन्। तिनीहरूका सन्तानहरू पनि त्यस्तै हुनेछन्।

कृपया परमेश्वरको डर भय मानी इमान्दारीताका साथ यी दुई प्रश्नहरूको उत्तर दिनुहोस्।

१. के तपाईं साँच्चै येशू ख्रीष्टमाथि विश्वास गर्नुहुन्छ ?

२. के तपाईं उहाँको प्रतिज्ञाहरूमाथि भरोसा गर्नुहुन्छ ?

मलाकी ३:७-१२ मा येशूले दशांशबारे भन्नुभएको कुराहरू त्यस समयको इस्राएलीहरूलाई मात्र होइन, आज विश्वासीहरूका लागि पनि हो। हामीले उहाँको आज्ञा मान्यौं भने यो देशमा आशिष् आउनेछ। नेपालको भविष्य इसाई नेपालीहरूमा नै निर्भर रहेको छ। यस कुरालाई कोरिया र युरोपको इतिहासले प्रमाणित गरिसकेको छ।

आजभन्दा ५० वर्षअघि कोरिया धेरै गरिब देश थियो। इतिहासलाई अध्ययन गर्ने हो भने कोरियालीहरू नेपालीहरूभन्दा पनि गरिब थिए। गरिबी अवस्थामा पनि कोरियाली विश्वासीहरूले परमेश्वरको प्रतिज्ञामाथि भरोसा गरी मण्डलीमा दशांश ल्याए। फलस्वरूप त्यो देशमाथि परमेश्वरको आशिष् आउनथाल्यो। आज कोरिया शैक्षिक, प्राविधिक र आर्थिक क्षेत्रमा अगाडि जाँदैछ। पानीजहाज बनाउने कम्पनिहरूमा कोरिया संसारको अग्रपङ्तीमा छ। सामसुङ्ग, डेबू, हुन्डाइ, एल.जि. जस्ता कोरियन कम्पनीहरू संसारभरि नै प्रख्यात छन्।

भौतिक क्षेत्रमा मात्र होइन आत्मिकी क्षेत्रमा पनि कोरियालीहरू अगाडि छन् । वर्तमान समयको अध्ययनअनुसार ९०% कोरियाली विश्वासीहरूले मण्डलीमा दशांश ल्याउँछन् । सुसमाचारको खातिर विदेशमा मिसनेरीहरू पठाउने देशहरूमा अमेरिकापछि कोरियाको नाउँ आउँछ । नेपालमा २०० भन्दा बढी कोरियाली मिसनेरीहरूले प्रभुको निम्ति दुःख-कष्ट सहेर सेवकाइ गरिरहेका छन् । नेपालका पढेलेखेका जवानहरू कोरियालगायत अरू विकसित देशहरूमा पलायन हुन चाहन्छन् भने कोरियालीहरूचाहिँ विभिन्न प्रकारका समस्याहरू सामना गर्दै नेपालको डाँडा-काँडामा पुगी सुसमाचार प्रचार गर्दै परमेश्वरको राज्यलाई बढाउने काममा लागिरहेका छन् । हाम्रो दृष्टिकोण र उनीहरूको दृष्टिकोणमा कति धेरै फरक छ ! हामी समस्या देखेर नेपालबाहिर जान चाहन्छौँ तर कोरियालीहरू नेपालभित्र आउन चाहन्छन् । त्यसैले हामी र हाम्रो सन्तानले पनि आशिष् पाउने हो भने परमेश्वरको प्रतिज्ञामा विश्वास गरी उहाँको आज्ञाअनुसार नियमित मण्डलीमा दशांश ल्याउनुपर्छ ।

## दशांश दिने ऐतिहासिक अभ्यासहरू
## Historical Practices about Tithe Giving

उत्पत्ति ४ अध्यायलाई अध्ययन गर्ने हो भने त्यस समयमा हाबिलले दशांश दिएकोजस्तो देखिँदैन । त्यहाँ हाबिलले आफ्नो बगालबाट जन्मेको पहिलो पशु परमेश्वरमा ल्यायो । पहिलो जन्मेको पशुको असल कुरा ल्याएकोले परमेश्वरले त्यो भेटी ग्रहण गर्नुभयो । त्यो भेटी ग्रहण गरिनुको अर्को कारणचाहिँ त्यहाँ रगत बगाइएको थियो, जसले उत्पत्ति ३:१५ को मुक्तिको महान् योजनाअनुसार येशू ख्रीष्टको बलिदानलाई सङ्केत गर्छ ।

उत्पत्ति १४ अध्यायलाई अध्ययन गर्ने हो भने अब्राहामले दिएको दशांश मल्कीसेदेक अर्थात् येशूलाई दिएका थिए । दशांश दिएको त्यो घटना बाइबलमा पहिलोपटक उल्लेख गरिएको खण्ड हो ।

मोशाको पुस्तकहरूमा इस्राएलीहरूको इतिहासलाई अध्ययन गर्दा लेवी कुलका मानिसहरूले आम्दानीको निम्ति कुनै सांसारिक काम गर्न पाउँदैनथे । अरू



एघार कुलका मानिसहरूले विभिन्न प्रकारका सांसारिक काम गर्ने गर्थे भने लेवीहरूले परमेश्वरको काम मात्र गर्थे । त्यसैले ती एघार कुलका मानिसहरूले लेवी कुलको अगुवाहरूलाई (पूजाहारीहरूलाई) सहायता गर्नुपर्थ्यो ।

> तिमीहरूका सहरमा बस्ने लेवीहरूलाई नबिर्सनू, किनकि तिनीहरूका आफ्ना केही हिस्सा वा अंश हुँदैन । प्रत्येक तीन वर्षको अन्तमा वर्ष-वर्षको उब्जनीको सबै दशांश सहरको ढुकुटीमा थन्क्याउनू, के तिमीहरूसित सहरमा बस्ने केही हिस्सा वा अंश नहुने लेवीहरू, र परदेशी, टुहुरा-टुहुरी र विधवाहरू आएर अघाउञ्जेल खाऊन्, र परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका सबै काममा तिमीहरूलाई आशिष् दिऊन् (व्यवस्था १४:२७-२९) ।

दशांश दिने वर्ष वा तेस्रो वर्षमा आफ्ना सबै उब्जनीको दशांश छुट्ट्याइसकेपछि लेवी, परदेशी, टुहुरा-टुहुरी र विधवालाई तिमीहरूले त्यो दिनू, ताकि तिमीहरूका सहरहरूमा तिनीहरूले त्यो खाऊन् र तृप्त होऊन् भनी व्यवास्था २६:१२ मा लेखिएको छ । यो खण्डअनुसार मण्डलीको सेवक-सेविका, परदेशी, गरिब, टुहुरा-टुहुरी र विधुवाहरूलाई सहायता गर्ने काम विश्वासीहरूको हो ।

इ.पू. १५०० तिर परमेश्वरले मोशाद्वारा दिनुभएको दश आज्ञा इस्राएलीहरूले इ.पू. १००० अर्थात् दाऊदको समयसम्म पालन गरे तर इ.पू. ७५० अर्थात् आमोश अगमवक्ताको समयमा आइपुग्दा तिनीहरूले ती आज्ञाहरू तोडिसकेका थिए । तिनीहरू विभिन्न प्रकारका मूर्तिपूजाहरूमा सहभागी हुनथाले । त्यसबेला दशांश दिने कामचाहिँ तिनीहरूले गरेका थिए तर परमेश्वरले त्यो दशांश स्वीकार गर्नु भएन । यहूदीहरूलाई बेबिलोनीहरूले कैदमा लगेको समयमा पनि तिनीहरू दशांश दिने गर्थे तर त्यो पनि आमोशको समयमा जस्तै भएकोले परमेश्वरको दृष्टिमा ठीक थिएन । इ.पू. ४०० अर्थात् मलाकी अगमवक्ताको समयमा केही इस्राएलीहरूले दशांश दिन्थे तर केहीले दिँदैनथे । मलाकी ३:१० मा 'सम्पूर्ण दशमांश ढुकुटीमा ल्याओ' भनेर लेखिएको छ, जसको अर्थ तिनीहरूले पूरा १०% दशांश दिएको थिएनन् भन्ने कुरा बुझिन्छ ।

आजभोलि उदारवादी पास्टरहरूले नयाँ करारको समयमा दशांश दिनु आवश्यक छैन भनेर सिकाउँछन्। उनीहरूको विचारअनुसार नयाँ करार अनुग्रहको समय हो तर व्यवस्थाको समय होइन। नयाँ करारमा दशांशसम्बन्धी स्पष्ट आज्ञा नभएकोले अहिले दशांश दिनु आवश्यक छैन भनी तिनीहरू घोषणा गर्छन् ।

मत्ती २३ अध्यायमा येशूले फरिसी र शास्त्रीहरूलाई झूटा अगुवाहरूको संज्ञा दिई धिक्कार्नुभयो । तिनीहरू शैक्षिक क्षेत्रमा धेरै माथि थिए र धार्मिक क्रियालापहरूमा कट्टर पनि थिए तर परमेश्वरको आज्ञाहरूलाई महत्व दिँदैनथे। त्यतिखेरका शास्त्रीहरू र फरिसीहरू अहिलेका उच्च शैक्षिक योग्यता भएका उदारवादी ईश्वरशास्त्री र अगुवाहरूजस्तै थिए। त्यस समयका फरिसीहरू भन्नाले आज-भोलिका कट्टरपन्थी इसाई अगुवाहरूलाई बुझाउँछ र शास्त्रीहरूले चाहिँ उच्च शैक्षिक योग्यता भएका ईश्वरशास्त्रीहरूलाई बुझाउँछ। येशूले ती दुवैथरिका अगुवाहरूलाई कपटी भन्नुभयो । ती कपटी अगुवाहरूले इस्राएलीहरूलाई पुरानो करारको व्यवस्था, र नीति-नियमहरू पालन गर्नैपर्छ भनेर सिकाउँथे तर आफूले चाहिँ पालन गर्दैनथे। येशूले ती अगुवाहरूलाई प्रेम, कृपा, विश्वास र अनुग्रह नभएका भनेर दोस्याउनुभयो ।

> धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, पाखण्डीहरू ! किनकि तिमीहरू पुदीना र सूँप र जीराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ। तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्नेथियो। अन्धा अगुवा हो, तिमीहरू भुसुनु चाल्दछौ, तर ऊँटलाई चाहिँ निलिहाल्दछौ (मत्ती २३:२३-२४) ।

यहाँ येशूले भन्न खोज्नुभएको कुरा के हो भने पुरानो करारका कुराहरू भुसुनाजस्ता र नयाँ करारकका कुराहरूचाहिँ उँटजस्ता हुन्। यहाँ भुसुना र उँटको आत्मिक अर्थ के हो त ?

व्यवस्थाका कुरालाई भुसुनासँग तुलना गर्न सकिन्छ भने प्रेम, विश्वास, कृपा, न्याय, अनुग्रह आदिलाई उँटसँग तुलना गर्न सकिन्छ। त्यस समयका कपटी



अगुवाहरूले भुसुनालाई धेरै महत्व दिए तर उँटलाई कुनै महत्व दिएनन्। हामीले भुसुना र उँटलाई दुवैलाई महत्व दिनुपर्छ। विश्वासीहरूले उँट र भुसुना दुवैलाई अवहेलना गर्नुहुँदैन अर्थात् पुरानो करार र नयाँ करार दुवैलाई समानरूपले विचार गर्नुपर्छ। यसलाई यसरी अर्थ लगाउन सक्छौं- विश्वासीहरूले परमेश्वरले दिनुभएको व्यवस्थाहरू पालना गर्नुपर्छ, दशांश पनि नियमित दिनुपर्छ र त्यसको साथै प्रेम, न्याय, दया, अनुग्रह र विश्वासलाई पनि महत्व दिनुपर्छ। दशांश दिनु भनेको आधारभूत इसाई जीवन अभ्यास गर्नु हो। हामीसँग भएको सम्पत्तिको १०% भाग हाम्रो होइन तर परमेश्वरको हो ।

मत्ती २२:३७-४० मा येशूले भन्नुभयो :

> तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाईजस्तै प्रेम गर्नू। सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुइ आज्ञाहरू हुन् ।

यो खण्ड दश आज्ञाको सारंश हो । दश आज्ञामा पहिलो चार आज्ञाहरू परमेश्वरसित सम्बन्धित छन् भने पछिल्ला छ वटा आज्ञाहरूले मानिससित सम्बन्धित छन् । पुरानो करारका कुराहरू इसाई विश्वासको जगहरू हुन् र ती जगहरूमाथि हामी नयाँ करारमा न्याय, कृपा, प्रेम, अनुग्रह र विश्वासजस्ता खम्बाहरू खडा गर्दछौं। यी कुराहरूलाई येशूले भुसुना र उँटको प्रतीकको रूपमा व्यक्त गर्नुभयो ।

# येशू : रोटी र माछा

## JESUS : BREAD AND FISH

येशू सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ । सृष्टिकर्ता अनि सृष्टि भएका थोकबीचको दूरी धेरै छ । यी दुईको आयाम पनि धेरै फरक छ । परमेश्वरको आयामको तुलनामा हाम्रो आयाम यति सानो छ, कि हामीले उहाँको बारेमा स्पष्टसँग बुझ्न सक्दैनौं । उदाहरणको लागि मानिसको र कमिलाको आयामलाई लिन सकिन्छ । कमिलाले हाम्रो विचार बुझ्न सक्दैन । कमिलालाई हाम्रो कुरा बुझाउने हो भने हामी पनि कमिलाको आयाममा झर्नुपर्छ । त्यसरी नै येशू मानिस भएर यो संसारमा आउनुहँदा उहाँले आफ्नो वास्तविक आयाम र स्तरलाई होच्याउनुभयो । येशू परमेश्वर भएर मानिससँग सम्बन्ध राख्न चाहनुहुन्थ्यो । उहाँ यहूदी घरानामा जन्मनुभयो, तिनीहरूको संस्कृतिलाई स्वीकार्नुभयो ।


धर्मशास्त्र बाइबल नियालेर हेर्दा येशूलाई रोटी र माछाको प्रतिरूपमा देख्न सकिन्छ । एक दिन येशू बेथसेदाको पछाडिपट्टि खुल्ला ठाउँमा जानुभयो । त्यहाँ येशूले पाँच रोटी र दुई माछाले पाँच हजारभन्दा बढीलाई खुवाउनुभयो । यो महत्वपूर्ण घटना सुसमाचारको चार वटै पुस्तकहरूमा उल्लेख गरिएको छ– मत्ती १४:१३-२१. मर्कूस ६:३४-४४. लूका ९:१२-१७. यूहन्ना ६:१-१३ । त्यो दिन येशूले उपदेश दिँदैगर्दा साँझ पऱ्यो । त्यहाँ जम्मा भएका मानिसहरू भोकाएका थिए । चेलाहरूले येशूलाई भने, "गुरुज्यू, यी मानिसहरूलाई बिदा दिनुहोस् ।" तर उहाँले भन्नुभयो, "तिनीहरूलाई बिदा नगर, तर खाना खुवाओ ।" तर चेलाहरूले भने, "यी हजारौं मानिसहरूलाई खुवाउन हामीसँग खाना छैन । हामीसँग केवल पाँच रोटी र दुई माछा मात्र छ ।" येशूले ती रोटी र माछालाई उहाँकहाँ ल्याउन अनुरोध गर्नुभयो र ती मानिसहरूलाई मिलाएर बसाउन लगाउनुभयो । उहाँले रोटी र माछा लिएर परमेश्वरलाई धन्यवाद दिएपछि रोटी भाँचेर चेलाहरूलाई दिनुभयो । चेलाहरूले त्यो मानिसहरूलाई बाँडे । रोटी र माछा सबैले तृप्त हुनेगरी खाए र उब्रेको टुक्रा-टाक्री बटुल्दा बाह्र डालाहरू भरिए ।

केही समयपछि उहाँ सीदोन र टुरोसतिर जानुभयो र फेरि फर्केर गालील क्षेत्रमा आउनुभयो । त्यसबेला मानिसहरूले धेरै रोगी बिरामीहरूलाई उहाँकहाँ ल्याए । ती मानिसहरू तीन दिनसम्म उहाँसँग रहे । येशूले चेलाहरूलाई भन्नुभयो, "यी मानिसहरू खाना नख्वाइकन घर नपठाओ ।" चेलाहरूले भने, "गुरुज्यू, यो ठाउँ उजाड़ स्थानमा छ, हामीसँग केही पनि छैन, उनीहरूलाई कसरी खुवाउने ?" उहाँले भन्नुभयो, "तिमीहरूसँग के छ ?" उनीहरूले भने, "हामीसँग सात वटा रोटी र केही माछाहरू मात्र छन् ।" येशूले ती रोटी र माछा उहाँकहाँ ल्याउनलाई भन्नुभयो । उहाँले त्यो लिएर धन्यवाद दिनुभयो र भाँचेर फेरि चेलाहरूलाई नै दिनुभयो । त्यसबाट चार हजार मानिसहरूलाई तृप्त हुनेगरी खाए र सात डाला उब्रियो । यी आश्चर्यकर्महरू येशूले किन गर्नुभयो ? अनि दुई घटनाहरूको आत्मिक अर्थ के हो ?

> येशूले भन्नुभयो, "जीवनको रोटी म हुँ । मकहाँ आउने भोकाउने छैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन" (यूहन्ना ६:३५) । म स्वर्गबाट ओर्लिआएको रोटी हुँ (यूहन्ना ६:४१) ।

परमेश्वरको वचन मानिसको आत्मिकी रोटी हो । त्यसकारण हामीले परमेश्वरको वचन खायौं भने आत्मिकी पोषक तत्व र शक्ति पाउँछौं ।

इसाई इतिहास अध्ययन गर्दा पहिलो र दास्रो शताब्दीमा सतावट भोग्ने इसाईहरूलाई चिनाउने सङ्केत माछाको चित्र थियो । त्यतिबेला विश्वासीहरूले माछा आकारको छाप आफ्नो नाडी अथवा पाखुरामा राख्थे । उनीहरू भेट हुँदा त्यो चित्र देखाएर एकअर्कामा अभिवादन गर्थे । त्यसैले माछाले पनि येशूलाई नै सङ्केत गर्छ । ग्रीक भाषामा माछालाई इख्थुस (IXθUS) भनिन्छ । यो शब्द पाँच वटा अक्षरहरूले बनेको छ र यी पाँचै वटा अक्षरहरूले येशूलाई नै सङ्केत गर्छ ।




I = ISUS = YSUS = JESUS

X = XRISTOS = CHRIST

θ = θEOS = THEOS = GOD

U = HUIOS = UIOS = SON

S = SOTERIOS = SAVIOR

येशूले माथिका रोटी र माछाको आश्चर्यकर्महरू विशेष उद्देश्य राखेर गर्नुभएको थियो। पहिलो आश्चर्यकर्ममा पाँच रोटीले मोशाको पाँच पुस्तकहरूलाई सङ्केत गर्छ भने दुई माछाले बाइबलको दुई भागहरू अर्थात् पुरानो करार र नयाँ करारलाई सङ्केत गर्छ। त्यसबेला उब्रिएको बाह्र डालाहरूले उहाँका सुरुका बाह्र जना चेलाहरूलाई बुझाउँछ।

रोटी र माछा खुवाएको दोस्रो आश्चर्यकर्ममा उहाँले सातवटा रोटीले चार हजारलाई खुवाउनु भयो र सात डाला उब्रियो। त्यसको पनि विशेष अर्थ छ। ती सातवटा रोटीहरूले प्रकाशको पुस्तमा उल्लिखित सुरुका सात मण्डलीहरूलाई बुझाउँछ।

(१) एफिसीको मण्डली (The Church in Ephesus)

(२) स्मुर्नाको मण्डली (The Church in Smyrna)

(३) पर्गामममको मण्डली (The Church in Pergamum)

(४) थिआटीराको मण्डली (The Church in Thyatira)

(५) सार्डिसको मण्डली (The Church in Sardis)

(६) फिलाडेल्फियाको मण्डली (The Church in Philadelphia)

(७) लाउडिकियाको मण्डली (The Church in Laodicea)

ती सात मण्डलीहरूको आत्मिक अवस्था फरक-फरक थियो, जसले अहिलेको सबै मण्डलीहरूको प्रतिनिधित्व गर्छ। येशू सबै मण्डलीहरूमा हुनुहुन्छ र मण्डलीहरूले बाइबलको पुरानो र नयाँ करार दुबैलाई बराबर महत्व दिनुपर्छ।



येशूका चेलाहरूले माछा पक्रने काम गर्थे। पत्रुस र अन्द्रियासलाई उहाँले भन्नुभयो : “मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहका जालहारी बनाउनेछु” (मर्कूस १:१७)।

पुनरुत्थान हुनुभएपछि येशूले चेलाहरूलाई माछा पक्रन लगाउनुभयो अनि तिनीहरूलाई रोटी र माछा खुवाउनुभयो (यूहन्ना २१:१-१४)।

येशूले चेलाहरूलाई पटक-पटक रोटी र माछा खुवाउनुभएको कुरा हामी बाइबलमा देख्नसक्छौं। वास्तवमा त्यो रोटी र माछाले येशू ख्रीष्टलाई नै बुझाउँछ।

# येशू : दुःख भोग्ने दास

## JESUS : THE SUFFERING SERVANT

के ख्रीष्टले यी कष्टहरू भोग्नु र
आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र ?
लूका २४:२६

मानिसको पुत्रले धेरै दुःख भोग्नु, र धर्म-गुरुहरू, मुख्य पूजाहारीहरू
र शास्त्रीहरूबाट इन्कार गरिनु मारिनु अनि तीन दिनपछि
जीवित भई उठ्नु आवश्यक छ।
मर्कूस ८:३१

येशू परमेश्वर हुनुभएर पनि दुःख-कष्ट भोग्ने दासको रूपमा प्रस्तुत हुनुभयो। यो सिद्धान्त धेरै महत्वपूर्ण छ किनभने यसले इसाई जीवनलाई सही दिशातिर डोऱ्याउँछ। यसको बुझाइ कमजोर भएको कारणले गर्दा इसाई ईश्वरशास्त्रमा भिन्नता देखा पर्दैआएको छ। येशू मुक्तिदाता भएर पृथ्वीमा आउनु भए तापनि किन उहाँले विभिन्न प्रकारका दुःख-कष्ट भोग्नुभयो भन्ने रहस्य बुझ्न सकिएन भने ईश्वरशास्त्रीय मूल्य-मान्यता र त्यसको रङ्ग परिवर्तन हुँदैजान्छ।

उत्पत्ति ३:१५ मा मानिसजातिको मुक्तिको लागि परमेश्वरको महान् योजना उल्लिखित छ। त्यही योजना पूरा गर्नको निम्ति पुत्र परमेश्वर, येशू मानिसको रूप धारण गरी पृथ्वीमा आई विभिन्न प्रकारका दुःख-कष्ट, अभाव, अपमान, हेला-घृणाजस्ता कुराहरू सहेर अन्त्यमा कोर्राको चोटसँगै क्रूसमा बलिदान हुनुभयो । उहाँले यस संसारमा रहुन्जेल दुःख भोग्ने दासको रूपमा निम्नस्तरको जीवनशैली अपनाउनुभयो। उहाँको पहिलो आगमन महिमित र



शक्तिशाली रूपमा भएन तर उहाँको दोस्रो आगमन अति नै महिमित अनि शक्तिशाली राजाको रूपमा हुनेछ।

दुई हजार वर्षअघि येशू यस संसारमा आउनुहुँदा मानिसहरूले उहाँलाई चिन्न सकेनन्। यहूदीहरूका निम्ति उहाँ ठेस लगाउने ढुङ्गो साबित हुनुभयो। दुःख-कष्ट भोग्ने निम्नस्तरको जीवनशैली भएको व्यक्ति मसिह हुनसक्दैन भनी तिनीहरूले ठाने। संसारको मुक्तिदाता भई आउने व्यक्ति शक्तिशाली राजाको रूपमा आउनुपर्छ भनी धेरैले आशा गरेका थिए । त्यही कारणले गर्दा यहूदीहरूले येशूलाई मसिहको रूपमा स्वीकार गर्न सकेनन् । तिनीहरूको मानवीय ज्ञान-बुद्धि र समझशक्तिले पुत्र परमेश्वरलाई चिन्न सकेन। त्यस्तै प्रकारको पूर्वाग्रह राख्ने मानिसहरूले येशूलाई मुक्तिदाताको रूपमा ग्रहण गरी इसाई विश्वासलाई अपनाउन सक्दैनन्।

संसारको मुक्तिदाता अनि परमेश्वर हुनु भएर पनि किन येशूले दुःख भोग्ने दासको रूपमा तल्लो स्तरको जीवन जिउनुभयो त ? अब हामी यस रहस्यको बारेमा चर्चा गर्नेछौं।

पुरानो करार बाइबलमा येशूको पहिलो आगमनबारे भविष्यवाणी गरिएका थुप्रै खण्डहरू छन् । भजनसङ्ग्रह त्यसको मुख्य श्रोत हो । त्यहाँ भएका १५० भजनहरूमध्ये ७४ वटा राजा दाऊदले लेखेका हुन् र तीमध्ये १६ वटा भजनहरूमा मसिहको बारेमा भविष्यवाणीहरू गरिएका छन् । आउनेवाला मसिहलाई दुःख भोग्ने दासको रूपमा त्यहाँ चित्रण गरिएको छ। भजनसङ्ग्रह २२ लाई त्यसको ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ। नयाँ करारका पुस्तकका लेखकहरूले त्यसको केही अंशहरूलाई आफ्ना पुस्तकहरूमा उद्धृत गरेका छन्; जस्तैः मत्ती २७:३५,४६; मर्कूस १५:२१; लूका २२:३५; २४:४४; हिब्रू २:१२ आदि।

भजनसङ्ग्रह २२ मा एक हजार वर्षपछि हुने घटनाहरूबारे परमेश्वरले दाऊदलाई यसरी लेख्न लगाउनुभयो : हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ? ... मलाई देख्नेहरू जति सबैले मेरो ठट्टा गर्छन् ... धेरै साँढेहरूले मलाई घेरेका छन्, बाशानका बलिया साँढेहरू मेरो चारैपट्टि छन् ... आफ्नो शिकार फहराउने भोकाएका गर्जने सिंहहरू मेरो विरुद्ध आफ्ना मुख बाउँछन् ... म त पानीझैँ पोखिएको छु, र मेरा सारा

हड्डीका जोर्नीहरू फुस्केका छन् । मेरो मुटु मैनजस्तै भइसकेको छ, मेरो छातीभित्र त्यो पग्लेको छ । माटोको खपटोझैँ मेरो बल सुकिसकेको छ, र मेरो जिब्रो मेरो तालुमा टाँसिएको छ । तपाईंले मलाई मृत्युको घूलोमा मिलाउनुभएको छ । कुकुरहरू मेरो चारैपट्टि छन्, कुकर्मीहरूको समूहले मलाई घेरेको छ, तिनीहरूले मेरा हात र मेरा खुट्टा छेडेका छन् । मेरा सबै हाडहरू म गन्न सक्छु, मानिसहरूले द्वेषसाथ मलाई एकटक लाएर हेर्छन् । तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन्, र मेरो पोशाकको निम्ति तिनीहरूले चिट्ठा हाल्छन् ... आदि ।

येशू अल्फा र ओमेगा (आदि र अन्त) हुनुहुन्छ । उहाँलाई भूत, भविष्य र वर्तमानको सबै कुरा अवगत हुन्छ । त्यसैकारण आफूले भोग्ने दुःख-कष्ट, आफूले गर्ने काम र आफ्नो अवस्थाहरूको बारेमा उहाँले राजा दाऊदलाई लेख्न लगाउनुभयो र ती कुराहरू हुबहु पूरा भयो । भजनसङ्ग्रह २२:१६ मा 'कुकुरहरू मेरो चारैपट्टि छन्' भनी लेखिएको छ । यहूदी परिप्रेक्ष्यमा 'कुकुर' भन्नाले अन्यजातिहरूलाई बुझाउँछ र त्यसले त्यतिबेलाका रोमी सैनिकहरूलाई सङ्केत गर्दछ ।

मसिहले भोग्नुपर्ने दुःख-कष्टको बारेमा भविष्यवाणी भएको अर्को खण्ड यशैया ५२:१२-५३:१२ हो । यस खण्डमा येशूले भोग्नुभएको दुःख-कष्ट र क्रूसको बलिदानपूर्ण मृत्युको दर्दनाक दृश्यबारे चर्चा गरिएको छ ।

> जसरी उसदेखि धेरै जना व्याकूल थिए- उसको अनुहार चिन्नै नसकिने गरी र उसको चेहरा मानिसको भन्दा पनि कुरूप बनाइएको थियो (यशैया ५२:१४) ।
>
> निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौँ । तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेडियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौँ ... परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ । ऊ थिचोमिचोमा पर्‍यो, र उसलाई कष्ट पर्‍यो, तापनि उसले आफ्नो मुख खोलेन ... अत्याचार र इन्साफद्वारा ऊ लगियो ... तापनि



> उसलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुको इच्छा थियो ... किनभने उसले आफ्नो जीवन मृत्युमा खन्यायो, र ऊ अपराधीहरूको गन्तीमा गनियो । किनकि उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गर्‍यो (यशैया ५३:४-१२) ।

यशैया ५३ अध्यायको बारेमा चाखलाग्दो कुरा के छ भने यहूदी सभाघरमा धर्मशास्त्र वाचन गर्ने क्रममा त्यहाँको यहूदी गुरुले त्यो खण्ड कहिल्यै पढ्दैनन् किनभने मसिहको त्यस्तो प्रकारको तुच्छ अनि दयनीय अवस्थालाई तिनीहरूले स्वीकार गर्दैनन् । त्यसकारण बाइबल पढ्नेले यशैया ५२ अध्यायपछि ५४ अध्याय पढ्ने गर्दछन् । विश्मा करिव एक लाख यहूदीहरूले येशू ख्रीष्टलाई मुक्तिदाता भनी स्वीकार गरेका छन् । पुरानो करारमा उल्लिखित यहोवा परमेश्वर नै नयाँ करारको दुःख भोग्ने येशू हुनुहुन्छ । पहिलो आगमनमा शक्तिहीन देखिनु भए तापनि दोस्रो आगमनमा चाहिँ उहाँ शक्तिशाली अनि महिमित राजाको रूपमा आउनुहुनेछ भनी तिनीहरूले विश्वास गर्दछन् । तिनीहरूलाई मसिही यहूदी (Messainic Jews) भनिन्छ ।

संयुक्त राज्य अमेरिकाको सिकागो, एलोनोइ भन्ने सहरमा बस्ने एक जना मसिही यहूदीले सभाघरको गुरुलाई यसरी प्रश्न गर्दै पत्र पठाए : "गुरुज्यू, तपाईंले धर्मशास्त्र वाचन गर्नुहुँदा यशैया ५३ अध्याय किन पढ्नुहुन्न ?" केही समयअघि त्यो व्यक्ति उक्त गुरुको सहायक थियो । त्यो गुरुले उसलाई यस्तो प्रत्युत्तर पठायो : "त्यसो गर्नु पहिलेदेखि नै चलिआएका हाम्रो धार्मिक परम्परा हो । मलाई लाग्छ, सायद तिमीलाई इसाईहरूले भड्काएको जस्तो छ । के मसिह त्यस्तो तुच्छ अनि दुःख भोग्ने दासको रूपमा आउन सक्नुहुन्छ ? कदापि त्यस्तो हुन सक्दैन । त्यस्तो कुरामा विश्वास नगर बरु फर्केर आई मलाई सहायता गर ।" त्यो व्यक्ति यहूदी सभाघरमा गएन तर यस्तो पत्र पठाइदियो : "प्रिय गुरुज्यू, अब मैले यशैया ५३ अध्यायमा लेखिएका कुराहरू बुझिसकेँ । त्यहाँ लेखिएका कुराहरू मसिह अर्थात् येशू ख्रीष्टको बारेमा हो । मैले उहाँलाई मुक्तिदात भनी विश्वास गरेँ । तपाईं पनि उहाँलाई विश्वास गर्नुहोस् ।"


यस घटनालाई समेटेर सुसमाचारीय पर्चा तयार पारी यहूदीहरूका बीचमा वितरण गर्ने काम भइरहेछ ।

येशू दुःख भोग्ने दास भएर आफूलाई होच्याउनुभएको विषयमा केही ऐतिहासिक तथ्यहरूलाई बुदाँगत रूपमा हेरौँ ।

(१) जन्मेपछि बालक येशूलाई डूँडमा राखियो । सरकारको उर्दीअनुसार गर्भवती मरियमलाई लिएर योसेफ नासरतदेखि लामो यात्रा गरेर जनगणनामा सहभागी हुन बेथलेहेम पुगे । रात कटाउन तिनीहरू गोठमा बस्नुपऱ्यो । चिसो मौसमको त्यही रात येशूको जन्म भयो अनि पशुले दाना-पानी खाने डूँडमा उहाँलाई राखियो । येशू मसिह हुनु भए तापनि उहाँले जन्मैदेखि आफूलाई होच्याएर तल्लो स्तरमा प्रस्तुत गर्नुभयो ।

(२) येशू राजा दाऊदको घरानाको व्यक्ति हुनुहुन्थ्यो र पनि आफूलाई होच्याउँदै उहाँ साधारण सिकर्मीको घरमा जन्मनुभयो । पिताको काममा सहायता गर्नुभएर उहाँले नम्रताको नमुना प्रस्तुत गर्नुभयो ।

(३) येशू आर्थिक रूपमा गरिब हुनुभयो । सेवकाइको क्रममा येशू गालील र यरूशलेम आउने जाने गर्नुहुन्थ्यो तर ती दुवै ठाउँमा उहाँको घर थिएन । यस विषयमा उहाँले भन्नुभयो, “स्यालका दुला र आकाशका चराचुरुङ्गीहरूका गुँड हुन्छन् तर मानिसको पुत्रको लागि त शिर ढल्काउने ठाउँ पनि छैन” (मत्ती ८:२०) । सारा ब्रम्हाण्डको मालिक येशूले आफूलाई रित्त्याएर गरिब हुनुभयो । यहाँसम्म कि तत्कालीन रोमी सरकारलाई कर तिर्नको निम्ति उहाँले आफ्नो चेला पत्रुसलाई समुद्रबाट माछाको मुखमा भएको चाँदीको सिक्का निकाल्न लगाउनुभयो (मत्ती




ो भागमा पर्ने कफर्नहुमलाई आफ्नो सेवकाइको
ाँ प्रायः गरिब, अशिक्षित, मछुवा अनि किसानहरू
चेलाहरू पनि त्यही क्षेत्रबाट चुन्नुभयो । यहूदा
लको दक्षिणी भाग अर्थात् यहूदियाका थिए, र
ः धनी, शिक्षित अनि उच्च स्तरका थिए ।

ःबाट अपमानित हुनुभयो र अन्तमा थुकाइ, कुटाइ
क्रूसमा मर्नुभयो ।



जन्मदेखि मृत्युसम्म नै येशू दुःख भोग्ने दास बन्नुभयो । यी ऐतिहासिक सत्यताहरूलाई मनन् गर्दा हाम्रो मनमा यस्तो प्रश्न आउन सक्छ : “किन येशू दुःख भोग्ने दास भएर संसारमा आउनु भयो ?” यस प्रश्नलाई ईश्वरशास्त्रीय दृष्टिकोणबाट हेरौँ ।

उत्पत्ति ३:१५ मा भएको मुक्तिको महान् योजनालाई पूरा गर्न पुत्र परमेश्वर येशूले आफ्नो ईश्वरत्वलाई रित्त्याएर पृथ्वीमा आउनुभयो । त्यसको निम्ति केही समयको निम्ति उहाँले आफ्नो शक्ति, अधिकार र महिमा त्यागेर विभिन्न दुःख-कष्ट सहेर मर्नुपऱ्यो । सन्त पावल भन्दछन् :

> परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन । तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो । स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्यसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो (फिलिप्पी २:६-८) ।

भ्रष्ट अनि पतन भएको मानवजातिलाई बचाएर नयाँ जीवन दिनको निम्ति उहाँ दुःख भोग्ने दास भई पृथ्वीमा आउनुभयो । आफू मरेर अरूलाई बचाउने परमेश्वरको जीवन दिने सिद्धान्त (Life Giving Principle) हो । क्रूसमा बलिदान हुनुभन्दा एक हप्ताअघि येशूले यस्तो शिक्षा दिनुभयो :

> साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एकलो रहन्छ । तर त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ । आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ (यूहन्ना १२:२४-२६) ।

बिउको एकापट्टि सानो आँखा हुन्छ । माटोमा परेपछि त्यो आँखाबाट टुसा पलाउँछ र बिस्तारै डाँठ, हाँगा पात हुँदै फलहरू फल्न थाल्दछ । त्यस

बोटलाई आवश्यक पर्ने शक्ति बिउमा भएको प्रोटिनले उपलब्ध गराउँछ । अन्त्यमा त्यो प्रोटिन भएको भाग मर्छ र नयाँ जीवनको सुरुवात हुनथाल्छ । यसलाई अर्को शब्दमा भन्ने हो भने एउटा बिउ मरेपछि थुप्रैको जन्म हुन्छ र परमेश्वरले बनाउनु भएको जीवन दिने सिद्धान्त पूरा हुन्छ । प्रजनन प्रक्रिया र पुनर्उत्पादनको निम्ति यो सिद्धान्त सबै सृष्टिमा लागू हुन्छ । अन्न, फलफूल, रूखलगायत पशुपक्षी र मानिसको वृद्धिमा पनि त्यही सिद्धान्त लागू हुन्छ । पुरुषको वीर्यमा भएको सुक्रकिट महिलाको पाठेघरमा भएको अण्डाभित्र गएर मर्छ अनि त्यहाँ नयाँ जीवनको सुरुवात हुन्छ । चराचुरुङ्गी अनि जनावरहरूमा पनि त्यस्तै हुन्छ । परमेश्वरको जीवन दिने सिद्धान्तअनुसार एउटा पक्षले जीवन गुमाउँछ अनि अर्को पक्षले त्यसलाई प्राप्त गर्दछ । त्यही जीवन दिने सिद्धान्तअनुसार पतन भएको मानिसलाई नयाँ जीवन दिन येशू यस संसारमा आएर विभिन्न दुःख भोगेर मर्नुभयो ।

उहाँलाई पछ्याउने मानिसहरूले उहाँकोजस्तै जीवनशैली अपनाओस् भन्ने हेतुले येशू दुःख भोग्ने दास बन्नुभयो । यस विषयमा उहाँले यसो भन्नुभयो :

> यदि कोही मकहाँ आउँछ, र आफ्ना बाबु, आमा, पत्नी, छोराछोरीहरू र दाज्यू-भाइ, दिदी-बहिनीहरूलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन । जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन (लूका १४:२६-२७) ।

यो कुरा येशूले मुखले मात्र भन्नुभएन, व्यवहारमा उतारेर आफ्नो जीवनबाट प्रमाणित गर्नुभयो ।

विश्वका समस्त इसाईहरूमध्ये करिव ९०% नामधारी विश्वासीहरू छन् । हप्तामा एक दिन मण्डली गएपछि भइहाल्छ भन्ने तिनीहरू विचार गर्दछन् । येशूलाई पछ्याउँनको निम्ति जीवनमा दुःख भोग्नु चानचुने कुरा होइन तर सुरुका सेवकहरूले ठूलो जोखिम उठाएर उहाँलाई पछ्याए । पावलले यसरी गवाही दिएका छन् :

> ... मैले ज्यादै परिश्रम गरेँ । कैदमा अझ धेरै पल्ट परेँ । अनगिन्ती कोर्रा खाएँ । मृत्युको मुखमा बारम्बार परेँ । पाँच पल्ट मैले यहूदीहरूका हातबाट एक कम चालीस गरी कोर्रा खाएँ । तीन पल्ट



> मलाई लौराले पिटे । एक पल्ट ढुङ्गाले हाने । तीन पल्ट म चढेको जहाज ध्वस्त भयो । एक दिन एक रात मैले समुद्रमा नै बिताएको छु । मेरो बारम्बारको यात्रामा म नदीहरूको जोखिममा परेँ, डाँकुहरूका जोखिममा, आफ्नै जातिका मानिसहरूका जोखिममा, अन्यजातिहरूका जोखिममा, सहरको जोखिममा, उजाड-स्थानको जोखिममा, समुद्रको जोखिममा, झूटा भाइहरूबाट आउने जोखिममा । परिश्रममा कष्टमा, कति-कति अनिदो रातमा, भोक र प्यासमा, बारम्बार उपवासमा, ठन्डी र नग्नतामा परेँ (२ कोरिन्थी ११:२३-२७) ।

हामीले पनि पावलको जस्तो मनोवृत्ति लिएर दुःख भोग्ने दास बनी येशूले दिनुहुने स्याबासी, इनाम र मुकुट पाउने कोसिस गरौँ । सुख-सुविधा, मान-इज्जत र भौतिक आशिष्मा सबै रमाउँछन् र परमेश्वरलाई धन्यवाद दिन्छन् तर दुःख-कष्ट, सतावट, घटी-कमी र रोगी बिरामी आइपर्दा मानिसहरू आत्तिन्छन् । त्यस्ता अवस्थाहरूमा स्थिर रही येशूको जीवनशैली अनुसरण गरेर उहाँलाई प्रसन्न पार्ने हाम्रो अभिप्राय हुनुपर्छ । यही कुरा सिकाउनको लागि येशू संसारमा आई दुःख भोग्ने दास बन्नुभयो र आफू मरेर हामीलाई जीवित पार्नुभयो । येशूले आफ्नो काम पूरा गरिसक्नुभयो, अब हाम्रो पालो आएको छ । हाम्रो पार्थना, परिश्रम, लगानी र बलिदानले धेरैले नयाँ जीवन पाउनेछन् । यस शिक्षालाई हामीले व्यवहारमा उतार्‍यौँ भने प्रभु येशूले एक दिन यसो भन्नुहुनेछ :

> स्याबास, असल र विश्वासी नोकर ! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु ... (मत्ती २५:२१) ।

# येशूको आगमनबारे पुरानो करारको भविष्यवाणीहरू

## THE OLD TESTAMENT PROPHECIES ON COMING OF JESUS

परमेश्वरले आदमलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो तर उनलाई कहिले सृष्टि गरियो भन्ने हामीलाई थाहा छैन । शैतानको परीक्षामा परेर आदम पतन भएको इ.पू. ४००० तिर हो । आदमको पतनपछि त्रिएक परमेश्वरले मानिसजातिको उद्धार गर्न पुत्र परमेश्वर, येशूलाई संसारमा पठाउने निर्णय गर्नुभयो (उत्पत्ति ३:१५) । त्यो निर्णय कार्यान्वयन हुन करिव ४००० वर्ष लाग्यो । उक्त लामो समयावधिमा येशू ख्रीष्ट पृथ्वीमा आउनुहुन्छ भन्ने भविष्यवाणी बताउन परमेश्वरले धेरै अगमवक्तहरूलाई प्रयोग गर्नुभयो । त्यही उद्देश्यको निम्ति इ.पू. २००० तिर परमेश्वरले अब्राहामलाई बोलावट दिनुभयो, र तिनी इस्राएल राष्ट्र र यहूदीहरूका पिता भए । वास्तवमा भन्ने हो भने येशूको आगमनको लागि नै परमेश्वरले इस्राएल देश र यहूदी जातिलाई चुन्नुभयो ।

पुरानो करार चार भागमा विभाजन गरिएको छ ।

१. व्यवस्थाका पुस्तकहरू (उत्पत्तिदेखि व्यवस्थासम्म)

२. इतिहासको पुस्तकहरू (यहोशूदेखि एस्तरसम्म)

३. कवितात्मक पुस्तकहरू (अय्यूबदखि श्रेष्ठगीतसम्म)

४. भविष्यवाणीका पुस्तकहरू (यशैयादेखि मलाकीसम्म)



पुरानो करारको यी पुस्तकहरूलाई येशूले 'धर्मशास्त्र' भनी भन्नुभयो र त्यहाँ उहाँका बारेमा भविष्यवाणीहरू गरिएका छन् । केही खण्डहरू यहाँ उल्लेख गरिएका छन् ।

> "ए अबूझ मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ ! के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र ?" तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो (लूका २४:२५-२७) ।

> उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ" (लूका २४:४४) ।

> तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ । मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन् (यूहन्ना ५:३९) ।

पुरानो करारमा येशूको अस्तित्वलाई यी खण्डहरूले प्रमाणित गर्दछ, त्यसैले पुरानो करार बाइबल अध्ययन गर्दा त्यहाँ येशूलाई खोज्नुपर्छ । अब हामी पुरानो करारको अर्को रहस्यलाई हेर्नेछौं ।

### आदमदेखि नोआसम्मको वंशावली

### Genealogy from Adam to Noah

उत्पत्ति पाँच अध्यायमा आदमदेखि नोआसम्मको दश पुस्ताका महत्वपूर्ण मानिसहरूको नाउँ लेखिएको छ । ती मानिसहरू करिव-करिव हजार वर्षसम्म बाँचे । बाइबलमा उल्लिखित व्यक्तिहरूको नामको विशेष अर्थ हुन्छ । हिब्रू भाषामा यी व्यक्तिहरूका नाँउको अर्थद्वारा हामीले परमेश्वरको प्रेम, अनुग्रह र उद्धारको महान् योजना थाहा पाउँछौं ।

| पुस्ता | नाउँ | नाउँको अर्थ |
|---|---|---|
| १. | आदम | मानिस |
| २. | शेत | नियुक्त गरिएको |
| ३. | एनोश | मर्नुपर्ने, विनाशी |
| ४. | कनान | दुःख |
| ५. | महलालेल | धन्य परमेश्वर |
| ६. | येरेद | तल ओर्लनुहुनेछ |
| ७. | हनोक | सिकाउनु |
| ८. | मतूशेलह | उनको दुःखले केही ल्याउनेछ |
| ९. | लेमेख | दुःख |
| १०. | नोआ | शान्त्वना |

यी मानिसहरूले करिव सय वर्षको उमेरमा पहिलो सन्तान जन्माए । त्यसबेलाको वातावरण, खाना र जीवनशैली आजको भन्दा धेरै राम्रो भएकोले लामो आयु पाएका हुनसक्छन् । यी दश जनामध्ये सातौं पुस्ताका हनोकलाई परमेश्वरले जिउँदै उठाइलानुभयो (उत्पत्ति ५:२४) । परमेश्वरको दृष्टिकोणमा सङ्ख्या ७ सिद्ध सङ्ख्या हो । त्यस्तै गरी सङ्ख्या ३ त्रिएक परमेश्वरलाई बुझाउने सङ्ख्या हो । सातमा तीन जोड्दा दश हुन्छ । सङ्ख्या १० पनि पूर्ण र सिद्ध सङ्ख्या हो ।

यी दश जना मानिसहरूका नाम स्वयम् येशूले राखिदिनुभयो र तिनीहरूका नाउँले उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने महत्वपूर्ण कुराहरू बताउँदछ । तिनीहरूका नाउँहरूलाई जोडेर वाक्य बनाउँदा यस्तो हुन्छ : "मानिसलाई परमेश्वरले नियुक्त गर्नुभएको थियो, तर ऊ मर्नुपर्ने भयो, र उसले धेरै दुःख पायो तर धन्य परमेश्वर तल ओर्लनुहनेछ र सिकाउनुहुनेछ अनि उहाँको मृत्युले दुःखलाई शान्त्वनामा परिवर्तन गरिदिनुहुनेछ ।" यहाँ चाखलाग्दो कुरा के छ भने यी सुरुका मानिसहरूबाट हामी भविष्यमा उद्धारकर्ता आउनुहुनेछ भन्ने रहस्य पत्ता लगाउन सक्छौं ।



## येशूको बारेमा गरिएका भविष्यवाणीहरू
## Prophecies about Jesus

त्रिएक परमेश्वरको निर्णयअनुसार पुत्र परमेश्वर येशू यस संसारमा आउनुहुने विषयमा पुरानो करारका अगमवक्ताहरूले भविष्यवाणी गरे, जुन अक्षरशः पूरा भए । ती भविष्यवाणीहरू मानवीय दृष्टिकोणले हेर्दा असम्भवजस्ता थिए तर परमेश्वरले त्यसलाई सम्भव तुल्याउनुभयो । केही महत्वपूर्ण भविष्यवाणीहरू यसप्रकारका छन् ।

**दाऊदको भविष्यवाणी**

किनभने तपाईंले मेरो प्राणलाई चिहानमा छोड्नुहुनेछैन, नता तपाईंले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ (भ.सं. १६:१०) । त्यो कुरा प्रेरित २:३१ मा पूरा भयो ।

तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्नेछन्, र मेरो पोशाकको निम्ति तिनीहरूले चिट्ठा हाल्छन् (भ.सं. २२:१८) । त्यो कुरा यूहन्ना १९:२३,२४ मा पूरा भयो ।

परमप्रभुले त्यसका सबै हाड़हरूको रक्षा गर्नुहुन्छ । तिनमा एउटै पनि भाँचिदैन (भ.सं. ३४:२०) । त्यो कुरा यूहन्ना १९:३३ मा पूरा भयो ।

मैले भरोसा गरेको मेरो परममित्र समेत, जसले मेरै रोटी खान्थ्यो, त्यसले मेरो विरुद्धमा लात उठाएको छ (भ.सं. ४१:९) । त्यो कुरा मत्ती २६:४७,४८ मा पूरा भयो ।

**यशैयाको भविष्यवाणी**

मरुभूमिमा परमप्रभुको निम्ति बाटो तयार गर (यशैया ४०:३) । त्यो कुरा बप्तिस्मा दिने यूहन्नाको जीवनबाट पूरा भयो (मत्ती ३:१. यूहन्ना १:२९) ।

तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो (यशैया ५३:५) । त्यो कुरा लूका २३:३३ मा पूरा भयो ।

हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं (यशैया ५३:५) । त्यो कुरा मत्ती २७:२६ मा पूरा भयो ।

मैले मेरो पीठ मलाई पिट्नेहरूलाई, र दाह्री लुछ्नेहरूलाई मेरो गाला फर्काइदिएँ । ठट्टा र थुकाइबाट मैले मेरो मुख लुकाइनँ (यशैया ५०:६) । त्यो कुरा मत्ती २६:६७ मा पूरा भयो ।

ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन । मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लगियो । आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन (यशैया ५३:७) । त्यो कुरा मत्ती २७:११-१४ मा पूरा भयो ।

उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन नता उसको मुखमा केही छल थियो (यशैया ५३:९) । त्यो कुरा मत्ती २७:५६-६१ मा पूरा भयो ।

ऊ अपराधीहरूको गन्तीमा गनियो (यशैया ५३:१२) । त्यो कुरा मत्ती २७:३८ मा पूरा भयो ।

यिसैको ठुटाबाट एउटा टुसा निस्कनेछ, त्यसका जराहरूबाट निस्केको हाँगाले फल फलाउनेछ । परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ (यशैया ११:१,२) । त्यो कुरा मत्ती १:१-१६ मा पूरा भयो ।

हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ (यशैया ७:१४) । त्यो कुरा मत्ती १:२०-२५ मा पूरा भयो ।

**आमोसको भविष्यवाणी**

'त्यस दिन म सूर्यलाई मध्यदिनमा अस्ताइदिनेछु, र उज्यालो हुँदै पृथ्वीलाई अँध्यारो पारिदिनेछु' (आमोस ८:९) । त्यो कुरा मत्ती २७:४५ मा पूरा भयो ।

**मीकाको भविष्यवाणी**

तर ए बेथलेहेम एप्राता, तँ यहूदाका कुलहरूमध्ये सानो भए तापनि तँबाट मेरो निम्ति एक जना निस्कनुहुनेछ, जसको सुरु पुरानो समयदेखि अर्थात् प्राचीनकालदेखि नै छ (मीका ५:२) । त्यो कुरा मत्ती २:१ मा पूरा भयो ।

**जकरियाको भविष्यवाणी**

हे सियोनकी छोरी, खूब रमाऊ । हे यरूशलेमकी छोरी, जोरसित कराऊ ! हेर, तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ । उहाँ धर्मात्मा र मुक्तिदाता हुनुहुन्छ ।



उहाँ भला हुनुहुन्छ, र गधामाथि, अर्थात् गधाको बच्चा एउटा बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ (जकरिया ९:९) । त्यो कुरा मत्ती २१:५ मा पूरा भयो ।

यसैले तिनीहरूले मलाई चाँदीका तीस टुक्रा दिए (जकरिया ११:१२) । त्यो कुरा मत्ती २६:१५ मा पूरा भयो ।

त्यो पैसा कुमालेलाई फ्याँकिदे'– यो बहुमूल्य दाम जो तिनीहरूले मेरो निम्ति लगाए । तब मैले चाँदीका ती तीस टुक्रा लगेर परमप्रभुका भवनका भण्डारमा कुमालेको निम्ति फालिदिएँ (जकरिया ११:१३) । त्यो कुरा मत्ती २७:३-१० मा पूरा भयो ।

तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका छन्, र जसरी एकमात्र छोराको लागि कोही शोक गर्दछ, त्यसरी नै तिनीहरू उनको लागि शोक गर्नेछन्, पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन् (जकरिया १२:१०) । त्यो कुरा यूहन्ना १९:३४-३७ मा पूरा भयो ।


यी भविष्यवाणीहरू हामीलाई छक्कै पार्नेखालका छन् । येशूको बारेमा भविष्यवाणी गर्ने अगमवक्ताहरूका अस्तित्व फरक-फरक कालखण्डमा भएको थियो । तिनीहरूले एकअर्कालाई देख्ने र भेट्ने मौका पाएनन् र पनि येशूका बारेमा तिनीहरूले भनेका कुराहरू एक-एक गरी पूरा भए । यदि परमेश्वरले ती कुराहरू नदिनुभएको भए कदापि तिनीहरूका भविष्यवाणीहरूमा एकरूपता हुनेथिएन । मानवजगतमाथि उहाँको विशेष उद्देश्य, योजना र अभिप्राय भएकोले गर्दा नै यी भविष्यवाणीहरू पूरा भए । येशूका बारेमा गरेका भविष्यवाणीहरू पूरा भएको स्वयम् ती अगमवक्ताहरूले देख्न वा सुन्न पाएका भए कति धेरै अचम्मित हुनेथिए होलान् ?

## येशूका बारेमा भएका भविष्यवाणीहरूका तालिका
## A Table of Prophecies about Jesus

| क्र.सं. | पु.क. खण्ड | न.क. खण्ड | विषय |
|---|---|---|---|
| १ | मीका ५:२ | मत्ती २:१ | येशूको जन्म बेथलेहेममा हुनेछ |
| २ | यशैया ४०:३ | मत्ती ३:१,२ यू १:२९ | बप्तिस्मा दिने यूहन्ना र यशैया |
| ३ | जक ९:९ | मत्ती २१:५ | येशू गधामाथि सवार हुनुहुनेछ |
| ४ | भ.सं. ४१:९ | मत्ती २६:४७,४८ | नजिकको व्यक्तिले धोका दिन्छ |
| ५ | यशैया ५३:५ | लूका २३:३३ | येशूका हात खुट्टाहरू छेडिनेछन् |
| ६ | यशैया ५३:५ | मत्ती २७:२६ | येशूलाई कोर्रा हानिनेछ |
| ७ | जक ११:१२ | मत्ती २६:१५ | तीस सिक्कामा धोका हुन्छ |
| ८ | यशैया ५०:६ | मत्ती २६:६७ | थुकिनेछ, थप्पड हानिनेछ |
| ९ | जक ११:१३ | मत्ती २७:३-१० | कुमालेको जमिन किनिनेछ |
| १० | यशैया ५३:७ | मत्ती २७:११-१४ | येशू दोषमा पनि मौन हुनुहुनेछ |
| ११ | यशैया ५३:१२ | मत्ती २७:३८ | येशू चोरहरूको साथमा |
| १२ | भ.सं. २२:१८ | यूहन्ना १९:२३,२४ | येशूको वस्त्रमा चिट्ठा हालिनेछ |
| १३ | जक १२:१० | यूहन्ना १९:३४-३७ | येशूलाई भालाले घोचिनेछ |
| १४ | भ.सं. ३४:२० | यूहन्ना १९:३३ | येशूको हाँड़हरू भाचिनेछैनन् |
| १५ | भ.सं. १६:१० | प्रेरित २:३१ | येशूको पुनरुत्थान हुनेछ |
| १६ | यशैया ५३:९ | मत्ती २७:५६-६१ | येशू धनी मानिससँग गाडिनेछ |
| १७ | आमोस ८:९ | मत्ती २७:४५ | मध्य दिनमा अन्धकार हुनेछ |
| १८ | यशैया ११:१,२ | मत्ती १:१-१६ | येशू यिशै र दाऊदको वंशवाट |
| १९ | यशैया ७:१४ | मत्ती १:२०-२५ | येशू कन्याबाट जन्मनुहुनेछ |



यशैया ११:१-३ मा यस्तो भविष्यावाणी गरिएको छ : यिशैको ठुटाबाट एउटा टुसा निस्कनेछ, त्यसका जराहरूबाट निस्केको हाँगाले फल फलाउनेछ। परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ– बुद्धि र समझका आत्मा, सल्लाह र शक्तिका आत्मा, ज्ञान र परमप्रभुको भयको आत्मा अनि परमप्रभुको भयमा नै उहाँ प्रसन्न हुनुहुनेछ। यिशै भन्ने व्यक्ति यहूदा कुलका इस्राएलको दोस्रो राजा दाऊदका पिता हुन्। दाऊदको घरनामा नै येशूको जन्म भयो। यशैया ११:१ ले येशूको आगमनको बारेमा भविष्यवाणी गर्दछ र यस विषयमा हामीलाई छक्क पार्ने कुरा के हो भने येशूका बाबु र आमा अर्थात् योसेफ र मरियम दुवै जना अब्राहाम, यिशै र दाऊदका कुलका हुन्।



मत्ती १:१-१६ मा योसेफको वंशावली छ। उनी अब्राहाम, यिशै, दाऊद र सलोमनको वंशबाट जन्मिए । लूका ३:२३-३४ मा मरियमको वंशावली छ। यी दुवै येशूका वंशावली भए तापनि यिनीहरूमा भिन्नता छ। मत्तीले अब्राहामदेखि येशूसम्मको वंशावली उल्लेख गरेका छन् भने लूकाले चाहिँ येशूबाट सुरु गरेर अब्राहाम हुँदै आदमसम्मको वंशावली प्रस्तुत गरेका छन्। सरसर्ती हेर्दा यो दुवै वंशावली बुझ्न गाह्रो छ । यसलाई स्पष्ट पार्न यहूदीहरूका इतिहासलाई हामीले बुझ्नुपर्छ । यहूदी समाज र संस्कृतिले पितृसतात्मक परम्परामाथि मान्यता राख्दथ्यो। तिनीहरूले वंशावलीमा पुरुषलाई मात्र समावेश गर्थे। त्यसैले योसेफ र मरियम दुवैको वंशावलीमा पुरुषहरूका नाम मात्र पाइन्छन्। योसेफको पिताको नाउँ याकूब थियो अनि मरियमको पिताको नाउँ यली थियो, यसर्थ मरियमको ससुरा याकूब हुन भने योसेफको ससुरा यली हुन् । (नोट : लूका ३:२३ मा योसेफ यलीका छोरा भनेर लेखिएता पनि वास्तवमा तिनी यलीका ज्वाइँ हुन् ।) यो कुरा स्पष्ट भएपछि त्यो दुवै वंशावली छर्लङ्ग हुनजान्छ ।

किन बाइबलले दुई प्रकारको वंशावली प्रस्तुत गर्दछ ?

किनभने दुवै वंशावलीको मुख्य उद्देश्य येशूको बुबा र आमा दुवैजना यिशैको वंशबाट आएका हुन् भनेर देखाउनु हो र साथै यशैया ११:१ को भविष्यवाणी पूरा भएको प्रमाण दिनु हो। यस वंशावलीको अर्को महत्वपूर्ण कुरा के हो भने योसेफ र मरियम दुवै जना दाऊद र बेथसेवाका सन्तान हुन्। मत्ती १:१-१६ को वंशावलीमा पाँचजना स्त्रीहरूको नाउँ राखिएको छ।

१. तामार (कनानी) – मत्ती १:३

२. राहाब (कनानी) – मत्ती १:५

३. रुथ (मोआबी) – मत्ती १:५

४. बेथसेवा (हित्ती) – मत्ती १:६ (उरियाहकी पत्नी)

५. मरियम (यहूदी) – मत्ती १:१६

यद्यपि येशू योसेफ र मरियमको छोरा हुनुभए तापनि उहाँमा ती दुवैको रगत मिसिएको थिएन किनभने पवित्र व्यक्तिमा पापी मानिसको रगत मिसिन



असम्भव छ । येशू मरिएमको कोखमा हुर्कनु भए तापनि रगत मिसिएको थिएन भनी विद्वान्हरू घोषणा गर्नुहुन्छ। मेडिकल डाक्टरहरूका दाबीअनुसार बालकको रगत आमासँग मिल्दैन । जन्म दिने आमा बिरामी भएर रगत चाहियो भने ग्रूप नमिल्ने छोराका रगत काम लाग्दैन।

येशूको वंशावलीमा अयहूदीहरूको रगत मिसिएको छ किनभने तामार, राहाब, रुथ र बेथसेवा यहूदी महिलाहरू होइनन्। तिनीहरू राम्रा घराना र असल चरित्रका पनि थिएनन्। तामार कनानी महिला थिइन् र तिनले वेश्याको भूमिका निभाइन् (उत्पत्ति ३८:१-३०) । राहाब कनानी वेश्या थिइन् (यहोशू २:१)। रुथ मोआबी जातकी महिला थिइन् (रूथ १:४)। बेथसेवा आफ्नो लोग्ने मरेपछि दोस्रो विवाह गर्ने महिला थिइन् (२ शमूएल ११: १-२७)।

किन येशूको वंशावलीमा अन्यजाति अनि अपवित्र महिलाहरू समावेश भए ? अनि त्यसको आत्मिक अर्थ के हो ? यस्ता अप्रिय घटनाहरू किन पवित्र धर्मशास्त्रमा राखियो ?

यी प्रश्नहरूका धेरै उत्तरहरू हुनसक्छन् तर जे भए तापनि यी कुराहरूले पापी मानिसको निम्ति ठूलो आशा प्रकट गरेको छ। सुसमाचार यहूदीको लागि मात्र सीमित छैन, त्यो अन्यजाति र पापीहरूका लागि पनि हो भन्न अर्थ पनि धेरैले लगाएका छन् । परमेश्वर प्रेमिलो अनि दयालु हुनुहुन्छ । उहाँले पापीलाई प्रेम गर्नुहुन्छ। वास्तवमा भन्ने होभने येशू पतन भएको भ्रष्ट अनि पापी मानिसहरूलाई बचाउन पृथ्वीमा आउनुभयो। उहाँको आगमन अचानक र संयोगवश भएन तर योजनावद्ध अनि तयारीका साथ अगमवक्ताहरूद्वारा अग्रिम जानकारी दिनुभएपछि उहाँ आफ्नो ठीक समयमा आउनुभयो।

# येशूको मनुष्यत्व
## THE HUMANITY OF JESUS

येशू ईश्वर अनि मानव हुनुहुन्छ। अब हामी उहाँको मानवताको विषयमा अध्ययन गर्नेछौं। येशूको मानवतालाई स्वीकार नगर्ने धेरै झूटा शिक्षाहरू संसारमा निस्किआए र वर्तमान समयमा पनि तिनीहरूको प्रभाव परिरहेको छ। ती झूटा शिक्षाहरूमध्ये 'यहोवाको शाक्षी' मुख्य हो। केही उदारवादी ईश्वरशास्त्रीहरू यस प्रकारको शिक्षाबाट प्रभावित भएर येशूको ईश्वरत्व र मनुष्यत्वको विरुद्धमा लागेका छन्। इसाई इतिहासमा येशूको ईश्वरत्व जति धेरै विवादस्पथ भयो, उहाँको मानवता त्यति विवादस्पथ भएन तर पनि पहिलो, दोस्रो, तेस्रो र चौथो शताब्दीमा यस विषयमा झूटा शिक्षाहरू निस्केका थिए। ख्रीष्टशास्त्रले येशूको ईश्वरत्व र मानवतालाई यसरी व्याख्या गर्दछ : येशू सतप्रतिसत ईश्वर हुनुहुन्छ अनि सतप्रतिसत मानिस हुनुहुन्छ। यदि कसैले यस कुरालाई स्वीकार गर्दैन भने त्यो झूटाशिक्षा हो।

पहिलो शताब्दीमा डोकेटिजम् (Docetism) भन्ने झूटा शिक्षाले येशू मानिसजस्तै देखिए तापनि मानिस भने होइन भन्दछ। यो भनाइ पहिलो र दोस्रो शताब्दीका इसाईहरूका बीचमा प्रख्यात थियो। चौथो शताब्दीमा निस्केको अपोल्लियानाजिम् (Apollianalism) भन्ने सिद्धानतले येशूको शरीर मानवीय थियो तर उहाँको मन, मष्तिस्क र आत्माचाहिँ ईश्वरीय थियो भन्दछ। त्यसैबेलाको नेस्टोरियानिजम् (Nestorianism) भन्ने सिद्धान्तले मरियमको गर्भमा भएको बालक साधारण मानवीय शिशु थियो तर उसले बप्तिस्मा लिएपछि ईश्वरमा परिणत भयो भन्दछ।

येशूको पूर्ण ईश्वरत्व र पूर्ण मानवतालाई इन्कार गर्ने यसप्रकारका सिद्धान्तहरू झूटा हुन्। बाइबलले उहाँ पूर्ण मानिस र पूर्ण ईश्वर हुनुहुन्छ भनी बताउँछ।

> तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो। त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ (फिलिप्पी २:५-११)।

येशू मानिस हुनुभएकोले भौतिक रूपमा, शारीरिक रूपमा, भावनात्मक रूपमा, मनोवैज्ञानिक रूपमा र बौद्धिक रूपमा उहाँ हामीजस्तै हुनुहुन्थ्यो। उहाँले हामीजस्तै कुराकानी गरी आफ्नो मनको कुरा व्यक्त गर्नुहुन्थयो। तर केही क्षेत्रमा भने उहाँ हामीभन्दा फरक हुनुहुन्थ्यो। त्यो के हो भने पवित्र आत्मा सधैँ उहाँसँग हुनुहुन्थ्यो र स्वर्गदूतहरू उहाँको वरिपरि बसिरहन्थे। हामी पापी छौं तर उहाँ पापरहित हुनुहुन्थ्यो। तीन वर्षको सेवकाइ अवधिमा येशूको जीवनमा मानवीय सीमितताहरू देख्न सकिन्छ; जस्तै :

**येशू भोकाउनु भयो**

उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो (मत्ती ४:२)।

**येशू तिर्खाउनुभयो**

यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, 'मलाई तिर्खा लाग्यो' (यूहन्ना १९:२८)।

**येशू थाक्नुभयो**

येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो। प्रायः मध्यान्ह भएको थियो (यूहन्ना ४:६)।

**येशू रिसाउनुभयो**

तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "साना बाल बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो" (मर्कूस १०:१४) ।

यहूदीहरूको निस्तार-चाड़ नजिकै थियो, र येशू यरूशलेममा जानुभयो । उहाँले मन्दिरमा गोरु, भेड़ा र ढुकुर बेच्नेहरू र पैसा साट्नेहरूले किनबेच गरिरहेका भेट्टाउनुभयो । तब डोरीको एउटा कोर्रा बनाएर उहाँले मन्दिरबाट ती सबैलाई, तिनका भेड़ाहरू र गोरुहरूलाई समेत मन्दिरबाट बाहिर लघार्नुभयो, र पैसा साट्नेहरूको रेचकी घोप्टचाएर तिनीहरूका टेबिल पल्टाइदिनुभयो । ढुकुर बेच्नेहरूलाई उहाँले भन्नुभयो, "यहाँबाट यी सब थोक लैजाओ । मेरा पिताको भवनलाई व्यापारको घर नतुल्याओ" (यूहन्ना २:१३-१६) ।

**येशूले प्रेम गर्नुभयो**

यी दुइ दिदीहरूले येशूकहाँ यसो भनी समाचार पठाए, "प्रभु, जसलाई तपाईं माया गर्नुहुन्छ, तिनी बिरामी छन्" (यूहन्ना ११:३) ।

उहाँका चेलाहरूमध्ये येशूले प्रेम गर्नुहुने चेलाचाहिँ येशूको छातीमा अड़ेस लागिरहेका थिए (यूहन्ना १३:२३) ।

**येशू आनन्दित हुनुभयो**

मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस् (यूहन्ना १५:११) ।

तर अब म तपाईंकहाँ आइरहेछु । संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस् (यूहन्ना १७:१३) ।

**येशू रुनुभयो**

यशू रुनुभयो (यूहन्ना ११:३५) ।

**येशू शोकित र व्याकुल हुनुभयो**

आफूसँग पत्रुस र जब्दियाका दुइ छोराहरूलाई लिएर उहाँ शोकित र व्याकुल हुन लाग्नुभयो (मत्ती २६:३७) ।



**अपमान र कष्ट सहनुभयो**

हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो ... (हिब्रू १२:२) ।

**येशू शारीरिक रूपमा सताइनुभयो**

तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो (यूहन्ना १९:३४) ।

**येशू शारीरिक रूपमा मर्नुभयो**

तब येशू फेरि ठूलो सोरले कराउनुभयो र आफ्नो आत्मा त्याग्नुभयो (मत्ती २७:५०) ।

यी बाइबल खण्डहरूले येशू १००% मानिस हुनुहुन्थ्यो भनी प्रमाणित गर्दछ । उहाँको अस्तित्व संसारको सृष्टिभन्दा अघिदेखि नै थियो ।

आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो ... अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एक मात्र पुत्रको जस्तो थियो (यूहन्ना १:१,१४ ।

स्वर्गबाट ओर्लिआउने मानिसको पुत्रबाहेक कोही पनि स्वर्गमा उक्लेको छैन ( यूहन्ना ३:१३) ।

उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ । पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो (हिब्रू १:३) ।

कृपया रोमी ८:३ र हिब्रू २:१४-१५ पनि हेर्नुहोस् ।

## येशूको बौद्धिक गुणहरू
## Intellectual Qualities of Jesus

येशूलाई भूत, भविष्य र वर्तमान सबै कुरा थाहा थियो। त्यति मात्र होइन उहाँले मानिसको मनभित्र भएको कुरा पनि बुझ्नुहुन्थ्यो । उहाँ सर्वज्ञानी, सर्वव्यापि, सर्वशक्तिमान्, सर्वगुण सम्पन्न र सार्वभौम सम्पन्न हुनुहुन्थ्यो। उहाँको बौद्धिक गुणहरूसम्बन्धी केही बाइबल खण्डहरू हेरौँ।

> त्यसबेला तिनीहरूमध्ये ठूलो को हो भन्ने विषयमा आपसमा बहस चल्यो। तर येशूले तिनीहरूका मनको विचार थाहा पाएर एउटा बालकलाई लिई आफ्नो छेउमा राख्नुभयो, र तिनीहरूलाई भन्नुभयो, "जसले मेरो नाउँमा यस बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ, र जसले मलाई ग्रहण गर्छ, त्यसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ। किनभने तिमीहरू सबैमध्ये जो सबैभन्दा सानो छ, त्यही ठूलो हुन्छ" (लूका ९:४६-४८)।

चेलाहरूका मनभित्र कस्ता विचारहरू थिए र तिनीहरूको उद्देश्य के थियो भन्ने कुरा येशूलाई अग्रीम जानकारी थियो। त्यसैले उहाँले तिनीहरूलाई नम्रतासम्बन्धी महत्वपूर्ण पाठ सिकाउनुभयो।

> किनकि मानिस के हो भनी उहाँ जान्नुहुन्थ्यो। उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वयम् जान्नुहुन्थ्यो (यूहन्ना २:२५)।

येशू सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ। उहाँले सृष्टि गर्नुभएको सृष्टिको बारेमा उहाँलाई राम्रो जानकारी हुन्छ। मानिसको हृदयमा के-कस्ता कुराहरू भरिएको छ भन्ने कुरा उहाँलाई थाहा हुन्छ।

> त्यस स्त्रीले भनी, "मेरो लोग्ने छैन"। येशूले त्यसलाई भन्नुभयो, "तिम्रो लोग्ने छैन भनी तिमीले ठीकै भन्यौ, किनभने तिम्रा पाँच जना लोग्ने भइसकेका छन्, र जो अहिले तिमीसँग छ, त्यो तिम्रो लोग्ने होइन। तिमीले यो साँचो भनेकी हौ" (यूहन्ना ४:१७-१८)।



येशू सर्वज्ञानी हुनुभएकोले गर्दा उहाँलाई सामरी स्त्रीको पाँचजना लोग्ने भइसकेको थियो भन्ने कुरा थाहा थियो। त्यो आइमाई परपुरुषसँग बसिरहेको र त्यो उसको लोग्ने होइन भन्ने कुरा पनि उहाँलाई थाहा थियो। येशूले भन्नुभएको कुराले सामरी स्त्रीलाई छक्क तुल्यायो र आफ्नो गाग्रो नै छोडेर नगरतिर गई मानिसहरूको बीचमा उहाँको बारेमा घोषणा गरिन् र परिणामस्वरूप सामरियामा बस्ने धेरै मानिसहरूले उहाँमाथि विश्वास गरे।

> पत्रुसले उहाँलाई जवाफ दिए, "तपाईंको कारणले सबै जना पछि हटे तापनि म कहिल्यै पछि हट्नेछैनँ"। येशूले तिनलाई भन्नुभयो, "साँच्चै, म तिमीलाई भन्दछु, आजै राती भाले बास्नअघि तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ" (मत्ती २६:३३-३४)।

यस खण्डबाट हामी के बुझ्न सक्छौँ भने, पत्रुसले उहाँलाई खुसी पार्न जे-जस्तो कुरा भने तापनि उसको हृदय कस्तो छ र भविष्यमा उसले कस्तो व्यवहार गर्नेछ भन्ने कुरा येशूलाई थाहा थियो। त्यही रात उहाँ गिरफ्तारीमा पर्नुहुनेछ र पत्रुसले तीनपटक इन्कार गर्नेछ भन्ने कुरा पनि उहाँलाई पहिल्यै थाहा थियो।

माथि उल्लेखित बाइबल खण्डहरूलाई गहिरिएर हेर्ने हो भने हामी निश्चित रूपमा भन्न सक्छौँ, कि येशू सर्वज्ञानी हुनुहुन्थ्यो । उहाँको बौद्धिक गुण असीमित थियो। उहाँ यस संसारमा करिव ३३ वर्षसम्म रहनुहुँदा शारीरिक रूपमा, मनोवैज्ञानिक रूपमा र भावनात्मक रूपमा हामीजस्तै देखिनुभए तापनि बौद्धिक रूपमा चाहिँ हामीभन्दा धेरै उच्च स्तरको हुनुहुन्थ्यो। उहाँको बौद्धिक गुण नाप्न र तुलना गर्न सकिँदैन।

येशूको बौद्धिक गुणको विषयमा अर्को महत्वपूर्ण कुरा के हो भने आफू क्रूसमा टाँङ्गिएर मर्नुपर्छ भन्ने कुरा उहाँलाई थाहा थियो र यस विषयसँग सम्बन्धित १७ वटा बाइबल खण्डहरू तल उल्लेख गरिएका छन्।

१. उहाँ कसरी यरूशलेममा जानुपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनुपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुपर्छ भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरूलाई बताउन थाल्नुभयो (मत्ती १६:२१)।

२. जब उहाँहरू पहाड़बाट ओर्लँदैहुनुहुन्थ्यो, येशूले तिनीहरूलाई आज्ञा गर्नुभयो, "जबसम्म मानिसको पुत्र मृतकबाट जीवित भई उठ्दैन, तबसम्म तिमीहरूले यो दर्शनको कुरा कसैलाई नभन्नू" (मत्ती १७:९) ।

३. उहाँहरू गालीलमा भेला हुँदा येशूले तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्र मानिसहरूका हातमा सुम्पिइनेछ। अनि तिनीहरूले उसलाई मार्नेछन्, तर तेस्रो दिनमा ऊ जीवित भई उठ्नेछ"। अनि तिनीहरू अत्यन्त दु:खित भए (मत्ती १७:२२-२३) ।

४. यरूशलेमतिर जाँदैहुनुहुँदा येशूले बाह्र चेलाहरूलाई अलग्ग लगेर बाटोमा तिनीहरूलाई भन्नुभयो, "हामी यरूशलेमतिर जाँदैछौं। अब मानिसको पुत्र मुख्य पूजाहारीहरू र शास्त्रीहरूका हातमा सुम्पिइनेछ, र तिनीहरूले उसलाई मृत्युदण्डको दोषी ठहराउनेछन्। उसलाई गिल्ला गर्न, कोर्रा लाउन, र क्रूसमा टाँग्न भनी तिनीहरूले उसलाई अन्यजातिहरूका हातमा सुम्पनेछन्, र तेस्रो दिनमा ऊ जीवित भई उठ्नेछ" (मत्ती २०:१७-१९) ।

५. जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो (मत्ती २०:२७-२८) ।

६. तब तिनीहरूले तिनलाई समातेर दाखबारी बाहिर लगे र तिनलाई मारे (मत्ती २१:३९) ।

७. तिमीहरूलाई थाहा छ, अबको दुई दिनपछि निस्तार-चाड़ आउँछ, अनि मानिसको पुत्र क्रूसमा टाँगिनलाई पक्राइनेछ (मत्ती २६:२) ।

८. तिनले यो अत्तर मेरो शरीरमा खन्याएर दफनको निम्ति मलाई तयार गरेकी हुन् (मत्ती २६:१२) ।

९. तिनीहरूले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आशीर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरूलाई दिनुभयो र भन्नुभयो, "लेओ, खाओ, यो मेरो शरीर हो" (मत्ती २६:२६) ।



१०. तब येशूले तिनीहरूलाई भन्नुभयो, "आज राती मेरो कारणले तिमीहरू पछि हटिजानेछौ। किनभने यसो लेखिएको छ, 'म गोठालालाई प्रहार गर्नेछु, र बगालका भेड़ाहरू जताततै छरपष्ट हुनेछन्'। तर म मृत्युबाट जीवित भएपछि तिमीहरूभन्दा अगि गालीलमा जानेछु" (मत्ती २६:३१-३२) ।

११. अनि उहाँले अलि अगाड़ि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्" (मत्ती २६:३९) ।

१२. तब उहाँ चेलाहरूकहाँ आएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू अझै सुतिरहेका र विश्राम गरिरहेका छौ ? हेर, समय नजिक आइपुगेको छ। मानिसको पुत्र पापीहरूका हातमा पर्न लागेको छ। उठ, जाऔं। हेर, पक्राइदिने नजिकै छ" (मत्ती २६:४५-४६) ।

१३. तर त्यसो भएदेखि यी कुरा यसरी हुनैपर्छ भनी धर्मशास्त्रमा लेखिएको कुरा कसरी पूरा हुने ? (मत्ती २६:५४) ।

१४. तिनीहरूले त्यो कुरा आफ्नो मनमा राखे, तर मृतकबाट पुनरुत्थान हुनु भनेको के हो भनी आपसमा बातचीत गर्न लागे (मर्कूस ९:१०) ।

१५. अनि उहाँले भन्नुभयो, "मानिसको पुत्रले धेरै दु:ख उठाउनुपर्छ, र उनी धर्म-गुरुहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट बहिष्कृत हुनेछ, मारिनेछ र तेस्रो दिनमा मृतकबाट जीवित भई उठ्नेछ" (लूका ९:२२) ।

१६. यहूदीहरूले उहाँलाई भने, "तपाईं यी काम गर्नुहुन्छ, त यिनका निम्ति हामीलाई के चिन्ह देखाउनुहुन्छ ?" येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खड़ा गर्नेछु"। तब यहूदीहरूले भने, "यस मन्दिरलाई निर्माण गर्न छयालीस वर्ष लाग्यो, र के तपाईं यसलाई तीन दिनमा खड़ा गर्न सक्नुहुन्छ र ?" तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो, त्यो उहाँको शरीर थियो। जब उहाँ मृतकबाट उठाइनुभयो, तब येशूले भन्नुभएको यो कुरा

चेलाहरूलाई स्मरण भयो, र तिनीहरूले धर्मशास्त्रमाथि र येशूले बोल्नुभएको वचनमाथि विश्वास गरे (यूहन्ना २:१८-२२)।

१७. "अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ ? हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्, होइन, यसै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु। हे पिता तपाईंका नाउँको महिमा गर्नुहोस्।" तब स्वर्गबाट यस्तो एउटा आवाज आयो, "मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु"। त्यहाँ खड़ा भएको भीड़ले यो सुनेर भन्यो, "मेघ गर्जन हो !" अरूहरूले भने, "स्वर्गदूत उनीसँग बोलेका हुन् !" येशूले जवाफ दिनुभयो, "यो आवाज मेरो निम्ति भएको होइन, तर तिमीहरूका निम्ति हो अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ। अनि त जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।" उहाँको मृत्यु कुन प्रकारले हुने हो, सो सङ्केत दिनलाई उहाँले यसो भन्नुभएको थियो (यूहन्ना १२:२७-३३)।

सेवकाइ अवधिको बीच भागमा येशूको चेलाहरूलाई एउटा महत्वपूर्ण कुरा भन्नुभयो :

> म पृथ्वीमाथि आगो खन्याउन आएको हुँ, त्यो त बरु अघिबाटै सल्किसकेको भए हुनेथियो। एउटा बप्तिस्मा छ, जो मैले लिनुपर्नेछ। त्यो पूरा नहोउञ्जेल म अति व्याकुल छु ! के तिमीहरू सम्झन्छौ कि म पृथ्वीमा शान्ति ल्याउन आएँ ? होइन, म तिमीहरूलाई भन्दछु, बरु म विभाजन ल्याएन आएँ (लूका १२:४९-५१)।

त्यस समय उहाँले व्यक्त गर्नुभएको यो भनाइ अरू समयको भन्दा फरक छ। यहाँ हामीले बुझ्नुपर्ने कुरा के छ भने येशू त्यस समय एक मानिस हुनुहुन्थ्यो र उहाँको मानवीय कमजोरी यहाँ झल्किन्छ। त्यस समय उहाँ आफ्नो क्रूसको मृत्युको कुराले गर्दा व्याकुल हुनुभएको थियो अनि उहाँ दुःखित हुनुभएको थियो। यस खण्डमा उहाँले आफ्नो क्रूसको मृत्युलाई बप्तिस्माको रूपमा भन्नुभयो। रोमी ६ अध्यायमा पावलले ख्रीष्टको मृत्यु, दफन र पुनरुत्थानलाई बप्तिस्माको रूपमा व्यक्त गरेका छन्।



अन्तिम रात्रीभोजभन्दा केही दिनअगाडि येशूले भन्नुभयो :

> अब मेरो प्राण व्याकुल भएको छ (यूहन्ना १२:२७)।

मानिस भएको कारणले गर्दा उहाँलाई त्यसबेला क्रूसमा चढ्न मन थिएन। उत्पत्ति ३:१५ अनुसार येशू बलिदान हुनुपर्ने थियो तर उहाँलाई क्रूसमा जान गाह्रो भएको कुरा उहाँको बोलाइबाट थाहा पाउँछौं। उहाँ पूर्णरूपमा मानव भएको कारणले गर्दा क्रूसमा मर्न गाह्रो भएको हो।

किन उहाँले 'अब मेरो प्राण व्याकुल छ' भन्नुभयो ? किनभने उहाँले ईश्वरत्वलाई आफूबाट रित्त्याउनु भएको थियो र हामीजस्तै साधारण मानिस हुनुभएको थियो। सृष्टिकर्ता सर्वशक्तिमान् परमेश्वर आफूलाई रित्त्याएर शक्तिहीन मानिस हुनुभयो। किन सर्वशक्तिमान् परमेश्वरले आफूलाई होच्याउनुभयो ? किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो उद्धारको निम्ति उहाँ बलिदान हुन आवश्यक थियो। रोमी सिपाहीहरूले पुत्र परमेश्वरलाई मार्न सक्तैनथे, तर येशू मानिस हुनु भएकोले तिनीहरूले उहाँलाई मारे।

मानिसलाई उद्धार गर्न परमेश्वर आफ्नो ईश्वरत्वलाई रित्त्याएर मानिस हुनुभयो। उद्धारको निम्ति हाम्रो पापको ज्याला कसैले तिर्नुपर्ने थियो। हाम्रो पापको सजाय भोगिदिने सिद्ध व्यक्ति बलिदान हुन आवश्यक थियो। स्वयम् येशू त्यो बलिदान हुनुभएर हाम्रो पापको सबै सजाय भोगिदिनुभयो र अब हामी अनन्तको झ्यालखानमा जानु पर्दैन। यही उद्देश्य पूरा गर्न येशू पूर्ण रूपमा मानिस भएर यस संसारमा आउनुभयो। उहाँले आफ्नो ईश्वरत्वलाई त्याग्नुभयो। हामीप्रति उहाँको अपार प्रेम भएको कारणले गर्दा त्यसो भएको हो। उहाँ आफ्नो क्रूसको मृत्युलाई विचार गरेर साह्रै व्याकुल हुनुभयो। उहाँ पूर्ण रूपमा मानिस भएकोले पिता परमेश्वरसँग त्यो कष्टबाट बचाइदिनुहोस् भनी प्रार्थना पनि गर्नुभयो। उहाँले प्रार्थना गर्नुहुँदा पवित्र आत्माले प्रेरणा दिनुभयो। त्यस समयमा स्वर्गदूतहरूले पनि उहाँलाई घेरिरहेका थिए। केही समयपछि उहाँको विचार परिवर्तन भयो र के कामको निम्ति उहाँ यस संसारमा आउनुभएको हो भन्ने कुरा पुर्नविचार गर्नुभयो।

यहाँ हामीले के कुरा बुझ्न आवश्यक छ भने येशू मानवीय अवस्थामा हुँदा जब-जब कमजोर हुनुहुन्थ्यो, तब स्वर्गदूत र पवित्र आत्माले शक्ति दिनुहुन्थ्यो। आज हाम्रो जीवनमा पनि यही सिद्धान्त लागू हुन्छ। हामी परमेश्वरका सन्तान भए तापनि आखिर कमजोर मानिस नै हौँ। हामी पनि कहिलेकाहीँ त्यस्तै अवस्थामा पुगेर प्रार्थना गर्नथाल्छौँ र परमेश्वरको वचन, स्वर्गदूतहरू र हामीमा वास गर्नुहुने पवित्र आत्माले हामीलाई शक्ति दिएर माथि उठाउनुहुन्छ। मानिसलाई परमेश्वरको वचन, स्वर्गदूतहरू र पवित्र आत्माको जरुरत पर्छ।

| | यहूदीहरूको पुरानो समय | अहिलेको समय | घटनाहरू |
|---|---|---|---|
| बिहिबार | साँझ मत्ती २६:२० | | अन्तिम रात्रीभोज मत्ती २६:२६-२९ |
| | | ११ बजे राती | गेतसमनीमा प्रार्थना मत्ती २६:३६-४६ |
| शुक्रबार | | मध्यरात | येशूको पक्राउ मत्ती २६:४७-५६ |
| | | राती १ बजे | येशू कैयाफाकहाँ मत्ती २६:५७-६८ |
| | बिहान सबेरै मत्ती २७:१ | बिहान ६ बजे | येशू पिलातसकहाँ मत्ती २७:११-२६ |
| | तेस्रो घडी मर्कूस १५:२५ | बिहान ९ बजे | येशू क्रूसमा मत्ती २७:३५-४४ |
| | छैठौं घडी मत्ती २७:४५ | दिउँसो १२ बजे | तीन घण्टा अन्धकार मत्ती २७:४५ |
| | नवौं घडी मत्ती २७:४६ | अपरान्ह ३ बजे | येशूको मृत्यु मत्ती २७:४६-५० |



बिहिबारको अन्तिम रात्रीभोजपछि रातको एघार बजेतिर येशू गेतसमनी बगैँचामा प्रार्थना गर्न जानुभयो। अब चाँडै नै क्रूसमा झुण्डिनुपर्छ भन्ने कुरा उहाँलाई थाहा थियो।

> तब येशू गेतसमनी भन्ने ठाउँमा तिनीहरूसँग जानुभयो, र चेलाहरूलाई भन्नुभयो, "तिमीहरू यहीँ बस, मचाहिँ अलि पर गएर प्रार्थना गर्छु।" र आफूसँग पत्रुस र जब्दियाका दुइ छोराहरूलाई लिएर उहाँ शोकित र व्याकुल हुन लाग्नुभयो। तब उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ। तिमीहरू यहीँ बस, र मसँग जागा रहो।" अनि उहाँले अलि अगाड़ि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्।" तब उहाँ चेलाहरूकहाँ आएर तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो, र पत्रुसलाई भन्नुभयो, "के तिमीहरू मसँग एक घण्टा पनि जागा बस्न सकेनौ ? जागा रहो, प्रार्थना गर, र परीक्षामा नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ।" फेरि दोस्रो पल्ट गएर उहाँले प्रार्थना गर्नुभयो, "मेरा पिता, मैले यो नपिई हुँदैन भने तपाईंकै इच्छा पूरा होस्।" उहाँ फेरि आएर तिनीहरूलाई निदाइरहेकै भेट्टाउनुभयो, किनकि तिनीहरूका आँखा लोलाएका थिए। यसकारण उहाँले तिनीहरूलाई फेरि छोड्नुभयो, र गएर फेरि उही शब्दहरू दोहोऱ्याई तेस्रो पल्ट प्रार्थना गर्नुभयो। तब उहाँ चेलाहरूकहाँ आएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू अझै सुतिरहेका र विश्राम गरिरहेका छौ ? हेर, समय नजिक आइपुगेको छ। मानिसको पुत्र पापीहरूका हातमा पर्न लागेको छ। उठ, जाऔँ। हेर पक्राइदिने नजिकै छ" (मत्ती २६:३६-४६)।

येशूलाई क्रूसमा झुण्ड्याउने योजना उत्पत्ति ३:१५ मा नै निर्णय भइसकेको थियो। उत्पत्ति ५ अध्यायमा उल्लेख गरिएका १० जना मानिसहरूको नाउँको अर्थले पनि त्यही कुरा सङ्केत गर्छ। त्यो वाक्यको अर्थमा उद्धारको योजना लुकिएको छ। येशूको जीवनको अन्तिम घडीको घटनालाई सरसरती हेर्दा

उहाँ त्यो गाह्रो अवस्थाबाट उम्कन खोज्नुभएको जस्तै देखिन्छ। यसले उहाँमा भएको मानवीय कमजोरीहरूलाई स्पष्टसँग देखाउँछ। उहाँलाई मानवीय समस्या समाधान गर्न परमेश्वर पिताको सहायता आवश्यक थियो र उहाँ गेतसमनी बगैंचामा प्रार्थना गर्न जानुभयो। त्यो प्रार्थनाको उद्देश्यचाहिँ उहाँको मनलाई परमेश्वर पिताको मनसँग मिलाउनु थियो।

उहाँले पत्रुस, यूहन्ना र याकूबले पनि प्रार्थनामा सहायता गरोस् भनेर सँगै लानुभयो तर तिनीहरूले सहायता गर्न सकेनन्। उहाँ यति साह्रो व्याकुल हुनुभयो, कि प्रार्थना गर्दा लम्पसार नै पर्नुभयो। यसले त्यतिबेला उहाँको मानवीय पीडालाई चित्रण गर्छ। यदि सम्भव छ भने त्यो कचौरा हटोस् भनी उहाँले पितासँग प्रार्थना गर्नुभयो। त्यसबेला उहाँ पितासँग सम्झौता गर्दैहुनुहुन्थ्यो। उहाँ त्यो दुःख र कष्टलाई हटाउन चाहनुहुन्थ्यो। यस घटनाले मानवीय अवस्थामा उहाँ कति कमजोर हुनुहुन्थ्यो भन्ने कुरा देखाउँछ। येशूले त्यसबेला आफ्नो पूर्ण ईश्वरत्व त्याग्नुभयो। प्रार्थना गरिसकेपछि पवित्र आत्माले उहाँलाई छुनुभयो र उहाँको मन परिवर्तन गरिदिनुभयो। परमेश्वरको इच्छाअनुसार होस् भनेर भन्नुभयो। गेतसमनी बगैंचामा पहिलो प्रार्थना गरिसकेपछि, उहाँले चेलाहरूलाई खोज्नुभयो। तर चेलाहरू सुतिरहेका भेट्टाउनुभयो।

दोस्रो पटक फेरि उहाँ प्रार्थना गर्न जानुभयो। यसपटक प्रार्थना गर्दा कचौरा हटाई दिनुहोस् भनेर भन्नुभएन, तर मैले नपिई हुँदैन भने तपाईंको इच्छा पूरा होस् भनेर भन्नुभयो। दोस्रो पटकको प्रार्थना सकेपछि पनि उहाँले चेलाहरूलाई खोज्नुभयो तर तिनीहरू अझै सुतिरहेका थिए। फेरि उहाँ तेस्रो पटक प्रार्थना गर्न जानुभयो। त्यस पटक उहाँले दोस्रो पटकजस्तै गरी प्रार्थना गर्नुभयो। प्रार्थना गरेपछि उहाँले पवित्र आत्माबाट शक्ति पाउनुभयो। शक्ति प्राप्त गर्न प्रार्थनाको धेरै आवश्यक छ। विना प्रार्थना यो संसारको परीक्षाहरूमाथि विजय पाउन सकिँदैन। जब येशू क्रूसमा मर्न तयार हुनुभयो, तब परमेश्वरले रोमी सिपाहीहरू, मुख्य पूजाहारीहरू, धर्म गुरुहरू र यहूदा इस्करियोतलाई उहाँ भएको ठाउँमा आउन दिनुभयो। त्यो परमेश्वरको योजना थियो। तिनीहरूले उहाँलाई प्रधान पूजाहारी कैयाफाकहाँ लगे। त्यतिबेला उहाँ डरमाथि विजयी भइसक्नुभएको थियो। क्रूसमा टाँगिनको



निम्ति उहाँ पूर्णरूपमा तयार भइसक्नुभएको थियो। येशू दुःखबाट उम्कन चाहनुभएन र डराउनु पनि भएन किनभने उहाँले पवित्र आत्माबाट शक्ति पाइसक्नुभएको थियो। बिहिबारको रात उहाँ पक्राउ पर्नुभयो अनि शुक्रबार बिहान नौ बजेतिर उहाँलाई क्रूसमा झुण्डचाइयो। त्यो दिन अपरान्ह तीन बजेतिर उहाँले अन्तिम सास फेरिरहँदा पिता परमेश्वरसँग यसरी कराउँदै हुनुहुन्थ्यो : "इलोई, इलोई, लामा सबखथनी ?" अर्थात् "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ?" (मत्ती २७:४६)। येशूले सारा मानवजगतको पाप बोक्नुभएको कारणले गर्दा त्यसबेला परमेश्वर पिताले त्याग्नुभएको हुनसक्छ भनी ईश्वरशास्त्रीहरू भन्नुहुन्छ। त्यतिखेर उहाँ एक मानिस हुनुहुन्थ्यो र छ घण्टासम्म रगत बहाउँदै दयनीय पीडा भोगिसकेपछि उहाँले प्राण त्याग्नुभयो।

## येशूको मानवताबाट सिक्नुपर्ने पाठहरू
## Lessons from the Humanity of Jesus

येशू परमेश्वर हुनु भए तापनि मानव भएर संसारमा आउनुभयो। उहाँ साधारण यहूदी महिलाको कोखबाट जन्मिनुभयो। उहाँले यहूदीहरूको व्यवस्थाको अधीनमा रही आफ्नो जीवनशैलीलाई त्यसको अनुकुल बनाउनुभयो। उहाँको मानवताबाट केही महत्वपूर्ण कुराहरू सिक्न सकिन्छ।

येशू मानव भएर संसारमा आउनु परमेश्वर पिताको मानिस जातिप्रतिको प्रेम प्रकटिकरण हो। यस संसारमा आउनुमा उहाँको कुनै व्यक्तिगत स्वार्थ थिएन। पापको कारण पतन भएका मानिसजतिलाई उद्धार गर्न उहाँ आउनुभयो। यस संसारमा हुँदा उहाँले धेरै प्रकारका दुःख, कष्ट, घृणा र हेला सहनुभयो अनि पिताको इच्छाअनुसार सबै काम पूरा गर्नुभयो ताकि पापीले अनन्त जीवन पाउन सकोस्।

> किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नास नहोस्, तर त्यसले अनन्त जीवन पाओस् (यूहन्ना ३:१६)।

> साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ (यूहन्ना ५:२४)।

> तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो (रोमी ५:८)।

येशूले मानवीय कमजोरीहरू अनुभव गर्नुभएको कारणले उहाँले हाम्रो कमजोरीहरू बुझ्नुहुन्छ। यसबाट हामीले ठूलो सान्त्वना र आशा पाउँछौँ। येशूले मानवीय कमजोरीहरू महसुस गर्नुभएकोले, त्यसको निम्ति परमेश्वर पितासँग मध्यस्थता गर्नुहुन्छ अनि पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ।

> त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ। र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ। हामी जान्दछौँ, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ (रोमी ८:२६-२८)।

मानिस हुनुभएको अवस्थामा येशूलाई सांसारिक परीक्षामाथि विजयी हुन गाह्रो भयो। त्यस्तो अवस्थामा विजय हुने तरिकाचाहिँ आफ्नो मनलाई प्रार्थनाद्वारा परमेश्वर पिताप्रति केन्द्रित गराउनु हो। प्रार्थनाद्वारा येशूले परमेश्वर पितासँग सम्बन्ध राख्नुभयो अनि विजयी हुनुभयो। जब हाम्रो मन परमेश्वरको मनसँग मिल्छ, तब शैतान डराउँछ। त्यसकारण सांसारिक परीक्षाबाट उम्कने उपाय प्रार्थना हो।

हाम्रो प्रार्थना यस्तो हुनुपर्छ : "परमेश्वर पिता, मेरो जीवनबाट तपाईंको इच्छा पूरा गर्नुहोस्। मद्वारा धेरै मानिसहरूलाई सुसमाचार सुनाउने काम पूरा



होस्। पवित्र आत्माद्वारा तपाईंको इच्छा देखाउनुहोस्। मेरो मानवीय स्वार्थपूर्ण इच्छाहरू हटाउनुहोस् र तपाईंको स्वर्गीय इच्छा पूरा गर्नुहोस्।"

हामीले यसप्रकारले प्रार्थना गरेमा शैतान र दुष्टहरू डराउँछ। त्यसपछि हामीले शक्ति पाउनेछौँ। त्यसको साथै हामीले पवित्र आत्माका वरदानहरू पाउन सक्नेछौँ। यसप्रकारले प्रार्थना गर्ने व्यक्ति आशिष्को माध्यम बन्न सक्नेछ। येशू संसारमा एक मानवको रूपमा हुनुहुँदा धेरै पटक प्रार्थना गर्नुभयो र शक्ति पाउनुभयो। हामीले पनि त्यही नमुनालाई पछ्याउनु पर्छ।

# येशू : हाम्रो उद्धारकर्ता
## JESUS : OUR SAVIOUR

आदमको पतनपछि मानिस जातिप्रति परमेश्वरको प्रेम रोकिएन। पुत्र परमेश्वर, येशू मानिस भएर यस संसारमा आउनुभयो र हामीलाई उद्धार गर्न क्रूसमा रगत बहाएर मर्नुभयो। येशू उद्धारकर्ता हुनुहुन्छ भनेर पुष्टि गर्ने बाइबलका केही खण्डहरू हेरौं ।

> तब बत्ती मागेर उनी हामफाल्दै भित्र आए, र डरले काम्दै पावल र सिलासका अगाड़ि घोप्टो परे। तिनीहरूलाई बाहिर ल्याएर उनले भने, "उद्धार पाउनलाई मैले के गर्नुपर्छ ?" अनि तिनीहरूले भने, "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस, र तपाईंले उद्धार पाउनुहुनेछ" (प्रेरित १६:२९-३१) ।

> स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ (फिलिप्पी २:१०-११) ।

येशू ख्रीष्ट पुनरुत्थान हुनुभएपछि स्वर्ग जानुभन्दा केहीअघि चेलाहरूलाई यसो भन्नुभयो :

> स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ (मत्ती २८:१८)।

> विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ (मर्कूस १६:१६) ।

येशू उद्धारकर्ता भएर संसारमा किन आउनुपर्‍यो भन्ने बुझ्नको लागि हामीले सृष्टिको कुराहरू राम्रोसँग बुझ्नुपर्छ । आदिमा परमेश्वरले आकाश (स्वर्गहरू) र पृथ्वी सृष्टि गर्नुभयो (उत्पत्ति १:१) ।

पृथ्वीमा सबै सृष्टि गरिसकेपछि, त्यसको संरक्षण र अधिकार गर्न परमेश्वरले मानिसलाई बनाउनुभयो । परमेश्वरले आदमलाई सृष्टि गर्नुहुँदा विशेष उद्देश्य



राख्नुभएको थियो तर ऊ शैतानको परीक्षामा परी पतन भयो, जसको कारणले पुत्र परमेश्वर, येशू यस संसारमा उद्धारकर्ता भएर आउनुपर्‍यो । उहाँले मात्र मानिसलाई मुक्ति दिनसक्नुहुन्छ ।

> अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन (प्रेरित ४:१२) ।

### आदमको पतन
### The Fall of Adam

परमेश्वरले आदमलाई सृष्टि गर्दा प्राण, आत्मा र शरीरको सम्पूर्णतामा बनाउनुभएको थियो । यहाँ बुझ्नुपर्ने कुरा के छ भने सुरुमा आदमको शरीर हाम्रो शरीरजस्तो थिएन । त्यो परमेश्वरको संरचनामा बनिएको महिमित शरीर थियो । उसको शरीर अनन्तसम्मै रहने गरी बनाइएको थियो । उसको शरीर पुरानो भएर बुढो हुँदैनथ्यो, उसको उमेरको सीमा थिएन र ऊ नास हुनुपर्दैनथ्यो । आदमको शरीर पुनरुत्थान हुनुभएको येशूको महिमित शरीरजस्तै थियो । भविष्यमा एकदिन हामीहरूको पनि त्यस्तै शरीर हुनेछ ।

आदमको प्राण हाम्रोभन्दा फरक थियो । प्राण भनेको मन, हृदय, समझ, ज्ञान, भावना, इच्छाशक्ति, चरित्र र व्यक्तित्वको क्षेत्र हो । आदमलाई परमेश्वरले आफ्नो स्वरूपमा सृष्टि गर्नुभएको थियो ।

> परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं" (उत्पत्ति १:२६) ।

पतन हुनुभन्दा अघि आदमको जीवनमा पवित्र आत्माका फलहरू थिए- प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र संयम (गलाती ५:२२-२३) । आदमको नाकको प्वालबाट परमेश्वरले जीवनको सास फुकिदिनुभएको थियो। फलस्वरूप आदम सम्पूर्णताको व्यक्ति भयो। परमेश्वरले आदमलाई अदनको बगैंचाको बीचमा भएको असल र खराबको ज्ञान दिने रूखको फल नखानू, खाएमा निश्चय मर्नेछौ भनी स्पष्टसँग भन्नुभएको थियो (उत्पत्ति ३:३) । तर अनाज्ञाकारी भएर उसले त्यो फल खायो

र उसको जीवनमा मृत्यु प्रवेश गऱ्यो । त्यो शरीरको मात्र मृत्यु थिएन तर प्राण र आत्माको पनि मृत्यु थियो । अनाज्ञाकारिताको परिणामस्वरूप उसको सम्पूर्ण ईश्वरीय व्यक्तित्व भ्रष्ट भयो । त्यही अनाज्ञाकारिताको कारण उसको शरीर पनि मरणशील भयो । अनन्तसम्म जीवित रहने अवस्थाबाट आदम समयको सीमिततामा आयो । बिस्तारै उसको उमेर बढ्दै गयो र ऊ बुढो हुनथाल्यो ९३० वर्षको उमेरमा आदम मऱ्यो । उसको जीवनमा ठूलो परिवर्तन भयो– अनन्तबाट ९३० वर्ष !

पतनपछि आदम र उसको सन्तानमा शैतानको चरित्रहरू विकास हुँदैगए र परमेश्वरको चरित्रहरू हट्दैगयो । मानिसमा अनाज्ञाकारिता, डाहा, लोभ, घमण्ड, विभाजन, प्रतिस्पर्द्धा, चोरी, हत्या, फूट, विद्रोह, बदला, धोका, छल, घृणा, रीस, चिन्ता, निराश, हतोत्साह, उदासीपन, तिरस्कार, हीनताबोध, मूर्तिपूजा, गाली, फोहोर बोली, क्षमा दिन नसक्नेजस्ता चरित्रहरू विकसित हुँदैगए । यी सबै शैतानको चरित्रहरू हुन् ।

## उद्धारको महान् योजना
## The Grand Plan of the Salvation

आदमको पतनपछि त्रिएक परमेश्वरको बैठक बस्यो । त्रिएक परमेश्वरको समितिले पुत्र परमेश्वरलाई यस संसारमा पठाउने निर्णय गऱ्यो, जसअनुसार येशूले क्रूसमा बलिदान हुनुभएर रगत बहाउनुपर्ने भयो । ज-जसले पश्चाताप गरी येशूले बहाउनुभएको रगत मेरो निम्ति हो भनेर विश्वास गर्छ, तिनीहरूका पाप क्षमा हुनेछन् र अनन्तको जीवनमा प्रवेश गर्नेछन् ।

येशू किन यस संसारमा आउनुपऱ्यो ? किन उहाँ मर्नु पऱ्यो ? के उहाँ हाम्रो निम्ति स्वर्गमा मर्न सक्नु हुन्नथ्यो ? किन उहाँले रगत बहाउनु पऱ्यो ? के उहाँले आफ्नो रगत स्वर्गमा बहाउन सक्नु हुन्नथ्यो ? के त्यसको साटोमा अर्को कुनै उपाय थिएन ?

यी प्रश्नहरूको एउटै जवाफ छ, "योबाहेक अरू कुनै उपाय छैन" ।



आदमले परमेश्वरको विरुद्धमा पाप गरेपछि उहाँ साह्रै रिसाउनुभयो । हामीले कुनै मानिसले परमेश्वरको रीसलाई शान्त पार्न सक्तैन किनभने परमेश्वरसँग मानिसको तुलना गर्न मिल्दैन । परमेश्वर र मानिसको आयाम फरक छ । उच्च आयाम भएको परमेश्वरको रीस सानो आयाम भएको मानिसले शान्त पार्न सक्तैन । मानिसको धार्मिक क्रियाकलापहरूले परमेश्वरको रीसलाई शान्त पार्न सक्तैन ।

> हामी सबै अशुद्ध मानिसझैं भएका छौं, र हाम्रा सबै धार्मिक काम फोहोर झुत्राझैं छन् । हामी सबै पातझैं ओइलाइहाल्छौं, र हाम्रा पापले हामीलाई बतासले झैं उड़ाइलैजान्छन् (यशैया ६४:६) ।

यदि मानिसले परमेश्वरको रीसलाई शान्त पार्न सक्तैन भने कसले सक्छ त ? यो काम स्वयम् परमेश्वरले मात्र गर्न सक्नुहुन्छ । उक्त कामको लागि उस्तै आयाम भएको व्यक्तिको आवश्यक पर्छ । त्यही कारणले गर्दा येशू संसारमा आई बलिदान हुनुभयो ।

> पापको ज्याला मृत्यु हो (रोमी ६:२३) ।

पापी मानिसले आफैलाई र अरूलाई छुटकारा दिन सक्दैन । कुनै मानिस गहिरो धापमा परेर छटपटाइरहेको छ र डुब्दैछ भने उसलाई बचाउन अरू कसैले उसलाई सहायता गर्नुपर्छ र त्यहाँबाट निकाल्नुपर्छ । ऊ आफै त्यो दलदले धापबाट निस्कन सक्दैन । उजस्तै डुब्दै गरेको अर्को व्यक्तिले पनि उसलाई निकाल्न सक्दैन । धापमा परेको व्यक्ति आफै निस्कन प्रयास गऱ्यो भने झन् तलतिर दब्दै जान्छ ।

> कुनै मानिसले आफ्नो छिमेकीको कुनै अङ्गको नोक्सान गरिदियो भने, त्यसले जसो गरेको छ त्यसलाई त्यसै गरिओस् । चोटको साटो चोट, आँखाको साटो आँखा, दाँतको साटो दाँत, जसरी त्यसले कसैको अङ्गको नोक्सान गरिदियो त्यसलाई पनि त्यसरी नै गर्नू । पशु मार्नेले त्यसको भर्ना गरोस् । तर ज्यानमाराचाहिँ मारिनैपर्छ (लेवी २४:१९-२२) ।

पुरानो करारमा परमेश्वरले त्यस प्रकारको नियम दिनुभएको थियो । त्यही सिद्धान्तअनुसार आदमको अनाज्ञाकारितामा परमेश्वर रिसाउनुभयो । पतन

भएको आदम र उसको सन्तानले गरेको धार्मिक क्रियाकलापहरूले परमेश्वरको रीसलाई शान्त पार्न सकेन। यदि आदम पहिलेकै सिद्ध अवस्थामा हुन्थ्यो भने त्यसो हुनसक्थ्यो। पतनपछि आदम आफ्नो सुरुको सिद्ध अवस्थाबाट खसिसकेको थियो र ऊ आफै पहिलेको अवस्थामा फर्कन सक्तैनथ्यो। त्यसको निम्ति कसैले सहायता गर्नु आवश्यक थियो। मानिसको प्रयासले आदमलाई सुरुको अवस्थामा पुनर्स्थापना गर्न सक्तैनथ्यो किनभने आदमको समस्या मानिसमा मात्र सीमित थिएन, त्यो परमेश्वरसँग सम्बन्धित थियो। पापी मानिसले परमेश्वरसँग मध्यस्थता गरी समस्या समाधान गर्न सकेन, पुत्र परमेश्वर मात्र त्यस समस्याको समाधान हुनुहुन्थ्यो। त्यसकारण आदम र उसको सन्तानको पापको दण्ड उहाँले भोगिदिनुभयो, र त्यो पिता परमेश्वरले स्वीकार गर्नुभयो। पिता परमेश्वरको रीस शान्त पार्न पुत्र परमेश्वर, येशू क्रूसमा बलिदान हुनुभयो। मानिस जातिको उद्धारको त्यही महान् उद्देश्य पूरा गर्न त्रिएक परमेश्वरको समितिमा पुत्र परमेश्वरलाई यस संसारमा पठाउने निर्णय गरिएको थियो।

पिता परमेश्वरको रीस शान्त पार्न पुत्र परमेश्वर, येशू स्वर्गमा नै मर्न सक्नुहुन्थ्यो तर यदि उहाँ स्वर्गमा नै मर्नुभएको अर्थात् बलिदान हुनुभएको भए, पृथ्वीको मानिसहरूले त्यो थाहा पाउने थिएनन्। परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो भनेर थाहा पाएपछि मात्र मानिसले हृदयदेखि परमेश्वरको प्रशंसा गर्नसक्छ। त्यसैकारण पिता परमेश्वरले पुत्र परमेश्वर, येशूलाई क्रूसमा बलिदान हुन यस संसारमा पठाउनुभयो। येशू मानिसको रूपमा नआउनुभएको भए, मानिसहरूले उहाँको प्रेमलाई बुझ्न सक्दैनथे। हाम्रो उद्धारको निम्ति पुत्र परमेश्वर, येशू आफ्नो ईश्वरत्वलाई रित्याएर मानिस भएर पृथ्वीमा आउनुभयो। आफ्नो उद्देश्य पूरा गर्नुभएपछि उहाँ फेरि स्वर्गमा पहिलेकै अवस्थामा फर्कनुभयो र पिता परमेश्वरको दाहिने हातपट्टि विराजमान हुनुभयो (प्रेरित ७:५५-५६)।

त्रिएक परमेश्वरको समितिको उद्धारको योजना पूरा गर्न करिव चारहजार वर्ष लाग्यो। त्यति लामो समयसम्म उहाँले मानिसहरूलाई येशूको क्रूसको मृत्युको बारेमा पुरानो करारका विभिन्न घटनाहरूबाट चित्रण गर्नुभयो। उहाँले हामीलाई एकै पटक सबै रहस्यहरू खोलिदिनुभएन तर बिस्तारै सबै




योजनाहरू छर्लङ्ग पारिदिनुभयो। परमेश्वरको उद्धारको महान् योजनाहरूलाई पुरानो करारको विभिन्न चरणहरूमा प्रदर्शन गरिएको छ।

१. **छालाको थुमा :-** आदम र हव्वा पतन हुनुभन्दा अगाडि नाङ्गै थिए। पतनपछि उनीहरूले आफू नाङ्गै भएको महसुस गरे अनि अञ्जीरको पातहरू गाँसेर आफ्नो लाज छोप्न वस्त्र बनाए (उत्पत्ति ३:७)। उत्पत्ति ३:१५ मा परमेश्वरले मानिसजातिको उद्धारको निम्ति महान् योजना बनाउनुभयो। त्यो योजनामा मानिसको छुटकाराको निम्ति पुत्र परमेश्वरले रगत बहाउन संसारमा आउनुहुनेछ र उहाँले शैतानको शिर कुच्याउनुहुनेछ भन्ने कुरा तोकिएको थियो। परमेश्वरले त्यो योजना पुरानो करारको विभिन्न घटनाहरूबाट देखाउनुभयो, ताकि मानिसले त्यसलाई बुझ्न सकून्। पुरानो करारका ती अवस्थाहरूचाहिँ नाबालक अवस्थाजस्तै थियो। आदम र हव्वालाई परमेश्वरले जनावर (थुमा) मारेर छालाको लुगा लगाइदिनुभयो। त्यसपछि अञ्जीरको पातको सट्टामा छालाको लुगाले तिनहरू आफ्नो लाज ढाक्थे। त्यस घटनाले भविष्यमा हुने येशूको बलिदानलाई सङ्केत गर्छ। छालाको लुगा मारिएको जनावर र त्यसको रगतसँग मात्र सम्बन्धित होइन तर येशूको बलिदानसँग सम्बन्धित छ भन्ने कुरा तिनीहरूलाई थाहा थिएन। आदम र हव्वाले आफ्नो लाजलाई ढाक्न प्रयोग गरेको छालाको लुगाले येशू ख्रीष्टलाई सङ्केत गर्छ। लुगाले लाज ढाकेझैं उहाँले आफ्नो रगतले सम्पूर्ण मानिसको पाप ढाकिदिनुभयो। येशूको बलिदानसँग सम्बन्धित यस योजनालाई 'छालाको थुमा' भनिन्छ।

२. **हाबिलको थुमा :-** आदमको परिवारमा सबैले छालको लुगा लगाउँथे। आदमको पहिलो छोरा, कयिन किसान थिए भने दोस्रो छोरा, हाबिलचाहिँ गोठालो थिए। एकदिन हाबिलले आफ्नो बगालबाट पहिले जन्मेको पाठाको बोसे भाग ल्याएर परमेश्वरमा अर्पण गरे। कयिनले चाहिँ आफ्नो उब्जनीको केही भाग ल्याए। परमेश्वरले हाबिलको भेटी ग्रहण गर्नुभयो तर कयिनको भेटीचाहिँ ग्रहण गर्नुभएन (उत्पत्ति ४:४-५)। कयिन र हाबिल दुवैले आदमबाट परमेश्वरको रगतको करारको बारेमा सुनेका थिए (रोमी १०:१७)। हाबिलले त्यस कुरामा विश्वास गरी पहिले जन्मेको पाठाको रगत बगाई त्यसको बोसे भाग परमेश्वरमा अर्पण गरे तर कयिनले चाहिँ त्यसो गरेन।

> विश्वासद्वारा हाबिलले परमेश्वरलाई कयिनले भन्दा अझ ग्रहणयोग्य बलि चढ़ाए, र त्यसद्वारा नै हाबिल धर्मी ठहरिए। तिनको बलि स्वीकार गरेर परमेश्वरले आफ्नो सम्मति जनाउनुभयो। तिनी मरे तापनि विश्वासद्वारा नै तिनी अझै बोलिरहेका छन् (हिब्रू ११:४)।

यहाँ हामीले बुझ्नुपर्ने कुरा के हो भने परमेश्वरको दृष्टिमा हाबिलको भेटी उत्तम थियो किनभने त्यसमा रगत बगाइएको थियो। परमेश्वरले




। त्यसको
छ। उहाँ
“हेर,
।
न्छ।
गाउनुभयो
ानाइएको
महत्वपूर्ण
सामानहरू
गोपेर काठबाट नै बनाइन्थ्यो। केही ईश्वरशास्त्रीहरूले गोपेर काठले येशूको मानवतालाई सङ्केत गर्छ भन्छन्।

परमेश्वरले नोआलाई भन्नुभयो :

> तैंले गोपेर काठको एउटा जहाज बनाउनू। जहाजमा कोठा-कोठा बनाउनू र त्यसलाई भित्र-बाहिर अलकत्राले लिप्नू (उत्पत्ति ६:१४)।

नोआले बनाएको जहाजलाई अलकत्राले बाहिर-भित्र लिपेकोले पानी छिर्न सकेन। यदि अलकत्राले नलिपेको भए पानी जहाजभित्र छिर्थ्यो। त्यो अलकत्राले येशूको रगतको प्रतिनिधित्व गर्छ। हिब्रू भाषाको कपार (Kappar) भन्ने शब्दले लिप्नु अथवा ढाक्नु भन्ने अर्थ दिन्छ।

प्रधान पूजाहारी मन्दिरको पवित्र स्थानमा प्रवेश गर्दा उसले लगाउने विशेष प्रकारको वस्त्र हुन्थ्यो। बलिदान गर्दा त्यो वस्त्र पशुको रगतले भिज्थ्यो।



प्रधान पूजाहारीको वस्त्र रगतले भिज्नु (ढाक्नु) भनेको नोआको जहाजलाई अलकत्राले लिप्नुजस्तै हो। अलकत्राले परमेश्वरबाट आउने सुरक्षालाई बुझाउँछ। पानी न्यायको प्रतीक हो। यदि तपाईं जहाजभित्र जानुभयो भने न्यायबाट बच्नुहुनेछ तर तपाईंको जहाज येशूको रगतले ढाकिएको हुनुपर्छ। त्यो जहाजले मण्डलीलाई बुझाउँछ। यदि कुनै मण्डली येशूको रगतले ढाकिएको छैन भने त्यस मण्डलीले न्यायबाट बचाउन सक्दैन।

त्यसकारण मण्डलीलाई येशूको रगतले ढाकिएको होस् भनी निरन्तर प्रार्थना गर्नुपर्छ, होइन भने विश्वासीहरू न्यायमा पर्नेछन् र नष्ट हुनेछन्। येशूको बलिदानसगँ सम्बन्धित यस योजनालाई ‘जहाजको थुमा’ भनिन्छ।

४. **मोरीयाह पहाड़को थुमा :-** नोआको समयको करिब हजार वर्षपछि अब्राहामको समय आयो। अब्राहाम हेब्रोनमा हुँदा परमेश्वरले उनलाई भेट्नुभयो र यसो भन्नुभयो :

> यो निश्चय जानिराख्, कि तेरा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन, र त्यस देशका मानिसहरूका कमाराकमारी हुनेछन् र चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन्। तर तिनीहरू जुन जातिका दास बन्नेछन्, उनीहरूको पनि म इन्साफ गर्नेछु, र पछिबाट तिनीहरू धेरै

> धनसम्पत्ति लिएर निस्किआउनेछन् ... चौथो पुस्तामा तेरा सन्तानहरू तिनीहरू फेरि यहाँ आउनेछन (उत्पत्ति १५:१३-१६) ।

अब्राहामलाई परमेश्वरको यस भनाइको अर्थ थाहा थिएन । त्यसबेला इस्माएल र इसहाक जन्मेका थिएनन् । त्यसकारण त्यो कुरा उसको निम्ति अनौठो र अपत्यारिलो थियो । तर परमेश्वरले अब्राहामको सन्तानको विशेष योजना बनाइसक्नुभएको थियो । इस्राएलीहरूको जीवनबाट परमेश्वरले मानवजातिको उद्धारको बाटो बनाउन चाहनुहुन्थ्यो ।

परमेश्वरले अब्राहामसँग करार बाँध्नुभयो । त्यो करार अब्राहामको जीवनमा, इसहाकको जीवनमा र याकूबको जीवनमा पूरा भएन । परमेश्वरको योजना पूरा हुनको निम्ति योसेफको दाज्यूहरूले उनलाई मिश्रदेशमा बेचिदिए । त्यसपछि परमेश्वरको योजना पूरा हुनथाल्यो । दाजुहरूको योजना खराब भए तापनि त्यसले परमेश्वरको भलाइको योजनालाई पूरा गऱ्यो । ती सबै तीता घटनाहरू परमेश्वरको योजनाअनुरूप नै भएका थिए ।

योसेफ मिश्रदेशको प्रधानमन्त्री भए । त्यसपछि इस्राएलमा अनिकाल पऱ्यो । ती घटनाहरू पनि परमेश्वरको योजना नै थियो । याकूबको परिवारको ७० जना सदस्यहरूले मिश्रमा बसाइँ सर्नुपऱ्यो । मिश्र देशमा उनीहरूको सुरुको ३० वर्षीय जीवन धेरै राम्रो थियो किनभने त्यसबेला योसेफ त्यहाँको प्रधानमन्त्री थिए । तर योसेफको मृत्युपछि इस्राएलीहरूले धेरै दुःख पाए । ४०० वर्षसम्म तिनीहरूले दासत्वमा जिउनुपऱ्यो । वास्तवमा इस्राएलीहरू मिश्रमा ४३० वर्षसम्म बसेका थिए । सुरुको ३० वर्ष स्वतन्त्र भएर बस्न पाए जसलाई दासत्व भन्न मिल्दैन तर बाँकी ४०० वर्षचाहिँ दासत्वमा बस्नुपऱ्यो । जब मिश्रमा इस्राएलीहरूको ४०० वर्षको दासत्वको समय सकियो, तब परमेश्वरले तिनीहरूका छुटकाराको निम्ति मोशालाई बोलावट दिनुभयो । जब मोशाले इस्राएलीहरूलाई मिश्रदेशको दासत्वबाट निकालेर ल्याए, तब उत्पत्ति १५:१३-१६ मा उल्लिखित करार पूरा भयो ।

अब्राहामले हेब्रोनमा करार पाएपछि उसको पहिलो छोरा इस्माएल जन्म्यो । केही समयपछि इसहाकको पनि जन्म भयो । त्यसपछि अब्राहाम परिवारसहित



बेर्शेवा भन्ने ठाउँमा बसाइँ सरे । एकदिन यहोवा परमेश्वरले अब्राहामलाई यसो भन्नुभयो :

> तेरो छोरो, अर्थात् तैंले माया गरेको तेरो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तँलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर् (उत्पत्ति २२:२) ।

यस घटनामा इसहाकको होमबलिले येशूको बलिदानलाई सङ्केत गर्छ । भविष्यमा हुने येशूको बलिदानलाई देखाउन परमेश्वरले अब्राहामलाई मोरीयाह पहाडमा होमबलि गर्न अह्राउनुभयो । मोरीयाह पहाडलाई शालेम अनि यरूशलेम भनिन्छ । त्यही ठाउँमा यरूशलेमको मन्दिर निर्माण भयो । त्यही ठाउँमा येशू क्रूसमा बलिदान हुनुभयो । येशूको मृत्यभन्दा दुई हजार वर्ष अगाडि नै परमेश्वरले अब्राहामद्वारा त्यो काम गराउनुभयो ।

अब्राहामलाई इसहाक मर्नेछैन भन्ने कुरामा निश्चयता थियो । त्यसैकारण उनी छोराको बलि गर्न डराएनन् । अब्राहाम तीन दिनको यात्रा गरेर मोरीयाह पहाडको फेदमा पुगेपछि उनले सँगै गएका दुई नोकरहरूलाई भने :

> तिमीहरू यहीँ गधासँग बस । म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौँ (उत्पत्ति २२:५) ।

बलिदान गरे पनि छोरा पुनरुत्थान हुनेछ भन्ने कुरा अब्राहामलाई थाहा थियो ।

> विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए । उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए । यिनकै विषयमा यसो भनिएको थियो, "इसहाकद्वारा तेरो सन्तानको नाउँ रहनेछ" । परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौँ भने उनले इसहाकलाई फिर्ता पाए (हिब्रू ११:१७-१९) ।

छोरालाई बलिदान गर्ने आज्ञा अब्राहामले बेर्शेवा भन्ने ठाउँमा पाएका थिए, र त्यहाँदेखि उनी तीन दिन हिँड़ेर मोरिया पहाडसम्म गए । अब्राहामले जुनबेला परमेश्वरबाट होमबलिको संदेश सुने, त्यति नै खेर अब्राहामले आफ्नो छोरा

इसहाक मरेको परिकल्पना गऱ्यो र तीन दिनपछि उसले आफ्नो छोरा जीवितै फिर्ता पायो अर्थात् तेस्रो दिनमा इसहाकको पुनरुत्थान भयो। त्यो घटनाले येशूको तीन दिनपछि पुनरुत्थान हुने सङ्केत गरेको थियो। योना तीन दिनसम्म ठूलो माछाको पेटभित्र पऱ्यो र तेस्रो दिनपछि जीवितै बाहिर निस्क्यो।

> तब शास्त्रीहरू र फरिसीहरूमध्ये कुनै-कुनैले उहाँलाई भने, "गुरुज्यू, हामी तपाईंबाट एउटा चिन्ह हेर्न चाहन्छौं"। उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "दुष्ट र व्यभिचारी पुस्ताले चिन्ह खोज्दछ। तर यस पुस्तालाई योना अगमवक्ताको चिन्हबाहेक अरू चिन्ह दिइनेछैन। किनकि जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ" (मत्ती १२:३८-४०)।

प्रभुको ज्योति देखेर भूइँमा लोटेका शाउल तीन दिनसम्म अन्धो भए। तिनले तीन दिनसम्म खाना खाएन र पानी पनि पिएन अनि मरेतुल्य भए तर तेस्रो दिन तिनले नयाँ जीवन पाए।

> दुष्ट र व्यभिचारी पुस्ताले चिन्ह खोज्दछ, तर योनाको चिन्हबाहेक अरू चिन्ह त्यसलाई दिइनेछैन" (मत्ती १६:४)।

येशूले योनाको चिन्ह दिनेछु भनी भन्नुभयो, जसको अर्थ 'म मर्नेछु र तेस्रो दिनमा बौरी उठ्नेछु' भन्ने हो। येशूको मृत्युपछि तीन दिनपछि नै पुनरुत्थान हुने कुराको सङ्केत योनाबाट लिन सकिन्छ।



पुरानो करारमा येशूले आफ्नो उ... देखाउँदै हुनुहुन्थ्यो। हामीले बुझोस् भनेर ... प्रस्तुत गर्नुभयो। उद्धारको योजनाको नाट... ;न् भने सहायक कलाकारहरूचाहिँ अरब र... टकमा यहूदीहरूले असल भूमिका निभाए... सहरूले खराब भूमिका निभाएका छन्। ... यचाहिँ हामीलाई परमेश्वरको उद्धारको यो... द्धारको नाटकमा फारो राजाले शैतानको र... ीहरूले



चाहिँ शैतानका सन्तानहरूका भूमिका निभाएका छन्। यहूदीहरूले परमेश्वरको चुनिएका सन्तानहरूका भूमिका निभएका छन्।

परमेश्वरले उहाँका चुनिएका जनहरूको छुटकारा गर्न मोशालाई नियुक्त गर्नुभयो। उनको जीवनबाट परमेश्वरको सन्तानले कसरी उद्धार पाउछ भन्ने कुरा थाहा पाउनसक्छौं। मोशा फारोकहाँ गएर आफ्ना मानिसहरूलाई छुटकारा गरिदेऊ भने तर त्यो शैतानिक राजा डराएन। येशूले मोशालाई राजा फारोको सामुन्य आश्चर्यकर्महरू गर्न लगाउनुभयो।

१. रगतको विपत्ति (प्रस्थान ७:१४-२५)
२. भ्यागुताको विपत्ति (प्रस्थान ८:१-१५)
३. भुसुनाको विपत्ति (प्रस्थान ८:१६-२०)
४. झीँगाको महामारी (प्रस्थान ८:३१-३२)
५. गाईबस्तुमा विपत्ति (प्रस्थान ९:१-७)
६. खटिराको विपत्ति (प्रस्थान ९:८-१२)
७. असिनाको विपत्ति (प्रस्थान ९:१८-३५)
८. सलहको विपत्ति (प्रस्थान १०:३-२०)
९. अन्धकारको विपत्ति (प्रस्थान १०:२१-२९)

नौ वटै विपत्तिहरूमा त्यो राजाले इस्राएलीहरूलाई आफ्नो देशमा जान दिने विचार गरे तर पछि उनले मन परिवर्तन गरे। ती आश्चर्यकर्महरूमा फारो राजा नडराउनुको कारणचाहिँ रगत नबहाइएकोले हो। हामीले बुझ्नु पर्नेकुरा के हो भने शैतान रगतदेखि डराउँछ।

रगत नबहाईकन परमेश्वरको सन्तानले शैतानको बन्धनबाट छुटकारा पाउन


सक्तैन । दुष्टहरू र शैतान धार्मिक क्रियाकलापहरूबाट डराउँदैनन् तर येशूको रगतसँग डराउँछ ।

नौ वटा आश्चर्यकर्महरू पछि येशूले मोशालाई दशौँ आश्चर्यकर्म पनि गर्न लगाउनुभयो । सङ्ख्या १० परमेश्वरको सिद्ध र पूर्ण सङ्ख्या हो । येशूले मोशा र हारुनलाई भन्नुभयो : 'पाठो मार्नू र त्यसको रगत इस्राएलीहरूको घरको ढोकाको चौकसमा लगाउनू' ।

येशूले प्रतिज्ञा गर्नुभएअनुसार मृत्युको दूतले रगत नपोतिएको घरको पहिलो जन्मेकालाई मारिदियो । तर जुन घरमा रगत थियो, त्यस घरमा त्यो दूत गएन, त्यस घरलाई नाघेर गयो जसलाई निस्तार (Passover) भनिन्छ । प्रस्थान १२ अध्यायमा निस्तार चाडको सुरुवात भयो । निस्तारको अर्थ नाघेर जानु हो । त्यस दिन मारिएको पाठोलाई निस्तार चाड़को थुमा भनिन्छ । थुमाको रगतको कारणले गर्दा नै त्यो दूतले इस्राएलीहरूको घरलाई हानी नगरी नाघेर गएको थियो । येशू नै निस्तार चाडको थुमा हुनुहुन्छ (१ कोरिन्थी ५:७) ।

मृत्युको दूतले राजा फारोको दरबारमा पुगेर उसको जेठो छोरा मारिदियो किनभने त्यहाँ थुमाको रगत पोतिएको थिएन । त्यसपछि फारोले
ो गोशेन
फारोको
रिर गए ।
काउँछ ।

पर्वतमा
योजना
अन्तिम
सत्वपछि
सिनैमा
थियो ।
पवित्र-
र कत्रो



① कृपा आसन, ② करारको सन्दुक, ③ महा पवित्र-स्थान, ④ दोस्रो पर्दा, ⑤ धूप वेदी, ⑥ पवित्र-स्थान, ⑦ सामदान, ⑧ रोटी राख्ने टेबिल, ⑨ पहिलो पर्दा, ⑩ पानी राख्ने भाँडा, ⑪ होम वेदी, ⑫ मन्दिरको चोक, ⑬ ढोका



बनाउने भनेर नाप बताउनुभयो । पवित्र-स्थानमा दुई वटा ठूला कोठाहरू हुन्थे । पहिलो कोठा पवित्र र दोस्रो महा पवित्र-स्थान थियो । महा पवित्र-स्थानभित्र करारको सन्दुक राखिन्थ्यो । करारको सन्दुकमाथि कृपा स्थान थियो । दुई वटै कोठामा जाने ढोकाहरू पनि हुन्थे ।

जब नयाँ वर्ष आउँथ्यो इस्राएलीहरूको पूजाहारीहरूले तुरही बजाउँथे । त्यो दिनलाई तिनीहरूले तुरही फुक्ने चाड़ भन्थे । त्यो उनीहरूको नयाँ सालको पहिलो दिन हुने गर्दथ्यो । उनीहरूको क्यालेण्डर अहिलेको हाम्रो क्यालेण्डरभन्दा फरक थियो । तुरहीको आवाज सुनेपछि, सबै इस्राएलीहरू पवित्र स्थानअगाडि उभिन्थे र उनीहरूले १० दिनसम्म बितेको वर्षमा गरेका पापहरूको निम्ति पश्चात्ताप गर्थे । दशौँ दिनको बिहान विशेष कार्यक्रम हुन्थ्यो । त्यो दिनलाई प्रायश्चितको चाड़ भनिन्थ्यो । त्यो दिन बलिदानको निम्ति ३ वटा जनावरहरू : २ वटा बोका र एउटा साढ़े प्रधान पूजाहारीले महा पवित्र-स्थानमा जानको निम्ति तयारी गर्नु पर्थ्यो । त्यो पूजाहारीले सबै इस्राएलीहरूको पाप बोकेर प्रायश्चित गर्न भित्र जाने गर्थे । प्रधान पूजाहारी रगतले नढाकीकन महा पवित्र-स्थानमा जान सक्तैनथ्यो । यदि त्यसरी गएमा ऊ तुरुन्तै मर्थ्यो किनभने त्यस ठाउँ परमेश्वरको महिमाले भरिएको हुन्थ्यो ।

प्रधान पूजाहारीले आफैलाई जनावरको रगतले ढाक्नुपर्थ्यो । उसले माथिदेखि तलसम्म ढाक्ने पोशाक लगाउनुपर्थ्यो । पूजाहारीले लगाउने पोशाक लामो हुनेगर्थ्यो । इसाई धर्ममा पूजाहारीले विशेष पोशाक लगाउने प्रथाको सूरुवात त्यही कुराबाट भएको हो । प्रधान पूजाहारी महा पवित्रस्थानभित्र छिर्नुभन्दा अघि पूर्ण रूपमा साँढेको रगतले ढाकिनुपर्थ्यो । त्यसपछि एउटा बोकालाई मारेर त्यसको रगत एउटा भाडामा लिएर भित्र जान्थ्यो । ऊ पवित्र स्थान हुँदै महा पवित्र-स्थानको कोठामा छिर्नु पर्थ्यो । अन्त्यमा, उसले कृपा-स्थानमा रगत छर्कन्थ्यो । जब कृपा स्थानमा रगत छर्किन्थ्यो, परमेश्वरले इस्राएलीहरूलाई क्षमा र कृपा गर्नुहुन्थ्यो । त्यसपछि प्रधान पूजाहारी बाहिर आउथ्यो । त्यो समयमा सबै इस्राएलीहरूको बितेको वर्षमा गरेका पापहरू क्षमा हुन्थ्यो ।

क्षमा गरिएको पाप परमेश्वरले नसम्झनु होस् र त्यो नदोहोरियोस् भनेर एउटा रीति गरिन्थ्यो । प्रधान पूजाहारीले आफ्नो हात बाँकी भएको दोस्रो बोकामाथि राख्थ्यो । त्यो बोकाले सबैको पाप बोक्थ्यो । यहाँ हामीले बुझ्नुपर्छ, कि बोका येशूको प्रतीक हो । त्यो बोकाको रगतले सबै इस्राएलीहरूका पाप क्षमा हुन्थ्यो । त्यसरी नै प्रत्येक वर्ष इस्राएलीहरूको पाप क्षमा हुनेगर्थ्यो । आजको समयमा येशूको रगतद्वारा परमेश्वरले चुन्नुभएका मानिसहरूका पाप क्षमा हुन्छ । दोस्रो बोकालाई छाडा छोडिने बोका भनिन्थ्यो (लेवी १६:८) । प्रधान पूजाहारीले आफ्नो हात त्यस बोकामाथि राखिसकेपछि एक व्यक्तिले त्यो बोकालाई कहिले पनि फर्केर आउन नसक्ने गरी टाढा पुऱ्याएर छोडिदिन्थ्यो । यस कुराले यो दोखाउँछ, कि परमेश्वरले क्षमा गरिसकेको पाप फेरि कहिल्यै सम्झनुहुन्न ।

मोशापछि उसको उत्तराधिकारी यहोशूले यर्दन नदी पार गरेर इस्राएलीहरूलाई कनान देशमा लगे । त्यसपछि तिनीहरू त्यहीँ बसोबास गर्नथाले । इस्राएलीहरूको पहिलो राजा शाऊल हुन भने दोस्रो राजा दाऊद हुन् । एकदिन येशूले दाऊदलाई मन्दिर बनाउनू भनेर भन्नुभयो । उहाँले भन्नुभयो, कि म विभिन्न ठाउँमा सर्दै आएको छु, अब उप्रान्त एकै ठाउँमा रहन्छु तर तिम्रो छोरा सलोमनले त्यो मन्दिर बनाउनेछ । त्यही आज्ञाअनुसार इ.पू. ९५० तिर सलोमनले मन्दिर बनाए । जुन ठाउँमा इसहाकलाई बलिदान गर्न



लगिएको थियो, त्यही ठाउँमा मन्दिर बनाइयो । त्यो मन्दिरलाई सलोमनको मन्दिर अर्थात् पहिलो मन्दिर भनिन्छ । यहूदीहरूले जसरी पवित्र स्थानमा आराधना गर्थे, त्यसरी नै मन्दिरमा आराधना गर्थे । मन्दिरको बनावटको ढाँचा पनि पवित्र-स्थानको जस्तै थियो । इ.पू. ५८६ मा बेबिलोनीहरूले त्यो मन्दिरलाई नष्ट गरे । त्यो मन्दिर ७० वर्षपछि राजा यरूबाबेलले पून: निर्माण गरे र त्यसलाई दोस्रो मन्दिर भनिन्छ । इ.पू. २० मा हेरोदको मन्दिर निर्माण भयो । त्यो समयमा यहूदाका राजा हेरोद थिए । उनी यहूदी होइनन् तर एदोमी थिए । राजा हेरोदले यरूबाबेलको मन्दिर ५०० वर्ष पुरानो भएको र भत्किन लागेकोले इस्राएलीहरूलाई नयाँ मन्दिर निर्माण गर्ने सल्लाह दिए । त्यो मन्दिर कसैले नष्ट गरेको होइन तर पुरानै मन्दिरलाई फेरि नयाँ गरी पुन: निर्माण गरिएकोले त्यसलाई दोस्रो मन्दिर नै भनिन्छ । त्यसलाई हेरोदको मन्दिर पनि भनिन्छ । त्यही मन्दिर येशू भित्र-बाहिर गर्नुहुन्थ्यो । सेवकाइ सुरु गरेपछि उहाँ एक दिन हेरोदको मन्दिरमा जानुभयो । त्यो निस्तार चाडको दिन थियो । उहाँले मन्दिरभित्र व्यापारीहरूलाई विभिन्न सामानहरू बेच्दै गरेको देख्नुभयो । त्यो देखेर उहाँ ज्यादै रिसाउनुभयो । परमेश्वरको मन्दिर व्यापारको केन्द्र भएको थियो । आजभोलिका धेरै मण्डलीहरू त्यस्तै अवस्थामा पुगेका छन् ।

| | |
|---|---|
| इ.पू. ९५९ | सोलोमनको मन्दिर (पहिलो मन्दिर) |
| इ.पू. ८७५ | एलिया |
| इ.पू. ७२२ | अस्सुरीहरूबाट इस्राएलमाथि आक्रमण |
| इ.पू. ५८६ | बेबिलोनीहरूबाट यहूदामाथि आक्रमण<br>सोलोमनले बनाएको मन्दिर विनास |
| इ.पू. ५१६ | यरुबाबेलको मन्दिर (दोस्रो मन्दिर) |
| इ.पू. २० | हेरोदको मन्दिर (दोस्रो मन्दिर) |
| इ.पू. ४ | येशूको जन्म |
| इ.सं. २६ | येशूले ३० वर्षको उमेरमा सेवकाइ सुरु गर्नुभयो<br>हेरोदको मन्दिर निर्माण भएको ४६ वर्ष भयो<br>(यूहन्ना २:२०) |

येशूले भनुभयो, “यो मन्दिरलाई भत्काओ । म तीन दिनमा यसलाई खड़ा गर्नेछु” । त्यो उहाँले आफ्नो भविष्यको मृत्यु र पुनरुत्थान बारेमा भन्नुभएको थियो । त्यहाँ भएका अगुवाहरूले येशूलाई भने, “यो मन्दिर निर्माण गर्नलाई ४६ वर्ष लाग्यो, कसरी ३ दिनमा बनाउन सकिन्छ ?” (यूहन्ना २:१३-२२) ।

आदमको पतनपछि येशूको समयसम्म आउन ४,००० वर्ष लाग्यो । ४,००० वर्ष भनेको परमेश्वरको दृष्टिमा ४ दिन मात्र हो (भ.सं. ९०:४; २ पत्रुस ३:८) । मानवीय १,००० वर्ष परमेश्वरको १ दिन हो । हाम्रो नजरमा त्यो समय धेरै लामो भए तापनि परमेश्वरको दृष्टिमा धेरै छोटो छ । बाइबलमा सङ्ख्या ४ को विशेष अर्थ छ । कुनै लक्ष्य प्राप्तिको निम्ति यो तयारीको सङ्ख्या हो । तर तयारीको समय सहज हुँदैन । यसमा धेरै जाँच, परीक्षा र गाह्रो अवस्थाहरूको सामना गर्नपर्छ । यो मुख्य लक्ष्य प्राप्तिको निम्ति धेरै मानिसहरू नियुक्त गर्नुभएको थियो । ४,००० वर्षको समयमा धेरै व्यक्तिहरूलाई प्रयोग गर्नुभयो । हामीलाई नयाँ जीवन दिन उहाँले ती सबै दुःख भोग्नुभयो । हाम्रो प्रभु येशूले हामीलाई अनन्त जीवन दिन धेरै दुःख उठाउनुभएको थियो । उद्धार सजिलोसँग आएको छैन, यसमा येशूको पसिना, परिश्रम र सोच विचारहरू मात्र होइन रगत पनि लगानी भएको छ । अहिले हामीले विचार गर्दा उद्धार सित्तैमा पाएको जस्तो लाग्न सक्छ । यस प्रकारले विचार गर्नु हाम्रो समस्या हो । हामीले उद्धारलाई महत्वपूर्ण ठानेका छैनौं । क्रूसमा जब येशूले अन्तिम सास फेर्नुभयो, उहाँले भन्नुभयो, अब सिद्धियो । त्यसो भन्नुभएपछि सास फेर्न रोक्नुभयो (यूहन्ना १९:३०) ।

येशू इ.सं.३० मा क्रूसमा मर्नुभयो र ३ दिनपछि पुनरुत्थान हुनुभयो । त्यसको ४० दिनपछि उहाँ स्वर्गारोहण हुनुभयो । मानिसहरूलाई त्यो कुरा बताउनुपर्छ भनेर उहाँले चेलाहरूलाई महान् आज्ञा दिनुभयो । उहाँका चेलाहरू– पत्रुस, पावल, र तिमोथीले करिब ४० वर्षसम्म लगातार त्यो काम गरी नै रहे । ४० पनि तयारीको सङ्ख्या हो । त्यसपछि सुसमाचार यरूशलेमको यहूदीहरू हुँदै अयहूदीहरूको माझमा पुग्यो । येशूले इ.सं. ७० मा यरूशलेमको मन्दिर नष्ट हुन दिनुभयो किनभने त्यो मन्दिर येशूको छाया मात्र थियो । हामीलाई अहिले मुक्ति र उद्धारको निम्ति यरूशलेमको मन्दिरको आवश्यकता छैन । तर हामीले विचार गर्नुपर्ने महत्वपूर्ण कुराचाहिँ के हो भने येशूको दोस्रो



आगमनको एउटा चिन्हचाहिँ त्यो मन्दिरको पुनः निर्माण हुनु हो । भविष्यमा निर्माण हुने त्यो मन्दिर फोहोर मन्दिर हुनेछ र बहुधर्मवादीहरूले त्यहाँ पूजा गर्नेछन् ।

> धेरै जनासित एक हप्ताको लागि तिनले एउटा करारको सदर गर्नेछन् । हप्ताको बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन् । अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खडा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन (दानिएल ९:२७) ।

> यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खडा भएको देखौला (मत्ती २४:१५) ।

> त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ (२ थेसलोनिकी २:४) ।

# येशूको पुनरूत्थान

## THE RESURRECTION OF JESUS

पुनरुत्थान हुनु भनेको मृत व्यक्तिको सास फर्कनु अथवा फेरि जीवित हुनुभन्दा फरक हो। लाजरसले मरिसकेपछि पनि फेरि जीवन पाए। उसको शरीर पहिलेको जस्तै थियो। ऊ पछि बुढो भएर मऱ्यो। पुनरुत्थान भएको शरीरचाहिँ त्योभन्दा फरक हुन्छ। त्यसलाई महिमित शरीर भनिन्छ। पुनरुत्थानपछिको शरीरमा हाड र मासु त हुन्छ तर हाम्रो अहिलेको भन्दा त्यो धेरै फरक हुन्छ। त्यसको अलौकिक शक्ति हुन्छ, जस्तैः भित्ताबाट छिर्न सक्छ र मन लागेको ठाउँमा तुरुन्त पुग्न सक्छ। कुनै कुराले त्यसलाई रोक्न वा छेक्न सक्दैन। पुनरुत्थानपछि येशूको शरीर त्यस्तै थियो। पुनरुत्थान भएको व्यक्तिले सामान्य रूपमा खाना खानसक्छ। उसको उमेर हुँदैन र शरीर नास हुँदैन। इसाईहरूले मात्र पुरुत्थानमा विश्वास गर्छन् तर अरू धर्मका मानिसहरूले यसलाई स्वीकार गर्दैनन्। कुनै-कुनै धर्मका मानिसहरूले पूर्व जन्ममा र पुनर्जन्ममा विश्वास गर्छन्। यस विषयमा केही प्रमुख धर्महरूका विचारधाराहरूलाई हेरौं।

**यहूदी धर्म (Judaism) :-** यहूदीहरूले बाइबलको पुरानो करारमा मात्र विश्वास राख्छन्। उनीहरूले अब्राहामलाई आफ्ना पिता मान्छन् तर अब्राहामको मृत्युपछि पुनरुत्थान भएको कुनै प्रमाण छैन।

**बौद्ध धर्म (Buddhism) :-** बौद्ध धर्मालम्बीहरूले शाक्य मुनिलाई विश्वास गर्छन्। बालक अवस्थामा उनलाई सिद्धार्थ गौतम भनिन्थ्यो। उनी मरे तर पुनरुत्थान भएनन्।

**ईस्लाम धर्म (Islam) :-** मोहम्मद ईस्लाम धर्मको संस्थापक हुन्। उनी इ.सं. ६३२ मा साउदी अरबको मदिना भन्ने ठाउँमा मरे। उनको मृत्युपछि पुनरुत्थान भएको कुनै प्रमाण छैन।



**हिन्दू धर्म (Hinduism) :-** हिन्दू धर्ममा थुप्रै देवीदेवताहरू छन्। यो धर्मले पुनर्जन्मको विषयमा सिकाउँछ तर पुनरुत्थानको विषयमा सिकाउँदैन।

**कन्फुसियसवाद (Confucianism), ताओवाद (Taonism), जोरातेरोवाद (Zoraoteronism) :-** यी धर्महरूका अनुयायीहरूले पनि पुनरुत्थानसम्बन्धी कुनै शिक्षा दिँदैन।

### येशूको पुनरुत्थानसम्बन्धी झूटा शिक्षाहरू

### Heretic Teachings about the Resurrection of Jesus

पुनरुत्थान इसाई धर्मको मुख्य सिद्धान्त हो तर आजभोलिका धेरै उदारवादी इसाई अगुवाहरूले येशूको पुनरुत्थानमाथि विश्वास गर्दैनन्। तिनीहरूले येशूको पुनरुत्थान भएको थिएन भनेर सिकाउँछन्। धेरै विश्वासीहरू यस्तो शिक्षाबाट प्रभावित भएका छन्। त्यस प्रकारको शिक्षा दिने व्यक्तिहरूलाई ईश्वरशास्त्री होइन तर दार्शनिक भन्न सकिन्छ। तिनीहरू आत्मिक कुरामा भन्दा बौद्धिक क्षमतामा बढी विश्वास गर्छन्। ईश्वरशास्त्री पवित्र आत्माद्वारा निर्देशित हुनुपर्छ तर दार्शनिकहरू आफ्नै बौद्धिक क्षमता, शैक्षिक योग्यता र तार्किक शक्तिबाट निर्देशित हुन्छन्। येशूको पुनरुत्थान बौद्धिक क्षेत्रको कुरा नभई आत्मिक अनि अलौकिक क्षेत्रको कुरा हो। शैक्षिक, तार्किक र बौद्धिक कुराहरूबाट प्रभावित भएकाहरूले येशूको पुनरुत्थानसम्बन्धी चार वटा झूटा सिद्धान्तहरू निकालेका छन्।

१. **होस हराएको सिद्धान्त (Swoon Theory)**

यो सिद्धान्त अठारौं शताब्दीमा इटालीको भेन्टुरिनी (Venturini) भन्ने उदारवादी ईश्वरशास्त्रीले प्रतिपादन गरेका हुन्। यसलाई बोहोस भएको सिद्धान्त पनि भनिन्छ। अहामा डिया (Ahama Diya) भन्ने ईस्लामिक संस्थाले पनि यो सिद्धान्त मुसलमानहरूलाई सिकायो। जर्मन उदारवादी ईश्वरशास्त्री, डेभिड फ्रेडरीच स्ट्रसले (David Friedrich Strauss) पनि यस्तै प्रकारको शिक्षा दिन्छन्। यो सिद्धान्तले यसो भन्दछ : 'येशू क्रूसमा मर्नुभएको थिएनन् तर बेहोस मात्र हुनुभएको थियो। उहाँ मर्नुभयो भनी रोमी

सिपाहीहरूले विचार गरे । जब उहाँलाई दफन गर्न अरमाथियाका योसेफको चिहानमा पुऱ्याइयो, तब होस फर्क्यो र उहाँ जीवित हुनुभयो । त्यसपछि चेलाहरूले येशू पुनरुत्थान हुनुभयो भन्ने हल्ला फैलाए ।'

२. **चोरिएको सिद्धान्त (Stolen Theory)**

चेलाहरूले येशूको मृत शरीर चोरेर लगी त्यसलाई लुकाएर राखे अनि येशूको पुनरुत्थान भयो भन्ने हल्ला फैलाए । त्यतिखेरका धेरै यहूदीहरूले यसमा विश्वास गर्थे । यो कुरा झूटा हो भनी जस्टिन मार्टर र टर्टुलिनले आफ्ना लेखहरूमा उल्लेख गरेका छन् ।

येशूको लास चोरी हुन असम्भव थियो किनभने त्यो चिहान छोपेको ठूलो ढुङ्गामा मोहोर लाएर रोमी सैनिकहरूले कड़ा सुरक्षा गरेका थिए । लास चोरी हुनसक्छ भन्ने कुरामा तिनीहरू सचेत थिए । येशूका चेलाहरूलाई उहाँको मृत शरीर चोर्न सम्भव थिएन । त्यसको साथै हामीले याद गर्नुपर्ने अर्को महत्वपूर्ण कुरा के हो भने येशू पुनरुत्थान हुनुभएपछि उहाँलाई बेरिएको कात्रो पट्टयाएर चिहानभित्र नै राखिएको थियो । यदि लास साँच्चै चोरिएको भए कात्रो त्यहाँ हुने नै थिएन र भइहाले तापनि राम्रो अवस्थामा हुँदैनथ्यो ।

३. **भ्रमको सिद्धान्त (Illusion Theory)**

यो सिद्धान्तअनुसार येशूलाई क्रूसमा टाँगेपछि चेलाहरू अति विचलित भएर भ्रममा परे । उनीहरूको दिमागले राम्रोसँग काम गर्न सकेन, जसको परिणामस्वरूप येशू मरिसक्नुभएपछि पनि तिनीहरूले उहाँ जीवितै हुनुहुन्छ भन्ने ठाने । यस विचारधारालाई हामी स्वीकार गर्न सक्तैनौं किनभने पुनरुत्थान हुनुभएपछि करिब छ सय व्यक्तिहरूले एकैचोटि उहाँलाई देखेका थिए । त्यति धेरै व्यक्तिहरू एकैपटक भ्रममा पर्न सक्तैनन् । अर्को कुराचाहिँ के हो भने पुनरुत्थान हुनुभएपछि येशू चालीस दिनसम्म पृथ्वीमा रहनुभयो र मानिसहरूको आँखाको सामुन्य उहाँ स्वर्गारोहण हुनुभयो ।

४. **गलत चिहानको सिद्धान्त (Wrong Tomb Theory)**

यो सिद्धान्तले यसो भन्दछ : मृत्युपश्चात् येशूको लासलाई चिहानमा राखियो अनि चेलाहरू येशूको चिहान हेर्न जाँदा अर्कै चिहानमा पुगे, जुन खाली



थियो । तिनीहरूले त्यहाँ येशूको लास देखेनन् अनि उहाँको पुनरुत्थान भयो भन्ने हल्ला फैलाए । यो कुरा पनि असम्भव छ किनभने त्यस समय अरिमाथियाको योसेफ प्रख्यात व्यक्ति थिए र उनको चिहान कुन ठाउँमा थियो भन्ने प्रायः सबैलाई थाहा थियो । रोमी सिपाहीहरूले त्यहाँ पहरा दिइरहेका थिए ।

यी माथिको सबै सिद्धान्तहरू झूटा हुन् । येशू सर्वशक्तिमान् परमेश्वर हुनुहुन्छ । उहाँ मृत्युमाथि विजयी हुनुभएर पुनरुत्थान हुनुभयो । उक्त ऐतिहासिक साँचो घटनाको धेरै अकाटच प्रमाणहरू उपलब्ध छन् ।

## येशूको पुनरुत्थानको प्रमाणहरू
## The Evidences of the Resurrection of Jesus

तीन वर्षको सेवकाइमा येशूले १७ पटकभन्दा बढी आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा बताउनुभयो । उहाँले भन्नुभएको जस्तो कुरा अरू कुनै धर्मका संस्थापकहरूले भन्न सकेका छैनन् । उहाँको भनाइहरू साङ्केतिक रूपमा नभई शाब्दिक रूपमा स्पष्ट थियो र ती सबै पूरा भए । उहाँले स्पष्ट भन्नुभएको थियो, "म तीन दिनपछि बौरिउठ्नेछु" । 'पुनरुत्थान हुनेछु' मात्र भन्नुभएको भए अलि सजिलो कुरा हुनेथियो । केही समयपछि सायद मानिसहरूले त्यो कुरा बिर्सने थिए तर 'तीन दिन' तोकेर नै उहाँले भविष्यवाणी गर्नुभयो । त्यसप्रकारले भविष्यवाणी गर्नु साहासिक मात्र होइन अत्यन्त जोखिमपूर्ण काम थियो । साधारण मानिसले त्यस्तो भनाइ व्यक्त गर्न असम्भव छ किनभने कुनै भविष्यवाणी गरेर पूरा गर्न नसक्नु ठूलो मूर्खता र लाजमर्दो कुरा हो । अर्को कुरा के हो भने, यदि त्यो प्रतिज्ञा उहाँद्वारा नभई अरू कुनै तेस्रो व्यक्तिद्वारा भएको भए, सायद ठिकै हुन्थ्यो होला तर त्यो उहाँले आफ्नै मुखबाट बोल्नुभयो । एक-दुईपटक होइन १७ पटकभन्दा बढी उहाँले पुनरुत्थान हुने भविष्यवाणी गर्नुभयो ।

> अकस्मात् येशूले तिनीहरूलाई भेटेर भन्नुभयो, "शान्ति !" तिनीहरू नजिक आएर उहाँका पाउ पक्रेर उहाँलाई दण्डवत् गरे । तब येशूले

तिनीहरूलाई भन्नुभयो, "नडराओ, गएर मेरा भाइहरूलाई गालीलमा जानू भनिदेओ, र त्यहाँ तिनीहरूले मलाई देख्नेछन्" (मत्ती २८:९)।

येशू पुनरुत्थान भएपछि पहिलोपटक मरियम मग्दलिनी र अर्की मरियमकहाँ देखा पर्नुभयो। त्यस घटनाले ती स्त्रीहरू साह्रै अचम्ममा परे।

तिनीहरू आपसमा बातचीत गर्दै र बहस गरिरहेको बेला येशू आफै नजिक आएर तिनीहरूका साथ लाग्नुभयो, तर तिनीहरूका आँखा उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए। जब येशू तिनीहरूसँग खान बस्नुभयो, उहाँले रोटी लिएर आशीर्वाद दिनुभयो, र भाँचेर तिनीहरूलाई दिन लाग्नुभयो। तब तिनीहरूका आँखा खुले र तिनीहरूले उहाँलाई चिने। अनि उहाँचाहिँ तिनीहरूका दृष्टिबाट अल्पिनुभयो (लूका २४:१५, १६, ३०, ३१)।

येशूको चेला क्लेओपास र उसको एक साथी यरूशलेमबाट इम्माउसको बाटोमा जाँदैथिए। अचानक उनीहरूको बीचमा येशू देखापर्नुभयो। तर तिनीहरूले उहाँलाई चिन्न सकेनन्, किनभने उहाँ पुनरुत्थानको महिमित शरीरमा हुनुहुन्थ्यो। साँझ जब तिनीहरू येशूसँगै खाना खान बसे, तब मात्र तिनीहरूले येशूलाई चिने तर तत्कालै उहाँ त्यहाँबाट अलप हुनुभयो। तिनीहरू त्यसै समय येरूशलेममा फर्के र अरू चेलाहरूलाई सबै कुरा बताए।

त्यसपछि पनि येशू चेलाहरूकहाँ देखापर्नुभयो। उहाँ एघार चेलाहरूको माझमा पनि देखा पर्नुभयो। तिनीहरूले येशू त्यस समय आत्मामा हुनुहुन्थ्यो भनेर विचार गरे। तिनीहरूको शङ्का हटाउन उहाँले भन्नुभयो, "म आत्मामा होइन तर पुनरुत्थान भएको महिमित शरीरमा छु।" ती चेलाहरूलाई उहाँको शरीर छुन दिनुभयो। यहाँ बुझ्नुपर्ने कुरा के छ भने आत्माको हाड र मासु हुँदैन। उहाँले आफ्नो हात, खुट्टा र कोखाको घाउ पनि देखाउनुभयो। उनीहरूसँगै बसेर येशूले माछा पनि खानुभयो (लूका २४:३६-४३)।

त्यो समयमा थोमा त्यहाँ थिएनन्। ती चेलाहरूले थोमालाई भने, "हामीले पुनरुत्थान हुनुभएको येशूलाई देख्यौं"। तर थोमाले त्यस कुरामा विश्वास गरेनन्। उनले भने, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र



कीलाहरूका डोबमा मेरा हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ" (यूहन्ना २०:२५)। थोमाले शङ्का गरेको आठ दिनपछि येशू सबै चेलाहरू भएको ठाउँमा प्रकट हुनुभयो। चेलाहरू एउटा कोठाभित्र थिए र त्यो कोठाको ढोका भित्रबाट बन्द गरिएको थियो। अचानक येशू त्यहाँ देखा पर्नुभयो।

उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औँला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्वासी होऊ।" थोमाले उहाँलाई भने, "मेरो प्रभु, र मेरो परमेश्वर!" येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्" (यूहन्ना २०:२७-२९)।

माथि उल्लेखित घटनाहरू यरूशलेममा घटेका थिए। केही समयपछि चेलाहरू यरूशलेमबाट गालीलतर्फ फर्के किनभने तिनीहरूको घर गालीलमा थियो। गालीलमा फर्केपछि तिनीहरू पहिलेकै पेशा अर्थात् माछा मार्ने काममा नै लागे। एक रात चेलाहरू तिबेरियास समुद्रमा माछा मार्दैथिए तर रातभरमा एउटा पनि माछा मार्न सकेनन्। अचानक येशू त्यहाँ देखापर्नुभयो। येशूलाई देखेर चेलाहरू छक्क परे। उहाँले तिनीहरूलाई जाल डुङ्गाको दायाँपट्टि हान भनेर अह्राउनुभयो। उनीहरूलाई त्यहाँ जाल हान्न मन थिएन तर प्रभुको आज्ञामा अचम्म प्रकारले जालभरि माछाहरू पक्रे। त्यहाँ ठूला-ठूला १५३ वटा माछाहरू थिए (यूहन्ना २१:१-१४)।

**१५३ माछाहरूको अर्थ** : पुनरुत्थानपछि येशूको आज्ञामा पत्रुसले १५३ वटा माछाहरू पक्रे। त्यसको आत्मिक अर्थ उहाँको चेलाहरू परमेश्वरको महान् आज्ञा पालन गरेर उहाँको राज्यको लागि धेरै मानिसहरू पक्रनेछन् भन्ने हो। १५३ मा १ ले परमेश्वर एक हुनुहुन्छ भन्ने सङ्केत गर्छ, ३ ले त्रिएक परमेश्वर (पिता, पुत्र र पवित्र आत्मा) लाई जनाउँछ र ५ ले मोशाको पञ्चपुस्तकलाई बुझाउँछ।

यसैकारण हाम्रा साथमा रहने मानिसहरूमध्ये यस्तो एक जना छान्नु आवश्यक छ, जुन व्यक्ति प्रभु येशू हाम्रा बीचमा रही भित्र-बाहिर गर्नुहुँदा सधैं हामीसँग थियो, अर्थात् यस्तो व्यक्ति जो यूहन्नाको

बप्तिस्मादेखि लिएर उहाँ हामीबाट उँभो लगिनुभएको दिनसम्म हामीसँग थियो । त्यो मानिस हामी सँगसँगै उहाँको पुनरुत्थानको साक्षी हुनुपर्छ (प्रेरित १:२१-२२) ।

पत्रुसले येशूको पुनरुत्थानको बारेमा यसरी प्रचार गरे ।

परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो । उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो । किनकि मृत्युको अधीनमा उहाँ भइरहनु असम्भव थियो (प्रेरित २:२३-२४) ।

अघिबाटै यो देखेर उनले ख्रीष्टको पुनरुत्थानको विषयमा भने कि उहाँ न पातालमा छोड़िनुभयो, नता उहाँको शरीर नै कुहचो । यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो । यस कुराका हामी सबै साक्षी छौँ (प्रेरित २:३१-३२) ।

तर तपाईंहरूले पवित्र र धर्मी जनलाई अस्वीकार गरीकन एउटा ज्यानमारालाई छोड़िदिने माग गर्नुभयो, र जीवनका कर्तालाई तपाईंहरूले मार्नुभयो, जसलाई परमेश्वरले मृतकबाट बिउँताउनुभयो, हामी यसका साक्षी छौँ (प्रेरित ३:१४-१५) ।

तपाईंहरू सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईंहरूले क्रूसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका येशू ख्रीष्टको नाउँमा यो मानिस तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ (प्रेरित ४:१०) ।

हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई मृतकबाट जीवित पार्नुभयो, जसलाई तपाईंहरूले काठमा टाँगेर मार्नुभएको थियो (प्रेरित ५:३०) ।

अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी हौँ । उहाँलाई तिनीहरूले काठमा झुण्डचाएर पनि मारे । उहाँलाई नै परमेश्वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, सबै मानिसलाई होइन,



तर हामी जसलाई परमेश्वरले साक्षीको रूपमा छान्नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गऱ्यौँ । उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवितबाट र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ (प्रेरित १०:३९-४२) ।

पावलले पनि यस विषयमा गवाही दिएका छन् ।

ए, अब्राहामका वंशको सन्तान, र तिमीहरूमध्ये परमेश्वरको डर मान्ने ए भाइ हो, हामीकहाँ नै यो मुक्तिको सन्देश पठाइएको छ । किनभने यरूशलेमका बासिन्दा र तिनीहरूका शासकहरूले उहाँलाई नचिनेर र हरेक शबाथमा पढिने अगमवक्ताका वचनहरू नबुझेर उहाँलाई दण्डको आज्ञा दिई ती वचन पूरा गरे । ज्यान सजायको केही कारण नपाए तापनि तिनीहरूले उहाँलाई मार्नुपर्छ भनी पिलातससँग बिन्ती गरे, र उहाँको विषयमा लेखिएका सबै कुरा तिनीहरूले पूरा गरेपछि तिनीहरूले उहाँलाई काठबाट झारेर चिहानमा राखे । तर परमेश्वरले उहाँलाई मृतकबाट जीवित पार्नुभयो । आफूसँग गालीलबाट यरूशलेममा आउनेहरूकहाँ उहाँ धेरै दिनसम्म देखा परिरहनुभयो, र उनीहरू अहिले जनतामा उहाँका साक्षी छँदैछन् । परमेश्वरले पिता-पुर्खालाई गर्नुभएको त्यो प्रतिज्ञाको सुसमाचार हामी तपाईंहरूकहाँ ल्याउँछौँ । अर्थात्, कसरी परमेश्वरले येशूलाई जीवित पारी उठाएर त्यो कुरा हामी, तिनीहरूका सन्तानका निम्ति पूरा गरिदिनुभयो, जस्तो दोस्रो भजनमा पनि लेखिएको छ, 'तिमी मेरा पुत्र हौ, आजको दिन मैले तिमीलाई जन्माएको छु ।' उहाँले ख्रीष्टलाई कहिले नसड्ने गरी मृतकबाट जीवित पार्नुभएको विषयमा चाहिँ यसो भन्नुभएको छ, 'म तिमीहरूलाई दाऊदलाई दिएका पवित्र र अटल आशीर्वाद दिनेछु ।' किनकि अर्को ठाउँमा पनि यसो भनिएको छ, 'तपाईंले आफ्ना पवित्र जनको शरीर सड्न दिनुहुनेछैन ।' किनकि उनको आफ्नै पुस्तामा परमेश्वरको उद्देश्यअनुसार सेवा गरेर मरेपछि उनका पिता-पुर्खाहरूसँग दाऊद

> गाडिए, र उनको शरीर सड्न दिनुहुनेछैन।' किनकि उनको आफ्नै पुस्तामा परमेश्वरको उद्देश्यअनुसार सेवा गरेर मरेपछि उनका पिता-पुर्खाहरूसँग दाऊद गाडिए, र उनको शरीर सडेर गयो। तर जसलाई परमेश्वरले मृतकबाट जीवित पार्नुभयो, उहाँको शरीरचाहिँ सडेन। यसकारण भाइ हो, तपाईंहरूलाई थाहा होस्, कि यी नै मानिसद्वारा पाप-क्षमा हुन्छ भन्ने घोषणा तपाईंहरूलाई गरिएको छ। तपाईं विश्वास गर्नेहरू हरेकले उहाँद्वारा नै सबै कुराबाट छुटकारा पाउनुभएको छ, जुन छुटकारा मोशाको व्यवस्थाद्वारा तपाईंहरूका निम्ति सम्भव थिएन (प्रेरित १३:२६-३९)।

> किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित परेर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ (प्रेरित १७:३१)।

> आजको दिनसम्म परमेश्वरबाट मैले सहायता पाएको छु। यसैले साना ठूला दुवैलाई गवाही दिँदै म यहाँ खडा भएको छु। अगमवक्ताहरूले र मोशाले बोलेका वचन अवश्य पूरा हुनेछन् भन्ने कुराबाहेक मैले अरू केही भनेको छैनँ– उनीहरूले भनेका थिए, कि ख्रीष्टले दुःख भोग्नै पर्छ र मृतकबाट जीवित हुनुभएको पहिले भएर उहाँले आफ्ना जाति र अन्यजातिहरूलाई ज्योतिको घोषणा गर्नुहुनेछ (प्रेरित २६:२२-२३)।

यी खण्डहरू अध्ययन गर्दा हामी यो कुरा बुझ्न सक्छौँ, कि पत्रुस र पावलको सन्देशमा मुख्य विषय 'येशूको पुनरुत्थान' नै थियो। येशूको पुनरुत्थानबारे प्रचार गर्नु नै चेलाहरूको मुख्य काम थियो। त्यसकारण हाम्रो प्रचारको मुख्य विषय पनि त्यही हुनुपर्छ। माथि

येशूको पुनरुत्थानको विषयमा सबैभन्दा महत्वपूर्ण खण्ड १ कोरन्थी १५ अध्याय हो, र यसलाई पुनरुत्थानको अध्याय भनिन्छ। पावल दोस्रो प्रचार यात्राको क्रममा एफिसीमा हुँदा कोरन्थीका विश्वासीहरूले येशूको पुनरुत्थानलाई इन्कार गरे भन्ने सुने। इ.सं. ५५ मा पावलले एफिसीबाट



कोरन्थीहरूलाई पहिलो पत्र लेखे। उनले १ कोरन्थी १५ अध्याय येशूको पुनरुत्थान भएको कुरा साँचो हो भनेर प्रमाणित गर्न लेखेका हुन्। येशूको पुनरुत्थान मानिसले बनाएको दन्त्य कथा होइन तर धर्मशास्त्रमा भविष्यवाणी गरिएको कुरा हो भनेर उनले जोड दिए। दोस्रो प्रमाणको रूपमा उनले येशूको पुनरुत्थान ऐतिहासिक घटना हो भनेर उनले लेखेका छन्, जसमध्ये केही मानिसहरू त्यतिबेला जिउँदै थिए।

> मृतकहरूबाट ख्रीष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार गरिन्छ भने कसरी तिमीहरूमध्ये कसै-कसैले मृतकको पुरुत्थान हुँदैन भनी भन्न सक्छौ ? तर यदि मृतकहरूको पुनरुत्थान हुँदैन भनेता ख्रीष्ट पनि मृतकबाट पुनर्जीवित पारिनुभएको होइन। यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ। त्यसभन्दा बढी हामी परमेश्वरको बारे झूटा साक्षीहरू ठहरिन्छौँ, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पार्नुभयो भनी हामीले परमेश्वरको बारे गवाही दिएका छौँ। तर साँच्चै मृतकहरूको पुरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भएता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्। यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौँ भने हामी सबै मानिसहरूभन्दा बढी दयनीय हुन्छौँ (१ कोरिन्थी १५:१२-१९)।

पहिलो र दोस्रो शताब्दीका विश्वासीहरूले येशूको पुनरुत्थानको प्रचार गरेर धेरै ठूलो सतावटमा परे र कति जनाले आफ्नो प्राणसमेत गुमाए। येशूको पुनरुत्थानमाथि उनीहरूको ठूलो विश्वास भएको कारण आफ्नो प्राण नै बाजी राखेर प्रचार गर्न सके। उनीहरू मर्नासाथ उनीहरूको शरीर महिमित शरीरमा परिणत हुन्छ भनेर तिनीहरूले विश्वास गरे।

# येशू : दोस्रो पटक आउनुहुने राजा

## JESUS : THE SECOND COMING KING

> जब तिनीहरू उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुइ जना मानिस तिनीहरूका नजिक खड़ा भए। तिनहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकशतिर हेर्दै उभिरकेका छौ ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ" (प्रेरित १:१०-११)।

त्रिएक परमेश्वरको निर्णयअनुसार पुत्र परमेश्वर, येशू आजभन्दा करिब २,००० वर्षअघि मानिसको रूप लिएर यस पृथ्वीमा आउनुभयो र मानिसको उद्धारको महान् योजना पूरा गर्नुभयो। उहाँ फेरि दोस्रो पटक यस पृथ्वीमा आउनुहुनेछ भन्ने कुरामा धेरै इसाईहरूले विश्वास गर्छन्। धेरै जना येशूको दोस्रो आगमन र उठाई लगिने सम्बन्धमा अलमल्लमा परेका छन्। जब येशूले यस पृथ्वीमा पाइला टेक्नुहुनेछ, त्यो उहाँको दोस्रो आगमन हो। तर त्योभन्दा अगाडि उहाँ तुरहीको आवाजसँगै बादलमा देखा पर्नुहुनेछ। त्यसबेला मरेका र जीवित विश्वासीहरू उठाई लगिनेछन् र थुमाको विवाहभोजमा सहभागी हुनेछन्। येशूको दोस्रो आगमनबारे बाइबलमा धेरै खण्डहरू छन्, जसमध्ये स्वयम् येशूले भन्नुभएको केही खण्डहरूलाई हेरौँ।

> तर अञ्जीरको रूखबाट एउटा शिक्षा लेओ : जब त्यसका हाँगा कलिला हुन्छन् र रूखले पालुवा फेर्छ, तब ग्रीष्म ऋतु आएछ भनी तिमीहरू थाहा पाउँछौ। त्यसरी नै तिमीहरूले पनि जब यी सबै कुरा भएका देख्नेछौ, तब ऊ नजिकै, ढोकामै छ भनी जान। साँच्चै,



> म तिमीहरूलाई भन्दछु, कि यी सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन। स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन्। तर त्यस दिन र घड़ीको विषयमा पिताबाहेक, कसैले जान्दैन, नता स्वर्गका दूतहरूले, न पुत्रले (मत्ती २४:३२-३६)।

अञ्जीरको रूखले इस्राएललाई बुझाउँछ। जब इस्राएल राष्ट्रको पुनर्स्थापना हुन्छ, तब येशूको दोस्रो आगमन नजिक छ भनेर जान्नुपर्छ। इ.सं ७० मा विनास भएको इस्राएल इ.सं. १९४८ मा पुनर्स्थापना भयो र इ.सं. १९६७ मा यरूशलेम पनि स्वतन्त्र भयो। यी घटनाहरूलाई हेर्दा येशूको दोस्रो आगमन धेरै टाढ़ा छैन भनी हामी अनुमान लगाउन सक्छौँ।

बाइबलको अन्तिम पुस्तकको अन्तिम अध्यायमा येशूले तीन पटक 'म चाँड़ै आउँदैछु' भन्नुभएको छ।

१. हेर, म चाँड़ै आउँदैछु। यस पुस्तकको अगमवाणीका वचन पालन गर्ने धन्यको हो (प्रकाश २२:७)।

२. हेर, म चाड़ै आउँदैछु। हेर, मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ (प्रकाश २२:१२)।

३. यी कुराको गवाही दिनेले भन्नुहुन्छ, "निश्चय, म चाँड़ै आउँदैछु"। आमिन, आउनुहोस्, हे प्रभु येशू (प्रकाश २२:२०)।

मत्ती २४ अध्यायको कुरा येशूले इ.सं. ३० मा भन्नुभएको थियो भने प्रकाश २२ अध्यायको कुरा यूहन्नाले इ.सं. ९५ मा लेखेका हुन्। यी दुबै खण्डको निचोड़ एउटै भए तापनि यी दुइ घटनाहरू बीच ६५ वर्षको लामो अन्तर छ।

> होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्। तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। तर यी सब त प्रसववेदनाको सुरुमात्र हो। तब तिनीहरूले तिमीहरूलाई

सङ्कष्टको लागि सुम्पिदिनेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। तब धेरै जना भड्केर जानेछन् र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। धेरै भूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ। अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ (मत्ती २४:४-१४)।

अन्त्यको दिनबारे यस तालिकाले हामीलाई महत्वपूर्ण जानकारी दिन्छ।

| | अन्त्यको दिनका चिन्हहरू | धर्मशास्त्रको खण्डहरू |
|---|---|---|
| १ | बहुधर्मवादको सिद्धान्त फैलिने, भूटा अगमवक्ताहरूको प्रादुर्भाव | मत्ती २४:४-५, ११, २३-२८ प्रकाश ६:१-२ |
| २ | युद्ध र लडाइँहरू | मत्ती २४:६-७; प्रकाश ६:३-४ |
| ३ | अनिकाल र भूकम्प | मत्ती २४:७; प्रकाश ६:५-६ |
| ४ | घातक रोगहरूको महामारी | प्रकाश ६:७-८ |
| ५ | गवाहीका कारण मारिने सहिदहरूका सङ्ख्या पूरा हुनु | प्रकाश ६:९-११ |
| ६ | अनिकाल तथा प्राकृतिक विपत्तिहरू | मत्ती २४:७; प्रकाश ६:१२-१७ |
| ७ | इसाईहरूमाथि सतावट हुनु | मत्ती २४:९ |
| ८ | मिसन र सुसमाचारीय अभियानको तीव्रता | मत्ती २४:१४ |
| ९ | यरूशलेम मन्दिरको पुनर्निमाण | मत्ती २४:१५; दानिएल ९:२७; २ थेस २:१-४; प्रकाश ११:१-३ |
| १० | इस्राएल राष्ट्रको पुनर्स्थापना | मत्ती २४:३२-३३; लूका २१:२९-३३ |

येशूले मत्ती २४:७ मा किन भूकम्पको बारेमा भविष्यवाणी गर्नुभयो ? किनभने यो उहाँको दोस्रो आगमनको महत्वपूर्ण सङ्केत हो।



संयुक्त राष्ट्र सङ्घको भौगोलिक तथ्याङ्कअनुसार विगत सय वर्षदेखिको ठूला भूकम्पहरूको तालिका यहाँ दिइएको छ। यस तालिकालाई हेर्दा विगत एक शताब्दीमा प्रत्येक दशक भूकम्पहरू अचम्म रूपले बढ्दै गएको देख्न सकिन्छ।

| साल / दशक | भूकम्पको सङ्ख्या |
|---|---|
| १८९०–१८९९ | १ |
| १९००–१९०९ | १ |
| १९१०–१९१९ | ३ |
| १९२०–१९२९ | २ |
| १९३०–१९३९ | ५ |
| १९४०–१९४९ | ४ |
| १९५०–१९५९ | ९ |
| १९६०–१९६९ | १३ |
| १९७०–१९७९ | ५६ |
| १९८०–१९८९ | ७४ |
| १९९०–१९८५ | १२५ |

अतलकुण्ड पृथ्वीको केन्द्रमा छ भन्ने हाम्रो विश्वास छ। पृथ्वीको भित्री भागमा हलचल भएपछि भूकम्प आउँछ। परमेश्वर रिसाउनु भएपछि अतलकुण्डको ज्वारभाटाहरू बाहिर निकाली दिनुहुन्छ, जसको कारण ठूला भूकम्पहरू आउँछ। आज संसारको भौगोलिक अवस्थालाई हेर्ने हो भने इस्लाम, बुद्धिस्ट र हिन्दू धर्म मान्ने देशहरूमा ठूला भूकम्पहरू आइहेका छन्। योचाहिँ उनीहरूको निम्ति परमेश्वरको क्रोधको संदेश हो।

अन्त्यको दिनको विषयमा येशूले यो पनि भन्नुभयो, कि असल र साँचो विश्वासीहरूलाई उसको साथी र अविश्वासीहरूले ठूलो सतावट दिनेछन्। येशूको नाउँको कारण तिनीहरूलाई घृणा गर्नेछन्। धेरै भूटा शिक्षक,

प्रचारक, र अगमवक्ताहरू निस्की आउनेछन् । अनि दिन प्रतिदिन यो संसारको अवस्था झन्-झन् खराब हुँदै जानेछ । मण्डलीहरूमा धेरै अगुवाहरूले येशूको बारेमा नसिकाईकन अरू नै विषयहरू सिकाउनेछन् । उनीहरूले कसरी खुसी हुने, कसरी सम्पन्न हुने, कसरी सफल हुने, कसरी पैसा कमाउने भन्ने विषयमा सिकाउनेछन् । कति जना अगुवाहरूले चाहिँ केवल चङ्गाइको काम मात्र गर्नेछन् । कति अगुवाहरूले आश्चर्यकर्ममा मात्र जोड़ दिन्छन् । तर तिनीरूले येशूको बारेमा पूर्ण रूपमा सिकाउने छैनन् । उनीहरूले येशू को हुनुहुन्छ भनेर पूर्ण रूपले चिन्ने छैनन् ।

येशूको दोस्रो आगमनको अर्को महत्वपूर्ण चिन्ह यरूशलेमको मन्दिर पुनः निर्माण हुनु हो । यरूशलेमको मन्दिर अहिलेसम्म निर्माण भइसकेको छैन तर यस काममा धेरै यहूदीहरूले पहल गरिरहेका छन् ।

मत्ती २४:१४ अनुसार येशूको दोस्रो आगमनभन्दा अघि धेरै पास्टर र अगुवाहरूले सुसमाचार सुनाउने काम तीब्र रूपमा गर्नेछन् अर्थात् त्यस समयमा संसारभरि व्यापक रूपमा सुसमाचार प्रचार हुनेछ । वर्तमान अवस्थालाई अवलोकन गर्ने हो भने यो कुरा पूरा भइरहेको हामी थाहा पाउँछौँ ।

> यसपछि पृथ्वीमा वा समुद्रमा वा रूखमा बतास नचलोस् भनेर चार स्वर्गदूतहरू पृथ्वीका चारै बतासलाई रोकेर पृथ्वीका चार कुनामा उभिरहेका मैले देखेँ । तब जीवित परमेश्वरको मोहोर साथमा लिई अर्को एक जना स्वर्गदूत पूर्वबाट उक्लेका मैले देखेँ । पृथ्वी र समुद्रलाई हानि पुर्‍याउने अख्तियार दिइराखेका चार स्वर्गदूतलाई यसो भनेर तिनले चर्को सोरले भने, "हामीले हाम्रा परमेश्वरका दासहरूका निधारमा मोहोर नलाउञ्जेल पृथ्वी, समुद्र वा रूखहरूलाई केही हानि नगर" । तब मैले मोहोर लगाइएकाहरूको सङ्ख्या सुनेँ । तिनीहरू एक लाख चवालीस हजार थिए, र तिनीहरू इस्राएलका सन्तानको प्रत्येक कुलबाट थिए । यहूदाको कुलबाट बाह्र हजारलाई मोहोर लगाइयो, रूबेनको कुलबाट बाह्र हजारलाई, गादको कुलबाट बाह्र हजारलाई, आशेरको कुलबाट बाह्र हजारलाई, नप्तालीको कुलबाट बाह्र हजारलाई, मनश्शेको कुलबाट बाह्र



> हजारलाई, शिमियोनको कुलाबाट बाह्र हजारलाई, लेवीको कुलबाट बाह्र हजारलाई, इस्साखारको कुलबाट बाह्र हजारलाई, जबूलूनको कुलबाट बाह्र हजारलाई, योसेफको कुलबाट बाह्र हजारलाई, बेन्यामीनको कुलबाट बाह्र हजारलाई मोहोर लगाइयो (प्रकाश ७:१-८) ।

यस खण्डलाई अध्ययन गर्दा हामीले बुझ्नुपर्ने कुरा के हो भने, येशूको दोस्रो आगमनअगाडि १,४४,००० यहूदीहरूले विश्वास गर्नेछन् । तथ्याङ्कअनुसार आजको अहिले करिव १,००,००० यहूदीहरूले येशूमा विश्वास गरिसका छन् र बाँकीहरूले यहूदी धर्म मान्छन् । यहूदीहरूले पुरानो करारको बाइबल र त्यहाँ उल्लेख भएको परमेश्वरलाई मात्र विश्वास गर्छन् ।

माथि उल्लेखित सबै चिन्हहरूले येशूको दोस्रो आगमन नजिकै छ भन्ने देखाउँछ । अब हामी विश्वासीहरूको काम एउटै छ, त्यो के हो भने सुसमाचार नसुनेका जातिहरूको सङ्ख्या घटाउँदै लैजानु । हामीहरू निश्चय नै अन्त्यका दिनहरूमा बाँचिरहेका विश्वासीहरू हौँ र हामीले यी कुराहरू राम्रोसँग मनन गर्नु र येशूको महान् आज्ञालाई पालन गर्नु आवश्यक छ ।

## को उठाई लगिनेछ ?
## Who will be raptured?

येशूले मत्ती २४ अध्यायमा अन्त्यका दिनका चिन्हहरू बताइसक्नुभएपछि विश्वासीहरू उठाई लगिने विषयमा सात वटा दृष्टान्तहरू भन्नुभयो । ती दृष्टान्तहरू मत्ती २४:३७ देखि मत्ती २५:४६ सम्म उल्लेख छन् । येशूले ती सात वटा दृष्टान्तहरू बलिदान हुने हप्ताको मंगलवार दिनुभएको थियो ।

१. **नोआको समयको दृष्टान्त**

> मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ । किनकि जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए, अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म

तिनीहरूले थाहा पाएनन् । मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ (मत्ती २४:३७-३९) ।

येशूले भन्नुभयो, कि अन्त्यको दिन आउनुभन्दा अगाडिको अवस्था नोआको समयजस्तै हुनेछ । नोआको समयमा पानीबाट न्याय भएको थियो भने उठाई लगिसकेपछिको सात वर्ष आगोबाट न्याय हुनेछ । उत्पत्ति छ अध्यायमा हेऱ्यौं भने नोआको समयको समाज कस्तो थियो भन्ने विषयमा थाहा पाइन्छ । त्यो समाज पापले भरिएकोले साह्रै भ्रष्ट थियो । त्यसैले परमेश्वर ती मानिसहरूसँग साह्रै क्रोधित हुनुभएको थियो र नोआको परिवारबाहेक सबैलाई नास गर्नुभयो । त्यस्तै प्रकारले अन्त्यको दिनमा पनि धेरै थोरै मानिसहरू मात्र बाँच्नेछन् किनभने धेरै मानिसहरूले आउनेवाला न्यायको मतलब गरेका छैनन् । त्यस दिनमा अइसाईहरू र नामधारी इसाईहरू परमेश्वरको न्यायमा पर्नेछन् । अहिले सांसारिक मानिसहरूलाई येशूको आगमनको चासो छैन । तिनीहरू आफ्नै चालमा मोजमस्ती गरिरहेका छन् तर हामी यस विषयमा सचेत र जागा हुनुपर्छ ।

### २. खेतमा काम गर्ने दुई मानिसहरूका दृष्टान्त

त्यसबेला दुइ जना खेतबारीमा हुनेछन्, एक जना लगिनेछ, अर्को छोडिनेछ (मत्ती २४:४०) ।

यस दृष्टान्तमा अन्त्यका समयको इसाईहरूलाई सुसमाचारको खेती गर्ने किसानहरूसँग तुलना गरिएको छ । खेतमा काम गर्ने दुइ किसानहरूमध्ये एकजना लगिनेछ अर्को छोडिनेछ भनेको अर्थ अन्त्यको समयमा दुइ किसिमका इसाईहरू हुनेछन्– एक किसिमकोलाई उठाई लगिनेछ, अर्को छोडिनेछ । किसानले बिउ छरेपछि त्यसलाई उमारेर बढाउनको निम्ति पानी हाल्ने काम गर्छन्, झारपात फाल्छन् र अन्त्यमा राम्रो फल फलाउँछन् । सुसमाचारको लागि यसप्रकारले काम गर्ने असल विश्वासीहरूलाई उठाई लगिनेछन् । तिनीहरूले सुसमाचार प्रचारलगायत मण्डलीमा मिलाप गराउने अनि अरूलाई उत्साह दिने र सहायता गर्नेजस्ता कामहरू गर्छन् ।



### ३. जाँतो पिँधिरहेका दुई स्त्रीहरूका दृष्टान्त

दुइ स्त्रीहरू जाँतो पिँधिरहेका हुनेछन्, एउटी लगिनेछ, अर्की छोडिनेछ । यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरू जान्दैनौ । तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन । यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ (मत्ती २४:४१-४४) ।

यस दृष्टान्तमा दुइ स्त्रीहरू भनेको दुइ प्रकारका इसाईहरू हुन् । किसानले अन्न बटुलिसकेपछि स्त्रीले जाँतोमा पिँधेर पिठो बनाउछन् र त्यसपछि मात्र खानको लागि रोटी उपलब्ध हुन्छ । त्यो रोटी परमेश्वरको वचन हो र रोटी बनाउनेहरूचाहिँ अगुवा र शिक्षकहरू हुन् । येशूले यहाँ दुइ किसिमका शिक्षकहरू हुनेछन् भनेर भन्नुभयो । बाइबलमा दुइ किसिमको रोटीको बारेमा उल्लेख गरिएको छ– अखमीरे रोटी र खमीर हालेको रोटी । यदि तपाईंले खमीर नहालेको रोटी बनाएर बाँड्नुहुन्छ भने तपाईं उठाई लगिनुहुनेछ । अखमीरे रोटीमा खमीर भन्ने रोटी फुलाउने तत्त्व मिसाइएको हुँदैन । हामीले बुझ्नुपर्ने कुराचाहिँ खमीर भनेको गलत किसिमको शिक्षा हो ।

'येशूले तिनीहरूलाई भन्नुभयो, "ध्यान देओ, फरिसी र सदुकीहरूको खमीरबाट होशियार रहो" । तिनीहरूले आपसमा बहस गर्न लागे, "हामीहरूले रोटी ल्याएनौं, र उहाँले यसो भन्नुभएको होला" । येशूले यो थाहा पाएर भन्नुभयो, "ए अल्पविश्वासी हो ! तिमीहरूसित रोटी छैन भनेर किन आपसमा बहस गर्छौ ? के तिमीहरू अझै बुझ्दैनौ ? पाँच हजारका निम्ति पाँच रोटीको कुरा तिमीहरूलाई अझ याद छैन ? तिमीरूले कति डाला बटुलेका थियौ ? मैले तिमीहरूलाई रोटीको विषयमा भनेको होइनँ भनी तिमीहरू किन बुझ्दैनौ ? तर फरिसी र सदुकीहरूको खमीरबाट होशियार रहो" । तब तिनीहरूले बुझे, कि उहाँले रोटीको खमीरबाट होइन तर फरिसी हर सदुकीहरूको शिक्षाबाट होशियार रहनू भन्नुभएको रहेछ (मत्ती १६:५-१२) ।

यहाँ हामीले बुझ्नुपर्छ, कि अखमीरे रोटी भनेको येशूको विषयमा मात्रै सिकाउनु हो । यदि शिक्षकले येशूको शिक्षा नसिकाई अरू कुराहरूको विषयमा शिक्षा दिन्छ भने त्यो खमीर भएको रोटीजस्तै हो । यदि तपाईंले येशूको शिक्षा मात्र सिकाउनुभयो भने प्रायः मानिसहरूले मन पराउने छैनन् । आजभोलिका मानिसहरूले मन पराउने विषयहरूचाहिँ– पैसा कसरी कमाउन सकिन्छ ?, कसरी खुसी हुन सकिन्छ ?, कसरी परिवार चलाउन सकिन्छ ?, कसरी स्वस्थ्य हुन सकिन्छ ? भन्ने विषयहरू हुन् । यी विषयहरू असल छन् तर हाम्रो लागि सुसमाचार सबैभन्दा मुख्य विषय हो । त्यसैले प्रचार गर्दा यस्ता कुराहरूबाट जागा र होसियार रहो भनेर येशूले भन्नुभयो ।

**४. विश्वासिलो र बुद्धिमान् सेवकको दृष्टान्त**

> विश्वासी र बुद्धिमान् नोकर को हो, जसलाई त्यसको मालिकले आफ्ना परिवारका चाकरहरूलाई ठीक-ठीक समयमा खान दिओस् भनी खटाएको हुन्छ ? त्यो नोकर धन्य हो, जसलाई मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछ । साँच्चै, म तिमीहरूलाई भन्दछु, मालिकले त्यसलाई आफ्नो सारा सम्पत्तिमाथि जिम्मेवार नियुक्त गर्नेछ । तर यदि त्यस दुष्ट नोकरले 'मेरा मालिक बियाँलो गर्छन्' भनी मनमा ठानी, आफूसँगै काम गर्ने नोकरहरूलाई पिट्न र मतवालाहरूसँग खान र पिउन लाग्यो भने, त्यस नोकरको मालिक त्यसले नचिताएको दिन र नजानेको घडीमा आइपुग्नेछ । अनि मालिकले त्यसलाई कठोर दण्ड दिनेछ र त्यसलाई पाखण्डीहरूका माझ फालिदिनेछ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन् (मत्ती २४:४५-५१) ।

यस दृष्टान्तबाट सेवक-सेविकाहरूले महत्वपूर्ण पाठ सिक्नसक्छौं । यदि तपाईंसँग अखमीरे रोटी छ र त्यो आफैसँग मात्र राख्नुहुन्छ भने असल होइन । येशूले यस दृष्टान्तमा त्यो रोटी अरूहरूलाई बाँडिदिनुपर्छ भन्नुभयो । उहाँले यसरी भन्नुभयो, "म फर्कने बेलासम्म यदि कसैले रोटी बाँडिरहेको भेट्टाएँ भने उसलाई विश्वासी र बुद्धिमान् सेवक भन्नेछु" । यदि अरूलाई नबाँडीकन आफ्नै निम्ति मात्रै राख्छौं भने येशूले त्यस्ता व्यक्तिहरूलाई दुष्ट सेवक भन्नुहुनेछ ।



तपाईं येशूको कस्तो सेवक हुनुहुन्छ ? असल कि दुष्ट ? यो कुरा उहाँले पास्टर, एल्डर, डिकन, प्रचारक र पूर्णकालीन सेवकहरूलाई भन्नुभएको हो । उहाँले भन्नुभयो, कि ती दुष्ट सेवकहरू महा संकष्टमा पर्नेछन् । उहाँ भन्नुहुन्छ, कि तिनीहरूले भविष्यमा साह्रो पछुतो गर्नेछन्, र दाह्रा किटी-किटीकन रुनेछन् ।

सुसमाचार बोकेर हामी बाहिर जानुभन्दाअघि अखमीरे रोटीजस्तै हुनुपर्छ । ख्रीष्टशास्त्र अध्ययनले विश्वासीहरूलाई अखमीरे रोटी बन्न सहायता मिल्नेछ । यो पुस्तकले कसरी पैसा कमाउने, कसरी परिवार खुसी पार्ने, कसरी मानिसहरूलाई खुसी पार्ने भन्ने विषयमा सिकाउँदैन तर कसरी येशूलाई खुसी पार्ने भन्ने विषयमा सिकाउँछ । सेवकाइ गर्ने मानिसको जीवनमा निश्चय नै सतावट आउँछ । सायद साथीहरू र पास्टरले नै तपाईंलाई सताउन सक्छ किनभने यो कुरा येशूले भविष्यवाणी गरिसक्नुभएको कुरा हो । त्यसैले विशेष गरी लामो समयसम्म सेवकाइ गर्ने व्यक्तिहरू यस विषयमा होसियार र सचेत हुनुपर्छ ।

**५. दश कन्याहरूको दृष्टान्त**

> तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ । तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के । तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए । किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन् । तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे । दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए ।
>
> तर मध्य रातमा 'हेर दुलाहा, उनलाई भेट्न आओ' भन्ने आवाज आयो । तब ती सबै कन्याहरू ब्यूँझे, र आफ्नो-आफ्नो बत्ती ठीकठाक पारे । निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, 'तिमीहरूको तेलबाट हामीलाई अतिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे ।

तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, 'हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन ।'

तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो । पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, 'प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस् । तर उनले जवाफ दिएर भने, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ ।'

यसकारण जागा रहो, किनकि त्यो दिन र घडी तिमीहरूलाई थाहा छैन (मत्ती २५:१-१३) ।

सङ्ख्या १० परमेश्वरको दृष्टिमा पूर्ण र सिद्ध सङ्ख्या हो । ती दश कन्याहरूले इसाईहरूलाई देखाउँछ । कन्या भनेको भविष्यको येशूको दुलही हुनेहरू हुन् । विश्वासीहरूलाई उठाई लगिएपछि माथि आकाशमा थुमाको विवाहभोज हुनेछ । उठाई लगिनेहरू येशूको दुलहीहरू हुन पाउनेछन् । अब उठाई लगिने अनि येशूको दुलही हुनको लागि को योग्य छ त ?

विश्वासीले सुसमाचार सुनाएर नयाँ विश्वासी बनाउनु जन्माउनु पर्छ । यस कामलाई दुई तरिकाबाट गर्न सकिन्छ। पहिलो– आफ्नै ठाउँ र आफ्नै जातिमा सुसमाचार सुनाउनु जसलाई प्रचारको काम भनिन्छ, दोस्रो– यो कामचाहिँ अलि गाह्रो छ । विश्वासीले आफ्नो घरबाट निस्केर फरक ठाउँ र फरक जातिहरूको बीचमा गई सुसमाचार सुनाउनु, जसलाई मिसनको काम भनिन्छ ।

विश्वासीले गर्भधारण गरेर आत्मिक बालक जन्माउन सक्नुपर्छ। महान् आज्ञाअनुसार सुसमाचार सुनाएपछि त्यस व्यक्तिलाई ग्रहण गराएर नयाँ जीवन दिनुपर्छ र उसलाई मुक्तिको निश्चयता दिलाउनुपर्छ। विश्वासीले जन्माएको आत्मिक बालकलाई आत्मिक खाना खुवाउनुदपर्छ। भर्खर जन्माएको बालकलाई त्यतिकै छोड्न मिल्दैन। उसलाई खुवाउनुपर्छ, पियाउनुपर्छ र पालन-पोषण गर्नुपर्छ। त्यो व्यक्ति आत्मिकी तवरबाट बढ्न सकोस् भनेर परमेश्वरको वचनबाट खुवाउँदै र सिकाउँदै हुर्काउनुपर्छ ।



विश्वासीले त्यो बालकलाई शिक्षाको निम्ति स्कुलमा पठाउनुपर्छ। स्कुलमा पठाउनु भनेको परमेश्वरको वचनबाट सिकाउने कुरालाई बुझाउँछ। त्यसैले हुर्कँदै गरेको आत्मिक बालकलाई चेलापनको तालिम दिनुपर्छ र आत्मिक सेमिनारहरूमा सहभागी गराउनुपर्छ। त्यसपछि मात्र त्यो आत्मिक बालक परिपक्व हुँदैजान्छ ।

दश कन्याको दृष्टान्तमा सबै कन्यासँग बत्ती छ । अब बत्तीको उद्देश्य के हो ? बत्तीको उद्देश्य बल्नु, चम्कनु, उज्यालो दिनु, अनि अन्धकारलाई हटाउनु हो । परमेश्वरको वचन साँचो बत्ती हो र अर्को कुरा परमेश्वरको वचन आत्मिक रोटी पनि हो ।

तपाईंका वचन मेरा गोड़ाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो (भ.सं. ११९:१०५) ।

आज सबै विश्वासीहरूसँग परमेश्वरको वचन छ र तिनीहरूले महान् आज्ञा पनि पाएका छन् । त्यसको अर्थ सबै विश्वासीहरूको हातमा अन्धकार हटाउने बत्ती छ। तर यहाँ भएका आधा कन्याहरूको साथमा मात्र जगेडा तेल छ। तेल भनेको पवित्र आत्मा हो ।

तैंले इस्राएलीहरूलाई आज्ञा दिनू, कि तिनीहरूले प्रकाशको निम्ति कुटेका भद्राक्ष (जैतुन) को शुद्ध तेल ल्याऊन्, र दियाहरू निरन्तर बलिरहून् (प्रस्थान २७:२०) ।

हामीलाई अखमिरे रोटी (परमेश्वरको वचन) र शुद्ध जैतुनको तेल (पवित्र आत्मा) आवश्यक पर्छ। हामीसँग जगेड़ा तेल हुनुपर्छ, नत्र अँध्यारो हटाउन सकिँदैन । यदि पवित्र आत्मा रूपी तेल शुद्ध छैन भने बत्ती बाल्दखेरि कालो धुवाँ निस्कन्छ । धुवाँको कारणले अँध्यारो पूर्ण रूपले हटाउन सकिँदैन, त्यसले वातावरणमा प्रदुषण फैलाउँछ ।

यो दृष्टान्तमा दश कन्याहरूमध्ये पाँच जना मात्र दुलाहासँगै विवाहको भोजमा भित्र पस्न पाए। यसको अर्थ उठाई लगिने समयमा संसारको आधाजसो मानिसहरू लगिनेछन् र बाँकी आधा यहीँ छोडिनेछन् भन्ने हो ।

### ६. सुनको सिक्काको दृष्टान्त

किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धनसम्पत्ति तिनीहरूलाई जिम्मा दिए। तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुइ र अर्कालाई एक दिएर तिनी गइहाले । तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लागाईकन अरू पाँच सिक्का कमायो । त्यसरी नै दुइ सिक्का पाउनेले पनि अरू दुइ कमायो । तर एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो ।

धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे । तब पाँच सुनका सिक्का पाउने आएर यसो भन्यो, ' हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभइको थियो । हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु ।'

मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर ! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुसीमा सहभागी हो ।'

दुइ सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाईंले मलाई दुइ सिक्का दिनुभएको थियो । हेर्नुहोस्, मैले अरू दुइ सिक्का कमाएको छु ।' त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुसीमा सहाभागी हो ।'

एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो । यसैले मलाई डर लाग्यो, र गएर तपाईंको सिक्का मैले माटोमुनि लुकाइराखेँ । हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस् ।'

त्यसका मालिकले त्यसलाई जवाफ दिए, 'ए दुष्ट, अल्छे नोकर, नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर



तैंले जानेको थिइस् भने, तैंले मेरो धन साहूकहाँ राख्नुपर्नेथियो, र आएर मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ । यसकारण त्यसबाट त्यो सिक्का खोस, र जससँग दश सिक्का छ त्यसलाई देओ । किनभने जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ । तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोासिनेछ । त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन् (मत्ती २५:१४-३०) ।

यस दृष्टान्तबाट येशूले हामीलाई महत्वपूर्ण पाठ सिकाउनुभएको छ। यसको आत्मिकी अर्थ के हो भने पास्टर, एल्डर, डिकनजस्ता पाँच र दुइ सिक्का पाउने अगुवाहरूले विश्वासीहरू बढाउन र बढी उत्पादन गर्छन् तर एक सिक्का पाउने साधारण विश्वासीले त्यो काम राम्रोसँग गर्न सक्तैनन्। यहाँ बुझ्नुपर्ने कुरा के हो भने परमेश्वरको दृष्टिकोणमा महान् आज्ञा पालन गर्ने विश्वासयोग्य व्यक्तिहरू मात्र उठाई लगिएर विवाहभोजमा सहभागी हुन पाउनेछन् तर अरू यहीं छोडिनेछन्। तिनीहरूले महा सङ्कष्टको समयमा धेरै दुःख पाउनेछन्। येशूले एक तोडा लिने व्यक्तिलाई दुष्ट, अल्छी काम नलाग्ने नोकर भन्नुभयो, जसले प्रभुको आज्ञामा ध्यान दिँदैन। हाम्रो उद्देश्यचाहिँ परमेश्वरबाट आशिष्, इनाम र स्याबासी पाउनु हो। त्यसको निम्ति हामी चुप लागेर हात बाँधेर बस्न मिल्दैन बरु बाहिर निस्केर सुसमाचार सुनाएर विश्वासीहरूको सङ्ख्या बढाउनुपर्छ।

परमेश्वरले हामी सबैलाई हाम्रो योग्यताअनुसार विभिन्न वरदानहरू दिनुभएको छ । त्यसलाई हामीले उहाँको महिमा हुने प्रकारले चलायौँ भने उहाँ प्रसन्न हुनुहुनेछ र आशिष् दिनुहुनेछ ।

### ७. भेड़ा र बाख्राको दृष्टान्त

जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासननमा बस्नेछ । र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेडा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग

गर्नेछ । उसले भेडाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ ।

तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो ! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ । म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ । म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ । नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ । बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ । झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ ।

तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं ? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं ? र कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं ? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं ? र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं र तपाईंकहाँ आयौं ? तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँचै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाईं जेजति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ ।

त्यसपछि उनले दब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो ! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ । किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ । तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ । म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौ । नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र झ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ ।'

तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, 'प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी दिख्यौं, वा झ्यालखानमा देख्यौं, र तपाईंको सेवा गरेनौं ?'



तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाईं जेजति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ ।'

तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन् (मत्ती २५:३१-४६) ।

भविष्यमा एकदिन येशू आफ्ना स्वर्गीय सेनाहरूको साथमा बादलमा देखा पर्नुहुनेछ । माथिबाट उहाँले यो संसारलाई हेर्नुहुनेछ र दायाँपट्टि भेड़ाहरूलाई र बायाँपट्टि बाख्राहरूलाई छुट्ट्याउनुहुनेछ । उहाँले भेड़ाहरूलाई यस प्रकारले प्रशंसा गर्नुहुनेछ ।

१. म भोकाएको थिएँ, तिमीहरूले खान दियौ ।

२. म तिर्खाएको थिएँ, तिमीहरूले पिउन दियौ ।

३. म परदेशी हुँदा आश्रय दियौ ।

४. म नाङ्गो हुँदा लगाउन दियौ ।

५. म बिरामी हुँदा वास्ता गऱ्यौ ।

६. म झ्यालखानामा हुँदा भेट्न आयौ ।

यी कुराहरू सुनेर भेड़ाहरूले सोध्नेछन्, "हामीले कहिले खान दियौं ? कहिले पिउन दियौं ? कहिले आश्रय दियौं ? कहिले लगाउन दियौं ? कहिले वास्ता गऱ्यौं ? कहिले भेट्न आयौं ?" येशूले भन्नुहुनेछ, "तिमीहरूले मेरा भाइहरूमध्ये सबैभन्दा सानोमा एक जनालाई जे-जति गऱ्यौ त्यो मलाई नै गऱ्यौ" ।

येशूले यी कुराहरू भविष्यको विश्वासीहरूलाई सङ्केत गरेर भन्नुभएको थियो, जो अझै विश्वासमा आइसकेका छैनन् । आज धेरै मानिसहरू आत्मिक रूपमा भोकाएका छन्, तिर्खाएका छन्, आश्रय खोजिरकहेका छन्, नाङ्गै छन्, बिरामी छन्, र बन्धनमा छन् । येशूले भन्नुभएको छ वटा कुराहरूलाई यसरी बुझ्नुपर्छ ।

१. आत्मिकी भोकाहरूलाई परमेश्वरको वचनबाट खुवाउनुपर्छ ।

२. तिर्खाएकाहरूलाई आत्मिक पानी अर्थात् पवित्र आत्माबाट पियाउनुपर्छ ।

३. परदेशी अर्थात् परमेश्वरलाई नचिनेकाहरूलाई आश्रय दिएर उहाँको घरानामा ल्याउनुपर्छ ।

४. आत्मिक रूपमा नाङ्गाहरूलाई लाज ढाक्ने वस्त्र (येशूको रगतको वस्त्र) लगाइदिनुपर्छ ।

५. रोगीबिरामीहरूलाई चङ्गाइ दिनुपर्छ ।

६. शैतानको बन्धनमा परेकाहरूलाई स्वतन्त्र पार्नुपर्छ ।

यस प्रकारको काम गर्ने विश्वासीहरू भेड़ा समूहका विश्वासीहरू हुन् । बाख्रा विश्वासीहरूले यी काम गर्न सक्तैनन् । मत्ती २५:४६ अनुसार तिनीहरू अनन्त दण्डको भागीदार हुनेछन् । यस खण्डलाई विचार गर्दा बाख्रा विश्वासीहरू सबै नरकमा जानेजस्तो देखिन्छ । केही ईश्वरशास्त्रीहरूको विचारअनुसार यो कुरा उठाई लगिने बेलाको कुरा होइन तर अन्तिम न्यायको समयको उखान हो भनेर भन्छन् ।

मत्ती २४ र २५ अध्यायलाई अन्त्यको समयको प्रचार भनिन्छ । येशूले जैतुन डाँडाबाट ती शिक्षाहरू दिनुभएको थियो । यसैले यस शिक्षालाई जैतुन डाँडाको प्रचार (Olivet Discourse) भनिन्छ । यस प्रचारमा उहाँले अन्त्यका दिनहरूको चिन्हहरू र उठाई लगिनको निम्ति आवश्यक योग्यताको विषयमा सिकाउनुभयो । यसकारण भेड़ा र बाख्राको उखान हाम्रो निम्ति धेरै नै महत्वपूर्ण छ । आफू कुन समूहमा छु भनी जाँच्नुपर्छ ।

## न्याय गर्ने परमेश्वर


## The Lord of judgment

भविष्यमा येशू आकाशमा देखापर्नुहुँदा धेरै घटनाहरू घट्नेछन् । ईश्वरशास्त्रीय शब्दअनुसार येशू आकाशमा देखापर्नुलाई पारुसिया (Parousia) भनिन्छ । यो ग्रीक भाषाको शब्द हो । त्यसबेला पृथ्वीमा भएका मानिसहरूले आकाशमा आउनुभएको येशूलाई देख्नेछन् ।



येशू आकाशमा देखापर्नुहुने घटना उहाँको 'दोस्रो आगमन' होइन । जुनबेला येशूले यो पृथ्वीमा खुट्टा टेक्नुहुनेछ, त्यस घटनालाई दोस्रो आगमन भनिन्छ । येशूको दोस्रो आगमन सात वर्षको महा संकष्टकालपछि हुनेछ । उहाँको दोस्रो आगमनलाई एपिफानी (Epiphany) भनिन्छ । येशू आकाशमा देखा पर्नुहुने कुरालाई पावल यसरी लेख्छन् ।

> किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसीत स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोड़िएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौँ, र यसरी हामी सधैँ प्रभुसँग रहनेछौँ (१ थेसलोनिकी ४:१६-१७) ।



यस खण्डअनुसार उठाई लगिएर विवाहभोजमा सहभागी हुने पहिलो समूहचाहिँ ख्रीष्टमा मरेका व्यक्तिहरू हुनेछन्। ती मानिसहरूको भौतिक शरीर नष्ट भइसकेको हुन्छ तर त्यस समयमा उनीहरूको शरीर पुरुत्थान भएको महिमित शरीरमा हुनेछ। असल अनि योग्य विश्वासीहरू मात्र त्यो विवाहभोजमा सहभागी हुन पाउनेछन्। विवाहभोजमा सहभागी हुने ती मानिसहरू पहिलो समूहका विश्वासीहरू हुन्।

विवाहभोजमा सहभागी हुने दोस्रो समूहचाहिँ त्यस समयमा बाँचिरहेका विश्वासीहरू हुनेछन्। यदि येशू यही पुस्तामा आउनुभयो भने तपाईं र म यो समूहमा हुनेछौँ। तर यहाँ हामीले विचार गर्नुपर्ने कुरा के हो भने, उठाई लगिन योग्यका असल विश्वासीहरू मात्र त्यो समूहमा हुनेछन्। यो समूहमा पर्ने मानिसहरू धेरै आशिषित व्यक्तिहरू हुन् किनभने यी मानिसहरूको पृथ्वीमा अन्तिम संस्कार हुँदैन अर्थात् यिनीहरू शारीरिक रूपले मर्नु पर्दैन।

जब यी दुई समूहका मानिसहरू विवाहभोजमा सहभागी हुनेछन्, त्यसपछि पृथ्वीमा सात वर्षको महा संकष्टकाल सुरु हुनेछ। यस महा संकष्टकाललाई धेरै विद्वान्हरूले तेस्रो विश्वयुद्ध (परमाणु युद्ध) हो भन्ने अनुमान गरेका छन्। असल विश्वासीहरू उठाई लगिएपछि, सात वर्षको महा संकष्टकाल सुरु हुन्छ, र छोडिएका सबै विश्वासीहरू अनि अविश्वासीहरूले त्यो दुःख भोग्नु नै पर्ने हुन्छ। प्रकाश ८ अध्यायअनुसार, त्यस समय पृथ्वीको एक तिहाइ प्रकृति, जनावर र मानिसहरू नास हुनेछन्। त्यसबेला मर्नेहरूमा छोडिएका विश्वासीहरू र अविश्वासीहरू दुबै पर्नेछन्। उठाई लगिनेहरूमा नपरेका विश्वासीहरू (पृथ्वीमा छोडिएका) सात वर्षको महा संकष्टकाल पार गरेपछि थुमाको विवाहभोजमा सहभागी हुन पाउन सक्नेछन्। महा संकष्टकालमा पृथ्वीमा दुइ समूहका विश्वासीहरू हुनेछन्।

**पहिलो समूह–** महा संकष्टकालमा सतावत भोग्ने र सुसमाचारको निमित सहिद हुनेहरू। ती विश्वासीहरूले सुसमाचार प्रचार गरी अन्तिम कटनीको काम त्यस समयमा पनि गरिरहेका हुनेछन्। यी मानिसहरू येशूको दोस्रो आगमनमा पुनरुत्थान हुनेछन्।



> तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूको गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसको मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखेँ। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे (प्रकाश २०:४)।

**दोस्रो समूह–** ख्रीष्टीय यहूदीहरू हुन् जसले त्यतिबेला येशूमा विश्वास गर्नेछन्। महा संकष्टकाल भएर जाने ती ख्रष्टीय यहूदीहरूले अरू यहूदीहरूलाई सुसमाचार सुनाई विश्वासमा ल्याउनेछन् र यहूदीहरूको सङ्ख्या पूरा हुने समय त्यही हुनेछ। येशूले यस कुरालाई बुझाउँन विवाह-भोजको दृष्टान्त भन्नुभएको थियो (मत्ती २२:१-१४)। यहूदीहरूको बारेमा पावल यसो भन्दछन् :

> भाइ हो, आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौ कि भनेर तिमीहरू यो रहस्य बुझ भन्ने म चाहन्छु, कि अन्यजातिहरूको सङ्ख्या पूर्ण नभएसम्म इस्राएलीहरूको एक अंशमा कठोरता आएको छ। यसरी सारा इस्राएलको उद्धार हुनेछ, जस्तो लेखिएको छ : "उद्धारक सियोनबाट आउनुहुनेछ, उहाँले याकूबबाट अधर्म हटाउनुहुनेछ। अनि तिनीहरूसँग मेरो करार यही हुनेछ, जब म तिनीहरूका पाप हरण गर्नेछु" (रोमी ११:२५-२६)।

यूहन्नाले यस्तो दर्शन देखे :

> 'तब मैले मोहोर लगाइएकाहरूको सङ्ख्या सुनेँ। तिनीहरू एक लाख चवालीस हजार थिए, र तिनीहरू इस्राएलका सन्तानको प्रत्येक कुलबाट थिए (प्रकाश ७:४)।

ती १,४४,००० ख्रीष्टीय यहूदीहरू महा संकष्टको समयमा मारिनेछन्। पछि एपिफानीको दिनमा तिनीहरूको पुनरुत्थान हुनेछ। सात वर्षको महाँ संकष्टकाल सकिएपछि येशू र उठाई लगिएका विश्वासीहरू पृथ्वीमा ओर्लेर

आउनेछन् । जब येशूसँग आएका स्वर्गदूतहरूमध्ये प्रधान स्वर्गदूत, माइकलले शैतानलाई पक्रनेछ ।

त्यो शैतानको नाम पुरानो सर्प, दुष्ट, अजिङ्गर हो (प्रकाश २०:१-३) ।

हामीले बुझ्नुपर्ने कुरा के हो भने प्रकाश २० अध्याय दोस्रो आगमनको समयको घटनाहरूको विवरण हो । आदम र हव्वालाई परीक्षा गर्ने लुसिफरको मुनि धेरै दुष्टहरू र भूतहरू छन् । लुसिफरको पतन हुँदा स्वर्गको एक-तिहाइ स्वर्गदूतहरूलाई पनि आफूसँगै लगेको थियो, जसलाई पतनपछि दुष्ट र भूतहरू भनिन्छ ।

अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियो : सातओटा शिर, दशओटा सिङ र शिरमा सातओटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पर्‍यो । त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो । बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो (प्रकाश १२:३-४) ।

माइकलले पतन भएका स्वर्गदूतहरूलाई पक्रनेछन् र अतलकुण्डमा राख्नेछ । बाँकी रहेका केही दुष्ट र भूतहरू १,००० वर्षको राज्यमा पनि स्वतन्त्र नै हुनेछन् । त्यसकारण १,००० वर्षको राज्य स्वर्ग होइन, किनभने त्यस समय अझै दुष्ट र भूतहरू त्यहाँ बाँकी रहनेछन् ।

१,००० वर्षको राज्यमा पृथ्वीको प्रकृति र वातावरण अहिलेको भन्दा धेरै असल हुनेछ । त्यतिबेला मानिसहरू फेरि १,००० वर्षसम्म बाँच्न सक्नेछन् । त्यो समयको अवस्था र वातावरणचाहिँ आदमको समयदेखि नोआको समयसम्मको वातावरणजस्तै हुनेछ । येशूले त्यो १,००० वर्षको समयको बारेमा यशैया अगमवक्तालाई देखाउनुभएको थियो ।

हेर, म नयाँ आकाश र नयाँ पृथ्वी सृष्टि गर्नेछु । अघिअघिका कुराहरूको सम्झना हुनेछैन, नता ती मनमा आउनेछन् । तर मैले सृष्टि गर्ने कुरामा सदासर्वदा आनन्द गर र हर्ष मनाओ । किनकि म यरूशलेमलाई हर्षदायक र त्यसका मानिसहरूलाई आनन्ददायक



तुल्याउनेछु । म यरूशलेमदेखि हर्षित हुनेछु, र मेरो प्रजामा खुसी हुनेछु, र त्यहाँ रुवाइ र कराइको आवाज फेरि कहिल्यै सुनिनेछैन ।

थोरै दिनसम्म बाँच्ने बालक वा आफ्नो पूरा उमेरसम्म नबाँच्ने वृद्ध मानिस त्यहाँ कहिल्यै हुनेछैन । सय वर्षसम्म बाँचेर मर्नेचाहिँ जवान मानिनेछ, र सय वर्षसम्म नबाँच्नेचाहिँ श्रापित मानिनेछ । तिनीहरूले घर बनाएर तिनमा वास गर्नेछन् । तिनीहरूले दाखबारी लगाएर तिनका फल खानेछन् । तिनीहरूले घरहरू बनाएर तिनमा अरूहरू बस्ने, र तिनीहरूले रोपेर अरूहरूले खाने कहिल्यै हुनेछैन । किनकि रूखको आयु जस्तै मेरा प्रजाको आयु हुनेछ, र मेरा छानिएकाहरूले आफ्ना हातले गरेका काम धेरै दिनसम्मै भोग गर्नेछन् । तिनीहरूले व्यर्थमा परिश्रम गर्नेछैनन्, अथवा विपत्तिको निम्ति बालकहरू जन्माउनेछैनन् । किनकि तिनीहरू, तिनीहरूका वंशसमेत परमप्रभुको आशिष् पाएका प्रजा हुनेछन् । तिनीहरूले बिन्ती गर्न अघि नै म जवाफ दिनेछु । तिनीहरूले बोल्दाबोल्दै तिनीहरूका कुरा म सुन्नेछु । ब्वाँसो र थुमा एउटै ठाउँमा एकसाथ खानेछन्, र सिंहले चाहिँ गोरुले झैँ पराल खानेछ, तर सर्पको आहारा धूलो हुनेछ । मेरा सारा पवित्र पर्वतमा तिनीहरूले नता नोक्सानी गर्नेछन्, न नष्ट गर्नेछन् (यशैया ६५:१७-२५) ।

हजार वर्षको राज्यमा सय वर्षको उमेरमा मर्नु भनेको जवान व्यक्ति मर्नुजस्तै हुनेछ र त्योभन्दा पनि अघि मर्नेचाहिँ श्रापित व्यक्ति मानिनेछ । त्यस समयमा ब्वाँसो र थुमा एकसाथ खानेछन् । सिंहले पराल खानेछ भने सर्पले धुलो खानेछ । त्यस समयको महत्वपूर्ण कुराचाहिँ के भने कसैले केही हानी, नोक्सानी र खराबी गर्ने छैनन् ।

त्यो १,००० वर्षको समय स्वर्गको राज्य होइन किनभने महा संकष्टमा बाँचेका पृथ्वका दुइ तिहाइ मानिसहरू त्यहाँ हुनेछन् । तिनीहरू विश्वासी र अविश्वसीहरू दुबै हुनेछन् । त्यस समयमा मानिसहरूको सामाजिक जीवनशैली र पृथ्वीको वातावरण धेरै असल हुनेछ । अपराधिक घटनाहरू कम हुनेछन् किनभने दुष्टको मुख्य कप्तान अतलकुडमा फालिएकोले तिनीहरूको नराम्रा क्रियाकलापहरू न्यून हुनेछन् । अर्को महत्वपूर्ण कुराचाहिँ त्यस

समयमा सुसमाचारको काम व्यापक रूपमा हुनेछ। १,००० वर्षको अन्त्य भएपछि येशूले त्यो शैतानलाई फेरि केही समयको निम्ति छोडिदिनुहुनेछ।

> एक हजार वर्ष बितेपछि शैतान त्यसको कैदबाट छोड़िनेछ (प्रकाश २०:७)।

येशूले शैतानलाई छोडिदिनुभएपछि सबैभन्दा ठूलो र अन्तिम कटनीका काम हुनेछ। परमेश्वरले गोग र मागोगलाई प्रयोग गर्नुहुनेछ, जुन रसिया र अरबी देशहरू हुन्। गोग र मागोगको लडाइँ अन्तिम हो, जुनबेला परमेश्वरले धेरै मानिसहरूलाई बचाउनुहुनेछ। त्यतिबेला धेरै अरबीहरू, हिन्दूहरू र बुद्धिष्टहरूले विश्वास गर्नेछन्। तिनीहरूले येशूलाई मुक्तिदाता भनेर पुकार्नेछन्। त्यस समयमा परमेश्वरले चुन्नुभएको व्यक्तिहरू मात्र अन्तिम कटनीमा पर्नेछन्। यस विषयको कुराहरू इजकिएल ३८ र ३९ अध्यायहरूमा पाउन सकिन्छ।

येशूको दोस्रो आगमनमा चार किसिमका मानिसहरूले उहाँलाई भेट्न पाउनेछन्।

१. त्यो समयभन्दा पहिले नै मरेका असल विश्वासीहरू जो विवाहभोजमा सहभागी भएका थिए। तिनीहरू येशूसँगै तल आउनेछन् र येशूसँगै हजार वर्षको राज्यमा सहभागी हुनेछन्।
२. महा संकष्टकालभन्दा अघि उठाई लगिएका विश्वासीहरूले पनि येशूसँग भेट गर्न पाउँनेछन्।
३. महा संकष्टकालमा सुसमाचारको खातिर सहिद हुने विश्वासीहरू, जो येशूको दोस्रो आगमनमा पुनरुत्थान हुनेछन् तिनीहरूले पनि येशूसँग भेट्नेछन्।
४. एक लाख चवालिस हजार ख्रीष्टीय यहूदीहरू, जो मारिएर येशूको दोस्रो आगमनमा पुनरुत्थान भएका हुनेछन्, तिनीहरूले पनि येशूलाई भेट्नेछन्।



यी चारै प्रकारका मानिसहरूले हजार वर्षको राज्यको समयमा ठूला-ठूला ओहोदामा रहेर येशूको महिमा र सेवा गर्नेछन्। त्यसबेला येशू 'राजाहरूका राजा' भएर यस पृथ्वीमा राज्य गर्नुहुनेछ।

येशूको हजार वर्षको राज्य सकिएपछि ती चारै किसिमका विश्वासीहरू नयाँ स्वर्ग र नयाँ यरूशलेममा जानेछन्। त्यहाँ पनि येशू राजाहरूका राजा नै हुनुहुनेछ। यहाँ स्मरणयोग्य कुरा के छ भने सबै विश्वासीहरूले यो मौका पाउँदैनन्। नेपाली विश्वासीहरू धन्यका हुन् किनभने यहाँ आत्मिकी माछाहरू पक्रेर परमेश्वरबाट आशिष् र इनाम पाउन सकिने धेरै ठूलो पोखरीहरू उपलब्ध छन्। यदि यो देश इसाई देश भएको भए माछा मार्ने यति धेरै अवसरहरू हुँदैनथ्यो। इसाई देशहरूमा माछामार्ने पोखरीहरू उपलब्ध छैनन्। यहाँको माछा समात्न विदेशीहरू नेपालमा आइरहेका छन्। के विदेशीहरूलाई नेपाली माछा मार्न दिने हो त ? आफ्नो देशको माछा आफै समात्ने प्रयास गर्नुहोस्।

हजार वर्षको राज्यमा यस पृथ्वीमा दुई प्रकारका मानिसहरू हुनेछन्। एकथरिको मानिसहरूका महिमित शरीर हुनेछ भने अर्कोथरिको मानिसहरूका साधारण शरीर हुनेछ। के यी दुइथरिका मानिसहरूका जीवनशैली एकै प्रकारको हुनेछ ? यस विषयमा हामीलाई थाहा छैन किनभने बाइबलमा त्यो कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छैन तर डा. थोमस ह्वाङ्गको विचारमा त्यो महिमित शरीर पनि हजार वर्षको लागि फेरि साधारण शरीरमा परिवर्तन हुनसक्छ र दुबैथरिका मानिसहरूका जीवनशैली समान हुनसक्छ।

> यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन् : सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति (यूहन्ना ५:२८-२९)।

हजार वर्षको राज्य सकिएपछि अन्तिम न्यायको समय हुनेछ, जसलाई हामी 'सेतो सिंहासनको न्याय' भन्छौं। न्यायको समयमा मरेका सबै अविश्वासीहरूको पनि पुनरुत्थान हुनेछ साथै बाँचिरहेका अविश्वासीहरूले

पनि न्यायको सामना गर्नुपर्नेछ। त्यो न्याय स्वयम् येशूले गर्नुहुनेछ। तल उल्लेखित सबै खण्डहरू सेतो सिंहासनको न्यायसँग सम्बन्धित छन्।

> 'किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ (यूहन्ना ५:२२)।

> 'किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित पारेर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ (प्रेरित १७:३१)।

> तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ ? किनभने हामी सबै परमेश्वरको न्याय-आसनको सामने खड़ा हुनेछौं' (रोमी १४:१०)।

> जसरी मानिसको निम्ति एक पल्ट मर्नु निश्चित छ, र त्यसपछि इन्साफ (हिब्रू ९:२७)।

> तर जीवित र मृतकहरूका न्याय गर्न तत्पर हुनुहुनेलाई तिनीहरूले लेखा दिनुपर्नेछ (१ पत्रुस ४:५)।

> त्यसपछि मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएको कुरामुताबिक, तिनीहरूको इन्साफ भयो (प्रकाश २०:११-१२)।

स्वर्गमा दुई किसिमका पुस्तकहरू छन्। पहिलो पुस्तकको नाउँ 'जीवनको पुस्तक' हो। यो पुस्तक एउटामात्र छ। यसमा परमेश्वरका सबै सन्तानहरूका नाउँ लेखिएका छन्। प्रत्येक व्यक्तिको नाउँको मुनि उसको व्यवहार, योगदान, सेवकाइ र उसले पाउने इनाम र ओहोदा पनि लेखिएको




हुन्छ। साथै त्यसमा उसको उत्ताराधिकार पनि उल्लेख हुन्छ। ती सबै कुराहरूको आधारमा नै भविष्यमा विश्वासीहरूको ओहोदा र जिम्मेबारीको निर्धाराण हुनेछ।

> मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो (प्रकाश २०:१२)।

स्वर्गमा अर्को पुस्तकहरू पनि छ, जसलाई 'मृत्युको पुस्तक' भनिन्छ। त्यो पुस्तक धेरै सङ्ख्यामा हुनेछ। स्वर्गमा जीवनको पुस्तक एउटा तर मृत्युको पुस्तक धेरै भएको कुराले के कुरा बुझाउँछ भने यस संसारका मानिसहरूमा विश्वासीहरूभन्दा अविश्वासीहरूको सङ्ख्या धेरै हुनेछन् अर्थात् स्वर्गमा जानेभन्दा नरकमा जानेको सङ्ख्या अधीक हुनेछ।

> समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार इन्साफ भयो। मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो (प्रकाश २०:१३-१५)।

'सेतो सिंहासनको न्याय' सकिएपछि अविश्वासीहरूलाई सदाको लागि नरकको आगोको भट्टीमा फालिनेछ। पहिलेदेखि अतल कुण्डमा रहेका अविश्वासीहरूलाई पनि त्यस समयमा नरकमा सारिनेछन्। त्यो नरकलाई ग्रीक भाषामा गेहेना (Gehenna) भनिन्छ। त्यसलाई आगोको भट्टी र अनन्तको नरक पनि भनिन्छ। अलत कुण्डलाई अङ्ग्रजीमा एबिस (Abbys) र ग्रीकमा हेडेस (Hades) भनिन्छ भने हिब्रू भाषामा सोल (Sheol) भनिन्छ। अङ्ग्रेजीमा डन्जन (Dungeon) र बटमलेस पिट (Bottomless Pit) पनि भनिन्छ।




यसलाई अगाधको खाँद पनि भनिन्छ। यी सबै शब्दहरूको अर्थ एउटै हो, जुन अविश्वासीहरूलाई राख्ने अस्थाइ ठाउँ हो। यो स्थान पृथ्वीको केन्द्रमा छ। पृथ्वीको सतहबाट यसको दुरी ६४०० किलोमिटर छ। त्यस ठाउँ ६२०० डिग्री सेल्सियस तातो हुन्छ। अइसाईहरू मर्नासाथ त्यस ठाउँमा जान्छन्।

आजभोलि पृथ्वीका मानिसहरूले अतल कुण्डमा पुगेका साक्षीहरू दिनथालेका छन्। ती साक्षीहरूमा समानता पाइन्छ। अचम्म लाग्ने कुरा के छ भने उनीहरूले धेरै अगुवा र विश्वासीहरूलाई अतल कुण्डमा देख्यौं भनेर गवाही दिएका छन्। यस प्रकारका गवाही दिने व्यक्तिहरूलाई स्वयम् येशूले पृथ्वीका मानिसहरूलाई चेताउनी दिन पठाउनुभएको हुनसक्छ। यस कुरालाई विचार गर्ने हो भने यो अनुमान ल

गाउन सकिन्छ, कि इसाईहरूमध्ये थोरैले मात्र उद्धार पाउनेछन् किनभने धेरैले सुसमाचारलाई महत्व दिएका छैनन्। येशूले तिनीहरूलाई भन्नुहुन्छ, “म परमेश्वर भएर पनि  तिमीहरूको निम्ति दुःख-कष्ट सहेर रगत बहाएँ तर मेरो आज्ञालाई तिमीरूले महत्व दिएका छैनौ। तिमीहरूले मलाई आदर गरेका छैनौ। मेरो रगतको मूल्य नबुझ्ने र मेरो आज्ञा नमान्ने विश्वासीहरू मेरो घरमा आउन पाउनेछैनन्।”

आजभोलि अतल कुण्डको विषयमा परमेश्वरका सन्तानहरूले यस्ता साक्षीहरू दिइरहेका छन्। जसै अन्त्यको दिन नजिक आउँछ, येशूले आफ्ना मानिसहरूलाई यस प्रकारका दर्शन दिई, त्यसबाट विश्वासीहरूलाई चेताउनी दिइरहनुभएको छ। यस्ता कुराहरूद्वारा हामी सचेत अनि जागा हुनुपर्छ ताकि भविष्यमा हुने डरलाग्दो न्यायबाट हामी बच्नसकौं।



> हेर, म चाँडै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ (प्रकाश २२:१२)।

येशू पहिलोपटक आजभन्दा करिब दुइ हजार वर्षअघि मानिसलाई मुक्ति दिन आउनुभयो। त्यसबेला उहाँले आफूलाई परमेश्वरको थुमा अनि दुःख भोग्ने दासको रूपमा प्रस्तुत गर्नुभयो। उहाँ फेरि दोस्रोपटक यो संसारमा आउनुहुनेछ भनी बाइबलले बताउँछ। त्यसबेला उहाँ ‘शक्तिशाली विजयी राजा’ भएर महिमित रूपमा आउनुहुनेछ। येशूको दोस्रो आगमनको विषयमा बाइबलको धेरै ठाउँमा उल्लेख गरिएको छ। यस विषयको महत्वपूर्ण कुराचाहिँ मत्ती २४ र २५ अध्यायहरूमा उल्लेख गरिएको छ, जुन कुरा प्रभु येशूले क्रूसमा बलिदान हुनुभन्दा केही दिन पहिले जैतुन डाँडाको प्रचारद्वारा व्यक्त गर्नुभएको थियो।

येशू शुक्रबारको दिन क्रूसमा बलिदान हुनुभयो। क्रूसमा बलिदान हुने हप्ताको आइतबार उहाँ गधाको बछेडामाथि चढेर यरूशलेम प्रवेश गर्नुभयो। त्यो बछेडा त्यसभन्दा अघि कसैले पनि चढेको थिएन। त्यसबेला ठूलो भीडले ‘होसन्ना’ (अब हामीलाई बचाउनुहोस्) भनी कराएर उहाँको स्वागत गरेका थिए। आत्मिक दृष्टिकोणले हेर्ने हो भने त्यसबेला उहाँ शैतानको शिर कुच्याउन विजयी राजाको रूपमा यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो। येशूको क्रूसको बलिदानलाई स्पष्ट रूपमा बुझ्नको लागि परमेश्वरले मोशालाई निस्तार चाडको थुमा बलिदान गर्न लगाउनुभएको घटनालाई बुझ्नु अति आवश्यक छ।

> यो महिनाचाहिँ तिमीहरूका निम्ति महिनाहरूको सुरु, वर्षको पहिलो महिना हुनेछ। इस्राएलको सारा समुदायलाई यसो भन, ‘कि महिनाको दशौं दिनमा तिनीहरू हरेकले आफ्नो-आफ्नो परिवारको निम्ति, हरेक घरानाअनुसार एक-एक पाठो ल्याएर राखोस्। कसैको घरानामा एउटा पाठाको लागि मानिस थोरै भए त्यसले आफ्नो घरका नजिकको छिमेकीसँग मानिसहरूको गन्तीअनुसार मिलोस्। हरेक मानिसको खुवाइअनुसार पाठाको गन्ती गर्नू। तिमीहरूको पाठो खोटरहित होस्- एक वर्षको पाठो। तिमीहरूले त्यो भेँडा अथवा बाखाबाट लिनू। त्यो तिमीहरूले त्यस महिनाको चौथो

दिनसम्म राख्नू र इस्राएलको समुदायको सबै मानिसहरूले यो बेलुकीपख मारून् (प्रस्थान १२:२-६) ।

इस्राएलीहरूले निस्तार चाड मनाउनको लागि पहिलो महिनाको दशौँ दिनमा एक वर्षको पाठो ल्याउनु पर्दथ्यो र त्यसमा कुनै खोट छ कि भनेर चार दिनसम्म आफ्नो घरमा राखेर जाँच्नुपर्दथ्यो । उक्त समयमा त्यस पाठोमा कुनै खोट वा कमजोरी भेट्टाएमा त्यसलाई बलिको निम्ति स्वीकार गरिँदैनथ्यो । बलिदानको निम्ति उपयुक्त ठहरिएमा त्यो पाठोलाई उक्त महिनाको चौधौँ दिनको साँझपख मारिन्थ्यो र यहूदीहरूको नियमअनुसार त्यसलाई पन्ध्रौँ दिन गनिन्थ्यो (नोटः यहूदी प्रचलनअनुसार साँझ ६ बजेपछि अर्को दिन सुरु भएको मानिन्थ्यो । अहिले रातको १२ बजेपछि नयाँ दिन सुरु हुने गर्दछ) । यसरी हिसाब गर्दा पाठो घरमा ल्याएको पाँच दिनपछि त्यसलाई मारिन्थ्यो ।

उक्त घटनालाई नयाँ करारमा येशूको बलिदानसँग तुलना गर्नसक्छौँ । उहाँ महिनाको दशौँ दिन अर्थात् आइतबार विजयी राजाको रूपमा यरूशलेम प्रवेश गर्नुभयो, जुन दिनलाई 'खजुरको आइतबार' (Palm Sunday) भनिन्छ । उक्त दिनको भोलिपल्ट (सोमबार) बाट हिसाब गरेर पाँचौँ दिन अर्थात् शुक्रबारको दिन उहाँ निस्तार चाडको थुमाको रूपमा बलिदान हुनुभयो ।

परमेश्वरले मोशालाई बलिदान गर्न लगाउनुभएको निस्तारको थुमाको रगतले इस्राएलीहरूलाई मिश्रको दासत्वको बन्धनबाट छुटकारा दियो भने येशूको रगतले पाप र शैतानको बन्धनबाट छुटकारा दियो । येशू निस्तारको निस्खोट थुमाको रूपमा बलिदान हुनुभयो (१ कोरिन्थी ५:७ हेर्नुहोस्) ।

निस्तारको थुमामा कुनै खोट छ कि भनेर चार दिनसम्म जाँच गरिन्थ्यो, त्यसरी येशूमा पनि कुनै दोष र पाप भेट्टाउन सकिन्छ कि भनेर रोमी अधिकारीहरू, यहूदी धर्मगुरुहरू र पिलातसले चार दिनसम्म उहाँलाई विभिन्न तरिकाले जाँच गरेका थिए तर तिनीहरूले उहाँमा कुनै दोष भेट्टाउन सकेनन् । येशू निर्दोष हुनुभएको प्रमाणित गर्ने सातवटा महत्वपूर्ण घटनाहरू यहाँ दिइएका छन् ।

(१) येशू निर्दोष हुनुहुन्छ भनी पिलातसकी पत्निले गवाही दिएकी छिन् ।



तब न्याय आसनमा बसिरहेको बेला तिनकी पत्नीले यसो भनी खबर पठाइन्: "त्यस निर्दोष मानिसलाई केही नगर्नुहोस्, किनकि आज सपनामा तिनको कारण मैले धेरै दुःख भोगेकी छु" (मत्ती २७:१९) ।

(२) पिलातसले येशूमा कुनै दोष भेट्टाउन सकेनन् ।

त्यहाँ खैलाबैला मच्चिन्छ भन्ने डरले पिलातसले पानी लिई भीडको सामु आफ्नो हात धोएर यसो भने, "तिमीहरू आफै जान, म यस मानिसको रगतदेखि निर्दोष छु" (मत्ती २७:२४) ।

पिलातसले मुख्य पुजाहारीहरू, शासकहरू र जनतालाई जम्मा गरे । उनले तिनीहरूलाई यसो भने, "तिमीहरूले मानिसहरू भड्काउने भनी यिनलाई मेरो सामुन्ने ल्यायौ । तिमीहरूकै सामुन्ने केरकार गर्दा तिमीहरूले यिनीमाथि लाएका अभियोगको दोषी भेट्टाएनौँ । हेरोदले पनि दोषी भेट्टाएन, किनभने तिनले यिनलाई हामीकहाँ नै फर्काइदिए । अब हेर, यिनले मृत्युदण्ड पाउने योग्यको कुनै काम गरेका छैनन् । यसकारण म यिनलाई सजाय गरेर छोडिदिन्छु" (लूका २३:१३-१६) ।

(३) मुख्य पूजाहारीले येशूमा कुनै दोष भेट्टाउन सकेनन् ।

अब मुख्य पुजाहारी र जम्मै महासभाले येशूलाई मार्नको निम्ति उहाँको विरूद्धमा गवाही खोजे, तर केही पाएनन् । धेरैले उहाँको विरुद्धमा झूटा गवाही दिए, तर तिनीहरूले दिएको गवाहीले मेल खाएन (मर्कूस १४:५५-५६) ।

(४) रोमी सैनिकको एक कप्तानले येशूमा कुनै दोष भेट्टाएनन् ।

यो सब घटना देखेर कप्तानले यसो भन्दै परमेश्वरको महिमा गरे, "निश्चय नै यिनी धार्मिक मानिस थिए" (लूका २३:४७) ।

(५) येशूलाई हेर्न आँउनेहरू सार्है दुःखित भए ।

यो दृश्य हेर्न जम्मा भएका सबै मानिसहरूले यी सब देखे, र आ-आफ्नो छाती पिट्दै घर फर्के (लूका २३:४८) ।

(६) क्रूसमा टाँगिएका अपराधीले यसो भने गवाही दियो ।

क्रूसमा टाँगिएका अपराधीहरूमध्ये एकजना अपराधीले उहाँको अपमान गर्दै भन्यो, “के तिमी ख्रीष्ट होइनौ ? तिमी आफैलाई र हामीलाई बचाऊ । तर त्यसलाई हकारेर अर्कोले जवाफ दियो, “तँ पनि त्यही दण्डमा परेको छस् तापनि परमेश्वरको डर मान्दैनस् ? हाम्रो दण्ड त न्यायोचित छ, किनकि हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौँ, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन्” (लूका २३:३९-४९) ।

(७) यहूदा इस्करियोतले येशू निर्दोष हुनुहुन्छ भन्यो ।

तब उहाँलाई पक्राउने यहूदाले उहाँमाथि दण्डाज्ञा भएको देखिकन पछुतो गर्‍यो, र मुख्य पुजाहारीहरू धर्मगुरूहरूलाई चाँदीका तीस सिक्का फिर्ता दिन ल्यायो, र भन्यो, “मैले निर्दोष मानिसलाई धोका दिएर पाप गरेको छु” (मत्ती २७:३-४) ।

यी घटनाहरू येशू बलिदान हुने हप्ताको कुराहरू हुन् । पुरानो करारअनुसार बलिदान गरिने निस्तार चाडको थुमालाई जाँच गरिएझैँ येशूलाई पनि जाँच गरिएको थियो । त्यसबेला धेरै मानिसहरूले यसरी विचार गरिरहेका थिए : अब येशू राजनैतिक अगुवा भएर इस्राएलीहरूलाई रोमी साम्राज्यको
। त्यसैकारण तिनीहरू खजुरको हाँगाहरू
करा‌ए । यस कुराले येशू त्यसबेला ‘राजा’
ङ्केत गर्दछ ।




ाइसकेको थियो र उहाँ निस्तारको थुमाको
। थुमाको चार वटा खुट्टाहरू हुन्छन्, त्यही
जनावरमाथि चढ्नुभयो । उहाँ अरू कसैले
त्यस घटनाको बारेमा अगमवक्ता जकरियाले
णी गरिसकेका थिए ।

ाऊ । हे यरूशलेमकी छोरी, जोरसित
मीकहाँ आउँदैहुनुहुन्छ । उहाँ धर्मात्मा र



मुक्तिदाता हुनुहुन्छ । उहाँ भला हुनुहुन्छ र गधामाथि, अर्थात् गधाको बच्चा एउटा बछेडामाथि सवार भएर आउँदैहुनुहुन्छ (जक ९:९) ।

जकरियाले गरेको उक्त भविष्यवाणी येशूले बेथफागे भन्ने ठाउँमा पूरा गर्नुभयो । येशू प्रभुले स्वर्गदूतद्वारा त्यहाँ एउटा गधा र त्यसको बछेडालाई तयार पार्नुभएको थियो भनी बाइबल विद्वान्हरू भन्ने गर्दछन् । येशू सेवकाइ अवधिभर प्रायः गालील तालनजिकको कफर्नहुम भन्ने ठाउँमा बस्नुभयो । इस्राएलीहरूको चाडहरू (निस्तार चाड, अखमिरी रोटीको चाड, अगौटे फलको चाड, साताहरूको चाड अथवा पेन्तिकोसको चाड, तुरहीको चाड, प्रायश्चितको चाड र छाप्रोवासको चाड) मनाउन उहाँ आफ्नो चेलाहरूसँग यरूशलेम जाने गर्नुहुन्थ्यो । सेवकाइ अवधिमा येशू निस्तार चाड मनाउन चार पटक यरूशलेम जानुभयो ।

कफर्नहुमबाट यरूशलेम जाने दुई वटा बाटाहरू थिए । पहिलो- कफर्नहुमबाट सामरियाको बीच भागमा पर्ने सुखार र शकेम भन्ने ठाउँहरू हुँदै यरूशलेम जाने बाटो र दोस्रो- कफर्नहुमबाट यर्दन नदीको किनार हुँदै यरिहो जाने र त्यहाँबाट दाहिने मोडिएर बेथानी र बेथफागे हुँदै यरूशलेम जाने । यो बाटोचाहिँ पहिलोभन्दा अलि लामो पर्दछ । येशू अन्तिम पटक त्यही लामो बाटो हुँदै यरूशलेम जानुभयो ।

येशूका चेलाहरू सामरियाको छोटो बाटो हुँदै यरूशलेम जान त्यति रुचाउँदैनथे । त्यसको कारण के थियो भने यहूदीहरूले सामरीहरूलाई घृणा गर्ने गर्दथे र तिनीहरूसँग केही सरोकार राख्दैनथे (यूहन्ना ४:९) । इतिहासलाई केलाउँदा के पाइन्छ भने इ.पू. ७२२ तिर सामरिया क्षेत्रका केही यहूदीहरूले अन्यजाति अस्सुरीहरूसँग विवाह गरेका थिए, जुन यहूदी व्यवस्थाको विपरित

थियो । त्यसकारणले गर्दा यहूदीहरू र सामरीहरूबीच राम्रो सम्बन्ध थिएन । येशूका चेलाहरू यहूदीहरू नै थिए, त्यसैले तिनीहरूले सामरीहरूलाई मन पराउँदैनथे । तर प्रभु येशूले सामरीहरूलाई प्रेम गर्नुहुन्थ्यो । लूका १०:३०-३७ मा भएको असल सामरीको दृष्टान्तबाट उहाँको मनसाय बुझ्नसक्छौँ ।

जब उहाँ चेलाहरूसँग यर्दन नदीको किनार हुँदै यरिहो आइपुग्नुभयो, तब त्यहाँ मानिसहरूको ठूलो भीड जम्मा भयो । यरिहोमा येशूलाई ठूलो भीडले घेरिरहेको बेलामा कर उठाउने जखायसले उहाँलाई हेर्ने इच्छा गरे तर उनी पुड्को भएको कारणले गर्दा देख्न सकेनन् । येशूलाई जसरी भए पनि हेर्छु भन्ने उत्कट चाहना भएकोले गर्दा तिनी अञ्जीरको रूखमा चढे । कसैले पनि त्यो कुरा थाहा नपाओस् भन्ने हेतुले तिनी रूखमा लुकेर तलतिर हेर्दैथिए तर येशू त्यस रूखमुनि आउनुभएर माथितिर हेरेर तिनलाई बोलाउनुभयो अनि तिनको घरमा जानुभयो । त्यसबेला जखायसले पश्चात्ताप गरी येशू ख्रीष्टलाई विश्वास गरे (लूका १९:१-१०) । त्यो घटना येशू क्रूसमा बलिदान हुनुभन्दा एक हप्ता अगाडिको हो ।

त्यसपछि येशू आइतबारको दिन बेथफागेबाट गधाको बछेडामाथि चढेर यरूशलेमको मन्दिरमा जानुभयो । उहाँले त्यहाँ किनबेच गर्नेहरू, पैसा साट्नेहरू र परेवा बेच्नेहरूलाई हप्काउनुभयो अनि धपाउनुभयो (मत्ती २१:१२-१३) । उक्त आइतबारको दिन मन्दिरमा आएका बिरामीहरूलाई उहाँले निको पार्नुभयो ।

यरूशलेममा येशूको आफ्नो निजी घर थिएन । त्यसैले उहाँ वास बस्न सहरबाहिरको बेथानी भन्ने ठाउँमा जानुभयो । त्यहाँ एउटा विशेष घर थियो र त्यस घर-परिवारको सदस्यहरूलाई उहाँले धेरै माया गर्नुहुन्थ्यो । तिनीहरूका नाउँहरू मार्था, मरियम र लाजरस थियो । आइतबार येशू वास बस्न त्यही घरमा जानुभयो (मत्ती २१:१७) ।

भोलिपल्ट (सोमबार) बिहान बेथानीबाट यरूशलेमतिर जाँदैगर्दा बाटोमा येशू भोकाउनुभयो । उहाँले त्यहाँ एउटा अञ्जीरको रूख देख्नुभयो अनि त्यसमा केही फल छ कि भनी हेर्नुभयो । तर त्यसमा पातबाहेक अरू केही पाउनुभएन । त्यसैले उहाँले त्यो अञ्जीरको रूखलाई सराप दिनुभयो ।



> 'अब उप्रान्त तँमा कहिल्यै फल नफलोस्' र त्यो अञ्जीरको रूख तुरुन्तै ओइलाइहाल्यो (मत्ती २१:१८-१९) ।

अञ्जीरको रूखले इस्राएल राष्ट्रलाई सङ्केत गर्दछ । पुरानो करारको बाइबलमा अञ्जीरको रूखले इस्राएललाई सङ्केत गरेको केही सान्दर्भिक खण्डहरू यस प्रकारका छन् ।

> म तिनीहरूका फसल लैजानेछु, परमप्रभु भन्नुहुन्छ । दाखको बोटमा दाख हुनेछैन, नता अञ्जीरको बोटमा अञ्जीर हुनेछ । तिनका पातहरू पनि ओइलाइहाल्नेछन् । मैले तिनीहरूलाई दिएको पनि तिनीहरूदेखि खोसिनेछ (यर्मिया ८:१३) ।

> सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः "म तिनीहरूका विरूद्धमा तरवार, अनिकाल र रूढी पठाउनेछु र तिनीहरूलाई कुहेका अञ्जीरझैँ तुल्याउनेछु, जो यति साह्रो कुहेका हुन्छन् कि त्यो खान पनि सकिँदैन । तिनीहरूलाई म तरवार, अनिकाल र रूढीले खेद्नेछु । म तिनीहरूलाई पृथ्वीका सबै राज्यहरूमा घृणाको पात्र तुल्याउनेछु । मैले तिनीहरूलाई धपाएका सारा जातिहरूका बीचमा म तिनीहरूलाई सराप, त्रास, गिल्ला र निन्दाका पात्र बनाउनेछु । किनकि तिनीहरूले मेरा कुरा ध्यानसित सुनेनन्" (यर्मिया २९:१७-१९) ।

> मलाई कस्तो कष्ट आइलागेको छ । म दाखबारीका शिला-बाला बटुल्ने समयमा ग्रीष्म ऋतुको फल टिप्नेझैँ छु । खानलाई दाखको झुप्पा नै छैन, र मैले चाहेको पहिलो पाक्ने अञ्जीर छैनन् । भक्त मानिसहरू पृथ्वीदेखि नष्ट भएका छन्, कुनै सोझो मानिस बाँकि छैन । सबै मानिसहरू हत्या गर्न ढुकी बस्छन् । जाल थापेर आफ्नै दाजु-भाइको शिकार गर्दछ (मीका ७:१,२) ।

येशूले अञ्जीरको रूखलाई सराप दिनुभएको कारणचाहिँ उहाँले त्यसमा अपेक्षा गरेअनुसारको फल नभेट्टाउनु भएकोले गर्दा हो । परमेश्वरले आफ्नो चुनिएका जातिबाट धेरै आत्मिक फल फल्ने अनि उहाँको राज्य वृद्धि हुँदै जाने कुराको अपेक्षा गर्नुभएको थियो । तर थोरै यहूदीहरूले मात्र येशू प्रभुलाई विश्वास

गरेर पछ्याउन थाले, जुन कुरामा परमेश्वर खुशी हुनुहुन्थेन। त्यसैले प्रभु येशूले अञ्जीरको रूख (यहूदी अथवा इस्राएलीहरू) लाई सराप दिनुभयो। त्यो सरापको अर्थ यस्तो थियो: "तिमीहरूले मैले अपेक्षा गरेअनुसारको फल फलाउन सकेनौ। अब तिमीहरूको राष्ट्र पतन हुनेछ।"

> त्यसपछि येशू मन्दिरबाट निस्केर जान लाग्नुहुँदा उहाँका चेलाहरू उहाँलाई मन्दिरका भवनहरू देखाउन भनी उहाँको नजिक आए। तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले यी सब देख्छौ होइन त ? साँच्चै म तिमीहरूलाई भन्छु, एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ" (मत्ती २४:१-२)।

इ.सं. ३० मा येशूले गर्नुभएको उक्त भविष्यवाणी ४० वर्षपछि पूरा भयो। रोमी साम्राज्यद्वारा इ.सं. ७० मा इस्राएल राष्ट्र विनास भयो। रोमी सैनिकहरूले आगो लगाएर यरूशलेमको मन्दिर पनि नाउँ निशानै नरहने गरी नष्ट पारिदिए। त्यसबारेमा येशूले पहिले नै भविष्यवाणी गरिसक्नुभएको थियो।

> साच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूमा विश्वास छ र कहिल्यै सङ्का गरेनौ भने, अञ्जीरको बोटलाई जे गरियो त्यति मात्र होइन, तर यस डाँडालाई पनि उखेलिएर समुद्रमा खस भन्यौ भने सो हुनेछ। विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरूले पाउँनेछौ (मत्ती २१:२१-२२)।

सोमबारको घटना मत्ती २१:२२ मा सकिन्छ अनि मत्ती २१:२३ बाट मङ्गलबारको घटना सुरु हुन्छ। येशूले त्यो मङ्गलबारको दिन निकै लामो प्रचार गर्नुभयो, जुन मत्ती २१:२३ देखि लिएर मत्ती २५:४६ सम्म (झण्डै ५ अध्यायहरूमा) उल्लेख गरिएका छन्। उहाँले त्यो दिन दिनुभएको महत्वपूर्ण शिक्षालाई जैतुन डाँडाको प्रचार (Olivet Discourse) भनिन्छ। येशूले जैतुन डाँडाबाट दिनुभएको प्रचार अन्तिम दिनका चिन्हहरू र येशूको दोस्रो आगमनसँग सम्बन्धित छ। त्यसबेला येशूले यसो भन्नुभयो :

> तर अञ्जीरको रूखबाट एउटा शिक्षा लेओ: जब त्यसका हाँगा कलिला हुन्छन् र रूखले पालुवा फेर्छ, तब ग्रीष्म ऋतु आएछ भन्ने



> तिमीहरूले थाहा पाउँछौ। त्यसरी नै तिमीहरूले पनि जब यो सबै कुरा भएको देख्नेछौ, तब ऊ नजिकै, ढोकामै छ भनी जान। साँच्चै म तिमीहरूलाई भन्दछु कि यी सबै नहोउञ्जेल यो पुस्ता बितिजाने छैन। स्वर्ग र पृथ्वी वितेर जानेछ, तर मेरा वचन बितेर जानेछैन। त्यस दिन र घडीको विषयमा पिताबाहेक कसैले जान्दैन, न ता स्वर्गका दूतहरूले, न पुत्रले (मत्ती २४:३२-३६)।

येशूले सोमबार अञ्जीरको रूखलाई सराप दिनुभएको थियो तर मङ्गलबार 'अञ्जीरको रूखमा कलिला हाँगाहरू आउँनेछन् र त्यसले पालुवा फेर्नेछ' भनी भन्नुभयो। उहाँको उक्त भविष्यवाणीको अर्थ भविष्यमा इस्राएल राष्ट्रको पुनर्स्थापना हुनेछ भन्ने हो। इतिहासले के बताउँछ भने इ.सं. ७० मा पतन भएको इस्राएल राष्ट्र इ.सं. १९४८ मा पुनर्स्थापना भइ अस्तित्वमा आइसकेको छ। इस्राएल राष्ट्र फेरि अस्तित्वमा आइसकेको कुराले येशू राजा भएर यस संसारमा आउने दिन धेरै टाढा छैन भनी हामी अनुमान लगाउन सक्छौं। येशूको दोस्रो आगमनबारे विशेष गरी बाइबलको दुइ वटा खण्डहरूमा चर्चा गरिएको छ।

**पहिलो खण्ड-** मत्ती २४ र २५ अध्यायहरू

**दोस्रो खण्ड-** प्रकाश ६ र ७ अध्यायहरू

मत्ती २४ र २५ अध्यायहरूमा उल्लेखित पहिलो खण्ड येशूले जैतुन डाँडाबाट चेलाहरूलाई आफ्नै मुखबाट इ.सं ३० मा दिनुभएको शिक्षाहरू हुन्। त्यही सालमा येशूको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण भयो। यसलाई हामी दुइ भागमा वर्गिकरण गर्न सक्छौं। पहिलो भागमा यो संसारको अन्त्य अनि येशूको दोस्रो आगमन (मत्ती २४:३-३६) जस्ता कुराहरू उल्लेख छन् भने दोस्रो भागमा थुमाको विवाह भोजको निम्ति उठाई लगिन योग्य इसाईहरूका योग्यताहरू मत्ती २४:३७-२५:४६ मा उल्लेख गरिएका छन्।

प्रकाश ६ र ७ अध्यायहरूमा उल्लेखित दोस्रो खण्डचाहिँ पहिलो खण्डको ६५ वर्षपछि अर्थात् इ.सं. ९५ मा प्रभु येशूले यूहन्नालाई प्रकाश दिनुभएर लेख्न लगाउनुभएको कुराहरू हुन्। हामीले बुझ्नुपर्ने कुरा के हो भने पहिलो खण्डको घटनाहरू येशू यस संसारमा हुनुहुँदैको कुरा हो भने दोस्रो खण्डको

कुराहरूचाहिँ येशू स्वर्ग गइसक्नुभएपछि यूहन्नाले उहाँबाट पाएको दर्शनका कुराहरू हुन् । त्यसबेला उनी पत्मोस टापुमा निर्वासित जीवन बिताइरहेका थिए । पहिला येशूले तिनलाई तत्कालीन मण्डलीहरूका लागि आवश्यक सन्देशहरू लेख्न लगाउनुभयो । त्यसपछि भविष्यमा हुन आउने कुराहरूको दर्शन दिनुभयो । प्रकाश ६ अध्यायमा येशूले मोहोरहरू तोड्नुभएका कुराहरू उल्लेख गरिएका छन्, त्यसबारे अब हामी क्रमैसँग चर्चा गर्नेछौं ।

येशूले एउटा चर्मपत्रको मुट्ठो आफ्नो हातमा लिनुभएको दर्शन यूहन्नाले देखे । त्यसमा ७ वटा मोहोरहरू लगाइएका थिए । प्रभु येशूले ती मोहोरहरू एक-एक गरी तोड्नुभयो, यूहन्नालाई भविष्यमा हुने रहस्यका कुराहरू प्रकट गर्नुभयो ।

> जब थुमाले ती सातमध्ये एउटा मोहोर तोड्नुभएको मैले देखेँ, तब चार जीवित प्राणीहरूमध्ये एक जनाले मेघ गर्जनजस्तो आवाजले यसो भनेको मैले सुनेँ, "आउ ।" अनि मैले एउटा सेतो घोडा देखेँ, त्यसमाथि सवार हुनेसित एउटा धनु थियो, र त्यसलाई एउटा मुकुट दिइयो, अनि त्यो विजयी भएर विजय गर्न निस्क्यो ।
>
> जब उहाँले दोस्रो मोहोर तोड्नुभयो, तब दोस्रो जीवित प्राणीले "आऊ" भनेको मैले सुनेँ । अर्को एउटा उज्जवल रातो घोडा बाहिर निस्किआयो । मानिसहरूले एउटा अर्काको हत्या गरून् भनी यस घोडसवारलाई पृथ्वीबाट शान्ति हरण गर्ने अख्तियार दिइयो । त्यसलाई एउटा ठूलो तरवार दिइयो ।
>
> जब उहाँले तेस्रो मोहोर तोड्नुभयो, तेस्रो जीवित प्राणीले 'आऊ' भनेको मैले सुनेँ । मैले एउटा कालो घोडा देखेँ । घोडसवारको हातमा एउटा तराजू थियो । ती चार जीवित प्राणीका बीचमा एउटा आवाजले यसो भनेजस्तो मैले सुनेँ, "एक दिनको ज्यालामा एक किलो गहूँ, र एक दिनको ज्यालामा तीन किलो जौ, तर तेल र दाखमद्यलाई हानि नगर्नू ।"
>
> जब उहाँले चौथो मोहोर तोड्नुभयो, तब चौथो जीवित प्राणीले "आऊ" भनेको मैले सुनेँ । मैले पहेँलो घोडा देखेँ, र घोडसवारको



> नाउँचाहिँ "मृत्यु" थियो, र "पाताल" चाहिँ त्यसको पछिपछि लागेको थियो । अनि पृथ्वीको चौथाइ भागलाई तरवार, अनिकाल, महामारी र पृथ्वीका जङ्गली जनावरहरूद्वारा मार्ने अख्तियार तिनीहरूलाई दिइएको थियो ।
>
> जब उहाँले पाँचौं मोहोर तोड्नुभयो, तब वेदीमुन्तिर मैले तिनीहरूका आत्माहरू देखेँ, जो परमेश्वरका वचनको निम्ति र तिनीहरूले दिएका गवाहीको कारण मारिएका थिए । अनि तिनीहरूले यसो भनेर चर्को सोरले कराए, "हे सर्वशक्तिमान्, पवित्र र सत्य प्रभु, अझै कहिलेसम्म तपाईंले पृथ्वीमा रहनेहरूको इन्साफ गर्नुहुन्न र हाम्रो रगतको बदला लिनुहुन्न ?" तिनीहरू प्रत्येकलाई एउटा सेतो पोशाक दिइयो, र तिनीहरूका सहकर्मी र भाइहरू पनि तिनीहरूजस्तै मारिएर सङ्ख्यामा पूरा नभएसम्म केही बेर विश्राम गर्नू भनी तिनीहरूलाई भनियो ।
>
> जब उहाँले छैटौं मोहोर तोड्नुभयो, तब मैले ठूलो भूकम्प भएको देखेँ । सूर्य भाङ्ग्राजस्तो कालो भयो, र पूर्णिमाको चन्द्रमा रगतजस्तै रातो भयो । अनि अञ्जीरको रूखलाई बतासले हल्लाउँदा नपाकेका फलहरू झरेझैँ आकाशका ताराहरू पृथ्वीमा खसे । आकाशचाहिँ चर्मपत्रको मुट्ठो बेह्रिएझैँ लोप भयो, र हरेक टापू र पहाड तिनीहरूका आफ्ना-आफ्ना ठाउँबाट हटेर गए । तब पृथ्वीका राजाहरू, राजकुमारहरू, जनरलहरू, धनीहरू, बलियाहरू, हरेक दास र स्वतन्त्र मानिस पहाडका गुफाहरू र चट्टानहरू हुँदो लुके । तिनीहरूले पहाडहरू र चट्टानहरूलाई भने, "हामीमाथि खस, सिंहासनमा विराजमान हुनुहुनेको मुहारबाट, र थुमाको क्रोधबाट हामीलाई लुकाओ, किनकि उहाँहरूका क्रोधको ठूलो दिन आएको छ, र यसको अगि को खडा हुन सक्छ ?" (प्रकाश ६:१-१७) ।

यो खण्डलाई सरसर्ती पढ्दा सेतो घोडामा सवार भएर आउने व्यक्ति प्रभु येशूजस्तो लाग्दछ तर भविष्यमा आउने त्यो व्यक्ति प्रभु येशू होइन । येशू पनि सेतो घोडामा नै सवार भएर आउनुहुनेछ, जसको विषयमा हामीले स्पष्टसँग बुझ्नु अनि बुझाउनु आवश्यक छ ।

**मोहोरहरूको अर्थ (प्रकाश ६:१–७:८)**

पहिलो मोहोर (प्रकाश ६:१-२) - सेतो घोडा - बहुधर्मवाद

दोस्रो मोहोर (प्रकाश ६:३-४) - रातो घोडा - युद्ध र लडाइँहरू

तेस्रो मोहोर (प्रकाश ६:५-६) - कालो घोडा - अनिकाल

चौथो मोहोर (प्रकाश ६:७-८) - पहेँलो घोडा - विभिन्न रोगहरू

पाँचौँ मोहोर (प्रकाश ६:९-११) - सहिदहरू - सुसमाचारको निम्ति सहिदहरू

छैटौँ मोहोर (प्रकाश ६:१२-१७) - भूकम्प - प्राकृतिक विपत्तिहरू

> होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस् । किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन् (मत्ती २४:४-५)

> तब तिमीहरूलाई कसैले 'हेर ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने विश्वास नगर (मत्ती २४:२३) ।

हामीले बुझ्नुपर्ने कुरा के हो भने भविष्यमा सेतो घोडा चढेर आउने शक्तिशाली व्यक्तिले संसारमा बहुधर्मवाद (Religious Pluralism) को सिद्धान्तलाई व्यापक रूपमा फैलाउनेछ । त्यसबेला आउने उक्त व्यक्ति येशूजस्तै देखिए तापनि त्यो झूटा ख्रीष्ट अथवा झूटा अगमवक्ता हो । त्योसँग धनु र मुकुट हुनेछ भनी बाइबलले बताउँछ । अर्थात् त्यसले हतियार र आफ्नो प्रभावको बलमा धेरैलाई नियन्त्रणमा पार्नेछ । संसारमा त्यो केही समयको लागि विजयी हुनेछ र धेरै व्यक्तिलाई बहकाउनेछ । त्यसको मुख्य उद्देश्य बहुधर्मवादको शिक्षा र सिद्धान्त विस्तार गर्नु हो । यस सिद्धान्तले सबै धर्महरूद्वारा मानिसले उद्धार पाउनसक्छ भनी भन्दछ । यसले विभिन्न धर्महरूको बाटो फरक भए तापनि ती सबैले पुऱ्याउने ठाउँचाहिँ एउटै हो भनी सिकाउँछ, र यो कुरा धेरैलाई मन पर्दछ । बहुधर्मवादले धेरैलाई आफ्नो बाटोमा एकोहोऱ्याउँदै डोऱ्याउने भएको कारणले गर्दा त्यो सेतो घोडामा आउने विजयी भएको जस्तो देखिन्छ (प्रकाश ६:२) ।



तर हामीलाई थाहा छ, कि प्रभु येशूले त्यस्तो काम कदापि गर्नुहुनेछैन । धेरै बाइबल विद्वान्हरूका विचारअनुसार येशूको दोस्रो आगमन संसारमा ७ वर्षको महासङ्कष्टकाल सकिसकेपछि हुनेछ । चाखलाग्दो कुरा के हुनेछ भने येशू पनि सेतो घोडामा सवार भएर आउनुहुनेछ ।

> मैले स्वर्ग उघ्रेको देखेँ र त्यहाँ एउटा सेतो घोडा थियो । त्यसमाथि सवार हुनुहुने 'विश्वासयोग्य' र 'सत्य' कहलाइनुहुन्छ । धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ । उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका शिरमा धेरै राजमुकुट थिए । उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरू कसैलाई थाहा थिएन । उहाँले रगतमा चोबलिएको पोशाक पहिरिहनुभएको थियो, र उहाँको नाउँ "परमेश्वरको वचन" थियो । स्वर्गमा सेनाहरू सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरूमा चढेर उहाँको पछिपछि लागे । जातिजातिहरूलाई प्रहार गर्न उहाँको मुखबाट धारिलो तरवार निस्कन्छ; र उहाँले फलामको डण्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ । सर्वशक्तिमान् परमेश्वरको क्रोधको दाख-कुण्ड उहाँले कुल्चनुहुन्छ । उहाँका पोशाक र तिघ्रामा "राजाहरूका राजा र प्रभुहरूका प्रभु" अङ्कित छ (प्रकाश १९:११-१६) ।

प्रभु येशूले हामीलाई पहिले नै जानकारी दिइसक्नुभएको छ कि यस संसारमा उहाँको दोस्रो आगमनभन्दा पहिला झूटा ख्रीष्ट र झूटा अगमवक्ताहरू खडा हुनेछन् र विभिन्न आश्चर्यकर्महरू गरेर केही चुनिएका इसाईहरूलाई भड्काउनेछन् (मत्ती २४:२४) ।

उन्नाइसौँ शताब्दीमा जर्मन देशमा एक जना व्यक्तिको जन्म भयो, जसको नाम अल्बर्ट सुभाइचर (Albert Schweitzer, 1875-1965 AD) हो । पेशाले तिनी डाक्टर भए तापनि धेरैले तिनलाई सङ्गीतकार, मिसनेरी, बाइबल विद्वान् र ईश्वरशास्त्रीको रूपमा चिन्दछन् । विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेका अल्बर्ट सुभाइचर प्रख्यात व्यक्ति हुन् । धेरैले उनको शिक्षा, सिद्धान्त र जीवनशैलीलाई पछ्याएका छन् । तिनले इसाई इतिहासमा उदारवादी शिक्षा र बहुधर्मवादको सिद्धान्तलाई प्रवेश गराए । तिनले प्रतिपादन गरेको सिद्धान्तले येशूको ईश्वरत्व र मानवतालाई इन्कार गर्दछ ।

अल्बर्ट सुभाइचरको भनाइअनुसार इसाई धर्मावलम्बीहरूले 'येशू' उद्धारकर्ता हुन् भनी विश्वास गर्दछन् भने हिन्दू, बुद्ध, इस्लाम र अरू धर्महरूमा पनि तिनीहरूले विश्वास गरेका मसीह अर्थात् उद्धारकर्ताहरू छन्, जसद्वारा मानिसले उद्धार पाउनसक्छ। परमेश्वर दयालु र प्रेमिलो भएको कारणले गर्दा उहाँले आफ्नो सृष्टिलाई नष्ट हुन दिनुहुनेछैन। मानिसले जुनसुकै धर्ममा आस्था राखे तापनि अन्तमा सबैले उद्धार पाउनेछन्। सबै धर्महरूले असल कुराहरू सिकाउने भएकोले ती सबै उस्तै-उस्तै हुन्।

अल्बर्ट सुभाइचरले प्रतिपादन गरेको बहुधर्मवादको सिद्धान्त संसारको चारैतिर आगोसरी फैलिएर गयो। त्यस सिद्धान्तलाई पछ्याउनेहरू के भन्दछन् भने इसाईहरूले अरू धर्मका मानिसहरूलाई सुसमाचार प्रचार गरेर परिवर्तन गराउनु आवश्यक छैन। परमेश्वर एउटै हुनुहुन्छ तर उहाँकहाँ पुग्ने बाटोहरू धेरै छन्। त्यसैले एउटा धर्मको मानिसले अर्को धर्मको मानिसलाई आदर र प्रेम गरी स्वीकार गर्नुपर्दछ, मेल-मिलापमा रहनुपर्दछ तर परिवर्तन गराउने प्रयासचाहिँ गर्नु आवश्यक छैन। इसाई सुसमाचारीय अभियानको नाउँमा अरू धर्मका मानिसहरूलाई परिवर्तन गराउनु हुँदैन बरु तिनीहरूलाई यथासक्दो भौतिक र आर्थिक सहायता गर्नुपर्दछ। गरिब देशहरूमा गएर स्कुल, अस्पताल, अनाथलय र वृद्ध-आश्रम खोल्नुपर्दछ र साथै बाटो, पुल र खानेपानीको व्यवस्था गरिदिनु पर्छ। गैर-सरकारी संस्थाहरूसँग सहकार्य गरी यस्ता विभिन्न क्रियाकलापहरू गर्नुपर्दछ।

यी कुराहरू सुन्दा असल अनि बाइबलीय अवधारणाजस्तै लाग्दछ किनभने बाइबलमा अरूलाई सहायता गर्नुपर्ने कुराहरू उल्लेख भएको पाइन्छ। हामीले छुट्याउनु पर्ने भिन्नता के हो भने उदारवादी तथा बहुधर्मवादीहरूले गर्ने त्यस्ता अभियानहरूले आत्मिकभन्दा भौतिक र सामाजिक कुराहरूलाई बढी जोड दिने गर्दछन्। हामी यस्ता क्रियाकलापहरूमा सहभागी हुँदा आत्मिकी पक्षलाई बढी प्राथमिकता दिने गर्नुपर्दछ। अरूलाई सहायता गर्नु राम्रो कुरा हो तर त्यसले मानिसको व्यक्तिगत जीवन, परिवार, समाज र राष्ट्रलाई आत्मिकी लाभ भएको छ कि छैन भन्ने कुरामा हामी सदैब सचेत हुनुपर्दछ। हामीले सहायता गरेको मानिसले येशू ख्रीष्टमा 'अनन्त जीवन' पाउन सकोस् भन्ने कुरा हाम्रो मुख्य उद्देश्य हुनुपर्दछ। यस उत्तम लक्ष्य प्राप्तिको लागि



विभिन्न प्रकारका भौतिक श्रोत-साधनहरूलाई सहायक औजारको रूपमा सही ढङ्गले प्रयोग गर्नुपर्दछ। अर्को पक्षचाहिँ मानिसको धर्म परिवर्तनभन्दा उसको जीवन परिवर्तनलाई प्राथमिकता दिनुपर्दछ।

दुर्भाग्यवश आजभोलि अधिकांश इसाईहरूले नबुझेर हो कि बुझ पचाएर हो, बहुधर्मवादलाई पछ्याउँदै उदारवादी सिद्धान्ततिर बढ्दै गएको देखिन्छ। प्रमुख इसाई सम्प्रदायहरू, जस्तैः रोमन क्याथोलिक, एङ्लीकन, ग्रीक अर्थोडक्स, रसियन अर्थोडक्स, इथुपियन अर्थोडक्स, लुथरन अनि केही मात्रामा व्याप्टिस्ट, प्रेस्बेटेरियन र मेथोडिस्ट सम्प्रदायका इसाईहरू त्यतातिर लागेका छन्। यस कुराले अवश्य हामीलाई दुःखित तुल्याउँदछ। तर यस विषयमा येशूले पहिले नै भविष्यवाणी गरिसक्नुभएको छ। हामीले बहुधर्मवादमा लागेका उदारवादी इसाईहरूलाई परमेश्वरको वचनबाट यी कुराहरू बुझाउने कोसिस गऱ्यौं भने उनीहरूले हामीलाई 'तिमीहरू साँघुरो विचारधारा भएका इसाईहरू हौ, तिमीहरू पुरानो अवधारणालाई पछ्याउने कट्टरवादीहरू हौ' भनी दोष्याएर सतावट दिन खोज्दछन्। यस विषयमा पनि प्रभु येशूले हामीलाई पूर्व जानकारी दिईसक्नुभएको छ।

> तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन् र तिमीहरूलाई मार्नेछन्, मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। तब धेरै जना भड्केर जानेछन् र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछन् र घृणा गर्नेछन् (मत्ती २४:९-१०)।

सुसमाचारको खातिर केही विश्वासयोग्य इसाईहरूले अन्तिम दिनहरूमा सतावट पाउनेछन् र त्यसबेला संसारमा शान्ति होइन युद्धहरू हुनेछन्। अन्तिम दिनहरूमा हुने ती दुःखदायी घटनाहरू प्रसववेदनाको सुरू हो (मत्ती २४:८)। महिलाले बच्चा जन्माउनअघि केही समय पीडाले छटपटाउने साथै रुने कराउने गर्दछिन्। सुत्केरी हुन लागेको महिलाले भोग्नुपर्ने त्यस प्रकारको दुःख-कष्टलाई प्रसववेदना भनिन्छ। बच्चा जन्मेपछि प्रसववेदनाको अन्त हुन्छ र परिवारमा खुसीको वातावरण छाउँछ। नवजात शिशुलाई देखेपछि उक्त महिलाले सबै दुःख-कष्ट बिर्सन्छिन् र सबैसँग रमाउन थाल्दछिन्। आदम र हव्वाको पतनपछि प्रसववेदनाको सुरुवात भयो।

> परमेश्वरले शैतानलाई भन्नुभयो, “तेरो र स्त्रीको बीचमा म दुष्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।” स्त्रीलाई उहाँले भन्नुभयो, “तेरो सुत्केरी वेदना म ज्यादै गरी बढाइदिनेछु। दुःखसँग तैंले बालक जन्माउनेछस्” (उत्पत्ति ३:१५-१६)।

आदम र हव्वाको पतनपछि यो संसार भ्रष्ट भयो। तिनीहरूका सन्तानहरूमा पापले जरो फैलाउँदै गयो। आफ्नो सृष्टि पतन भएको कुरा परमेश्वरलाई मन परेन, किनभने उहाँले मानिसजातिलाई धेरै नै प्रेम गर्नुहुन्छ। त्यसैकारण आजभन्दा २,००० वर्षअघि येशू पहिलो पटक हाम्रो लागि सुन्दर अनि अमूल्य उपहार बनेर यस धर्तीमा आउनुभयो। उहाँ राजा बनेर दोस्रो पटक आउनुहुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं। उहाँका जनहरूका लागि त्यो पनि शुभ खबर हो। आदम र हव्वाको अनाज्ञाकारिता र पतनको कारणले गर्दा उहाँको दोस्रो आगमनभन्दा पहिले मानवजातिले विभिन्न प्रकारका दुःख-कष्ट भोग्नुपर्नेछ, जस्तैः युद्ध, अनिकाल, आतङ्कवाद, भूकम्प, र बहुधर्मवाद आदि। येशूको दोस्रो आगमनअघि प्रसववेदनाको यस प्रकारका समस्याहरू मानिसले भोग्नैपर्छ भनी येशू प्रभुले भविष्यवाणी गर्नुभएको छ।

येशूको दोस्रो आगमनअघि अरू चिन्हहरू पनि यस संसारमा देखिनेछन्, जस्तै समाजमा मानवीय प्रेम सेलाएर जानेछ अनि दुष्टता, भ्रष्टाचार, दण्डहीनता र अनुशासनहीनता बढेर जानेछ।

> दुष्टता बढेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ (मत्ती २४:१२-१३)।

संसारको अवस्था जस्तोसुकै भए तापनि अनि विश्वासीहरूले जस्तोसुकै समस्या र सतावट पाए तापनि छानिएका विशेष इसाईहरूले त्यस्तो प्रतिकूल परिस्थितिमा पनि संसारको कुना-काप्चामा सुसमाचार प्रचार गर्ने काम गरी नै रहनेछन्।

> प्रभु येशूले भन्नुभयो, “अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ” (मत्ती २४:१४)।



वर्तमान परिस्थितिलाई नियाल्ने हो भने यस संसारमा प्रसववेदना सुरू भइसकेको छ र त्यसको साथै सुसमाचार प्रचारको काम पनि तीव्र रूपमा भइरहेको छ। तत्कालीन राजनैतिक, भौगोलिक, आर्थिक, सामाजिक र धार्मिक अवस्थालाई गहन रूपमा विचार गर्दा अब येशूको दोस्रो आगमन धेरै टाढा छैन भनी भन्न सकिन्छ।

त्यसले अब विश्वासीहरू प्रार्थना मात्र गरेर बस्ने बेला छैन। हामी प्रभु येशूको दोस्रो आगमनलाई स्वागत गर्न तयारी हुनुपर्छ। अहिले सुत्ने र सुस्ताउने घडी होइन बरु सुसमाचार प्रचारमा लाग्नुपर्छ। हाम्रो लागि खुसीको कुरा के छ भने यी दिनहरूमा परमेश्वरले आफ्नो राज्य विस्तार गर्ने कामको लागि केही विश्वासयोग्य व्यक्तिहरूलाई तयार पार्दैहुनुहुन्छ। भविष्यमा ती व्यक्तिहरूले सुसमाचार नपुगेका ठाउँहरूमा गएर परमेश्वरको वचन प्रचार गर्ने काम गर्नेछन्। परमेश्वरबाट आशिष् पाउनको लागि हामी यस प्रकारको अभियानमा विशेष अभिरुचिका साथ सहभागी हुनुपर्दछ।

प्रिय मित्र, तपाईं कुन उद्देश्य लिएर यो पुस्तक पढ्दै हुनुहुन्छ? ईश्वरशास्त्रको गहन विषयहरू अध्ययन गर्नुको पछाडि तपाईंको अभिप्राय के छ? धेरै व्यक्तिहरूले गलत अभिप्राय लिएर ईश्वरशास्त्र अध्ययन गर्ने गर्दछन्। तिनीहरूका मनमा पैसा कमाउने, ठूलो पद पाउने, अरूबाट आदर-सम्मान र इज्जत पाउनेजस्ता सांसारिक अभिलाषाहरू हुन्छन्। यदि अगुवाहरूमा यस प्रकारका मनोवृत्ति छ भने तिनीहरूलाई झूटा अगमवक्ताको दर्जामा राख्न सकिन्छ। तिनीहरूलाई पछ्याउने व्यक्तिहरू पनि त्यस्तै हुनेछन्। तिनीहरूले बहुधर्मवादलाई अनुसरण गर्नेछन् अनि ‘संसारको सबै धर्महरूबाट मानिसको उद्धार हुनसक्छ’ भन्ने खालको प्रचार गर्ने गर्दछन्। यस कुराको पूर्व जानकारी दिँदै प्रभु येशूले यसो भन्नुभयो।

> तब तिमीहरूलाई कसैले ‘हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्’ भन्यो भने विश्वास नगर। किनकि झूटा ख्रीष्टहरू र झूटा अगमवक्ताहरू खडा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु। यदि तिनीहरूले तिमीहरूलाई ‘हेर, उनी उजाड-स्थानमा छन्’ भनी भन्छन् भने

> बाहिर निस्केर नजाओ । अनि 'हेर, उनी भित्री कोठाहरूमा छन्' भने पनि विश्वास नगर। किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन् (मत्ती २४:२३-२८) ।

येशूको दोस्रो आगमनअघि केही व्यक्तिहरूले आश्चर्यकर्महरू गरेर मानिसहरूलाई प्रभावित पार्नेछन् अनि तिनीहरूले यसो भन्नेछन्: "ख्रीष्ट यहाँ (यस ठाउँमा अथवा यस धर्ममा) हुनुहुन्छ, उहाँलाई भेट्न आओ" अथवा "ख्रीष्ट त्यहाँ (त्यस ठाउँमा अथवा त्यस धर्ममा) हुनुहुन्छ, गएर उहाँलाई हेर" । अन्तिम समयका केही धार्मिक अगुवाहरूले यसो भन्नेछन्: "सबै धर्ममा उद्धारकर्ता छ ।"

त्यसप्रकारको भ्रमात्मक प्रचार र आश्चर्यकर्महरूले गर्दा केही चुनिएका व्यक्तिहरू पनि भड्केर जानेछन् भनी प्रभु येशूले भविष्यवाणी गर्नुभयो । ईश्वरशास्त्री जोन क्याल्भिनको सिद्धान्तअनुसार परमेश्वरले आफ्नो राज्यको लागि विशेष जनहरू पहिले नै चुनिसक्नुभएको छ । येशू ख्रीष्टलाई विश्वास गरी मण्डली आउने व्यक्तिहरूमध्ये को-को चुनिएका छन् र को-को चुनिएका छैनन् भनी हामी भन्न सक्दैनौं । प्रभु येशूले भविष्यवाणी गर्नुभयो कि अन्तिम दिनहरूमा ती चुनिएका व्यक्तिहरूमध्ये केही व्यक्तिहरू भड्केर जानेछन् ।

मत्ती २४:२८ मा प्रभु येशूले भन्नुभयो कि 'जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू जम्मा हुन्छन्' । मरेको शरीरलाई सिनु भनिन्छ र त्यसमा जीवन हुँदैन । सिनुको वरिपरि गिद्धहरूले घेर्दछन् र त्यसलाई टुक्रा-टुक्रा पारेर खान्छन् । मुक्ति नपाएका र मुक्ति गुमाएका व्यक्तिहरूलाई आत्मिक रूपमा 'सिनु' भन्न सकिन्छ र तिनीहरूलाई प्रायः दुष्ट र भूतहरूले घेरिरहन्छन् ।


अन्त्यमा, हाम्रो कर्तव्य भनेको मानिसहरूलाई व्यवस्थित रूपमा धर्मशास्त्र बाइबलबाट सन्तुलित शिक्षा दिनु हो ताकि तिनीहरू नष्ट हुन नपाओस् । परमेश्वरको वचनमा मानिसहरूलाई सुसज्जित पार्नुको साथै सुसमाचार नपुगेका जातिहरूमा गएर परमेश्वरको वचन प्रचार गर्नु हाम्रो प्रमुख कर्तव्य हो । राजा येशूले हामीलाई विशेष इनाम दिनुहुनेछ ।



> हेर, म चाँडै आउँदैछु । हरेक मानिसलाई उसले गरे अनुसार दिने प्रतिफल मसँग छ । म अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त्य हुँ (प्रकाश २२:१२-१३) ।

# नयाँ स्वर्ग र नयाँ यरूशलेम

## NEW HEAVEN AND NEW JERUSALEM




सहर र त्यसका ढोकाहरू र पर्खाल नाप्ने मसँग एउटा सुनको नाप्ने टाँगो थियो । त्यो सहर वर्गाकार थियो । त्यसको चौडाइ र लमाइ समान थियो । तिनले त्यस टाँगोले नाप्दा त्यो सहर दुइ हजार चार सय किलोमिटर थियो । त्यसको लमाइ, चौडाइ र उचाइ बराबर थियो (प्रकाश २१:१५-१६) ।



येशू ख्रीष्टको हजार वर्षको राज्यपछि हुने सेतो सिंहासनको न्याय सकिएपछि परमेश्वरका सन्तानहरू नयाँ स्वर्ग र नयाँ यरूशलेममा जानेछन् । परमेश्वरले स्वर्गलाई नयाँ बनाउनुहुनेछ, जहाँ खरबौं ग्रह र ताराहरू हुनेछन् । तिनीहरूको सङ्ख्या पृथ्वीमा भएका बालुवाको कणहरूझैं हुनेछन् । आजभोलिका विद्वान् र खगोलशास्त्रीहरूले यो कुरा पत्ता लगाएका छन्, कि ब्रम्हाण्डमा भएका ताराहरूको सङ्ख्या बालुवाको कणहरूजत्तिकै असङ्ख्य छन् । यो पृथ्वीचाहिँ एउटा सानो ग्रह हो र अहिले यहाँ शैतान र त्यसको सेनाहरूले राज्य गरिरहेका छन् र तिनीहरूले मानिसको आत्मिक आँखा अन्धो बनाएका छन् ।

> यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ (एफिसी २:२) ।

> तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ (२ कोरिन्थी ४:४) ।

हामीलाई विश्वास छ कि एक दिन त्यो दुष्टलाई नरकमा फालिनेछ ।

> अब यस संसारको न्याय हुन्छ । यस संसारको शासक बाहिर फालिनेछ (यूहन्ना १२:३०) ।

लुसिफरले पतनपछि ब्रम्हाण्डका सबै ताराहरूमा अन्धकारको शक्ति फिँजाएर त्यसलाई आफ्नो वशमा पारेको छ । शैतान र दुष्टहरू आकाशको शासक भए । परिणामस्वरूप ब्रम्हाण्डमा अन्धकार फैलियो र ताराहरूमा कुनै जीवित वस्तु भएनन् । वैज्ञानिकहरूले अन्य ग्रह र ताराहरूमा जीवित प्राणी छ कि भनेर खोज अनुसन्धान गरिरहेका छन् । अमेरिकाले खगोलशास्त्रीहरूलाई चन्द्रमामा पठाए र त्यहाँ जीवित प्राणी र वनस्पति नभएको तथ्य पत्ता लगाए । उनीहरूले मङ्गल ग्रहमा पनि अनुसन्धान गर्दैछन् । क्यामाराबाट खिचिएको तस्वीरहरूबाट त्यहाँ कुनै पनि जीवित प्राणी नभएको प्रमाण भेट्टाएका छन् । उनीहरूको अनुसन्धानबाट त्यहाँ अक्सिजन ग्याँस नभएको र

तापक्रम पनि धेरै घटबढ हुने कुरा पत्ता लगाए। त्यस्तो वातावरणमा कुनै प्राणी जीवित रहन सम्भव छैन।

अन्तिम कटनी र न्यायको काम सकिएपछि परमेश्वरको सन्तानहरू नयाँ स्वर्ग र नयाँ पृथ्वीमा जानेछन्। येशूले ग्रह र ताराहरूलाई लुसिफरको पतन हुनुभन्दा अगाडिको अवस्थामा पुनर्स्थापना गर्नुहुनेछ। ती ताराहरूमा उहाँका सन्तानहरूले बसोवास गर्नेछन्। त्यस समयमा येशू राजाहरूका राजा हुनुहुनेछ।

प्रकाश २१ र २२ अध्यायले नयाँ स्वर्ग र नयाँ यरूशलेममा जाने मानिसको जीवनशैलीको बारेमा बताउँछ। येशूले यो ब्रम्हाण्डलाई नविकरण र पुनर्स्थापना गर्नुभएपछि उहाँको सिंहासनलाई ब्रम्हाण्डको केन्द्रमा ल्याउनुहुनेछ, जसलाई नयाँ यरूशलेम भनिन्छ। त्यो नयाँ यरूशलेमभित्र उहाँको सिंहासन हुनेछ। इ.सं. ९५ मा यूहन्नाले त्यो समयको दृश्य प्रकाशको पुस्तकमा उल्लेख गरेका छन्। येशूले उनलाई नयाँ यरूशलेमको आकार र क्षेत्रफल पनि बताउनुभयो। प्रकाश २१:१६ मा त्यस विषयमा उल्लेख गरिएको छ। त्यस खण्डअनुसार नयाँ यरूशलेम बर्गाकार हुनेछ जसको लमाइ, चौडाइ र उचाइ दुइ हजार चार सय किलोमिटर हुनेछ। त्यसको आकार झण्डै अमेरिका जत्रो हुन्छ।

प्रकाश २१:२३ अनसार त्यस ठाउँमा प्रकाशको निम्ति सूर्य आवश्यक पर्दैन। येशूको महिमाले नै त्यो सहरलाई उज्यालो दिनेछ। जब येशू उभिनुहुन्छ, त्यो ठाउँमा उज्यालो हुनेछ। यस कुरालाई बुझ्न इस्राएलीहरूको मन्दिरलाई विचार गर्ने हो भने महा पवित्र स्थानमा प्रधान पूजाहारी रगतले ढाकिएर प्रवेश गरेजस्तो हो।

भविष्यमा थोरै छानिएका असल विश्वसीहरू महिमित हुनेछन्। सबै विश्वासीहरू त्यहाँ जान पाउनेछैनन्। ती विश्वासीहरू मात्र जान सक्छन्, जससँग ठूलो महिमा हुनेछ। यूहन्नाले आफ्नो दर्शनमा त्यस समयका राजाहरूमात्र असल महिमाको कारणले त्यो सहरमा गएका देखे।

> मैले त्यस सहरमा कुनै मन्दिर देखिनँ, किनकि त्यहाँको मन्दिर स्वयम् परमेश्वर सर्वशक्तिमान् र थुमा नै हुनुहुन्छ। त्यो सहर



> उज्यालो गराउन सूर्य र चन्द्रमाको खाँचो छैन, किनभने परमेश्वरको महिमा नै त्यसको उज्यालो हो। त्यहाँको बत्तीचाहिँ थुमा आफै हुनुहुन्छ। त्यहाँकै उज्यालोमा जाति-जातिहरू हिँड्डुल गर्नेछन्। पृथ्वीका राजाहरूले आफ्ना वैभव त्यसमा ल्याउनेछन्। दिनमा त्यसका ढोकाहरू कुनै किसिमले बन्द हुनेछैनन्, र त्यहाँ रात नै हुनेछैन। तिनीहरूले जाति-जातिहरूका वैभव र सम्मान त्यसभित्र ल्याउनेछन्। तर थुमाका जीवनको पुस्तकमा नाउँ लेखिएकाहरूबाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झूट बोल्ने कुनै किसिमले पनि त्यसभित्र पस्नेछैन (प्रकाश २१:२२-२७)।

Ami

Antioch Missions International

International Director : Rev. Dr. Thomas Hwang

Nepal Misnistries Director : Ps. Joel Kafle

Nepal Center Director : Mr. Shyam Shrestha

Nepal Center Administrator : Ps. Timothy Pun

Nepal Mission Director : Ps. Eliya Ghale

Nepal Mission Co-ordinator : Ps. Hari Tamang (Jacob)


Contact Address:

Ami Nepal Center

Banasthali, Dhungedhara

Kathmandu

P.O. Box No: 3854

Tel No: 977-01-4881103

www.amicenter.net